# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कवि गोविन्दबहादुर कुँवरको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह (एम्.ए.) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

नेपाली साहित्यको आधुनिक कालको उत्तरार्ध चरणमा साहित्यिक लेखनको फाँटमा प्रवेश गरेका कवि गोविन्दबहादुर कुँवर (२००८) एक विशिष्ट साहित्यिक स्रष्टाको रूपमा सुपरिचित छन् । सर्वप्रथम *मेरो देश* (२०३०) कविताका माध्यमबाट कलम चलाउन थालेका गोविन्दबहादुर कुँवरले कथा, कविता, निबन्ध, समालोचना, एकाङ्की आदि विधामा कलम चलाएका छन् । उनको प्रमुख रुचिको विधा भने कविता हो । लेखनकार्यका साथै विभिन्न सङ्घसंस्थामा पनि उनको संलग्नता देखिन्छ । थुप्रै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरेका कुँवरका तीन पुस्तकाकार कृतिहरू निम्नानुसार छन् :

| क्र.सं. | लेखरचना | विधा | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|---|---|
| १. | समयका पदचापहरू | कविता | २०४७ | सप्तगण्डकी |
| २. | मौन आवाजहरू | कविता | २०४८ | गीता कुँवर |
| ३. | तातेताते | कविता | २०५८ | साझा प्रकाशन |

उल्लिखित तीन कृतिहरूका आधारमा कुँवर अनुसन्धेय कविका रूपमा चिनिन्छन् । कवि कुँवरका पहिचानका निमित्त उनका समग्र व्यक्तित्वको अध्ययन जरुरी छ । अत: जीवनी र व्यक्तित्वको आलोकमा उनका कृति र विशेष गरी कविताकृतिहरूको अध्ययन नै प्रस्तुत शोधपत्रको विषय हो ।

## १.४ समस्याकथन

**कवि गोविन्दबहादुर कुँवरको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** विषयशीर्षक नै यस शोधको मूल समस्या हो । यससँग सम्बन्धित खास समस्या यसप्रकार रहेका छन् :

(क) कवि गोविन्दबहादुर कुँवरको जीवनी र व्यक्तित्व के-कस्तो छ ?

(ख) उनको साहित्यिक यात्रा र प्रवृत्ति के-कस्तो रहेको छ ?

(ग) उनी के-कस्तो परिवेशबाट साहित्यको फाँटमा देखापरेका छन् ?

(घ) नेपाली साहित्यको उन्नयनमा उनको के-कस्तो योगदान रहेको छ ?

यिनै गम्भीर समस्याहरूको समाधान खोज्ने कार्यतर्फ यो शोधपत्र उन्मुख रहेको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

नेपाली साहित्यको जाज्वल्यमान साहित्यिक व्यक्तित्व गोविन्दबहादुर कुँवर नेपाली साहित्यको हरेक विधा कविता, कथा तथा लेख र निबन्धमा समेत कलम चलाउने स्रष्टा हुन् । उनकै जीवनी, व्यक्तित्व र कृतित्वमा आधारित प्रस्तुत शोधकार्यको उद्देश्य यसप्रकार रहेको छ :

(क) कवि गोविन्दबहादुर कुँवरको जीवनी, व्यक्तित्व पत्ता लगाउनु,

(ख) उनी साहित्यमा प्रवेश गरेको परिवेश थाहा पाउनु,

(ग) नेपाली साहित्यको उन्नयनमा उनले गरेका योगदानबारे जानकारी हासिल गर्नु,

(घ) उनको साहित्यिक यात्रा र प्रवृत्ति पत्ता लगाउनु ।

यिनै उद्देश्य परिपूर्तितर्फ यो शोधपत्र उन्मुख छ ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

नेपाली साहित्यको इतिहासमा देखापरेका समसामयिक पुस्ताका कविप्रतिभाहरूको बारेमा अध्ययन-अनुसन्धान गर्ने परम्परा अझसम्म पनि शैशवावस्थामै गुज्रिरहेको छ । वि.सं. २०३० सालदेखि साहित्यिक यात्रा आरम्भ गरेका कवि कुँवर समसामयिक धारमा आफूलाई

समाहित गर्दै विराट् साहित्यिक सागरतर्फ अभिमुख देखिन्छन्, तर विडम्बनाको पक्ष के छ भने कवि कुँवरजस्ता अनेक नवयुगीन नेपाली स्रष्टा-समालोचकको आँखाबाट विमुख रहेको अनुभव गर्न सकिन्छ । तसर्थ कवि कुँवरका बारेमा पनि छुट्टै विस्तृत र सुव्यवस्थित अध्ययन नभई केही पत्रपत्रिका र समालोचनात्मक ग्रन्थहरूमा सामान्य चर्चा र टीकाटिप्पणी मात्र भएको पाइन्छ । उनका बारेमा जे-जति चर्चा र टिप्पणीहरू भेटिएका छन्, तिनको कालक्रमिक विवरण यहाँ प्रस्तुत गरिएको छ :

देवीप्रसाद सुवेदीले *लमजुङका कवि र कविता* (**कविता**, माघ-फागुन-चैत, अङ्क २१, २०४३, पृ. ७२-७९) मा कुँवरलाई गद्यकविको रूपमा चर्चा गर्दै साहित्यिक विकास र साहित्यलाई संस्थागत रूपमा अघि बढाउने चिन्तनशील व्यक्तित्वको रूपमा प्रस्तुत गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले *दूधपोखरी* (**गरिमा**, वर्ष ५, अङ्क १०, पूर्णाङ्क ५८, असोज २०४४, पृ. ९५-९६) *सृष्टिदृष्टि* नामको स्तम्भलेखमा कवि कुँवरको सम्पादक व्यक्तित्व र साहित्यिक व्यक्तित्वको चर्चा गरेका छन् ।

कमल दीक्षितले *खत्रीको बाखो* (**ज्यूँदा कुरा**, २०४५, पृ. ५३-६१) लेखमा स्पष्टीकरण मागको सन्दर्भमा कवि कुँवरको नाम उल्लेख गरेका छन् ।

साहित्यकार पारिजातले **समयको चिनारी छोड्नु छ** (**परिभाषित आँखाहरू**, २०४६) उपन्यासको भूमिकामा कवि गोविन्दबहादुर कुँवरको '...अब मात्र एउटै सङ्कल्प छ ... फेरि, यो क्रम नदोहोरिए पुग्छ' भन्ने कवितांशले आफ्नो हृदय छोएको भाव व्यक्त गरेकी छिन् ।

निर्मोही व्यासले *भानुतीर्थको यात्रामा* (**समकालीन साहित्य**, अङ्क १, पूर्णाङ्क ५, २०४८, माघ-फागुन-चैत, पृ. ८५-९६) यात्रानिबन्धमा गोविन्दबहादुर कुँवरसँग बिताएका रमाइला क्षणको अनुभूति प्रस्तुत गरेका छन् ।

रघु घिमिरेले *स्तरीय कविताको खाँचो* (**मधुपर्क**, वर्ष २४, अङ्क ८, पूर्णाङ्क २७१, २०४८ पृ. ९४) मा कुँवरलाई रिमाल र भूपिका कविताबाट प्रभावित छन् भन्दै लमजुङका प्रतिनिधि कविका रूपमा परिचित भएको कुरा उल्लेख गरी **समयका पदचापहरू** कवितासङ्ग्रहको समीक्षा गरेका छन् ।

डिल्लीराम मिश्र *दूधपोखरी प्रतिभा पुरस्कार* (**नेपाली प्रतिभा पुरस्कार**, २०५०, पृ. २०६-२०७) मा कवि कुँवरको कवि व्यक्तित्वको परिचय र 'दूधपोखरी प्रतिभा पुरस्कार' स्थापनार्थ उनको योगदानको चर्चा गरेका छन् ।

राधेश्याम भट्टराईले *'मौन आवाजहरू'सँगै घन्किएका कवि* (**झङ्कार**, रेडियो नेपालको मुखपत्र, वर्ष ४१, अङ्क ७-८, २०५०, कार्तिक-मङ्सिर, पृ. २८-३० ) मा भोटेओडारले संसाभ्रै मात्ने भ्यागुताको ट्वार्रट्वार्र मात्र नभएर साहित्यिक सिर्जनामा निरन्तर लागिरहने र ब्रेक नभएको कवि

कुँवर जन्माएको छ भन्दै **मौन आवाजहरू** कवितासङ्ग्रहको समीक्षा गरेका छन् ।

सरुभक्तले *नेपथ्यको नेपथ्यबाट* (**काँचुली**, लमजुङे कविता सङ्गालो, २०५३) मा नेपथ्यमा गोविन्दबहादुर कुँवर जन्मेको छ भनी उनलाई वाङ्मयिक प्रतिभाका असङ्ख्य झरनामध्येका एक मानेका छन् ।

रविलाल अधिकारीले *समसामयिक नेपाली कवितामा पोखरा* (**नवकविता**, पोखरा विशेषाङ्क, पूर्णाङ्क ३६, २०५३, पृ. ६२-६७) मा भानुभक्त, लेखनाथ, माधव र भूपि शेरचन यी चारजनाको काव्यशैलीका विशिष्ट निर्माता प्रतिभाहरूका साधनाबाट प्रेरित व्यक्तित्वमध्ये गोविन्दबहादुर कुँवरलाई पनि समेटेका छन् ।

सूर्यबहादुर खड्काले *कुँवरसँग काव्यका कुरा कोट्याउँदा,* **फूलैफूलको माला-सत्ताईस साहित्यिक नक्षत्र** (अन्तर्वार्ता-सङ्गालो २०५४, पृ. ७५-७८) मा कवि कुँवर समसामयिक कविताधाराका चम्किला तारामध्ये एक रहेका भन्दै २०४३।४।१० मा लिइएको अन्तर्वार्ता प्रस्तुत गरेका छन् ।

तेजनारायण अधिकारीले *सम्पादकीय* (**काँचुली**, साहित्य सँगालो, २०५५) मा कवि कुँवर आधुनिक कविहरूको प्रेरणाको स्रोत भएको कुरा चर्चा गरेका छन् ।

दीननाथ शर्माले गोविन्दबहादुर कुँवरको *कवित्व मौन आवाज कविताको केन्द्रीयतामा* (**सगर** त्रैमासिक, वर्ष ३, अङ्क ४, पूर्णाङ्क १२, २०५५, पृ. ८-११) मा कुँवरको व्यक्तित्वका साथै कवितासङ्ग्रहको समीक्षा गरेका छन् ।

नवराज पहाडीले *लमजुङ रत्नको जीवनी : अन्याय हुनसक्छ, क्षमा पाऊँ* (**रेयुकाई उद्यान**, वर्ष ३, अङ्क ३, २०५५, पृ. ४८-५२) मा कवि कुँवरको सङ्क्षिप्त साहित्यिक जीवनी प्रस्तुत गर्दै उहाँलाई लमजुङको मात्र नभई राष्ट्रकै अनमोल सम्पत्तिको रूपमा लिनुपर्ने धारणा व्यक्त गरेका छन् ।

ईश्वरीप्रसाद न्यौपानेले *पूर्ण मुक्तक अल्पदृष्टि-एक निर्णायकको कलम* (**अनुपम**, प्रथम राष्ट्रव्यापी खुला मुक्तक प्रतियोगितामा प्राप्त मुक्तकसङ्ग्रह - २०५६) मा कुँवरलाई मर्स्याङ्दी नदीको किनारमा गम्भीर भएर कविता लेख्ने कविका रूपमा चिनाएका छन् ।

जयदेव भट्टराईले **साहित्यकार परिचय र अभिव्यक्ति** (नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान) मा कवि कुँवरको मन्तव्य र कृतित्व र व्यक्तित्वको सामान्य चर्चा गरेका छन् ।

घटराज भट्टराईले *नेपाली लेखककोश* (**लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान**, २०५६, पृ. २०३) मा गोविन्दबहादुर कुँवरको सङ्क्षिप्त चिनारी दिँदै आशालाग्दा कविप्रतिभाको रूपमा प्रस्तुत गरेका छन् ।

मेदिनी सुवेदीले *साहित्यिक गतिविधिको सेरोफेरोमा लमजुङ* (**लमजुङ सङ्गम**, वर्ष ७, अङ्क ४, २०५७, पृ. ३७-४२) मा कवि गोविन्दबहादुर कुँवरलाई गद्य, मुक्तक, कविताक्षेत्रका सशक्त कविका रूपमा चिनाएका छन् ।

राजेश श्रेष्ठले *झलाकुसारी* (**नौलो प्रतिबिम्ब**, वर्ष १, अङ्क १, २०५८, पृ. ६) मा कवि कुँवरको सङ्क्षिप्त चिनारी र उहाँको अन्तर्वार्ता प्रस्तुत गरेका छन् ।

प्रमेश कुँवरले *स्रष्टा डट कम* (**मर्स्याङ्दी**, वर्ष २, पूर्णाङ्क ५, २०४५, पृ. ४) मा कवि कुँवरको साहित्यिक योगदानको चर्चा र साहित्यिक व्यक्तित्वको चिनारी दिँदै अन्य साहित्यकारहरूसँगको प्रतिक्रिया प्रस्तुत गरेका छन् ।

नवीनचन्द्र घिमिरेले *प्रौढहस्ताक्षरमा बाल भावना : तातेताते* (**अन्तरङ्ग साप्ताहिक**, वर्ष ११, अङ्क ६, २०५९, पृ. ४) मा गोविन्दबहादुर कुँवरलाई साहित्यसाधनामा तल्लीन लमजुङका कर्मयोगी साहित्यकारका रूपमा चिनाउँदै **तातेताते** बालकवितासङ्ग्रहको समीक्षा गरेका छन् ।

हुमकान्त पाण्डेले *नेपाली कवितामा पश्चिमाञ्चलको योगदान* (**प्रज्ञा-पराग**, वर्ष १, अङ्क १, २०५९, पृ. २-१०) मा कवि कुँवरलाई २०३० पछि नयाँ पुस्ताका नयाँ सम्भावना बोकेका कवि प्रतिभाहरूको सूचीमा समेट्दै उनी गद्यकविताको चर्चित हस्ताक्षरमध्ये एक हुन् भनी चिनाएका छन् ।

पशुपतिनाथ तिमिल्सेनाले *राष्ट्रियताको परिधिबाट लमजुङे तीन कविहरू* (**लमजुङ सङ्गम**, वर्ष ९, अङ्क ५, २०५९, पृ. ८६-९१) मा कवि कुँवरको व्यक्तित्वको चर्चाका साथै **समयका पदचापहरू** कवितासङग्रहको समीक्षा गरेका छन् ।

तुलसी भट्टराईले *बेसीसहरमा बाललहर,* (**यात्रामा बटुलिएका फूल**, नेपाल साहित्यकार सङ्घ, काठमाडौँ, २०५९, पृ. १३७-१४३) मा कवि कुँवरलाई दूधपोखरी प्रतिभा परिवार जन्माएर अन्मिएका साहित्यकारका रूपमा प्रस्तुत गरेका छन् ।

हरिप्रसाद अधिकारीले *लमजुङ एक चिनारी* (**मर्स्याङ्दी**, २०५९, पृ. ११-१३) मा कुँवरलाई गद्य र पद्य दुवै शैलीमा साहित्य सिर्जना गर्ने राष्ट्रियस्तरका कविहरूको हाराहारीमा पुगेका कविका रूपमा चिनाएका छन् ।

टीकाराम उदासीले *समकालीन नेपाली गजल प्रवृत्तिको अध्ययन* (**मिर्मिरे**, वर्ष ३१, अङ्क ८, पूर्णाङ्क २०७, २०५९, पृ. ६६-८१) मा कवि कुँवरलाई शृङ्गारिक चेतनाको धरातलमा गजल लेख्ने गजलकारको रूपमा परिचित गराएका छन् ।

शोभा गिरीले *एउटा उत्कृष्ट बालकवितासङ्ग्रह 'तातेताते',* (**साप्ताहिक चितवन**, वर्ष ७, अङ्क ४१, पूर्णाङ्क ३४७, २०६६, पृ. ३) मा **तातेताते** बालकवितासङ्ग्रहको समीक्षा गरेकी छिन्, साथै कुँवरलाई बालसाहित्यकारको रूपमा प्रस्तुत गरेकी छिन् ।

यसरी कवि, गजलकार, कथाकार गोविन्दबहादुर कुँवरका बारेमा गरिएका पूर्वाध्ययनलाई हेर्दा उनका साहित्यिक व्यक्तित्व-कृतित्वका बारेमा सामान्य चर्चा गर्नुबाहेक कविताकृतिहरूको विस्तृत र व्यवस्थित अध्ययन-अनुसन्धान भने भएको छैन । उपर्युक्त सन्दर्भहरूले कुँवरको साहित्यिक व्यक्तित्वलाई चिनाउन आंशिक सघाउ पुऱ्याएका छन्, तर उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन हुनु जरुरी छ । प्रस्तुत अध्ययन यही आवश्यकता परिपूर्तितर्फ लक्षित छ ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

झन्डै तीन दशकभन्दा लामो समयसम्मको साहित्यिक यात्रा पार गरिसकेका कवि गोविन्दबहादुर कुँवरका विषयमा माथि १.६ मा उल्लिखित फाटफुट चर्चाबाहेक सुव्यवस्थित रूपमा अध्ययन-अनुसन्धान भएको पाइँदैन । त्यसैले उनको विषयमा सर्वप्रथम व्यवस्थित र विस्तृत रूपमा गरिने अध्ययन-अनुसन्धान आफैँमा औचित्यपूर्ण रहेको देखिन्छ । साथै समसामयिक नेपाली साहित्यको कविताविधाको साधनामा अविरल लागिरहने गद्यकविताका कुशल स्रष्टा कुँवरको जीवनी र व्यक्तित्वको अध्ययन महत्त्वपूर्ण देखापर्दछ भने कवि कुँवरका विषयमा जानकारी लिन चाहने सबैका लागि प्रस्तुत कार्य निकै लाभप्रद रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा कवि, गजलकार, कथाकार र निबन्धकार गोविन्दबहादुर कुँवरको सामान्य जीवनी र व्यक्तित्वको परिचय दिँदै उनका प्रकाशित तीन कवितासङ्ग्रह र प्रकाशित फुटकर कविता, निबन्ध र कथाहरूको समेत व्यवस्थित अध्ययन गरिएको छ । यस क्रममा उनका कवितामा पाइने शिल्पविधान तथा भावविधानजस्ता कवितात्मक संरचनाको आधारभूत

विश्लेषण गरिएको छ । उनका कवितारचना र कवित्वप्रवृत्तिका साथै साहित्यिक योगदानजस्ता थुप्रै गम्भीर सूक्ष्म विषयको अध्ययन गर्नुका साथै अन्य विषयहरू भने यस अध्ययनको सीमाका रूपमा रहेका छन् ।

## १.९ सामग्री सङ्कलन विधि

शोधपत्रको सामग्री सङ्कलन प्रारम्भिक र महत्त्वपूर्ण कार्य हो । तसर्थ प्रस्तुत शोधपत्र लेखनका क्रममा पुस्तकालयीय अध्ययनविधिका आधारमा तत्सम्बन्धी पुस्तक, पत्रपत्रिकाको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । साथै अनुसन्धेय व्यक्ति जीवितै भएको हुँदा उनीसँग प्रत्यक्ष रूपमा भेटघाट गरी लिखित र मौखिक रूपमा आवश्यक जानकारी लिनुका अतिरिक्त उनका परिवार, निकटतम व्यक्ति, मित्र तथा विभिन्न विद्वान्हरूसँग प्रत्यक्ष सम्पर्क गरी प्रश्नावली र अन्तर्वार्ताको आधारमा समेत आवश्यक जानकारी लिई सामग्री सङ्कलन गरिएको छ । सामग्रीको अध्ययनक्रममा प्रभावपरक र समाजपरक समालोचनालाई आधार बनाइएको छ भने कतिपय कृतिको विवेचनामा कृतिपरक समालोचनालाई समेत प्रयोगमा ल्याइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्न विभिन्न छ परिच्छेदमा यसरी विभाजन गरिएको छ –

(१) पहिलो परिच्छेद : **शोधपत्रको परिचय**

यस शीर्षकमा शोधपत्रको परिचय प्रस्तुत गरिएको छ । यसमा शोधपरिचयका साथ शोधशीर्षक, शोधपत्रको प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको औचित्य र महत्त्व, सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा रहेका छन् ।

(२) दोस्रो परिच्छेद : **गोविन्दबहादुर कुँवरको जीवनी**

यस परिच्छेदमा गोविन्दबहादुर कुँवरको जीवनवृत्त तथा जीवनका विविध पक्षहरूलाई प्रस्तुत गरिएको छ । यस खण्डमा कुँवरको वंशपरम्परा र जन्म, बाल्यकाल, शिक्षादीक्षा, वैवाहिक जीवन एवम् पारिवारिक स्थिति, कार्यक्षेत्रमा प्रवेश, उनको रुचि, स्वभाव, दिनचर्या, मानसम्मान पुरस्कार र लेखनप्रेरणा, प्रभाव र सिर्जनारम्भको चर्चा गरिएको छ ।

(३) तेस्रो परिच्छेद : **गोविन्दबहादुर कुँवरको व्यक्तित्व**

यस परिच्छेदमा गोविन्दबहादुर कुँवरको व्यक्तित्वका विविध पाटाहरूको चर्चा गरिएको छ । यसअन्तर्गत उनको आन्तरिक व्यक्तित्व तथा बाह्यव्यक्तित्वका साथै उनको राजनीतिक, राष्ट्रभक्त, सङ्घर्षशील, शिक्षक-प्रशासक, सामाजिक, समाजसेवी, अभिप्रेरकजस्ता साहित्येतर र कवि, कथाकार, निबन्धकार, समीक्षक सम्पादकजस्ता साहित्यिक व्यक्तित्वको चर्चा प्रस्तुत गरिएको छ ।

(४) चौथो परिच्छेद : **गोविन्दबहादुर कुँवरको साहित्यिक यात्रा र चरणविभाजन**

यस परिच्छेदमा गोविन्दबहादुर कुँवरको साहित्यिक प्रेरणा प्रभावदेखि लेखनयात्राका चरणविभाजनको आधार र चरणविभाजनको विस्तृत चर्चा गरिएको छ ।

(५) पाँचौँ परिच्छेद : **गोविन्दबहादुर कुँवरको कृतित्वको अध्ययन**

गोविन्दबहादुर कुँवरका कृतित्वको अध्ययन यस परिच्छेदमा गरिएको छ । मूलतः सिर्जनात्मक पुस्तकाकार कृति **समयका पदचापहरू**, **मौन आवाजहरू** कवितासङ्ग्रह र **तातेताते** बालकवितासङ्ग्रहको अध्ययन-विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

(६) छैँटौँ परिच्छेद : **उपसंहार**

यस खण्डमा अघिल्ला परिच्छेदमा चर्चा गरिएका विभिन्न परिच्छेदहरूको निष्कर्ष प्रस्तुत गरिएको छ । साथै कुँवरको जीवनी, व्यक्तित्व र कृतित्वको शोधसार तथा मूल्याङ्कन गरिएको छ ।

शोधपत्रको अन्तिम खण्ड सन्दर्भसामग्री खण्डको रूपमा रहेको छ । यस खण्डअन्तर्गत शोधमा प्रयोग भएका सन्दर्भग्रन्थहरूको सूची र कुँवरले प्राप्त गरेका मानसम्मानका फोटोकपी तथा विभिन्न अवस्था र व्यक्तित्वहरूसँगको छायाँचित्र परिशिष्टमा समावेश गरिएको छ । यसरी आन्तरिक र बाह्य संरचनाका साथै पूर्वभाग, मध्यभाग र अन्त्य भागसमेत समावेश गरी सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद
# गोविन्दबहादुर कुँवरको जीवनी

## २.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको जीवनयात्राका क्रममा घटेका घटनाहरूको शृङ्खलाबद्ध अनुरेखाङ्कन नै जीवनी हो । मानिसले आफ्नो जीवनमा गरेका विविध क्रियाकलापको क्रमबद्ध प्रस्तुति नै जीवनी हो ।[१] जीवनमा आइपरेका घटनासन्दर्भले त्यो व्यक्तित्वको व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका खेलेको हुन्छ । व्यक्तिविशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुतीकरण नै जीवनी हो ।[२] जीवनका उकाली-ओराली, मोड तथा घुम्तीहरूले जीवनका पर्याय बनेर उपस्थित हुन्छन् भने व्यक्तित्वनिर्माण, उत्थान र पतनमा मान्छेका जीवनमा घटेका घटनासन्दर्भहरू परिपूरक सिद्ध हुन्छन् । यिनै शृङ्खलित र विशृङ्खलित घटनाहरूको यात्राबाट एउटा व्यक्तित्वको जीवनयात्रा पूर्णतामा पुगेको हुन्छ । कुनै व्यक्तिको जीवनी भावी पुस्ताका लागि पथप्रदर्शक तथा मार्गदर्शक बनेको हुन्छ, अनि प्रेरणाको स्रोत पनि बन्दछ । वास्तवमा जीवनीले जीवनका यथेष्ट प्रमुख भागको चर्चालाई आत्मसात् गरेको हुन्छ ।[३] त्यस्ता महान् व्यक्तित्वको दैनिक जीवनयात्रा अविष्मरणीय सिद्ध हुन्छ ।

साहित्यकार गोविन्दबहादुर कुँवरको जीवनीले पनि त्यस्ता व्यक्तित्वको जीवनी, दैनन्दिनी प्रक्रियासँग अधिकतम समता राख्दछ । शारीरिक, मानसिक, बौद्धिक, साहित्यिक तथा अन्य विविध क्षेत्रमा कुँवरको जीवनीको प्रभाव देखिनु अन्य विशिष्ट साहित्यकारहरूको जस्तै सुखद परिवेशमा नहुर्कनु, विलक्षण प्रतिभा र विशिष्ट स्मरणशक्ति भएर पनि त्यसले समुचित परिवेश प्राप्त गर्न नपाउनु आदि सन्दर्भहरूले उनको जीवनलाई प्रभाव पारेको देखिन्छ ।

---

१ बालकृष्ण पोखरेल (नि.), **बृहत् नेपाली शब्दकोश**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४०), पृ. ४७० ।

२ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पाँचौ संस्क., (ललितपुर : साझा प्रकाशन, २०४६), पृ. १७० ।

३ ईश्वर बराल (सम्पा.), **नेपाली साहित्यकोश**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५), पृ. २९९ ।

## २.२ वंशपरम्परा र जन्म

भारतवर्षमा पर्ने चित्तौडगढ, राजस्थानलाई कुँवरहरूको मूलथलो मानिएको छ सिंजापतिभन्दा पहिला जालन्धरीका पालामा खुलालहरू भागेश्वर अर्थात् हालको (डोटी-डडेलधुरा) कुमाउँ, गढवालमा शासन गर्दथे ।[४] कुँवरहरूको पुर्खा हम्मदेव हुन् । हम्मदेव छत्तीसौँ पुस्ताका डाडुदेव जनालीकोट अछामका तेह्रौँ शताब्दीका राजा भएका र उनका दुई छोरा पन्धीरदेव र धीरदेव तत्कालीन राजा अशोक चल्ल र जितारी मल्लका भारदार भई सहयोग गर्ने क्रममा शक्तिशाली सेनाका रूपमा प्रख्यात भएका थिए । तिनै कुँवरहरूले वि.सं. १३४४ मा पश्चिम कुमाउँ-गडवालदेखि पूर्वमा त्रिशूली अधीन गर्दासम्म ठूलो पराक्रम देखाएका थिए ।[५] अछाममा बसोबास गर्दैआएका बूढापाकाका अनुसार पन्धीरदेव र धीरदेव दुई दाजुभाइमध्ये धीरदेव कुँवरका सन्तानहरू गण्डकी क्षेत्रमा विस्तार भएका हुन् । यसरी विस्तार हुने क्रममा वि.सं. १४४८ सम्ममा धनञ्जय गोत्रका कुँवरका अतिरिक्त अन्य जातिले कुँवरको उपाधि पाएको देखिँदैन ।[६] तसर्थ 'कुँवर' थर विशेष नभई उपाधि हो भन्ने स्पष्ट हुन्छ । सोही उपाधि पछिल्ला पुस्ताहरूले नामको पछाडि थरको रूपमा प्रयोग गर्दैआएको पाइन्छ । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपाललाई चार जात छत्तीस वर्णको फूलबारीको संज्ञा दिएका छन् । यिनै विविध वर्णहरूमध्ये राजन्य क्षेत्रीहरूको समूहमा पर्ने खुलाल कुँवर एक प्रमुख थर हो ।[७]

उक्त कुँवर उपाधि वि.सं. १२८० मा डाडुदेवले बहादुरीका साथ कुमाउमाथि विजय प्राप्त गरेबापत् क्राचल्लबाट प्राप्त गरेका हुन् ।[८] धनञ्जय गोत्रीय कुँवर सिँजा राज्यको पतनपछि क्षेत्रीकै रूपमा रहिआएका थिए । पछि बाईसे-चौबीसे भुरे राज्यमा विस्तार हुँदै जाने क्रममा थर तथा पद निर्माण गर्दा धनञ्जय गोत्रका खुलालले प्राप्त गरेका कुँवर उपाधि अन्य जातिहरूमा पनि देखापर्न थाल्यो । हाल आएर कश्यप, वत्स, आत्रेय, गौतम गोत्रका क्षेत्रीहरूले पनि कुँवर लेख्न थालेको पाइन्छ । यसरी धनञ्जय गोत्रीय खुलाल कुँवरहरू कर्णाली अञ्चल हुँदै गण्डकी अञ्चलको कास्की जिल्लामा बसाइँ सरेका हुन् । बसाइँसराइकै क्रममा कास्कीबाट लमजुङतर्फ पनि कुँवरहरू पुगेको पाइन्छ ।[९]

नेपालको गण्डकी अञ्चलअन्तर्गत लमजुङ जिल्लाको भोटेओडार गा.वि.स., वडा नं. १, रातमाटामा बसोबास गर्दैआएका चेहरसिंह कुँवर शाही नेपाली सेनामा हवल्दार थिए ।[१०] साहू कुँवरको नामले प्रतिष्ठित चेहरसिंह कुँवर र उनकी धर्मपत्नी कौशिला कुँवरका

---

४ बालकृष्ण पोखरेल (नि.), **खस जातिको इतिहास**, अप्र. लेख ।

५ बालकृष्ण पोखरेल, पूर्ववत् ।

६ पूर्ववत् ।

७ पूर्ववत् ।

८ पूर्ववत् ।

९ पूर्ववत् ।

१० शोध नायकसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

नाति थमानसिंह कुँवर र पुत्रबधू बुधकुमारी कुँवरको द्वितीय पुत्ररत्नको रूपमा वि.सं. २००८ भाद्र २६ गतेका दिन भोटेओडारको रातमाटामा गोविन्दबहादुर कुँवरको जन्म भएको थियो । उनको कुण्डली वा जन्मपत्रिकाको टिपोटअनुसार चिह्नाको नाम ढकनबहादुर कुँवर, वर्तमानको नाम गोविन्दबहादुर कुँवर, राशिको नाम धनु, छद्म नाम गोकुजी र विप्लव रहेका छन् ।

## २.३ बाल्यकाल

मध्यम वर्गीय कृषक परिवारमा जन्मिएका कुँवरको बाल्यकाल सामान्य स्तरमा नै बित्यो । बाहिरी आम्दानीको स्रोत केही नभएकोले घरको व्यवहार चलाउन उनको पितालाई हम्मे-हम्मे परेको[११] र खेती किसानको भरमा झन्डै डेढ दर्जन परिवार पाल्नुपर्ने हुनाले उनको आर्थिक समस्या जटिल बन्दै गएको देखिए पनि एक मानु खान पुगेकै थियो ।[१२] आर्थिक अवस्था जे-जस्तो रहे पनि गोविन्दको पारिवारिक वातावरण स्नेहपूर्ण रहेको देखिन्छ । उनको बाल्यकालको स्वास्थ्यस्थिति सामान्य रहेको जानकारी पाइन्छ ।[१३] आठ-दस वर्षको उमेरमा लुतो आएर शरीर पाकेपछि औषधोपचारका लागि आँपपीपल पुगेको भोलिपल्ट घर फर्केको घटना ताजा भइरहेको बताउँदै शोधनायकका दाजु नारायण कुँवरका अनुसार एकपल्ट बेसी धन्सारमा बस्दा बहुला कुकुरले बाख्रा, भैँसी र गोविन्दलाई समेत छोएको र रेबिजको डरले औषधि खुवाउँदा रगतै पिसाब फेरेर झन्डै मरेको, पछि पाउँदीको एकजना वैद्यले उपचार गरेर मात्र बाँचेको भन्ने थाहा हुन्छ । निकै कम बोल्ने, चकचक नगर्ने, नपिर्ने अझ भन्नुपर्दा बालकको चञ्चलताबाट टाढा रहेको गोविन्दको बालस्वभाव शान्त र स्निग्ध देखिन्छ । सात दाजुभाइ र पाँच दिदीबहिनीहरूप्रति उनले सामान्य र सहज व्यवहार गर्ने गरेको पाइन्छ ।[१४] बुबासँग घुम्न रुचाउने र थोरै-थोरै खाइरहने उनको बानी थियो ।[१५] उनी सानैदेखि प्रकृतिको रहस्यप्रति आकर्षित थिए । बुबाको पाञ्चायन देवताको पूजा-आराधनाले उनमा पनि धार्मिक तथा आध्यात्मिक चिन्तनको बीजारोपण गरेको पाइन्छ ।[१६] हजुरआमा र दुई आमाबीच हुने घरायसी झगडाबाट उनले केही मानसिक पीडाको अनुभूति गर्नुपरेको थियो । साथै आफ्नी आमाप्रति गरिएको दुर्व्यवहारपूर्ण कार्यबाट उनको बालमस्तिष्कमा ठूलो चोट पुगेको देखिन्छ ।[१७]

---

११ शोधनायकका पिता थमानसिंह कुँवरसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

१२ ऐजन ।

१३ ऐजन ।

१४ ऐजन ।

१५ ऐजन ।

१६ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

१७ ऐजन ।

## २.४ शिक्षादीक्षा

गोविन्दबहादुर कुँवरले अक्षरको ज्ञान घरमा नै गरेका हुन् । धेरै विद्यालयमा अध्ययन गर्दा गाउँठाउँ साथीहरूलाई चिन्न, जान्न, बुझ्न पाए पनि पढाइ भने खँदिलो नहुनुमा केही रहर र केही बाध्यता पनि भएको जानकारी प्राप्त हुन्छ ।[१८] आफ्ना गुरुहरूप्रति आदरभाव राख्ने कुँवर विद्यालयका शैक्षिक क्रियाकलापमा आंशिक रूपमा सहभागिता देखाउँथे । परीक्षामा सधैँ प्रथम-द्वितीय हुने कुँवरको अध्ययनको स्तर स्कुले जीवनको पूर्वार्धमा आइपुग्दा मध्यम देखिन्छ । श्री सर्वोदय मा.वि., दुराडाँडाबाट वि.सं. २०२४ सालमा एस्.एल्.सी. परीक्षामा द्वितीय श्रेणीमा उत्तीर्ण गरेका कुँवरले श्री लमजुङ इन्टरकलेज, कुन्छाबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी श्री शिक्षा महाविद्यालय, कीर्तिपुरबाट शिक्षाशास्त्र सङ्कायमा स्नातक तह र मानविकी तथा सामाजिक सङ्कायतर्फ पनि स्नातक तह उत्तीर्ण गरेका छन् । घरको दयनीय आर्थिक स्थिति, घरपरिवारप्रतिको उत्तरदायित्वको बोझका साथै दूरदर्शिता र महत्त्वाकाङ्क्षाको अभावले उनको अध्ययन अगाडि बढ्न सकेन ।[१९] यसरी गोविन्दबहादुर कुँवरको शिक्षादीक्षा आर्थिक अवस्थाका कारण उतारचढाव देखिए पनि घरको राम्रो शैक्षणिक वातावरणमा सुसम्पन्न भएको देखिन्छ । परिवारजन, आफन्तजनको प्रेरणा, सहयोग र प्रभावमा शिक्षित बनेर आफूलाई आफ्ना कार्यक्षेत्रमा प्रवृत्त गराउने सुवर्ण अवसर उनले प्राप्त गरेका छन् ।

## २.५ वैवाहिक जीवन र पारिवारिक स्थिति

मध्यमवर्गीय पारिवारिक वातावरणमा जन्मिएका कुँवरले स्नातक तहसम्मको अध्ययन पूरा गरी वैवाहिक जीवनमा आबद्ध रहेको देखिन्छ । घरको आर्थिक अवस्थालाई केही हदसम्म पूरा गर्न उनी जागिरको खोजी गर्न विवश भए । यस क्रममा उनी शिक्षण पेसालाई अँगाल्न पुगेको देखिन्छ । यसरी उनको पारिवारिक र आर्थिक अवस्थाका बारेमा निम्न उपशीर्षकहरूमा चर्चा गरिएको छ :

### २.५.१ विवाह र सन्तान

वि.सं. २०२८ सालमा २० वर्षको उमेरमा रागिनास गा.वि.स.-५, कोट निवासी पिता शेरबहादुर थापा र माता पत्रकुमारी थापाकी ज्येष्ठ सुपुत्री गीता थापाका साथ गोविन्दबहादुर कुँवरको विवाह भयो । परम्परागत विवाहपद्धतिअनुरूप पन्चेबाजा र बन्दुक पड्काएर नै उनको विवाह सम्पन्न भएको थियो । विवाहका प्रारम्भिक केही वर्षमा तनावको महसुस भए पनि पछि कुनै व्यवधानविना नै पारिवारिक डुङ्गा सहज रूपमा चलिआएको छ ।[२०] 'दुई मात्र सन्तान ईश्वरका वरदान' भनेझैँ गोविन्द कुँवरलाई श्रीमती गीता कुँवरबाट दुई पुत्ररत्नहरू वरदानको रूपमा प्राप्त भएका छन् । दुई छोराका पिता गोविन्दबहादुर कुँवरले छोरीको

---

१८ ऐजन ।

१९ ऐजन ।

२० ऐजन ।

अभावलाई पूरा गर्न एक धर्मछोरी बनाएका छन् । हाल दुई छोरा, एक धर्मपुत्री र उसकी आमा, एक बुहारी, एक नाति, श्रीमती र आफू गरी कुँवरका ८ जनाको परिवार रहेका छन् । आफ्ना सन्तानलाई राम्रो शिक्षादीक्षा दिन नसकेको वा त्यस विषयमा गम्भीर हुन नसकेकोमा अपराधबोध भइरहेको छ ।[२१] यसरी सन्तानको सुखसयल एवम् उचित पारिवारिक प्रशिक्षणका सन्दर्भमा उनले त्यति ध्यान दिएको पाइँदैन । व्यावहारिक अकुशलताका कारणले आफू र आफ्नो परिवारले दु:ख पाएको अनुभूति व्यक्त गर्दै कुँवरले जिन्दगीमा सबै आफूले चाहेजस्तो र ताकेजस्तो नहुने रैछ भन्छन् । यसरी समग्रमा वैवाहिक जीवन सामान्य देखिन्छ भने पारिवारिक जीवन चाहेजस्तो नभए पनि समृद्धवान् नै देखिन्छ ।

### २.५.२ आर्थिक अवस्था

गोविन्दबहादुर कुँवरको बाल्यकालको आर्थिक अवस्था सामान्य देखिन्छ । घरायसी समस्या हल गर्न बुबालाई गाह्रो परेको र ठूलो परिवारको शिक्षादीक्षा, औषधोपचारका लागि वस्तुभाउको बिक्रीमा नै आश्रित रहने बाध्यता थियो ।[२२] पहिला आफ्नो जग्गाको आम्दानीले खान र घरखर्च चलाउन पुग्थ्यो भने अहिले पुग्दैन, पहिला आम्दानीको बाटो केही थिएन तर हाल जागीरको आम्दानीले भरथेग पुगेकै छ । यसरी उनको वर्तमान आर्थिक अवस्था मध्यमस्तरीय रहेको छ ।

## २.६ कार्यक्षेत्रमा प्रवेश

आफ्नो औपचारिक अध्ययन पूरा गरी गृहजिल्ला फर्केका कुँवरले अर्थोपार्जनका लागि केही गर्नुपर्ने आवश्यकता भयो । लमजुङमा बी.एड्.को दक्ष जनशक्ति त्यतिखेर न्यून थियो । वि.सं. २०३० मा बी.एड्. पूरा गरेका कुँवर लमजुङमा लागू गरिएको रा.शि.प.यो.-२०२८ अनुसार तत्कालै गाउँकै हालको भक्तिनमुना उच्च मा.वि.मा प्रधानाध्यापक बनेका देखिन्छन् ।[२३] बाईस वर्षकै उमेरमा प्रधानाध्यापकजस्तो संवेदनशील पदमा रहनुभएका कुँवरले जागिरको क्रममा भौँतारिएर हिँड्नु परेन । वि.सं. २०३० सालदेखि निरन्तर एउटै पदमा कार्यरत कुँवर अन्य पेसामा लागेको देखिँदैन । इमान्दारपूर्ण कार्यको प्रतिफल प्रेरणामूलक र दीर्घकालीन हुने कुरालाई उनको पदोन्नतिले स्पष्ट पारेको छ । माध्यमिक विद्यालयको प्रधानाध्यापकको पदमा जिल्लाकै प्रथम श्रेणीकै उच्च अधिकृत वा सहसचिव सरहको पदमा पदोन्नति भएर उनी आफ्नो पेसाप्रति आंशिक रूपमा सन्तुष्ट रहेका छन् । उनले शिक्षण पेसाका अतिरिक्त अन्य केही सामाजिक, साहित्यिक तथा गैरसरकारी संस्थासँग सम्बद्ध रहेर वातावरण, वाङ्मय, सीपविकास, अनौपचारिक शिक्षा, स्वास्थ्य एवम् सरसफाइ आदि क्षेत्रमा सक्रियताका साथ कार्य गरेको समेत देखिन्छ ।

---

२१ ऐजन ।

२२ ऐजन ।

२३ ऐजन ।

## २.७ रुचि, स्वभाव र दिनचर्या

बिहान सबेरै उठ्ने र प्रायः भ्रमणमा निस्कने उनको दिनचर्या नै थियो । प्रातः भ्रमणमा निस्कँदा पनि उनी साहित्यिक चिन्तनमै मग्न देखिन्छन् ।[२४] भ्रमण र पत्रपत्रिकाको अध्ययनमा कुँवर विशेष रुचि राख्दथे । यति हुँदाहुँदै पनि रेडियो र टि.भि.मा केही समय खर्च गर्ने कुँवरले घरव्यवहारमा भने त्यति चासो दिएको पाइँदैन ।[२५] साहित्यलेखनका लागि उनको कुनै निश्चित समय छैन । कहिले राति लेखिन्छ, लेख्ने कुरा मुडमा भर पर्दछ । विशेषतः एकान्त र शान्त ठाउँ नै लेखनअनुकूल हुन्छ भन्ने कुँवर आजभोलि आफू एक्लिएको अनुभव गर्दछन् । अन्तरङ्ग मित्रताको अभाव महसुस गर्दछन् । कम बोल्ने स्वभावले उनले धेरै ठाउँमा आलोचित बन्नुपरेको देखिन्छ । अध्ययन भनेपछि हुरुक्क हुने कुँवर खेलमा त्यति चासो देखाउँदैनन् ।[२६] देवकोटा, रिमाल, विजय मल्ल, भूपिजस्ता साहित्यकारहरू उनलाई मन पर्दछ । सङ्गीतप्रति अनभिज्ञ कुँवरको हृदय हरिभक्त, शिवशङ्कर, क्षेत्रप्रताप अधिकारीका गीत तथा सङ्गीतहरूले उनलाई छोएका छन् । सत्यतालाई नै ईश्वर मान्ने कुँवरको आफू धर्मनिरपेक्ष व्यक्ति भएको आत्मस्वीकृति छ । सबै धर्मप्रति त्यत्तिकै आदरभाव राख्ने कुँवरले हिन्दू धर्मको परम्परालाई संवरण गरे पनि उनमा धार्मिक कट्टरता भने देखिँदैन ।

छिट्टै अरूमाथि विश्वास गर्ने स्वभाव उनमा देखिन्छ । नयाँ मान्छेसँग हत्तपत्त बोल्न सङ्कोच मान्ने कुँवर सबैप्रति सरल र सहज व्यवहार गर्दछन् । उनले खानेकुरामा टीकाटिप्पणी गर्दैनन् । घरमा मीठो-नमीठो, जेजस्तो पाक्छ रुचिपूर्वक खाएर हिँड्ने उनको स्वभाव छ ।[२७] कुँवर आंशिक रूपमा धूमपानका अम्मली देखिन्छन् । सामाजिक विकृति र विसङ्गतिका विरुद्ध लेख्न रुचाउने गोविन्द अरूको पीडाबाट पनि आफू दुःखी भएको अनुभूति गर्ने कोमल कविहृदय भएका देखिन्छन् ।[२८] यसरी कुँवरका रुचि, स्वभाव र दिनचर्याबाट के स्पष्ट हुन्छ भने उनी साहित्यसिर्जनातर्फ सक्रिय रहेको निष्कर्ष प्राप्त हुन्छ ।

## २.८ भ्रमण

कुँवरको विशेष रुचि भ्रमणमा देखिन्छ । लमजुङजस्तो दुर्गम र विकट जिल्लाको प्रायः सम्पूर्ण भाग भ्रमण गरिसकेका कुँवरले मुक्तिनाथ, बागलुङ, मनाङ, काठमाडौँ, नेपालगञ्जदेखि विराटनगर हुँदै इलाम, दार्जीलिङसम्म पुगी प्राकृतिक सौन्दर्य पान गरेको पाइन्छ । उनले आफ्नो भ्रमणलाई केवल दृश्यावलोकनमा मात्र सीमित राखेनन् । पाठकहरूलाई भ्रमणक्षेत्रको साक्षात्कार गराउने संस्मरणात्मक लेखहरू पनि दिएका छन् । उनले आफूले भ्रमण समयमा गरिएका अनुभवहरूलाई संस्मरणात्मक लेख *डेब्रेकुना*मार्फत् प्रस्तुत गरेका छन् ।[२९]

---

२४ मुक्ति अधिकारीबाट प्राप्त जानकारीअनुसार ।

२५ श्रीमती गीता कुँवरबाट प्राप्त जानकारीअनुसार ।

२६ दाजु नारायण कुँवरबाट प्राप्त जानकारीअनुसार ।

२७ शोधनायकको आमाबाट प्राप्त जानकारीअनुसार ।

२८ मुक्तिनाथ अधिकारीबाट प्राप्त जानकारीअनुसार ।

२९ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

## २.९ सम्मान, पुरस्कार र प्रशंसा

कवि गोविन्दबहादुर कुँवरले साहित्यिक साधना तथा सेवा गरेबापत विभिन्न वर्षमा विभिन्न पुरस्कार र सम्मानका साथै प्रशंसा पनि पाएका छन् । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट 'राष्ट्रिय कविता महोत्सव' मा भाग लिएर कुँवरले वि.सं. २०४३ मा तृतीय पुरस्कार र काँस्य पदक प्राप्त गरेको देखिन्छ । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका अध्यक्ष, सल्लाहकारजस्ता गरिमामय पदमा आसीन कुँवरले द रेयुकाई शाखा लमजुङबाट प्रदान गरिने साहित्यकार बी.पी. स्मृति पुरस्कार २०५४ पनि प्राप्त गरेका छन् ।

## २.१० विचारधाराप्रतिको प्रतिबद्धता

प्रगतिशीलताका झझल्कालाई साहित्यमा उतार्ने कवि कुँवर कुनै पनि राजनीतिक कट्टरवादबाट टाढा रहन चाहन्छन् । क्रान्तिकारी भावना कवि, लेखक तथा साहित्यकारहरूमा हुनु स्वाभाविकै हो । सधैँ सत्ताको प्रतिपक्षमा रहने कुँवर वर्तमान राजनीतिप्रति असन्तोष जाहेर गर्छन् । राजनीतिको जेब्राक्रसमा बस्न रुचाउने कुँवर राजनीतिक विचारधाराबाट मौन रहेका देखिन्छन् ।[३०] उनी कुनै पनि राजनीतिक विचारधाराबाट तटस्थ रहेर प्रजातन्त्रको पक्षमा कलमद्वारा लडिरहने कुशल योद्धा हुन् ।[३१] महामानव गौतम बुद्धको मध्यममार्ग रोज्ने कुँवर सबै विचारधारामा मध्यमार्गी देखापर्दछन् ।

## २.११ लेखन

प्रारम्भिक शिक्षा लमजुङमा प्राप्त गरी काठमाडौँ गएर शिक्षित र योग्य बनेर युवा जोस र जाँगर सँगाली लमजुङ फर्किएपछि लमजुङमै जागिरे जीवनको प्रारम्भ पूरा गर्न पुगेका गोविन्दबहादुर कुँवर सानैदेखि धार्मिक, आध्यात्मिक वातावरणबाट प्रभावित हुनुका साथै सामाजिक, राजनीतिक विकृति-विसङ्गतिका असन्तुष्टिका घटनाले साहित्यको बाटो पहिल्याउन मद्दत गरेको देखिन्छ । गुरु, साथीभाइ र अग्रज साहित्यकारहरूको प्रेरणा र प्रभाव अनि हौसलाले उनको साहित्यिक लेखन अगाडि बढेको देखिन्छ । यसरी नेपाली भाषा र साहित्यको इतिहासमा उल्लेखनीय व्यक्तित्व निर्माणमा सहायकसिद्ध हुन सकेको देखिन्छ ।

### २.११.१ प्रेरणा, प्रभाव तथा सिर्जना आरम्भ

कुँवर ग्रामीण परिवेशमा हुर्केका हुन् । उनको घरको वातावरण पुरातन र अशिक्षित थियो । शिक्षाको अभावले त्यो परिवारको लागि शिक्षाको महत्त्व अमूल्य थियो । फलत:

---

३० मुक्तिनाथ अधिकारीको अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

३१ शोधनायकबाट प्राप्त जानकारी ।

उनलाई शिक्षाप्रति ध्यानाकर्षण गराउन सम्पूर्ण परिवार नै उत्सुक देखिन्छ । उनी सानै छँदा सुमधुर स्वरमा **महाभारत**, **रामायण**, **गीता**का श्लोकहरू वाचन गरेको सुन्दथे । तिनै श्रुतिमधुर श्लोकको श्रवणबाट उनी कवितातर्फ आकर्षित भएका देखिन्छन् । भावुक र प्रकृतिप्रेमी कुँवरलाई भ्रमणका क्रममा लमजुङका साथै दार्जीलिङसम्मको प्राकृतिक सौन्दर्यको रसपान गर्ने अवसर मिल्यो । जसले उनीभित्रको कवित्व प्रतिभालाई ब्युँझायो साथै कविव्यक्तित्व निर्माणमा ठूलो प्रेरणा प्रदान गऱ्यो । उनको कविता लेख्ने रहर विद्यालय अवस्थादेखि नै पलाएको पाइन्छ । सुरुमा छन्द न मन्दको कविता लेख्ने कुँवर आई.ए. पढ्दासम्म पनि उनका कविताले ठोस आकार पाएका थिएनन् । स्कुलजीवनबाट नै कविता लेखन कार्य सुरु गरेका कुँवर बाटामा गुन्गुनाउँदै हिँड्थे ।[३२] ११-१२ वर्षको समयमा दही मथ्दै गुन्गुनाएको गीत अझ स्मरणमा रहेको छ ।[३३] गीतिलयबाट कविता लेखनयात्रातर्फ उन्मुख भएका कुँवरको आभ्यासिक समयपूर्व गाइएको गीतको अंश यसप्रकार रहेको छ :

'के विरह हुन गो मनमा रोइदियौ आँसु झारी ।
आँसुले नै लग्छ है विरह सब पखेली ॥

झ्याउरे कविताबाट लेखन कार्य सुरु गरेका कुँवरले धेरै कविताहरू लेख्दै च्यात्दै गरेपछि मात्र आफ्ना कविता कविताजस्तो लागेको बताएबाट उनी आभ्यासिक कविका रूपमा चिनिन्छन् । बुबा थमानसिंह, श्रद्धेय गुरुहरू श्री युवराज घिमिरे एवम् श्याम दाहालज्यूको प्रत्यक्ष वा अप्रत्यक्ष प्रेरणा र साथीहरूको हौसलाले उनलाई कवितालेखनमा ठूलो प्रेरणा प्रदान गरेको पाइन्छ ।[३४] विद्यालयसमयदेखि कवितालेखनका लागि प्रेरणा प्राप्त गरेका छन् ।[३५] वि.सं. २०२० को दशकबाट लेखन कार्य आरम्भ गरेका कुँवर ३० को दशकसम्म आइपुग्दा उनका फुटकर रचनाहरूले विभिन्न पत्रपत्रिकामा प्रकाशित हुनुका साथै रेडियोमा प्रसारित हुने अवसर प्राप्त गरेको पाइन्छ । वि.सं. २०३० **सिपाही** पत्रिकामा प्रकाशित राष्ट्रिय भावनाले ओतप्रोत *मेरो देश* नामक कविताबाट उनी प्रकाशनयात्रातर्फ अभिमुख भए पनि ४० को दशकपछि मात्र उनका कविताहरूले कृतिगत संरचना प्राप्त गरेको पाइन्छ । त्यसैले वि.सं. २०३० पूर्व समयलाई कुँवरको अनौपचारिक लेखनयात्राको समय मान्न सकिन्छ । आधुनिक नेपाली साहित्यले समसामयिक धाराको स्पर्श गरेको समयबाट उनले आफ्नो औपचारिक लेखनयात्रालाई अगाडि बढाएको देखिन्छ । विभिन्न पत्रपत्रिकामा छिटफुट रूपमा प्रकाशन र प्रसारित हुँदै आए पनि २०४० को दशकमा मात्र उनका रचनाहरूले पुस्तकाकार रूप प्राप्त गरेको पाइन्छ । सिर्जनाको क्षेत्रमा धेरै पहिलेदेखि कलम चलाउने कुँवरको मुख्य विधा कविता रहे पनि कथा, निबन्ध, समालोचना, भूमिकालेखनमा समेत आफ्नो कलम चलाएका छन् ।

---

३२ सूर्यबहादुर खड्का बिखर्ची, *फूलैफूलको माला,* **सत्ताईस साहित्यिक नक्षत्र**, (पोखरा : सूर्यबहादुर खड्का, २०५४), पृ. ७५ ।

३३ शोधनायकसँगको अन्तर्वार्ताबाट ।

३४ सूर्यबहादुर खड्का बिखर्ची, *फूलैफूलको माला,* **सत्ताईस साहित्यिक नक्षत्र**, पूर्ववत् ।

३५ शोधनायकसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

उनका कथा, निबन्ध, समालोचनाहरू विभिन्न पत्रपत्रिकामा छिटफुट रूपमै प्रकाशित भेटिन्छन् । आफ्नो साहित्यिक सिर्जनाको यात्रामा साहित्यका अनेक विधामा कलम दगुराउने प्रभावशाली बहुमुखी प्रतिभा गोविन्दबहादुर कुँवरका यी तीन पुस्तकाकार रचना कृतिहरू प्रकाशित भेटिएका छन् :

| **क्र.सं.** | **प्रकाशित कृति** | **विधा** | **प्रकाशन वर्ष** | **प्रकाशक** |
|---|---|---|---|---|
| १. | समयका पदचापहरू | कविता | २०४७ | सप्तगण्डकी |
| २. | मौन आवाजहरू | कविता | २०४८ | गीता कुँवर |
| ३. | तातेताते | कविता | २०५८ | साझा प्रकाशन |

माथि उल्लेख गरिएका गोविन्दबहादुर कुँवरका तीन पुस्तकाकार कृतिहरूमा आफ्ना कवित्व प्रवृत्तिलाई अभिव्यक्त गरेका छन् । साथै आफ्नो साहित्यिक मान्यता तथा दृष्टिकोण प्रभावकारी रूपमा कवितासङ्ग्रहमा प्रस्तुत गरेका छन् ।

## २.१२ **सारांश**

धनञ्जय गोत्रका खुलाल (कुँवर) का दरसन्तानहरू कास्कीबाट लमजुङतर्फ बसाइँ सरेको पाइन्छ । तिनै खुलालकै दरसन्तानमध्ये थमानसिंह कुँवरका माइला सुपुत्र गोविन्दबहादुर कुँवर हुन् । बाल्यकालमा आर्थिक समस्यासँग जुध्नु परे पनि कुँवरले आफ्नो अध्ययनलाई आंशिक रूपमै भए पनि निरन्तरता दिएको पाइन्छ । शिक्षण सेवामा संलग्न रहेर पनि साहित्यिक तथा सामाजिक संस्थाको उत्थानमा कुँवरले उल्लेखनीय भूमिका खेलेका छन् ।

वि.सं. २०३० सालदेखि लमजुङको भोटेओडारस्थित भक्ति नमुना मा.वि. (हाल उच्च मा.वि.) मा प्रधानाध्यापक हुँदै आउनुभएका कुँवरको विवाह २० वर्षको उमेरमा गीता थापासँग भएको थियो । उनका २ छोरा र एक छोरी छन् । गम्भीर अन्तर्मुखी स्वभावका कुँवरको कवितायात्राको थालनी वि.सं. २०३० बाट भएको थियो । **सिपाही, गोरखापत्र, मधुपर्क, गरिमा**जस्ता राष्ट्रिय पत्रपत्रिकाहरूमार्फत् उनका लेखरचनाहरू प्रकाशित छन् । भाषासाहित्य तथा सामाजिक सेवा गरेबापत् उनले साहित्यिक पुरस्कार र सम्मानपत्र प्राप्त गरेका छन् । साथै जिल्लास्तरबाट पनि केही पुरस्कार एवम् सम्मानपत्रहरूबाट पनि उनी सम्मानित भएका छन् ।

यसरी नेपाली साहित्यमा विगत चार दशकदेखि साहित्यसाधनारत कुँवरको हालसम्म तीन पुस्तकाकार कृति र केही फुटकर रचनाहरू प्रकाशित छन् । मध्यमस्तरीय जीवनयापन गरेका कुँवर नेपाली साहित्यका क्षेत्रमा मूल्याङ्कनयोग्य साधक हुन् । 'दूधपोखरी प्रतिभा परिवार' जन्माएर अन्य साहित्यकारहरूलाई सक्रिय बनाउन उनको उल्लेखनीय भूमिका उदाहरणीय देखिन्छ ।

# तेस्रो परिच्छेद
# गोविन्दबहादुर कुँवरको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै पनि मान्छेको व्यक्तित्व मूलत: दुई रूपबाट विश्लेषण गरिन्छ - बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्व । बाह्यस्वरूपका आधारमा देखिने व्यक्तित्व बाह्य व्यक्तित्व हो भने आन्तरिक रूपमा मानसिक किसिमबाट निर्मित व्यक्तित्वलाई आन्तरिक व्यक्तित्व मानिन्छ । बाह्य व्यक्तित्वलाई उसको आन्तरिक व्यक्तित्वले ठूलो प्रभाव पारेको हुन्छ । त्यस्तै आन्तरिक व्यक्तित्वलाई पनि उसको स्वभाव र संस्कारले उत्तिकै प्रभाव पारेको हुन्छ । यसैगरी आन्तरिक व्यक्तित्वलाई बाह्य व्यक्तित्वले पनि त्यत्तिकै प्रभाव पारेको हुन्छ । तिनै विशिष्ट सिर्जनशील व्यक्तित्वमध्ये कवि गोविन्दबहादुर कुँवर पनि एक हुन् । नेपाली साहित्यका काव्य कविताका क्षेत्रमा गोविन्दबहादुर कुँवर एक विशिष्ट साहित्यिक साधक हुन् । अत: उनको व्यक्तित्वलाई पनि बाह्य र आन्तरिक दुवै कोणबाट अध्ययन गर्न सकिन्छ ।

## ३.२ बाह्य व्यक्तित्व : आकारप्रकार

मझौला कद, डम्म परेको जीउ, भारतीयजस्तो लाग्ने अनुहार, चौडा र पुष्ट छाती, फराकिलो निधार, सरल र स्निग्ध निर्दोषपूर्ण हेराइ, मिलेको नाक, सम्याइएको कपालद्वारा सजिएको बान्किलो शिर, पुष्ट गाला, पुरुषमा हुनुपर्ने सामान्य उचाइ भएका कुँवरको बाह्य व्यक्तित्व आकर्षक र प्रभावोत्पादक देखिन्छ । सामान्य सर्ट र पाइन्ट लगाउने कवि कुँवरको बस्ने, सुत्ने कोठा सादा र सफा देखिन्छ । अझ भन्ने हो सादा जीवन उच्च विचारलाई उनको बाह्य व्यक्तित्वले स्पष्ट पार्दछ । उनका कोठामा अरूको आँखालाई आकर्षित पार्ने कुनै सम्पन्नता र सोखका आडम्बरलाई प्रदर्शित गर्ने त्यस्ता कुनै वस्तु त्यहाँ थिएनन् । जे थिए त्यहाँ आकर्षणका केन्द्रबिन्दु स्वयम् कवि नै थिए, उनको व्यक्तित्व नै थियो । उनको घरायसी परिवेश, रहनसहनको स्तर सादा, साधारण र आडम्बरहीन देखिन्छ । कम बोल्ने कुँवरको स्वास्थ्यस्थिति सामान्य नै छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

कुँवर सानै उमेरदेखि एकसुरे थिए । उनी एक धुनमा लागेपछि अन्य कुराको त्यति वास्ता गर्दैनथे । शान्त प्रकृतिका कुँवर निकै कम बोल्दछन् । आवश्यकभन्दा बढी उनी कत्ति पनि उत्तर दिँदैनन् । शान्त र एकान्त स्थान मन पराउने कुँवर हाँसोठट्टा कमै गर्दछन् । स्वतन्त्र र स्वाभिमानी प्रकृतिका गोविन्द सबै स्तरका मानिसहरूसँग समान व्यवहार राख्ने गर्दछन् ।[१] उनी प्रकृतिको एकान्तमय वातावरण मन पराउँछन् । फुर्सदको समयमा जुत्ता सिउने व्यक्तिसँग पनि सुखदुःख साट्ने अति मिलनसार व्यक्तित्व हुन्, गोविन्दबहादुर कुँवर । कम बोल्नेहरूले धेरै कुरा सिक्दछन् भन्ने भनाइ उनमा लागू हुन्छ । अरूको कुरा सुन्ने र अन्तमा आफ्नो गम्भीर निर्णय सुनाउने सहनशील र धैर्यता उनको जीवनको पर्याय मान्न सकिन्छ । दीर्घकालसम्म एउटै स्थानमा एउटै पदमा सेवा गरेबाट पनि उनको इमान्दारिता र कार्यकुशलताको पहिचान गराउँदछ, जुन उनको जन्मजात प्रकृति वा जैविक अस्मिताको विकास भन्न सकिन्छ ।

गोविन्दबहादुर कुँवर प्रकृतिप्रेमी छन्, प्रकृतिका सुरम्य र शान्त काखमा उनी सच्चा शान्ति, सुख र सन्तोष प्राप्त गर्दछन् । प्रकृति सधैँ नवीन, आकर्षक र जीवन्त ठान्ने कुँवर नारीसौन्दर्यप्रति आकर्षित देखिन्छन् । सौन्दर्यप्रेमी कुँवरले नारीसौन्दर्यलाई एक आदर्श प्रतिमानको रूपमा हृदयमा राखेको पाइन्छ । गम्भीर स्वभावका कुँवर घरछिमेकमा आवतजावत र त्यति घुलमिल नगर्ने आत्मकेन्द्रित भए पनि भद्र र शिष्ट छन् ।[२] कुँवरको शीलस्वभावबारे विभिन्न व्यक्तिहरूको अनुभवलाई यसरी देखाउन सकिन्छ :

(क) दीननाथ शर्माका अनुसार गोविन्दबहादुर कुँवर चरित्र र विचारनिष्ठामा अडिग रहेर मानवीय संवेदना र भावनाले गम्भीर छन् ।

(ख) निर्मोही व्यासका अनुसार मितभाषी, मृदुभाषी कवि कुँवर एकान्त तपसी भएकाले उनको सरलता, निश्चलता र सौहार्दताको मीठो ईर्ष्या लाग्छ ।

(ग) नवराज पहाडीका अनुसार गोविन्दबहादुर कुँवर महत्त्वाकाङ्क्षारहित अत्यन्त सरल, सिधासाधा एउटा व्यक्ति, लमजुङको गहना, कम बोल्ने स्वभावका धनी छन् ।

(घ) प्रमेशविक्रम कुँवरका अनुसार उनको कम बोल्ने तर ओजनदार कुरा गर्ने स्वभाव छ ।

(ङ) मुक्ति अधिकारीका अनुसार उनी गम्भीर तथा अन्तर्मुखी स्वभावका छन् ।

(च) सहपाठी ध्रुव कुँवरका अनुसार उनको स्वभाव शान्त, अन्तर्मुखी तर लामो समयसम्म रिसाउने रहेको छ ।

---

१ मुक्तिनाथ अधिकारीको अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

२ ऐजन ।

स्वाभिमान, आत्मविश्वास, भावुकता र मनोगत असन्तुष्टि कुँवरका अन्त:प्रकृतिमा निहित वैशिष्ट्य हुन् । साथै संवेदनशील कवि कुँवरलाई उनको अध्ययन र वातावरणीय प्रभावले राष्ट्रवादी, प्रजातन्त्रप्रेमी अनि स्वतन्त्रताका उपासक बनाएको देखिन्छ ।

## ३.४ राजनीतिक व्यक्तित्व

जनताको सेवा गर्ने प्रमुख र प्रभावकारी माध्यम नै राजनीति ठान्ने कुँवर राजनीतिलाई आदर्श भान्छेसँग तुलना गर्छन् । उनी राजनीतिमा मध्यममार्गी छन् । अझ भन्ने हो भने मौन राजनीति उनमा पाइन्छ । उनी प्रजातन्त्रको पक्षमा सदैव आफूलाई समर्पित गर्छन् । उनका साहित्यमा प्रगतिशीलताको झझल्को देखिए पनि उनी कुनै पनि राजनीतिक कट्टरतावादबाट टाढा रहेका छन् ।[३] उनी वामपन्थी विचारधाराबाट ग्रस्त छन् ।[४] लेखकहरू क्रान्तिकारी हुनु स्वाभाविकै हो, सधैँ सत्ताको प्रतिपक्षमा रहनु कवि तथा लेखकहरूको धर्म ठान्ने कुँवर वर्तमान राजनीतिबाट असन्तुष्ट रहेका छन् । साथै उनी सधैँ आफू राजनीतिक जेब्राक्रसमा रहन चाहन्छन् ।[५] समग्रमा पेसागत हक, हित र मर्यादाका लागि लड्ने कुँवरको राजनीतिक धरातललाई कसैले पनि हालसम्म खुट्याउन सकेको देखिँदैन ।[६]

## ३.५ राष्ट्रभक्त व्यक्तित्व

कवि कुँवर राष्ट्रभक्त एवम् स्वतन्त्रताका पुजारी हुन् । आफ्नो देश, जाति, भाषा तथा संस्कृतिका साथै वीर, बहादुर पुर्खाहरूप्रति उनको ठूलो आदर तथा सम्मानभाव रहेको पाइन्छ । कुँवर जस्तोसुकै अप्ठ्यारो परे पनि राष्ट्रप्रेमको आस्थाले भरिएको साझा फूलबारी निर्माण गर्न सबैलाई आह्वान गर्दछन् ।[७] उनले आफ्ना कविताको माध्यमबाट नेपालप्रतिको आफ्नो प्रेममय आस्थालाई स्पष्ट ढङ्गबाट अभिव्यक्त गरेका छन्, जसबाट उनलाई राष्ट्रभक्तको संज्ञा दिन सकिन्छ ।

## ३.६ सङ्घर्षशील व्यक्तित्व

कुँवरले आफ्नो जीवनको पूर्वार्धमा नै आर्थिक समस्यासँग सङ्घर्ष गर्नुपरेको देखिन्छ । घरायसी विपन्नताका कारण उनले अध्ययनको सिलसिलामा परेका समस्याहरूबाट नै उनको सङ्घर्षशील जीवनको सुरुवात भएको देखिन्छ । आफ्नो उद्देश्यमा सफलता/असफलता जे प्राप्त

---

३ मुक्तिनाथ अधिकारी, पूर्ववत् ।

४ नवराज पहाडी, *लमजुङका तीन रत्न*, **रेयुकाई उद्यान**, (वर्ष ३, अङ्क ३, २०५५), पृ. ४५ ।

५ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

६ मुक्तिनाथ अधिकारी, पूर्ववत् ।

७ पशुपतिनाथ तिमिल्सेना, **लमजुङ सङ्गम**, (अङ्क ५, २०५९) पृ. ८९ ।

भए पनि निरन्तर कर्तव्यपथमा लागिरहनुपर्छ भन्ने चिन्तन उनको रहेको छ । कुँवर सङ्घर्षमय व्यक्तित्वको रूपमा स्थापित छन् ।[८] सङ्घर्षलाई सहज रूपमा लिएर भावनात्मक रूपमा जुध्ने कुँवरको जीवन सङ्घर्षमय छ । नि:स्वार्थ, स्वच्छ, स्वविवेकी निर्णय उनको सङ्घर्षबाट प्राप्त उपलब्धि हो ।[९] वि.सं. २०४१ सालको राष्ट्रव्यापी शिक्षक आन्दोलनको समयमा प्रहरीको लाठीचार्जबाट कवि कुँवर सख्त घाइते भएका थिए ।[१०] विद्यालयको प्रधानाध्यापक कुँवर आफ्नो पेसागत हकहितका लागि हरदम सङ्घर्षशील देखिन्छन् । यसरी उनको जीवनमा सङ्घर्षबाट प्राप्ति-अप्राप्ति जेजस्ता परिणति हात लागे पनि उनलाई सङ्घर्षशील व्यक्तित्वको रूपमा उभ्याउन अनुचित देखिँदैन ।

## ३.७ शिक्षक तथा प्रशासक व्यक्तित्व

कुँवर वि.सं. २०३० मा २२ वर्षको उमेरदेखि भक्ति नमुना उच्च मा.वि.का प्रधानाध्यापकका रूपमा कार्यरत छन् । एउटै विद्यालयमा लामो समयसम्म एउटै पदमा हालसम्म पनि कार्यरत रहनुले उनको विद्यालय व्यवस्थापनको कार्यकुशलता र शिक्षणकलाको प्रभावकारी परिचय दिएको पाइन्छ । कुँवर कुशल प्रशासक हुन् ।[११] मनोवैज्ञानिक ढङ्गबाट प्रशासन चलाउने उनको कला अनुकरणीय देखिन्छ । लमजुङको शैक्षिक जागरण अभियानमा संलग्न कुँवर शैक्षिक तथा साहित्यिक उत्थानका निमित्त पनि निरन्तर लागिरहने क्रियाशील व्यक्ति हुन् ।[१२] करिब ३८ वर्ष लामो शिक्षण सेवा अवधिभित्र उनी आफूले गरेको अध्यापन तथा प्रशासनिक-शैक्षिक गतिविधि सन्तोषजनक देखिन्छ । शिक्षण पेसालाई उत्तरदायी र गहन जिम्मेवारीपूर्ण पवित्र पेसामा ठान्ने कुँवर शिक्षक सधैँ कर्मनिष्ठ हुनुपर्छ भन्ने विचार राख्दछन् । तसर्थ समग्र लमजुङ जिल्लाको शैक्षिक उत्थानमा उनको गहन भूमिकाले नै उनको शिक्षाप्रतिको उदार भावना भएको देखिन्छ ।

## ३.८ सामाजिक व्यक्तित्व

कुँवर राजनीति तथा सामाजिक दूषित प्रथाका परिवर्तनका आकाङ्क्षी देखिन्छन् । राष्ट्रिय एकताका निम्ति पुरातन परम्परालाई तोड्न चाहन्छन्, उपदेश दिनुभन्दा आचरण गरेर दृष्टान्त प्रस्तुत गर्न सकेमात्र परिवर्तन अवश्य छ भन्ने ठान्दछन् । त्यसैअनुरूप उनलाई पाउन सकिन्छ । कवि कुँवर क्रान्तिकारी र पुरातनपन्थी नभई आमूल परिवर्तनका पक्षधर देखिन्छन् ।[१३]

---

८ मुक्तिनाथ अधिकारी, पूर्ववत् ।

९ ऐजन ।

१० नवराज पहाडी, पूर्ववत् ।

११ शिक्षक श्री हुमबहादुर कार्कीसँगको अन्तर्वार्तावात प्राप्त जानाकारीअनुसार ।

१२ पशुपतिनाथ तिमिल्सेना, पूर्ववत् ।

१३ शोधनायकबाट, पूर्ववत् ।

उनको घरमा पूजा, व्रत, उपासनाजस्ता धार्मिक क्रियाकलाप भई नै रहन्थ्यो । त्यस्तो धार्मिक परिवारमा रहेर पनि उनमा धर्मकर्ममा त्यति आस्था रहेको पाइँदैन । धर्मले मानिसलाई खराब कर्मबाट बचाउँछ भन्ने कुँवर धर्मनिरपेक्ष देखिन्छन् । उनमा पूजाआजाप्रति त्यति आशक्ति पाइँदैन । उनी मानवसेवालाई नै धर्म ठान्दछन् । तसर्थ मानवसेवालाई महत्त्व दिने कुँवरमा दु:खीहरूप्रति संवेदनशील रहन्छन् । समाजका सामान्य व्यक्तिसँग पनि सुखदु:ख साटासाट गर्ने आचरण उनमा रहेको छ ।[१४] मानिस आफ्नो दु:खमा भन्दा अरूको सुखमा बढी चिन्तित हुन्छ तर कवि कुँवर यसलाई मान्दैनन् ।[१५] यसबाट के स्पष्ट हुन्छ भने कुँवर मानवतावादी जीवनदर्शनबाट प्रभावित छन् । उनले स्वर्ग, नरक, परलोक, पूर्वजन्म, परजन्मबारे कुनै ठोस धारणा बनाएको पाइँदैन । न्यायिक समाजको स्थापनाबाट नेपाल स्वर्ग बन्ने लौकिक चिन्तन उनको रहेको देखिन्छ ।

## ३.९ समाजसेवी व्यक्तित्व

कुँवर नेपाली भाषा, साहित्यसेवीका साथै समाजसेवी पनि हुन् । आफ्नो क्षमताअनुसार समाजका विविध पक्षमा समय-समयमा सरसहयोग गर्दै आएका तथ्यहरू यथेष्ट भेटिन्छन् । उनी व्यक्तिगत स्वार्थ साधनामा भन्दा सामाजिकतातर्फ बढी उन्मुख देखिन्छन् । 'दूधपोखरी प्रतिभा परिवार' साहित्यिक संस्था स्थापना गरेर आफ्नो क्षेत्रमा खानेपानी तथा वातावरण र सामाजिक उन्नयनका लागि दिएको योगदानबाट उनमा सामाजिक सेवाको भावना प्रबल रहेको बुझिन्छ । स्कुल तथा सामाजिक कार्यमा बढी चिन्तित हुने कुँवरले घरव्यवहारमा त्यति चासो देखाएको पाइँदैन ।[१६] भाषा, साहित्य तथा शिक्षाका क्षेत्रमा कवि कुँवरको योगदान महत्त्वपूर्ण रहिआएको छ भने समाजमा कवि कुँवरको व्यक्तित्व सहयोगी र सरल देखापर्दछ ।[१७] समाजको उत्थानको लागि फुर्सदको समयमा समाजमा रहेका निम्नलिखित सङ्घसंस्थामा प्रत्यक्ष रूपमा रही सेवा गर्दै आएको बुझिन्छ :

| | | |
|---|---|---|
| ए.आई. नेपाल समूह - २७ | - | सल्लाहकार/संयोजक |
| सुनगाभा द्वैमासिक | - | सल्लाहकार |
| ल.यु.सा. समाज | - | सल्लाहकार |
| नवप्रतिबिम्ब | - | सल्लाहकार |
| भक्तिपूर्व विद्यार्थी समाज | - | संरक्षक |
| मर्स्याङ्दी हवाइपत्रिका | - | संरक्षक |
| दूधपोखरी प्रतिभा परिवार | - | संस्थापक अध्यक्ष |

१४ मुक्ति अधिकारी, पूर्ववत् ।

१५ शोधनायक, पूर्ववत् ।

१६ गीता कुँवर, पूर्ववत् ।

१७ दीननाथ शर्मा, **सगर**, (वर्ष ३, अङ्क ४, पूर्णाङ्क १२, २०५५), पृ. ८-११ ।

यसरी कुँवरले विभिन्न सामाजिक सङ्घसंस्थाहरूमा आबद्ध रहेर आफ्नो समाजसेवी व्यक्तित्वको परिचय दिएका छन् ।

## ३.१० अभिप्रेरक व्यक्तित्व

कुँवरले आफू मात्र स्रष्टा र सम्पादक नभई आफ्ना समकालीन एवम् उत्तरवर्ती साधकहरूलाई पनि उत्तिकै हौसला र प्रेरणा दिने कार्य गरेका छन् । शैक्षिक क्षेत्रमा मात्र होइन साहित्यको उत्थानमा पनि विशेष योगदान पुऱ्याएका कुँवर आफू मात्र होइन लमजुङको परिवेशलाई नै साहित्य-निर्झरीको मधुरसद्वारा शीतल बनाउन 'दूधपोखरी परिवार' (२०४३) जस्तो साहित्यिक संस्थाको स्थापनार्थ महत्त्वपूर्ण कार्य गर्दै आएको देखिन्छ ।[१८] लमजुङ युवा साहित्य समाजको स्थापनादेखि लिएर पुस्तकालय निर्माणजस्ता कार्यमा नव पुस्ताका युवाहरूलाई प्रेरणा दिनुका साथै आफ्नै अभिभावकत्वमा गर्नु भएको कुँवरको योगदानलाई लमजुङले कहिल्यै भुल्न सक्दैन भन्दै लक्ष्मीनारायण पुस्तकालयका वर्तमान अध्यक्ष तेजनारायण अधिकारीको भनाइ यसप्रकार छ - 'लमजुङमा साहित्यिक गोष्ठीदेखि लिएर समाजसेवाको कार्यमा सबैलाई संलग्न गराउन उनी यथाशक्य लागिपरेका छन्' । आफूले कविता लेखेर, छापेर मात्र होइन धेरै लेखकहरूलाई क्रियाशील हुन पाउने साहित्यिक आन्दोलनमा समेत सक्रिय रहेर कुँवरले लमजुङको साहित्यिक परिदृश्यमा चर्चा गर्न लायकको योगदान गरेको पाइन्छ ।[१९] आफ्नो साहित्यिक साधनामा कवि कुँवर आफू मात्र एक्लो यात्रीको रूपमा रहेनन् । उनले वर्तमान लमजुङको एउटा नवोदित साहित्यिक समूहलाई नै प्रोत्साहन दिँदै आफूलाई आधुनिक साहित्यको हाराहारीमा पुऱ्याउन अभ्यासरत देखिन्छन् ।[२०] कुँवर लमजुङको सिङ्गो साहित्यिक स्रष्टा हुन्, जसबाट नव पुस्ताले धेरै कुरा सिक्न सक्छन् ।[२१] यसरी लमजुङको सिङ्गो साहित्यलाई जीवन दिने कुँवर एक साहित्यसाधक मात्र नभएर अभिप्रेरक व्यक्तित्व पनि हुन् भन्न सकिन्छ ।

## ३.११ साहित्यिक व्यक्तित्व

साहित्यिक व्यक्तित्व नै गोविन्दबहादुर कुँवरको अपेक्षाकृत महिमाशाली व्यक्तित्व हो । उनको साहित्यमा औपचारिक प्रवेश वि.सं. २०३० सालमा **सिपाही** पत्रिकामार्फत् भएको पाइन्छ । यसै पत्रिकामा *मेरो देश* शीर्षकको उनको कविता छापिएको थियो । कविताबाट

---

१८ ऐजन ।

१९ पशुपतिनाथ तिमिल्सेना, पूर्ववत् ।

२० भूपनिधि पन्त, **समयका पदचापहरू**, *भूमिका*, (पोखरा : सप्तगण्डकी, २०४७) ।

२१ प्रकट पगेनी 'शिव' अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

प्रस्फुटन भएको उनको सर्जक प्रतिभाले क्रमश: साहित्यका अन्य विधामा कलम चलाएको पाइन्छ । कविता, कथा, निबन्धजस्ता साहित्यका सबैजसो विधामा कलम चलाउने कुँवरको मुख्य क्षेत्र कविता रहेको छ ।[२२] यसै विधाअन्तर्गत हालसम्म प्रकाशित तीन पुस्तकाकार कृतिहरू रहेका छन् भने फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनका हालसम्म कविताविधाका अतिरिक्त अन्य विधाहरूले कृतिगत स्वरूप प्राप्त गरेको पाइँदैन । उनले दिएका अन्तर्वार्ता र साहित्यिक दृष्टिकोणपरक केही अभिव्यक्तिहरूमा प्रस्तुत विचारहरूबाट उनको समालोचकीय व्यक्तित्वको अनुमान गर्न सकिन्छ । तर द्रष्टा व्यक्तित्वका रूपमा उनको सिङ्गो व्यक्तित्वको अध्ययन गर्नुपर्ने स्थिति चाहिँ देखिँदैन । स्रष्टा व्यक्तित्वमा भने उनको छुट्टाछुट्टै व्यक्तित्व छन् जसको चर्चा बेग्लैबेग्लै शीर्षकमा गरिएको छ ।

## ३.११.१ कवि व्यक्तित्व

गोविन्दबहादुर कुँवरले स्कुलेजीवनदेखि नै कविता लेख्न थालेका हुन् । सुरुमा ज्ञान र अभ्यासको कमीका कारण लय र छन्द मिलाएर लेख्न नसके पनि चेतना र प्रयासको विकासका क्रममा उनका कविताहरू प्रकाशनयोग्य बन्न पुगेको पाइन्छ । कुँवर आभ्यासिक नभएर सहज कविका रूपमा साहित्यमा देखापर्दछन् । उनको कवित्व सहज रूपमा प्रस्फुटित हुन्थ्यो । उनी समय-समयमा गुन्गुनाउँदै हिँड्थे । यसै गुन्गुनाहटबाट उनका गीत तथा कविताहरूले शाब्दिक संरचना प्राप्त गरेको देखिन्छ । लयात्मक गुञ्जनमा भाव, अनुभूतिको गर्भबाट उनका कविताहरू जन्मन्छन्, जसबाट उनमा आशुकवित्वको प्रतिभा सहज रूपमा थियो भन्न सकिन्छ । यसै परिप्रेक्ष्यमा उनको पहिलो कविता *मेरो देश* शीर्षकमा **सिपाही** (२०३०) पत्रिकामा प्रकाशित भयो । तत्पश्चात् प्रकाशित र लिखित उनका कविताहरू तीनओटा कवितासङ्ग्रहहरूमा सङ्कलित भई प्रकाशित छन् । तीमध्ये **समयका पदचापहरू** कवितासङ्ग्रह कुँवरको प्रारम्भिक लेखनको परिचायक दस्तावेज हो । राष्ट्रिय जनआन्दोलन वरपर लेखिएका उनका प्राय: रचनामा असन्तोष, आक्रोश र पीडाका मर्महरू पाइन्छन् । राष्ट्रको व्यथा र अन्तर्राष्ट्रिय कथातर्फ उनका कविताहरूका विषयवस्तु परिलक्षित छन् । आशावादिता र मानवतावादीजस्ता चेतनाका अभिव्यक्ति उनका कविताहरूमा पाइन्छन् । सत्यलाई व्यङ्ग्यद्वारा अभिव्यक्ति दिने कुशल कवि कुँवरको **मौन आवाजहरूले** राष्ट्रिय कृतिमानका हाराहारीमा आफूलाई उभ्याउन सफल भएको अनुभव गर्न सकिन्छ । संवेदनशील बालमस्तिष्कमा ज्ञानविज्ञान तथा व्यावहारिक शिक्षाका साथै मनोरञ्जनात्मक खुराकहरू प्रदान गर्न उनका **तातेताते**भित्रका कविताहरू सक्षम देखिन्छन् । सङ्ख्यात्मकभन्दा गुणात्मक कविता लेख्ने कुँवर सरल शब्दसंयोजनबाट गहन अभिव्यक्ति र उत्कृष्ट विचार प्रदान गर्दछन् ।

२२ दीनानाथ शर्मा, पूर्ववत् ।

जीवनका लागि सत्यको उद्घाटन र सौन्दर्यको उद्बोधन साहित्य हो, विचारविनाको कला र कलाविनाको विचारले साहित्यिक उत्कृष्टता प्राप्त गर्न सक्दैन भन्ने कवितात्मक विचार उनको रहेको छ ।[२३] सहज सम्प्रेषणीय र संवेद्य नेपाली कविताको धारलाई मन पराउने कवि कुँवरका आराध्य कवि देवकोटा हुन् ।[२४] रिमाल, भूपि, बैरागी काइँला, मोहन कोइराला र कटुवालका गद्यकविता र छन्दमा लेखनाथ र माधवलाई उनी अत्यधिक मन पराउँछन् ।[२५] उपर्युल्लिखित साहित्यिक कृति तथा मान्यताका आधारमा हेर्दा उनी कुशल स्रष्टा तथा साहित्यिक चिन्तनशील काव्यकार भएको प्रमाणित हुन्छ ।

## ३.११.२ कथाकार व्यक्तित्व

मूलत: कुँवर कथाकार होइनन् । कथासृजनाका क्षेत्रमा उनी उत्कृष्ट एवम् क्रियाशील देखापर्दैनन् । **मधुपर्क**का केही अङ्कहरूमा उनका कथाहरू प्रकाशित देखिन्छन् । यसबाहेक उनका अन्य कथाकहानी देखा पर्दैनन् तसर्थ उनको कथाकार व्यक्तित्व क्षीण नै देखापर्दछ । *बाथ र माकुरो* (लोककथा), *हार्दिकता, औसत* र *हरुवा धारो*जस्ता सामाजिक यथार्थमा आधारित कथाहरू उनले रचना गरेका छन् । लोककथात्मक विषयवस्तुलाई आधुनिक शैलीमा प्रस्तुत गर्नु उनको कथागत वैशिष्ट्य हो । जेजस्तो भए पनि उक्त कथाहरूले उनको कथाकार व्यक्तित्वको परिचय दिएका छन् ।

## ३.११.३ निबन्धकार व्यक्तित्व

कुँवर एक कुशल निबन्धकार हुन् । वि.सं. २०५८ सालदेखि २०६० सम्म प्रकाशित भएको **अन्तरङ्ग** अखबार पत्रिकामा नियमित स्तम्भका रूपमा *डेब्रेकुना*मार्फत् उनका निबन्धात्मक लेखहरू छापिएका छन् । समसामयिक कुराहरूलाई डेब्रे दृष्टिकोण राखेर व्यङ्ग्यात्मक निबन्ध रचना गर्ने निबन्धकारको रूपमा पनि उनलाई लिन सकिन्छ । हास्यव्यङ्ग्य निबन्धकारको हाराहारीमा निबन्धकार गोविन्दबहादुर कुँवरलाई उभ्याउन सकिन्छ । छुट्टै निबन्धात्मक पुस्तकाकार कृति प्रकाशित नभए पनि विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा नै उनका निबन्धहरू छरिएर रहेका छन् । विषयको प्रतिपादन क्षमता उनमा पर्याप्त देखिन्छ । निबन्धलाई आत्मालाप ठान्ने कुँवर आत्मपरक निबन्धस्रष्टा देवकोटाले जस्तै निबन्धलाई टेबल गफ मान्दछन् ।[२६] कुँवरले जेजति निबन्धात्मक रचना नेपाली निबन्धलाई दिए त्यसको मूल्याङ्कन उल्लेखनीय रहेको छ । तसर्थ कुँवरको निबन्धकार व्यक्तित्व प्रभावकारी देखिन्छ ।

---

२३ घटराज भट्टराई, **नेपाल लेखककोश**, (काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा, २०५६), पृ. २०३ ।

२४ सूर्यबहादुर खड्का 'बिखर्ची', पूर्ववत् ।

२५ ऐजन ।

२६ शोधनायकको अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

### ३.११.४ समीक्षक तथा समालोचक व्यक्तित्व

कुँवरमा केही समालोचकीय गुणहरू पनि देखापरेका छन् । हुनत उनका कुनै समीक्षात्मक तथा समालोचनात्मक पुस्तकाकार कृतिहरू प्रकाशित छैनन् । केही कृतिहरूको भूमिका लेखनले उनको समीक्षात्मक व्यक्तित्वको परिचय दिएको पाइन्छ । निष्पक्ष समालोचनाले स्रष्टालाई हौसला, सुझाव तथा प्रेरणा प्रदान गर्दछ भन्ने मान्यता राख्ने कुँवरले खोज, अन्वेषणपरक समालोचनामा बढी जोड दिएको पाइन्छ । वर्तमान समालोचनामा खोज तथा अनुसन्धानको कमी उनले महसुस गरेका छन् । तसर्थ सङ्ख्यात्मकभन्दा गुणात्मक समालोचनाको आकाङ्क्षी कुँवर खोज तथा अन्वेषणपरक समालोचना लेखनपरम्परामा उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ । श्रीकृष्ण न्यौपानेको सामाजिक काव्य **छली**को भूमिका साथै *लमजुङका साहित्यिक गतिविधि* नामक लेखमा उनको समीक्षक तथा समालोचनात्मक मूल्य प्राप्त गर्न सकिन्छ । **लोकगीत एक चर्चा**, **भाषासेवी साहिँला गुरु** साथै **भेडीखर्के साहिँलासँग केही क्षण**, **सन्दर्भमा दूधपोखरी र केही कुरा** कृतिमा उनको समालोचकीय व्यक्तित्व स्पष्ट रूपमा आएको छ । यसरी दुईचार कृतिको भूमिकालेखन र पुस्तक समीक्षाबाहेक उनले अरू केही लेखेको पाइँदैन ।

### ३.११.५ सम्पादक व्यक्तित्व

गण्डकी अञ्चल, लमजुङ जिल्लाको भाषा, साहित्य, कला, संस्कृति एवम् ज्ञानविज्ञानको सामूहिक उत्थानको लागि सङ्गठित संस्था 'दूधपोखरी प्रतिभा परिवार' २०४३ को स्थापना भएको थियो । लमजुङका विभिन्न भेकमा मोती, लेखनाथ, लक्ष्मी जयन्तीका साथै दिवङ्गत साहित्यकारहरूको स्मृतिसभा, कविगोष्ठी, विज्ञानकला प्रदर्शनी, साहित्यिक सम्मेलन गरी साहित्यिक जागरण ल्याउने उद्देश्यले स्थापना गरिएको 'दूधपोखरी प्रतिभा परिवार'का कुँवर संस्थापक अध्यक्ष रहँदै आएका छन् ।[२७] त्यसै संस्थासँग आबद्ध रहेर कवि कुँवरले लमजुङको प्रतिनिधि कवितासङ्गालो **दूधपोखरी** (२०४४) नामक साहित्यिक पत्रिकाको सम्पादन गरेर आफ्नो सम्पादकीय व्यक्तित्वको परिचय दिएका छन् । समकालीन ५१ ओटा कविताहरू सङ्कलन गरिएको **दूधपोखरी** पत्रिकालाई सम्पादक कुँवरले धेरै समयसम्म डोऱ्याएको पाइँदैन । तर पनि यस पत्रिकाद्वारा लमजुङको साहित्य अनुरागी तथा साधकहरूलाई जेजति प्रेरणा प्रदान गऱ्यो, त्यो प्रशंसनीय रहेको देखिन्छ ।

---

२७ डिल्लीराम मिश्र, **नेपाली प्रतिभा र पुरस्कार**, (काठमाडौं : शर्मिला मिश्र, २०५०), पृ. २०६-२०७ ।

## ३.१२ निष्कर्ष

कुनै पनि व्यक्तिको खास परिचय नै उसको व्यक्तित्वबाट हुन्छ । मानिस सामाजिक प्राणी भएकाले उसको व्यक्तित्वनिर्माणमा समाजको अहम् भूमिका रहेको हुन्छ । उपयुक्त अवस्था र परिवेशमा मान्छेमा अन्तर्निहित व्यक्तित्व प्रस्फुटन हुन्छ । यसैगरी कवि कुँवरको पनि विविध व्यक्तित्वहरू रहेका छन् । उनका व्यक्तित्वका विशेषत: २ पाटाहरू भेटिन्छन् – (१) साहित्यिक व्यक्तित्व र (२) साहित्येतर व्यक्तित्व । उनका साहित्यिक व्यक्तित्वमा कवि, कथाकार, निबन्धकार, सम्पादक, समीक्षक मुख्य छन् भने साहित्येतर व्यक्तित्वमा प्रधानाध्यापक, शिक्षक, सामाजिक, अभिप्रेरक, राष्ट्रप्रेमी व्यक्तित्व नै मुख्य रूपमा रहेको देखिन्छ । तत्कालीन अवस्थामा दुवै व्यक्तित्व समान रूपमा नै अगाडि बढेको भए पनि कुँवरको जीवनयात्रामा कवि, शिक्षक, समाजसेवी व्यक्तित्व तुलनात्मक रूपमा उच्च हुँदै गएको देखिन्छ तर पनि उनी हाल स्थापित कवि, निबन्धकार, शिक्षक र समाजसेवी व्यक्तित्व हुन् भन्ने कुरा उक्त तथ्यबाट उद्घाटित हुन्छ । समग्रमा कुँवर बहुमुखी व्यक्तित्वका धनी देखिन्छन् ।

# चौथो परिच्छेद
# गोविन्दबहादुर कुँवरको साहित्यिक यात्रा र चरणविभाजन

## ४.१ साहित्यसिर्जनाका लागि प्रेरणा र प्रभाव

सिर्जनाशक्ति जन्मजात प्रतिभाको वरदान हुने भए पनि यसका निम्ति प्रत्येक साहित्यकारले बाह्य प्रेरणा पाएको र अग्रज तथा समकालीन साहित्यकारबाट प्रभाव ग्रहण गरेको देखिन्छ । साहित्यकार कुँवर पनि यसका अपवाद थिएनन् । सानै छँदा प्राय: हरेक दिन बेलुका खाना खाएपछि बुबाले **देवीभागवत**, **रामायण** र **महाभारत**का श्लोकहरू मीठो लयमा पाठ गर्नुभएको सुनेर आफू पनि यस्तै लयमा कविता लेख्न अभिरुचि जागेपछि र विद्यालय, महाविद्यालयमा गुरुहरूको प्रेरणाले नै कुँवरले कविता कोर्न थालेका हुन् । कृतिलाई कुनै वाद र कसीमा होइन विचार र कला अर्थात् कलात्मक विचारका कसीमा घोटेर पारख गर्नुपर्छ भन्ने कुँवर खासगरी बुबा थमानसिंह कुँवर र श्रद्धेय गुरु युवराज घिमिरे एवम् श्याम दाहालज्यूको प्रत्यक्ष-अप्रत्यक्ष प्रेरणा साथै साथीहरूको हौसलाले साहित्यक्षेत्रमा प्रवृत्त भएको देखिन्छ ।

यसरी कवि कुँवर आफ्ना बाबुले सुनाउनुभएको विभिन्न ग्रन्थहरूको श्लोकबाट प्रभावित भई कविताक्षेत्रमा प्रवेश गरी झन्डै आफ्नो पैंतीसवर्षे लामो साहित्यिक यात्रा पूरा गरेको देखिन्छ । उनी नेपाली साहित्यमा कविका रूपमा प्रतिष्ठापित हुनुका साथै हालसम्म पनि यो क्षेत्रमा निरन्तर लागिपरेको पाइन्छ ।

## ४.२ गोविन्दबहादुर कुँवरको साहित्यिक यात्रा

*मेरो देश* शीर्षकमा **सिपाही** पत्रिकामा वि.सं. २०३० सालबाट आफ्नो साहित्यिक यात्रा सुरु गरेका कवि कुँवरको विभिन्न पत्रपत्रिकामा थुप्रै फुटकर रचनाहरू प्रकाशित हुनुका साथै कुँवरको प्रथम प्रकाशित पुस्तकाकार कृति **समयका पदचापहरू** (२०४७) हो । त्यसपछि उनका **मौन आवाजहरू** (२०४८) र **तातेताते** बालकवितासङ्ग्रह (२०५८) रहेका छन् । पुस्तकाकार

कृतिहरू सङ्ख्यात्मक रूपमा कम देखिए पनि उनले विभिन्न पत्रपत्रिकाहरूमा लेख, स्तम्भलेख, निबन्ध, गजल, कथा तथा अन्य बालगीत, बालकविता तथा बालगजल आदि फुटकर कृतिहरू प्रकाशित छन् ।

यसरी कुँवरको लगभग साढे तीन दशक लामो साहित्यिक यात्रालाई केलाउने हो भने उनी कविताविधामा नै बढी सक्रिय रहेको देखिन्छ । साथै नेपाली साहित्यमा पनि कविका रूपमा नै बढी परिचित छन् ।

## ४.३ गोविन्दबहादुर कुँवरको साहित्यिक यात्राको चरणविभाजनका आधारहरू

नेपाली साहित्यक्षेत्रमा गोविन्दबहादुर कुँवरले लगभग तीन दशक खर्चेको देखिन्छ । उनले नेपाली साहित्यमा खर्चेको तीन दशकलाई चार भागमा चरणविभाजन गर्दा मुख्य आधार समयलाई बनाइएको छ । चरणविभाजनमा मुख्य आधार समय भए पनि उनका प्रकाशित कृतिको विशेषता र विधागत विविधता पनि चरणविभाजनका आधार बनेर आएका छन् । प्रथम चरणको विधागत विविधतालाई चटक्क नछोडीकन द्वितीय चरणमा पनि त्यही विधामा केन्द्रित रहनु र तृतीय चरणमा आएर द्वितीय चरणभन्दा केही नवीनतम प्रवृत्ति लिई अघि बढ्नु र त्यस साहित्यिक विधालाई पनि निरन्तरता दिँदै लैजानु चरणविभाजनका सहायक आधार बनेर आएका छन् ।

वि.सं. २०३० सालको **सिपाही** पत्रिकामा प्रकाशित *मेरो देश* शीर्षकको कविता प्रकाशन भएदेखि हालसम्मको साहित्यिक यात्राका क्रममा उनका झन्डै दुई दर्जन जति फुटकर रचनाहरू र तीन पुस्तकाकार कृतिहरू प्रकाशित भेटिन्छन् । यहाँ समयखण्डलाई मूल आधार मानी कुँवरको साहित्यिक यात्रालाई प्रमुख चार चरणमा विभाजन गरिएको छ :

| | | | | |
|---|---|---|---|---|
| प्रथम चरण | : | (२०३०-२०४०) | - | आभ्यासिक तथा प्रसारित काल |
| द्वितीय चरण | : | (२०४०-२०५०) | - | उर्वर काल |
| तृतीय चरण | : | (२०५०-२०६०) | - | विस्तृति, विविधता र उत्कर्ष काल |
| चतुर्थ चरण | : | (२०६०-यता) | - | शिथिल काल वा विश्राम काल |

यसप्रकार गोविन्दबहादुर कुँवरको चार दशक लामो साहित्यिक यात्रा माथि उल्लिखित चार चरणहरूमा भिन्न प्रवृत्तिलाई आत्मसात गर्दै अगाडि बढेको पाइन्छ ।

### ४.३.१ **प्रथम चरण** (२०३०–२०४०) **आभ्यासिक तथा प्रसारित काल**

विद्यालयीय जीवनदेखि नै कविता कोर्न थालेका कुँवरले विद्यालय र विश्वविद्यालयमा हुने प्रतिस्पर्धात्मक कवितावाचन प्रतियोगितामा भाग लिने भए पनि औपचारिक रूपमा नेपाली

साहित्यको क्षेत्रमा भने वि.सं. २०३० सालमा देखापरेका हुन् । वि.सं. २०३० देखि २०४० सम्मको उनको प्रथम चरण साहित्यसिर्जनाको आभ्यासिक चरणको रूपमा रहेको छ । यस कालमा उनको कुनै पुस्तकाकार कृति प्रकाशित भेटिँदैन । विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा फुटकर रूपमा प्रकाशित भेटिन्छन् । यस चरणमा प्रकाशित रचनाहरूमा *फू: एउटा गाउँ, इतिहासले नलेखोस्* (२०४४), *पर्खालिहरू, मन्डेला* आदि रहेका छन् । यस कालमा प्रकाशित हुने अवसर नपाएका उनका अन्य लेखरचनाहरू पनि पाण्डुलिपिमै सीमित भेटिन्छन् । यी रचनाहरूमा देशभक्तिको भावना प्रबल रूपमा रहेको पाइन्छ । यस अवधिमा उनका अन्य लेखरचनाहरू फुटकर रूपमा मात्र प्रकाशित छन् । यो उनको लेखनतर्फको अग्रसरता र आभ्यासिक कालको रूपमा रहेको पाइन्छ । साथसाथै यस चरणमा रचना गरिएका कविताहरूले रेडियो नेपालबाट प्रसारित हुने अवसर प्राप्त गरेको देखिन्छ । त्यसैले पनि उनको प्रथम चरणलाई प्रसारित काल मान्न सकिन्छ ।

### ४.३.२ **द्वितीय चरण** (वि.सं. २०४०-२०५०) **उर्वर काल**

प्रथम चरणमा देखिएका विधागत विविधता द्वितीय चरणमा पनि देखिएको छ । उनले यस चरणमा व्यक्तिचर्चा, संस्कृति, भाषा, व्यङ्ग्य आदि भाव भएका कविताबाट आफ्नो लेखनलाई अगाडि बढाएका छन् । फुटकर रूपमा कविता, गजल, बालगीत आदि लेख्नुका साथै **समयका पदचापहरू** (२०४७) र **मौन आवाजहरू** (२०४८) कृतिहरू प्रकाशित गरेको पाइन्छ । यसका साथै कुँवर बालगीत तथा बालकवितातर्फ पनि अग्रसर बनेको देखिन्छ । यस चरणमा कवि कुँवरका कृतिमा राष्ट्रिय भावना, जनआन्दोलनका आक्रोश तथा पीडा आदिका स्वर उरालिएको पाइन्छ । साहित्यिक मूल्य र मान्यताका दृष्टिले भने कुँवरका कविताहरू भावपक्षमा सबल र कलापक्षमा गौण देखिन्छन् । उनका यस चरणका फुटकर कवितामा भने कोमलता र हार्दिकता पाइनुका साथै मानवतावादी विचार पोखिएको पाइन्छ । रुढिग्रस्त संस्कार र कृत्रिमताले भरिएको आजको समाजप्रति असन्तुष्टि व्यक्त गर्दै भविष्यप्रति आशावादी रहनु पनि उनको कवितात्मक प्रवृत्ति रहेको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रसम्मको कथाव्यथा समेट्न सफल उनका कविताहरू यस कालमा सङ्ख्यात्मक र गुणात्मक दुवै रूपमा अत्यन्त उर्वर रहेको देखिन्छ । त्यस्तै कुँवरका अन्य प्रवृत्तिहरूमा समसामयिक यथार्थलाई समेट्नु, आत्मानुभूतिले खारिएका हृदयस्पर्शी रचना सिर्जना गर्नु र जीवनसम्बन्धी संवेदनशीलतालाई व्यक्त गर्नु रहेका छन् ।

यस कालमा कवि कुँवरले कविता मात्र नभई कथाविधामा पनि कलम चलाएको देखिन्छ । यस चरणमा देखिएका कथाहरूमा *बाथ र माकुरो, हार्दिकता, औसत, हरुवाधारो* लघुकथा पर्दछन् । लघुआकारका कथाहरू हृदयस्पशी र मर्मस्पर्शी रहेका छन् । त्यस्तै यस चरणमै गोविन्दबहादुर कुँवर गजललेखनतर्फ पनि मोडिएका छन् । **अन्तरङ्ग** साप्ताहिक पत्रिकामा प्रकाशित उनका गजलहरूले नीतिचेतना तथा शृङ्गारिक भावहरू प्रकट गरेको छ । त्यस्तै निबन्धलेखन कार्यारम्भ पनि यस चरणको अर्को विशेषता हो । पाण्डुलिपिमै सीमित

उनका निबन्धात्मक लेखरचनाले यस चरणमा आंशिक सफलता पाएको देखिन्छ । यसरी साहित्यका विविध विधामा कलम चलाएका गोविन्दबहादुर कुँवरको द्वितीय चरणमा विधागत विविधता पाइन्छ । समसामयिक प्रस्तुति यस चरणका अधिकांश रचनाका साझा विशेषताहरू हुन् । कविताले कृतिगत स्वरूप प्राप्त गर्नु, गीत, गजल, मुक्तक र अन्य कथा र निबन्ध गद्यविधामा फुटकर रचनाहरू प्रकाशित हुने अवसर पाउनेभएकाले यस द्वितीय चरणलाई कुँवरको उर्वर काल मान्न सकिन्छ ।

### ४.३.३ **तृतीय चरण** (२०५०–२०६०)

गोविन्दबहादुर कुँवरको साहित्य सिर्जनाको दोस्रो चरणमा प्राप्त भएका विशेषताहरू तेस्रो चरणमा पनि देखापरेका छन् । गोविन्दबहादुर कुँवरको यस चरणसम्म आइपुग्दा बालसाहित्यतर्फ आकृष्ट भएको पाइन्छ । आफ्नो प्रौढमस्तिष्कमार्फत् बालसंसारमा नवीन जीवनबोध गराउन सशक्त उनका बालअभिव्यक्तिहरूको प्रस्तुति नै यस चरणको मूल उपलब्धि मानिन्छ । फलस्वरूप यस चरणमा **तातेताते** (२०५८) बाललकवितासङ्ग्रह प्रकाशित भएको देखिन्छ । पद्यविधामा मात्र नभएर गद्यविधामा पनि उनको तृतीय चरण उर्वर देखिन्छ । **अन्तरङ्ग** साप्ताहिक पत्रिकामा स्तम्भलेख *डेब्रेकुना* शीर्षकबाट झन्डै तीनदर्जन आत्मपरक निबन्धहरू प्रकाशित छन् । समसामयिक, सामाजिक, राजनीतिक विकृति-विसङ्गतिहरूमाथि चोटिलो प्रहार गरी रचिएका उनका निबन्धहरूमा लेखकीय वैयक्तिक अनुभूतिहरू प्रकट भएको पाइन्छ । द्वितीय चरणमा छिटफुट मात्र प्रकाशित भए पनि उनको निबन्धलेखन यस चरणसम्म आइपुग्दा भने निकै उर्वर देखिन्छ । *घरसल्लाह, बाघ, जमेको ढुङ्गा हुँ म, कागज, एउटा कविता लेख्नु थियो, आस्थाको दियो बलिरह्यो* आदिजस्ता फुटकर कविताहरू र बाल तथा किशोर गजलहरू उनको यस चरणमा प्रकाशित भेटिन्छन् । यसरी गद्य र पद्य दुवै विधामा उत्तिकै सशक्त रूपमा देखापर्नु यस तृतीय चरणको महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

### ४.३.४ **चतुर्थ चरण** (२०६०–यता)

गोविन्दबहादुर कुँवरको यस चरणलाई शिथिल काल वा विश्रान्ति काल मानिन्छ । वि.सं. २०३० सालदेखि साहित्यिक यात्रा आरम्भ गरेका कुँवरले यस चरणमा कुनै पुस्तकाकार रचना प्रकाशन गरेको पाइँदैन । कवि कुँवरले यस चरणमा फुटकर कृतिको मात्र रचना गरेका छन् । विभिन्न पत्रपत्रिकाहरूमा छिटफुट रूपमा नै प्रकाशित भएका उनका कविताहरू निकै कम भेटिन्छन् । स्थानीय पत्रपत्रिका र स्मारिकाहरूमा उनका लेखरचनाहरू छरिएका छन् । जसको परिशिष्ट खण्डमा क्रमिक विवरण दिइएको छ । पूर्व चरणहरूकै साहित्यिक प्रवृत्ति र मान्यतालाई कुँवरले यस चरणका कृतिहरूमा अभिव्यक्त गरेका छन् । खासै उल्लेख्य प्रवृत्ति र विशेषता उनको यस चरणमा देखिँदैन । आध्यात्मिक सरल जीवनमार्ग अवलम्बन गरी परमार्थ प्राप्तिमा लागेका कुँवरको पछिल्लो चरणका रचनामा आध्यात्मिक जीवनवादी दृष्टिकोण प्रस्तुत

भएको छ । सामाजिक तथा राजनीतिक धरातलमा रहेर पनि संयमित जीवन जिउने जीवनवादी सोच प्रस्तुत गर्नु यस चरणको अर्को उपलब्धि मान्न सकिन्छ । गद्य-पद्य दुवै शैलीलाई पछ्याएर यस चरणमा कुँवरले विगतका चरणहरूकै प्रवृत्तिको निरन्तरता र सङ्ख्यात्मक रूपमा पनि न्यून कविता सिर्जना गरेका हुनाले उनको यस चतुर्थ चरणलाई शिथिल काल वा विश्रान्ति काल मान्न सकिन्छ ।

## ४.४ सारांश

कवि गोविन्दबहादुर कुँवरको साहित्यिक यात्रा वि.सं. २०३० को दशकबाट सुरु भएको देखिन्छ । उनले साहित्य सिर्जनाका लागि प्रेरणा आफ्नै बुबा, गुरुहरू र समाजबाट प्राप्त गरेका हुन् । *मेरो देश* (२०३०) कविताबाट उनको लेखन आरम्भ भएको देखिए पनि उनको साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । सुरुका चरणमा फुटकर कविताहरू मात्र रचना गरेका कुँवरले दोस्रो चरणमा आएर **समयका पदचापहरू** (२०४७) र **मौन आवाजहरू** (२०४८) गरी दुई पुस्तकाकार कृति र अन्य फुटकर कविता, कथा, बालकथा तथा निबन्धहरू प्रकाशित गरेका छन् । राष्ट्रिय भावना, सामाजिक विसङ्गतिको उजागर, मानवतावादी जीवनदर्शन, प्रकृतिप्रेम, सौन्दर्यवादी चेतना साथै हार्दिक र कोमल भावको प्रस्तुति आदि प्रवृत्तिलाई अँगालेर कविता लेख्ने कुँवरले आफ्नो साहित्यिक यात्राको तेस्रो चरणमा आएर **तातेताते** (२०५८) बालकवितासङ्ग्रह प्रकाशन गरेको पाइन्छ । विभिन्न पत्रपत्रिकाहरूमा स्तम्भलेख तथा आत्मपरक निबन्धसमेत लेखेका कुँवरले यस चरणमा आएर बढी फुटकर रचनामै रमाएको देखिन्छ । वि.सं. २०६० सालदेखि कुँवरको लेखनयात्रामा नयाँ धार देखिएको छ । चौथो चरणको रूपमा रहेको यस चरणमा कुँवरको खासै उल्लेख्य प्रवृत्तिका रचनाहरू भेटिँदैन । तसर्थ उनको यस चौथो चरणलाई शिथिल काल वा विश्रान्ति काल मानिएको छ । यसरी परिमाणका दृष्टिले कुँवरको साहित्यिक यात्राको दोस्रो चरण अत्यन्त उर्वर रहे पनि वि.सं. २०३० देखि हालसम्मको दशकसम्म उनी अनवरत रूपमा कवितालेखनतर्फ प्रवृत्त रहेको पाइन्छ । अझ भन्नुपर्दा पुस्तकाकार रूपमा भन्दा कुँवर फुटकर रूपमा नै लेखरचनाहरूको लेखन तथा प्रकाशन परिमाणात्मक रूपले सम्पन्न रहेका छन् ।

# पाँचौं परिच्छेद
# गोविन्दबहादुर कुँवरका कृतित्वको अध्ययन

## ५.१ पृष्ठभूमि

नेपाली कविताको आधुनिक काल माध्यमिककालीन शृङ्गारिक कवितासङ्ग्रह **सूक्तिसिन्धु** (वि.सं. १९७४) प्रकाशनपछि थालिएको पाइन्छ । वि.सं. १९७५ देखि हालसम्मका झन्डै एक शताब्दी लामो कवितायात्राको दौरानमा युगीनताका नवीन सम्भावनाहरूलाई आत्मसात् गर्दै अगाडि बढेको पाइन्छ ।[१] नेपाली भाषाको नवनिर्माण हुँदा लेख्यव्याकरणको अनुशासनलाई अँगाली पूर्वीय वा संस्कृत काव्यमूल्यका मानक शिखरहरूतर्फ ताकी आधुनिक बङ्गाली र हिन्दीका शास्त्रीय कविताधाराबाट प्रेरणा लिई नेपाली कविताले परिष्कारवादी कविताधारा ग्रहण गरी नेपाली कवितामा आधुनिकता भित्र्याएको हो । यही लामो एक शताब्दीको अवधिमा नेपाली कवितामा विभिन्न मोड र प्रवृत्तिहरू भित्रिसकेका छन् । यिनै मोड र प्रवृत्तिका आधारमा यस अवधिलाई दुई चरणमा विभाजन गरी हेर्न सकिन्छ । जसअनुसार वि.सं. १९७५–२०१६ सम्मका चार दशकको समयलाई आधुनिक कविताको पूर्वार्धकाल र २०१७ देखि यताको हालसम्मको समयलाई उत्तरार्धकाल मानिएको छ ।[२] लेखनाथ पौड्याल, धरणीधर कोइराला, रुद्रप्रसाद ढकाल, महानन्द सापकोटा, बालकृष्ण सम प्रवृत्तिका कविहरूले कवितामा आधुनिकतालाई भित्र्याएर विकसित तुल्याउँदै गएको परिष्कारवादी भावधारालाई उछिन्दै लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, भीमनिधि तिवारी, माधवप्रसाद घिमिरे, गोपालप्रसाद रिमाल, केदारमान व्यथितलगायतका कविहरूले स्वच्छन्दतावादी-प्रगतिवादी भावधारालाई आधुनिकताको मूल प्रवाहमा भित्र्याएको पाइन्छ । मोहन कोइरालाको उल्लेख्य सक्रियतामा कविताको नयाँ युगको प्रादुर्भाव हुन्छ । नेपाली साहित्यमा आधुनिक कविताको जन्म कुनै एक कविबाट नभई यस कालको प्रारम्भिक चरणमा साधनारत सबै कविहरूबाट

---

१ वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, केशव सुवेदी, **नेपाली कविता**, भाग–४, तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५४), पृ. ११४ ।

२ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. ५३ ।

सामूहिक रूपमा भएको पाइन्छ ।[३] मोहन कोइराला, भूपि शेरचन, तुलसी दिवस, मदन रेग्मी आदिको सामूहिक प्रयासबाट नेपाली कविताको प्रयोगवादी धारा फस्टाउन पुगेको देखिन्छ । प्रयोगवादको बिम्ब र प्रतीकहरूको प्रयोगले दुर्बोध्य र क्लिष्ट बनायो । फलस्वरूप कतिपय कविस्रष्टाहरू नेपाली कवितालाई दुर्बोध्य र क्लिष्टताबाट मुक्ति दिलाउन सक्रिय रूपमा लागे । परिणामतः आधुनिक नेपाली कवितामा समसामयिक धारा देखापऱ्यो । वि.सं. २०३० देखि वर्तमान समयसम्मको अनवरत यात्रामा नेपाली कविताले समसामयिक धारामा विभिन्न साहित्यिक आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई भित्र्याउँदै अगाडि बढेको छ । यस अवधिमा केन्द्रीय धाराको रूपमा उत्तरवर्ती धाराका प्रवृत्ति अँगाल्ने कविहरू पनि लगभग समानान्तर वा गौण रूपमा सिर्जनशील रहेका छन् ।[४] यसै समसामयिक धाराका समयावधिको परिवेशमा पूर्ववर्ती परिष्कारवादी तथा स्वच्छन्दतावादी, प्रगतिवादी प्रवृत्तिलाई अगाडि बढाउने परम्परामा कवि गोविन्दबहादुर कुँवरको कवि व्यक्तित्व उपस्थित देखिन्छ । साथै भूपि शेरचनले रोपेका युगबोधी चिन्तनलाई कवि कुँवरले उर्वर र मलजल बनाएको देखिन्छ ।

यसरी कविताको विकासक्रममा आधुनिक कालको दोस्रो चरणको चालीसको दशकमा लेखिएको र अन्त्यतिर प्रकाशित भएको कवि कुँवरको **समयका पदचापहरू** (२०४७), **मौन आवाजहरू** (२०४८) र पचासको दशकको अन्त्यमा प्रकाशित **तातेताते** (२०५८) कवितासङ्ग्रहहरूको विश्लेषण गर्नु, पूर्वकविताको विधाको सैद्धान्तिक चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

## ५.१.१ कविताको सैद्धान्तिक चर्चा

कविता साहित्यको एक सशक्त र पुरानो विधा हो । कविता कवि शब्दको भाववाचक रूप हो । जसको अर्थ हुन्छ, कवितामा हुने गुण वा भाव । 'कवि' शब्द संस्कृतको 'कवृवर्णे' र कोही कुङ् शब्दे धातुबाट निष्पन्न भएको भन्दछन् । 'कव्' धातुको अर्थ 'वर्णन गर्नु' भन्ने हुन्छ । यसअनुसार कवि रूपको सिद्धि गर्ने हो भने कुनै पनि विषयको वर्णन गर्नुलाई कवि भन्ने बुझिन्छ । तर वर्णन गर्दैमा कवि कोही बन्न सक्दैन । त्यसैले 'कुङ् शब्दे' बाट अर्थात् कुङ धातुबाट 'कवि' शब्द व्युत्पत्ति भएको हुनपर्छ । यसको अर्थ हुन्छ आवाज आउनु, प्रतिध्वनि हुनु, जुन शब्दबाट विशेष अर्थको बोध हुन्छ त्यही कविता हो । शब्दलाई 'नाद' पनि भनिन्छ । जसको अर्थ हुन्छ, मधुर ध्वनि वा सङ्गीत । कवितामा यो गुण अनिवार्य हुनाले यही 'कुङ्' धातुबाट कवि शब्द बन्नुमा धेरै सम्भाव्यता देखिन्छ । तसर्थ यही 'कवि' शब्दमा गुणवाचक 'ता' प्रत्यय जोडिँदा तद्धितान्त शब्दको रूपमा कविता शब्द बनेको हो । 'कवि' शब्दमा 'ता' प्रत्यय लागेर बनेको कविता शब्दले कविद्वारा निःसृत भावाभिव्यक्तिलाई द्योतन गर्दछ अर्थात् 'कवि कर्म नै कविता हो ।'[५] संस्कृत परम्परामा काव्य र साहित्यलाई समानार्थी शब्दको रूपमा

---

३ ऐजन ।

४ वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, केशव सुवेदी, **नेपाली कविता**, भाग–४, पूर्ववत् ।

५ कपिल अज्ञात, **साहित्य सिर्जन प्रक्रिया**, (चितवन : नारायणी कला मन्दिर, २०५५), पृ. ६१ ।

प्रयोग गरिएको पाइन्छ । संस्कृतको श्रव्य र दृश्य भेदमध्ये श्रव्यअन्तर्गत पद्यविधाभित्र कविताविधालाई राखिएको छ । विश्वकविताको प्राचीन गीतगाथादेखि वर्तमान अवस्थामा विविध युगीन घुम्तीहरू पार गर्दै कलात्मक तथा साहित्यिक धाराप्रवाहमा परिवर्तनका प्रभावका साथै आन्तरिक विकासशीलताका कारण विस्तार र सङ्कुचन हुँदै गतिमय स्वरूप धारण गर्दै वर्तमान अवस्थासम्म आइपुगेको देखिन्छ ।

यसरी साहित्यको श्रव्य वर्गअन्तर्गत गद्यको व्यतिरेकीमा पद्य वा कविता उभिन्छ र कविताले गद्य र पद्यका साँधको गद्यकविताको अधुनातन विकासप्रवाहलाई आत्मसात् गर्नुपर्ने देखिन्छ । श्रव्यसाहित्यको गद्यभन्दा भिन्न पद्यविधा साथै गद्य-पद्य दोसाँधको गद्यभन्दा बढी मात्रामा कविता धर्मस्वरूप लयलाई मुक्त रूपमा अँगाल्ने किसिमको गद्यकवितालाई समेत समेटेर आज कविताविधा आफ्नो विविध आयामका साथ लोकप्रियता हासिल गर्दै अगाडि बढेको देखिन्छ ।

## ५.१.२ कविताको परिभाषा

कवि गोविन्दबहादुर कुँवरका **समयका पदचापहरू, मौन आवाजहरू** र **तातेताते** कवितासङ्ग्रहको अध्ययनको सन्दर्भमा कविताको परिभाषाको चर्चा गर्न आवश्यक ठानिएको छ । कविताको कुनै एक निश्चित परिभाषा छैन । एक समयमा दिएको परिभाषाले अर्को समयको विषयवस्तु तथा आयामलाई थेग्न सक्दैन । अर्थात् परिभाषा नै दोषपूर्ण अर्थात् निरर्थक साबित हुन पुग्छ । तसर्थ कविताको परिभाषा दिन पूर्व र पश्चिमका कैयौँ विद्वान्हरूको प्रयास अद्यावधिक देखिन्छ । जब कविताको लेखन र प्रकाशन सुरु भयो, त्यसपछि नै कविताको व्याख्या-विश्लेषण तथा समालोचना हुन थाल्यो । साथसाथै विश्लेषणका आधारहरू तयार पारी कविताको परिचय र परिभाषा गर्ने क्रमको थालनी भयो । कविताको परिभाषाको निरूपणको सन्दर्भमा पूर्वीय आचार्य र पश्चिमी विद्वान्हरूको आ-आफ्नै विचार रहेको पाइन्छ । तीमध्ये केही पूर्वीय र पश्चिमी विद्वान्हरूका परिभाषा विशिष्ट प्रकारका रहेका छन् ।

पूर्वीय दृष्टिकोणअनुसार कविता (काव्य) र साहित्यलाई पर्यायवाची शब्दको रूपमा लिइएको हुनाले पूर्वीय आचार्यहरूले कवितालाई नै साहित्यको परिभाषाभित्र समेटेको पाइन्छ ।

यसअनुसार भामहले 'शब्दार्थौ सहितौ काव्यम्'

अर्थात् शब्द र अर्थको सहभाव नै काव्य हो ।[६]

अलङ्कारवादी आचार्य भामहका मतमा जुन रचनामा शब्द र अर्थको बीच सामञ्जस्य रहेको हुन्छ, त्यो काव्य हो र त्यसलाई साहित्य पनि भनिन्छ । यसरी हेर्दा कथादि विशुद्ध साहित्य रचनामा मात्र शब्द र अर्थको सहभाव नभई अर्थशास्त्र, इतिहास, रसायनविज्ञान आदि वाङ्मयका सबै विधाहरूमा समेत शब्द र अर्थको सहभाव हुने गर्दछ । तर यिनलाई साहित्य भन्न सकिँदैन । यही कारणले उनको साहित्यसम्बन्धी परिभाषा त्रुटिपूर्ण देखिन्छ ।

---

६ ऐजन ।

'अभीष्ट अर्थले युक्त सुन्दर पदावली नै कविता हो ।' – दण्डी[७]

'दोष नभएको गुणले युक्त अर्थको सुन्दर संयोजन नै कविता हो ।' – मम्मट[८]

रसवादी आचार्य मम्मटको साहित्यसम्बन्धी उपर्युक्त परिभाषा निकै महत्त्वपूर्ण देखिन्छ । उनले साहित्यमा अलङ्कारको उपस्थितिलाई ऐच्छिक रूपमा स्वीकार गरे पनि गुणलाई अनिवार्य तत्त्वका रूपमा स्वीकार गरेर रसको स्थानलाई सर्वोपरी ठानेका छन् । यिनले दोषरहित शब्दार्थ नै साहित्य हो भने पनि कुनै पनि साहित्यिक रचना दोषरहित र पूर्णतया निर्दोष हुन असम्भव छ । तसर्थ उनको परिभाषा त्रुटिपूर्ण देखिन्छ ।

'रमणीय अर्थ अथवा सुन्दरभाव व्यक्त गर्ने शब्द नै काव्य हो ।' – जगन्नाथ[९]

'वाक्यम् रसात्मकम् काव्यम्' – विश्वनाथ[१०]

साहित्यको परिभाषा दिने क्रममा देखापरेका संस्कृतका आचार्यहरूको दीर्घशृङ्खलामा रसवादी आचार्य विश्वनाथको काव्यपरिभाषाको महत्त्व निकै उल्लेख्य देखापर्दछ, किनभने पूर्ववर्ती अन्य आचार्यहरूको तुलनामा उनको साहित्यसम्बन्धी दृष्टिकोण निकै पूर्ण र सम्यक् देखिन्छ । यति हुँदाहुँदै पनि उनको साहित्यमा रसको उपस्थितिलाई सर्वोपरी महत्त्व र भावपक्षलाई मात्रै जोड दिएका छन् तर शैलीपक्षलाई प्रायः पूर्णतया उपेक्षा गर्न पुगेका छन् । तसर्थ उनको परिभाषा पनि त्रुटिविहीन वा सर्वाङ्गपूर्ण देखिन्न ।[११]

भामहादि पूर्वीय अर्थात् संस्कृतसाहित्यपरम्परामा आचार्य भामहदेखि जगन्नाथसम्मका विभिन्न आचार्यहरूले काव्य अर्थात् साहित्यलाई परिभाषित गर्ने क्रममा आ-आफ्नै किसिमको दृष्टिकोण र परिभाषालाई अगाडि सारेका छन् । यस आधारमा कसैले भावपक्षमा जोड दिएर कलापक्षलाई उपेक्षा गरेका छन् भने कसैले शैलीपक्षलाई मात्र जोड दिएर भावपक्षलाई बेवास्ता गरेका देखिन्छन् ।

साहित्यको परिभाषा गर्नेक्रममा पूर्वीय दृष्टिकोणको प्रस्तुत गर्ने सन्दर्भमा हिन्दी तथा नेपाली साहित्य समालोचनाको केही समीक्षक तथा लेखकहरूको मत पनि यहाँ प्रस्तुत गर्नु वाञ्छनीय देखिन्छ ।

हिन्दी साहित्यका कथाकार एवम् उपन्यासकार प्रेमचन्द भन्छन् –

> 'त्यही रचना साहित्य हो, जसमा कुनै न कुनै सत्यता प्रकट गरिएको हुन्छ, जसको भाषा प्रौढ, परिमार्जित र सुन्दर हुन्छ, जसमा हृदय र मस्तिष्कलाई प्रभावित पार्ने गुण हुन्छ, साहित्यमा त्यस्तो गुण त्यहीबेला उत्पन्न हुन्छ जब

---

७ ऐजन ।

८ ऐजन ।

९ ऐजन ।

१० ऐजन ।

११ केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्यसिद्धान्त**, तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. ६ ।

त्यसमा जीवनका सत्यता र अनुभूतिहरू अभिव्यक्त गरिन्छ; चाहे निबन्धको रूपमा, चाहे कथाका रूपमा, चाहे काव्यका रूपमा त्यसले जीवनको आलोचना गर्नुपर्दछ ।'[१२]

हिन्दी साहित्य समालोचना सिद्धान्तका विद्वान्, मर्मज्ञ महावीरप्रसाद द्विवेदीले 'साहित्य ज्ञानराशिको सञ्चित कोश हो' भनी परिभाषित गरेका छन् ।[१३]

हिन्दी समीक्षक गुलाब रायजीका विचार – 'साहित्य भनेको संसारप्रतिको मानसिक प्रतिक्रिया अर्थात् भाव वा विचार वा सङ्कल्पको शाब्दिक अभिव्यक्ति हो ।'[१४]

नेपाली साहित्यकार तथा समालोचक मोहनराज शर्मा – 'कविता भावनात्मक वा बौद्धिक कथ्यको पद्य लयात्मक संरचना हो ।'[१५]

'काव्यशैलीमा लेखिएको ग्रन्थ वा मनमा निस्किएको भावलाई सुन्दर, सुचारु भाषामा लेखिएको अभिव्यक्ति पनि साहित्य हो ।' – पण्डितराज सोमनाथ सिग्द्ेल[१६]

'साहित्य हृदयको भाषा हो ।' – रत्नध्वज जोशी[१७]

'देश वा समाजलाई सचेत बनाएर सभ्यतातिर अग्रसर गराउने प्रमुख साधन नै साहित्य हो ।' – श्यामदास वैष्णव[१८]

प्रसिद्ध उपन्यासकार रुद्रराज पाण्डेको मतअनुसार – 'व्यक्तित्वको अभिव्यक्ति अथवा ईश्वर वैयक्तिक रागको प्रकाशन नै साहित्य हो ।'[१९]

'सजीव अनुभवहरूको कलात्मक प्रकाशन नै साहित्य हो ।' – लक्ष्मीप्रसाद देवकोटा[२०]

पाश्चात्य साहित्यकारको दृष्टिमा साहित्य :

'दैवी प्रेरणाको सन्देश नै कविता हो ।' – सुकरात[२१]

'काव्य अनुकरणको पनि अनुकरण हो ।' – प्लेटो[२२]

'कविता भनेको भाषाद्वारा हुने अनुकरणात्मक कला हो ।' – अरस्तु[२३]

---

१२ टङ्कप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा**, (ललितपुर : साझा प्रकाशन, २०३८), पृ. १२ ।
१३ ऐजन ।
१४ ऐजन ।
१५ ऐजन ।
१६ ऐजन ।
१७ ऐजन ।
१८ ऐजन ।
१९ ऐजन ।
२० ऐजन ।
२१ कपिल अज्ञात, **साहित्य सिर्जन प्रक्रिया**, पूर्ववत् ।
२२ ऐजन ।
२३ ऐजन ।

**इन्साइक्लोपेडिया ब्रिटानिका** – 'साहित्य यस्तो एक व्यापक शब्द हो, जुन यथार्थ परिभाषाको अभावमा सर्वोत्तम विचारको सर्वोत्तम लिपिबद्ध अभिव्यक्तिका लागि व्यवहृत हुनसक्छ ।'[२४]

'साहित्य भाषाको माध्यमद्वारा गरिएको जीवनको अभिव्यक्ति हो ।' हड्सन एम्.जी. भोटेको **लिटरेचर एन्ड लिटरेरी क्रिटिसिज्म** नामक पुस्तकमा – साहित्य त्यो सङ्गीत हो, जुन मानवमनको अन्त:स्थलबाट यसका लागि नि:सर्त हुन्छ कि ऊ भाषाको माध्यमबाट जीवनका साथै आफ्नो सामञ्जस्य स्थापित गर्दछ ।'[२५]

वर्डस्वर्थको दृष्टिमा – 'सशक्त अनुभूतिको स्वत:स्फूर्त अभिव्यक्ति नै कविता हो ।'[२६]

टी.एस्. इलियट – 'कविता मनोभावहरू मुक्ति होइन तिनबाट पलायन हो ।'[२७]

**नेपाल बृहत् शब्दकोश**अनुसार – (१) 'कविद्वारा संवेद्य अनुभूति वा स्वत: स्फूर्त भावनालाई छन्द वा लयमा उनेर प्रस्तुत गरिएको पद्यात्मक वा गद्यात्मक साहित्यिक कृति वा रचना, वा, काव्य, कविको भाव वा कविकर्म ।' (२) 'व्यापक अर्थमा सबै प्रकारका पद्यात्मक वा गद्यात्मक रचना र सामान्यत: छन्द, गीत वा मुक्तकका विभिन्न प्रकारमा रचिएको कुनै एक विषय वा भावनाका फुटकर पद्यात्मक लयबद्ध रचना भनी परिभाषित गरिएको छ ।'[२८]

यसरी पूर्वीय र पश्चिमी आचार्य तथा विद्वान्हरूले कविताको विस्तृत र व्यापक परिभाषा गर्ने कार्य गरेका छन् । दुवैतर्फको परिभाषा अध्ययन गर्दा संस्कृत परिभाषामा धर्मशास्त्र र दर्शनशास्त्रको प्रभाव परेको देखिन्छ भने पाश्चात्य परिभाषामा पनि सौन्दर्यशास्त्र, कला एवम् मनोविज्ञानको प्रभाव उत्तिकै देखिन्छ ।

कविताका संरचक घटकहरूको कला, मूल्य र मान्यताका विभिन्न रूपहरू प्राप्त गर्न विभिन्न विद्वान्हरूको परिभाषा तथा टीकाटिप्पणीहरू सहायक सिद्ध हुन्छन् तर पनि उपर्युक्त परिभाषाले दिएका सङ्घटकहरू भने आधुनिक कविताका लेखनमा पर्याप्त हुन सक्दैन । हाल देखिएका विविध प्रयोगधर्मी कवितालाई विद्यमान परिभाषाले सम्बोधन नगर्न पनि सक्छ । यसर्थ कविताको परिभाषा गर्दा यथासक्य पुरातनदेखि हालसम्मको कविताको विकासमा आधारित भई परिभाषा गर्नु राम्रो देखिन्छ । यी सबै तथ्यलाई आधार बनाएर वर्तमान सन्दर्भमा कविताको परिभाषा यसरी दिन सकिन्छ ।

कविता यस्तो एक विशेष प्रकारको साहित्यिक रूप हो, जसमा भाषा सङ्गीतात्मक वा लयात्मक हुन्छ र जहाँ सङ्क्षिप्तता, सूचनात्मकता एवम् स्वत: पूर्णता, प्रभावकारिता साथ

---

२४ ऐजन ।

२५ ऐजन ।

२६ ऐजन ।

२७ ऐजन ।

२८ पोखेल, बालकृष्ण (निर्दे.), **नेपाली बृहत् शब्दकोश**, द्वितीय संस्क., (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४०) ।

कविको आत्मप्रकाशन हुन्छ र रागात्मक एवम् कल्पनाको विशेष क्रिया हुन्छ । यसप्रकार यो नित्य नवीन हुन्छ, ध्वन्यात्मक हुन्छ अनि अनुभूतिप्रधान पनि ।[२९]

अत: गोविन्दबहादुर कुँवरको **समयका पदचापहरू**, **मौन आवाजहरू** र **तातेताते** कवितासङ्ग्रहहरू उपर्युक्त परिभाषाभित्र आबद्ध रहेका छन् ।

## ५.१.३ आयामविस्तारका दृष्टिमा कविता

नेपाली साहित्यको कथा, उपन्यास, निबन्ध आदि विधामध्ये जेठो र लोकप्रिय विधाको रूपमा कविताविधा रहेको छ । साहित्यको यस विधामा अनुभूतिको सानो झिल्कोदेखि लिएर सम्पूर्ण जीवनजगत्का विभिन्न पक्षद्वारा प्राप्त ज्ञान र मानवमनको समस्त अनुभव, जन्मअनुभूतिको अभिव्यक्तिहरूको दृष्टिकोणले कविताका विविध रूप जन्मन पुग्दछन् । कविताले विभिन्न स्तरमा अनुभूतिको सानो फिलिङ्गोदेखि लिएर सम्पूर्ण जीवनजगत्का कार्यव्यापारलाई र त्यसले स्रष्टाको अन्तर्मनमा पारेको प्रभावलाई अभिव्यक्त गरेको हुन्छ । कविताविधाको आफ्नो कालिक वा स्थानिक आयामको बाह्य, आन्तरिक ढाँचा वा रूप संरचना हुन्छ । यसको मुक्तकदेखि आर्ष वा विकासशील महाकाव्यसम्मका चार उपविधामा आफ्नो खास स्वरूप र संरचना विस्तार गरेको हुन्छ ।[३०] अनुभूतिको सूक्ष्म रूपको अभिव्यक्ति कवितामा हुने हुँदा यसलाई निम्न उपभेदमा विभाजन गरी हेर्न सकिन्छ ।

### ५.१.३.१ लघुतम

कविताविधाअन्तर्गत सबैभन्दा सानो विधाको रूपमा लघुतम विधा रहेको छ । कविताको यस रूपमा स्रष्टाले प्राप्त गरेको जीवनजगत्का झिनो अनुभवलाई कलात्मक ढङ्गमा रागात्मक भाषाको माध्यमद्वारा लयात्मकता अँगाली अभिव्यक्त भएको हुन्छ । यसको संरचना स्वत: संरचित र स्वयम्मा पूर्ण हुन्छ । कविताको लघुतम रूपमा जीवनको एक क्षणको अनुभूतिलाई चुट्किलो र छरितो रूपमा अभिव्यक्त गरिएको हुन्छ । संस्कृत तथा नेपाली साहित्यमा कविताको यस लघुतम रूपलाई मुक्तकको नामले व्यवहृत भएको पाइन्छ । अङ्ग्रेजी साहित्यमा भने मुक्तकका नामले परिचित कविताको सानो रूपमा लघुतम ढाँचाको कविता भेटिँदैन । पाश्चात्यसाहित्यजगत्का कविताको दुई रूप सर्ट पोइम र लङ्ग पोइम मात्र प्रचलित रहेको पाइन्छ । कविताको लघुरूपमा सानो कवितात्मक रूप पाइए तापनि संस्कृत र नेपाली साहित्यमा जस्तो द्विपदीय, त्रिपदीय, चतुष्पदीय रूपमा मुक्तक भने पाइँदैन ।[३१] लघुतम कविताभित्र गीत, मुक्तक, लोकपद, सायरी, हाइकु आदि पर्दछन् ।

---

२९ कपिल अज्ञात, पूर्ववत् ।

३० वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, केशव सुवेदी, **नेपाली कविता**, भाग–४, पूर्ववत् ।

३१ ऐजन, पृ. २९ ।

### ५.१.३.२ लघुरूप

पद्यात्मक भाषाका माध्यमबाट लयात्मकता अँगाली जब अनुभूतिले अभिव्यक्ति पाउँछ तब कविता जन्मन्छ । कवितामा व्यक्त हुने अनुभूतिले जब विस्तारित हुँदै लघुतम रूपभन्दा केही व्यापकता लिन थाल्दछ, तब कविताविधाको लघुरूप देखापर्दछ । कविताका लघुतम रूप र मध्यम रूपबीचको विस्तारित रूपलाई नै लघुरूप भनिन्छ । कविताको यस रूपमा अनुभूतिको एक झल्को मात्र नभएर एक नहर, एक झरी वा एक मेहेरो आएको हुन्छ । यसमा लघुतम रूपको तुलनामा केही वस्तुगतता, आत्मपरक वा अवचेतनमूलक कथ्य, अन्तरकथा वा सूक्ष्म आख्यान आएको हुन्छ । कविताको मुक्तक जीवनजगत्को एक झल्को वा क्षणविशेषको अनुभूतिलाई ५/७ धर्को वा रेखाद्वारा कथन गरिएको हुन्छ भने अर्कोतिर कवितामा त्यसभन्दा बढी विस्तृति जीवनजगत्को एक पक्षसँग सम्बन्धित अनुभूति वा खास एक मनोदशाको अनुभूति ज्वारलाई व्यक्त गरिएको हुन्छ । संरचनाको दृष्टिले कविताको रूपको संरचना स्वत: संरचित हुन्छ भने लघुरूपमा आइपुग्दा अनुभूतिहरू एकपछि अर्को गर्दै कवितामा आउने हुनाले यसमा संरचनाको आवश्यकता पर्दछ नै । लघुकविताको कथन, श्रवण र पठन सामान्यतया एक, दुई मिनेटदेखि दस-पन्ध्र मिनेटजतिको लामो हुन्छ । अर्थात् यो कविताको लघुरूपमा फुटकर कविता, स्तोत्र, गीत, गजल आदि पर्दछन् ।

### ५.१.३.३ मध्यम रूप

कविताविधाअन्तर्गत पर्ने अन्य उपविधामध्ये लघुरूप र बृहत् रूपबीचको कवितात्मक स्वरूपलाई मध्यम रूपअन्तर्गत राखिन्छ । कविताको यस मध्यम रूपलाई विभिन्न नामले पुकारिए तापनि यसलाई खण्डकाव्यको नामले नै बढी चिनिन्छ । जब फुटकर कवितामा भन्दा जीवनजगत्का सम्पूर्ण अनुभवजन्य अनुभूतिले विस्तृतता र व्यापकता लिँदै जान थाल्छ । तब कविताविधाको मध्यम वा मझौला रूपले संरचना र आख्यानलाई समेट्दै आफूलाई व्यक्त गर्दछ । कविताविधाको यस मझौला संरचना जीवनजगत्को एक भाग वा एक खण्डलाई रागात्मक तथा कलात्मक पाराले अभिव्यक्त गरिएको हुन्छ । नेपाली साहित्यमा खण्डकाव्यका तीन ढाँचा देखा पर्दछन् । पहिलो ढाँचामा आधारित काव्यमा पुष्ट तथा तीक्ष्ण आख्यानसूत्रलाई समातेर लयात्मकता अँगाली जीवनजगत्को एक देशको, एक खण्डको अनुभवलाई अभिव्यक्त गरिएको हुन्छ । दोस्रो स्तरका खण्डकाव्यका पुष्ट आख्यानहीन कुनै प्रसङ्ग, स्थान, घटनाविशेष, भाव, विचारविशेषलाई केन्द्रबिन्दु मानी खण्डकाव्यको रचना गरिएको हुन्छ । यस्ता खण्डकाव्यमा पुष्ट आख्यान नभए पनि बीजरूपमा अन्तरआख्यान अवश्य रहेको हुन्छ र यो अन्तरआख्यान विषयगत र भावगत अन्तर्क्रमबाट रचित हुन पुग्दछ । **ऋतुविचार**, **आगो र पानी**, **युद्ध र योद्धा** यसका उदाहरणहरू हुन् । खण्डकाव्यको तेस्रो ढाँचामा प्रयोगवादी धारमा प्रचलित लामा कविता पर्दछन् । यस्ता लामा कविताहरूमा केही आख्यानका चूर्णहरू वा कथांशहरू बीचबीचमा अवश्य नै आएको हुन्छ । तर अवचेतन वा अमूर्त लेखनद्वारा रचित कविताको माध्यमद्वारा खण्डकाव्यको पहिलो ढाँचामा पर्ने काव्यहरूमा जस्तो आख्यानको

विकास भएको हुँदैन, **लेक**, **सूर्यदान**, **गङ्गा प्रवास** यस खण्डकाव्यका उदाहरणहरू हुन् । कविताविधाको मध्यम रूप खण्डकाव्य, कोशकाव्य, लोककाव्य, लामा कविता आदि पर्दछन् ।

### ५.१.३.४ बृहत् तथा बृहत्तम रूप

जीवनजगत्का विभिन्न पक्षको ज्ञान र मानवमनको समस्त अनुभवजन्य अनुभूतिले जब व्यापक र विस्तृत रूप धारण गर्न थाल्दछ । तब कविताविधाको बृहत्तर र बृहत्तम अभेद देखापर्न थाल्छ । कविताको बृहत् र बृहत्तम यी दुई रूपलाई महाकाव्य भनी एउटै नामले पुकारिन्छ । पूर्वीय र पाश्चात्यजगत्मा यो बृहत् तथा बृहत्तर रूपलाई पूर्वीय साहित्यजगत्मा क्रमश: सामान्य महाकाव्य र आर्ष महाकाव्य भनिन्छ भने पाश्चात्य साहित्यजगत्मा ललित महाकाव्य र विकासशील महाकाव्य भनिन्छ । पूर्वमा **रामायण** र **महाभारत** आर्षकाव्यका उदाहरणका रूपमा रहेका छन् भने **रघुवंश**, **कुमारसम्भव**, **किरातार्जुनीय**, **शाकुन्तल**, **प्रमिथस** सामान्य महाकाव्यका उदाहरणहरू हुन् । यस्तै पाश्चात्य साहित्यमा **इलियाड**, **ओडिसी** विकासशील महाकाव्यका उदाहरणहरू हुन् । **एनियाड**जस्ता ऐतिहासिक विषयवस्तुमा आधारित ललित महाकाव्यका उदाहरणहरू हुन् । कविताविधाको बृहत् रूपमा समग्र जीवनजगत्, मानवीय समाज, संस्कृति, पुराकथा, दर्शन, इतिहास, ज्ञानविज्ञान आदिका साथै मानवमनका समस्त अनुभूतिहरू महानदीका रूपमा प्रवाहित भएको पाइन्छ । अर्को शब्दमा भन्दा समग्र मानवजिन्दगीलाई आत्मसात् गरी जब कविताले आफूमा अनुभूतिको महानदी बगाउन थाल्दछ, तब त्यहाँ महाकाव्य सिर्जित हुन्छ । आयाम संरचनाका दृष्टिले पनि महाकाव्य सुसङ्गठित हुन्छ । कविताविधाको बृहत् तथा बृहत्तम रूपमा प्राचीन युग, सभ्यता, संस्कृति, संस्कार, जिन्दगानी, मानव तथा पुराकथात्मक विस्तृति र व्यापकता प्रकट भएको पाइन्छ ।

यसरी जब मानव अनुभूतिको व्यापकता पाउँदै जान थाल्छ तब कविताले स्वयम् निर्मित संरचनाबाट सचेत संरचनातर्फ, तरलताबाट वस्तुगततातर्फ, दुई श्लोकबाट सर्गयोजनातर्फ, आख्यानहीनताबाट सुगठित आख्यानीकरणतर्फ बढेर आफ्नो रागात्मक तथा कलात्मक स्वरूप प्राप्त गर्दछ । उपर्युक्त विधागत आयामका दृष्टिले हेर्दा कवि गोविन्दबहादुर कुँवरका तीन उल्लेख्य कवितासङ्ग्रहहरूमा मुक्तक र फुटकर अथवा लघुतम र लघुआयाम बोकेर रागात्मक अभिव्यक्तिहरू सङ्गृहीत छन् । यस आधारमा तीन कवितासङ्ग्रहभित्रका कविताहरू फुटकर देखिन्छन् ।

## ५.१.४ कविताका तत्त्वहरू

साहित्यसिर्जनाका लागि निश्चित आधार चाहिन्छ । त्यही आधारमा रहेर सर्जकले साहित्यसिर्जना गर्दछ । अन्यथा साहित्यसिर्जना सम्भव छैन । कविता साहित्यसिर्जनाको एउटा कला हो । भाषिक लयात्मक अभिव्यक्ति नै कविता हो । जीवनजगत्बाट प्राप्त सामग्री र तत्जन्य अनुभवहरूलाई भाषिकसंरचनाको बाटोमा हिँडाउँदै विभिन्न बिम्ब-प्रतीकहरूको

माध्यमबाट अन्तिम रागात्मक प्रगति प्राप्त गरेको हुन्छ । कवितारचनाका क्रममा कवितामा अन्तर्निहित तत्त्वको उपयोगविना कविता सशक्त बन्न सक्दैन । अन्य साहित्यिक विधालाई जसरी अनेक दृष्टिकोणबाट हेरिन्छ । त्यसरी नै कवितालाई पनि हेर्ने दृष्टिकोण अनेक रहेका छन् । तिनलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

(क) जीवनजगत्का बाह्य र आन्तरिक अनुभवहरूको स्वरूप विभिन्न सामग्री वा उपादान र त्यसको भावनात्मक, रागात्मक परिणति ।

(ख) भाषिक कथन वा संरचनाको पथ वा पद्धति (रीति-शैली) ।

(ग) विधागत रूप संरचनाका केन्द्रीयतामा लय र बिम्ब-प्रतीक एवम् अन्य कलात्मक प्रविधि ।

यी तीन प्रमुख कोणमध्ये जुनसुकै एक कोणलाई केन्द्रीय रूपमा अन्य कोणहरूको उचित संयोजन गरी साहित्यिक घटकहरूको निरूपण गर्न सकिएजस्तै कविता र त्यसका तत्त्वहरूको पनि विश्लेषण गर्न सकिन्छ । पूर्वीय साहित्यशास्त्र र पाश्चात्य समालोचनाशास्त्र दुवैको इतिहासमा कुनै एक खास साहित्यिक तत्त्वलाई मुख्य रूपमा संयोजन गरी साहित्यिक कृतिको विश्लेषण गर्ने परम्परा रहेको देखिन्छ, चाहे पूर्वमा होस् चाहे पश्चिममा । दुवैतर्फका मीमांसकहरूले पनि मुख्य तीन तत्त्वकै आधार मानी कविताको व्याख्या गरिएको हुनाले कविताको मुख्य तत्त्वका रूपमा भाव, भाषा र लय गरी तीन तत्त्वलाई कविताको उपकरण भन्नु सान्दर्भिक हुन्छ । शब्द (भाषा), अर्थ (भाव/रस) रूप संरचना र विधा-उपविधा तत्त्वसमेत अतिरिक्त लय गरी चार तत्त्व पनि कविताकै आवश्यक तत्त्वको रूपमा स्वीकार गरिएको छ । उपर्युक्त तथ्यबाट हेर्दा कविताका मुख्य तीन तत्त्व नै प्रमुख तत्त्वको रूपमा देखापर्दछ । भावविधान (विविध सन्दर्भ, सामग्रीको भावात्मक परिणति), भाषा (विधागत संरचना, कथनपद्धति र बिम्बालङ्कार आदि) तथा लयगत वैशिष्ट्य । भावका कारकका रूपमा जीवनजगत्कै सन्दर्भ र सामग्रीको भूमिका पनि उल्लेखनीय रहेको छ र भावविधानका विभिन्न प्रक्रियाहरू छन् । यस्तै मुक्तक र फुटकर कवितासम्म सूक्ष्मस्तरमा र खण्डकाव्य, महाकाव्यमा प्रशस्त मात्रामा प्रयोग हुनसक्ने आख्यान र नाट्यतत्त्व पनि कविताको अर्को घटक मानिन्छ । यस परिप्रेक्ष्यमा कथानक, पात्रविधान, वातावरण, दृश्य, संवाद, मनोवाद पनि कविताकै सहयोगी घटकका रूपमा रहन पुगेका छन् ।

जब कवि कविता सिर्जनातर्फ अभिमुख हुन्छ, त्यसबेला विषयवस्तु, उद्देश्य, सीप तथा कला-कौशलता, शैली आदि कुरा आवश्यक पर्दछन् । यिनै आवश्यक कुरालाई कविताको तत्त्व भनिएको हो ।

कविताको तत्त्वको विषयमा चर्चा गर्ने विद्वान्हरूबीच मतैक्य देखिँदैन । विभिन्न विद्वान्हरूले गरेका कवितातत्त्वहरूको निर्धारण फरक रहेको छ । पाश्चात्य साहित्यकार हड्सनले साहित्यका चार तत्त्वको चर्चा यसरी गरेका छन् :[३२]

---

३२ टङ्कप्रसाद न्यौपाने, पूर्ववत्, पृ. १६ ।

(क) भावतत्त्व

(ख) कल्पनातत्त्व

(ग) बुद्धितत्त्व

(घ) शैलीतत्त्व

यी चारतत्त्वको संयोजनबाट एउटा स्तरीय साहित्यसिर्जना हुन्छ भन्ने कुरा हड्सनले बताएका छन् ।

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने राजेन्द्र सुवेदीले कविताका उपकरणलाई निम्नानुसार प्रस्तुत गरेका छन् :[३३]

(क) विषय (भाव, विचार, घटनाजन्य वस्तु)

(ख) भाषा (लय, छन्द, अलङ्कार, रस, ध्वनिलगायतका सौन्दर्य)

(ग) शैली (विचलन, समानान्तरता, प्रयुक्ति, अग्र वा पश्चकालिक प्रस्तुति)

(घ) उद्देश्य (प्रयोजन, गति वा दिशानिर्देश)

(ङ) दृष्टिबिन्दु (विचारको संवाहक/समाख्याता)

त्यस्तै नेपाली साहित्यका वरिष्ठ समालोचक वासुदेव त्रिपाठीले कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य-महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राखी कविताका निम्न घटकहरूको चर्चा गरेका छन् :[३४]

(क) शीर्षक

(ख) संरचना

(ग) लयविधान

(घ) भाषाशैली

(ङ) कथनपद्धति

(च) केन्द्रीय कथ्य/भावविधान र त्यसका सन्दर्भसामग्री

(छ) बिम्बविधान तथा अन्य अलङ्करण प्रविधि

(ज) व्यञ्जना

यसरी विदेशी एवम् स्वदेशी विद्वान्हरूले कवितातत्त्व वा उपकरणलाई आ-आफ्नो पाराले प्रस्तुत गरेको पाइए तापनि कविताको विभिन्न भेदमध्ये मुक्तक र फुटकर कवितादेखि

---

३३ राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, (काठमाडौं : पाठ्यसामग्री पसल, २०५७), पृ. १८—१९ ।

३४ वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, केशव सुवेदी, **नेपाली कविता**, भाग–४, पूर्ववत्, पृ. १७ ।

खण्डकाव्य-महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका निम्नलिखित घटक भेटिन्छन् :

(क) शीर्षक

(ख) भाषाशैली

(ग) लय

(घ) संरचना

(ङ) कथनपद्धति

(च) केन्द्रीय भाव

(छ) सन्दर्भगत तत्त्व

(ज) बिम्बविधान

(झ) व्यञ्जना

यी उपकरणहरू कवितालेखनका अनिवार्य सर्तहरू हुन् । नेपाली साहित्यमा हालसम्म लेखिएका विभिन्न ख्यातिप्राप्त कविहरूमा उल्लिखित उपकरणहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा आत्मसात् गरी लेखिएका छन् ।

गोविन्दबहादुर कुँवर पनि उपर्युक्त घटककै कसीका अधीनमा रही कविता रचना गर्न सक्षम देखिन्छन् । तसर्थ यिनै उपकरणकै आधारमा कुँवरका सङ्ग्रहहरूको अध्ययन-विश्लेषण गर्नुका साथै कवितातत्त्वहरूको पनि निरूपण आगामी अनुच्छेदमा गरिने छ ।

## ५.२ 'समयका पदचापहरू' कवितासङ्ग्रहको अध्ययन

गोविन्दबहादुर कुँवरको प्रथम प्रकाशित कवितासङ्ग्रहको नाम **समयका पदचापहरू** रहेको छ । विभिन्न पत्रपत्रिकाहरूमा छिटफुट रूपमा प्रकाशित कविताहरू सङ्कलन गरी वि.सं. २०४७ मा पुस्तकाकार कृति तयार गरिएको पाइन्छ । यस खण्डमा **समयका पदचापहरू**को विस्तृत निरूपण अन्य उपशीर्षकहरूमा गरिएको छ ।

### ५.२.१ पृष्ठभूमि

नेपाली कवितासाहित्यको क्षेत्रमा ख्यातिप्राप्त कवि गोविन्दबहादुर कुँवरको **समयका पदचापहरू** कवितासङ्ग्रह (२०४७) पहिलो रचना कृतिको रूपमा रहेको छ । गोविन्दबहादुर कुँवरको **समयका पदचापहरू** कवितासङ्ग्रहको पहिलो संस्करणको प्रकाशक सप्तगण्डकी प्रकाशन (प्रा.) लि., पोखरा रहेको देखिन्छ । प्रजातन्त्रको पुन:स्थापनाको लागि भएको जनआन्दोलनमा प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरूप्रति समर्पण गरिएको प्रस्तुत

**समयका पदचापहरू** कवितासङ्ग्रहमा भूपनिधि पन्तको *परिचयको औपचारिकता* शीर्षकको भूमिका लेख समावेश छ । वि.सं. २०४७ माघ १ मा एकहजार प्रति छापेर मूल्य रु. १०।- राखिएको **समयका पदचापहरू** कवितासङ्ग्रह फूलबारी छापाखाना, चिप्लेढुङ्गा, पोखरामा मुद्रण गरिएको देखिन्छ ।

## ५.२.२ कृतिगत संरचना

५.५ इन्च चौडाइ, ८.५ इन्च लम्बाई, ०.४ इन्च उचाइको आयतनमा **समयका पदचापहरू** कवितासङ्ग्रह कृति फैलिएको छ । कवितासङ्ग्रहको अग्रभागको आवरणपृष्ठमा रातो (सिन्दुर रङ), सेतो र कालो रङको प्रयोग गरी २०४७ को जनआन्दोलनको प्रतीकात्मक अभिव्यक्ति दिइएको छ । कवितासङ्ग्रहभित्रका कविताहरूको मर्मलाई अमूर्त शैलीको माध्यमबाट आवरणकलालाई कलाकार दुर्गा बरालले निर्माण गर्नुभएको देखिन्छ । पुस्तकाकार कृतिको पश्च कभरपृष्ठमा कवि गोविन्दबहादुर कुँवरको श्याम-श्वेत फोटोसहित सङ्क्षिप्त परिचय दिइएको छ । पुस्तकपरिचय, भूमिकालेखन साथै विषयसूचीका लागि ८ पेज खर्चिएको छ भने ६० पेजमा कविका कविताहरू विस्तारित भएका देखिन्छन् । यसरी ६०+८ पेजमा सम्पूर्ण कवितासङ्ग्रहको पूर्ण संरचना संरचित छ । वि.सं. २०३० सालदेखि वि.सं. २०४६ सालसम्मका विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका कवि कुँवरको चालीस फुटकर रचनाहरूलाई सङ्कलन गरी **समयका पदचापहरू** कवितासङ्ग्रहको पुस्तकाकार रूप दिइएको पाइन्छ ।

### ५.२.३ शीर्षक

शीर्षक कविताकृतिको नामकरणमात्र नभएर यसले कविताभित्र आएको भाव, विचार, कल्पना आदिको उद्घाटन गर्दछ । साथै यसको मूल्य र रूप पक्षसँग पनि शीर्षक सम्बन्धित देखापर्दछ । त्यसैले शीर्षकले कविता वा कृतिको नामकरणमात्र नभएर कविताको सम्पूर्ण कथ्यलाई पनि अभिव्यक्त गरेको हुन्छ ।[३५] शीर्षक विशेषीकृत भएमा यसले कृतिको अन्तर्बाह्य संरचना र भाषाशैलीले बहन गरेको समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ । शीर्षक र केन्द्रीय कथ्यबीच सङ्गति हुन सकेन भने त्यस्तो कृति कमजोर बन्न पुग्छ । शीर्षकविधानको दृष्टिले कवि कुँवरको **समयका पदचापहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूले शीर्षकअनुसार केन्द्रीय कथ्यलाई उद्बोधन गरेको देखिन्छ । यस अर्थमा शीर्षक सार्थकताको दृष्टिले कवितासङ्ग्रहका कविताहरू सशक्त रहेका छन् । कवि गोविन्दबहादुर कुँवरको **समयका पदचापहरू** नामक कवितासङ्ग्रहमा जम्मा चालीस शीर्षकमा बाँडिएका कविताहरू सङ्कलित छन् ।

---

३५ ऐजन ।

*कविता ! मेरी प्रेयसी* शीर्षकको कविता **समयका पदचापहरू** कविताङ्ग्रहको पहिलो कविताको रूपमा रहेको छ । कवितालाई मानवीकरण गरी सम्बोधनात्मक शैलीमा आफ्ना कवित्वचिन्तन अभिव्यक्त गरिएको *कविता ! मेरी प्रेयसी* शीर्षक वाक्यांश ढाँचामा रहेको छ । कवितालाई एउटी प्रेरणामयी प्रेयसीको रूपमा हेरी कविताको आराधना गरेर कविताको विषयवस्तु र शीर्षकलाई सार्थक बनाइएको छ ।

कवितासङ्ग्रहको दोस्रो कविताको शीर्षक *भविष्य नदुखे हुन्छ* रहेको छ । वाक्यात्मक स्वरूपमा शीर्षक रहेको छ । अन्तर्राष्ट्रियजगत्मा देखापरेको विषम परिस्थिति र सामाजिक रोग, शोक र भोकले कोही पनि पिरोलिन नपरोस् भन्ने शुभाशा प्रकट गरिएको यस कवितामा भावपक्षसँग शीर्षकको सान्निध्यता रहेको देखिन्छ ।

यस कवितासङ्ग्रहको तेस्रो कविताको शीर्षक *अब मात्रै एउटा युद्ध लड्न बाँकी छ* हो । वाक्यात्मक संरचनामा शीर्षक रहेको छ । विश्वपरिवेशले भोग्नपुरेको पीडा र मर्मलाई अन्त्य गरी सत्य, न्याय स्थापनाको लागि गरिने अहिंसक युद्ध एकमात्र वैकल्पिक साधन भएको भाव *अब मात्रै एउटा युद्ध लड्न बाँकी छ* भन्ने शीर्षककवितामा अभिव्यक्त भएको छ । यसरी कविताको कथ्यवस्तुलाई शीर्षकसँग तालमेल मिलाएर कविताको शीर्षक सार्थक बनाइएको देखिन्छ ।

**समयका पदचापहरू** कवितासङ्ग्रहको चौथो कविताको शीर्षक *फू एउटा गाउँ* रहेको छ । नेपालको अनकन्टार ठाउँमा रहेको उपेक्षित तर सुन्दर गाउँको चित्रण *फू एउटा गाउँ*मा उतारिएको छ । ग्रामीण भेकको कथाव्यथा र अन्तर्पीडालाई प्रस्तुत गर्दै विकट गाउँको शब्दचित्रलाई कवितामा अभिव्यक्त गरी शीर्षकसँगको तादात्म्य कविले यसरी गरेका छन् :

छातीभित्र सङ्गालेर अनगिन्ती सञ्जीवनीबुटीहरू
खोले; पिठो र सातुको भरमा
बीसौँ शताब्दीको उत्तरार्धमा पनि
आदिम युगमा बाँचिरहेको एउटा गाउँ छ ।
फू एउटा गाउँ ... ।

– *फू एउटा गाउँ*, पृ. ७ ।

*रुस्दी : एक सन्दर्भ* शीर्षककविता **समयका पदचापहरू** कवितासङ्ग्रहमा सङ्गृहीत पाँचौँ कविता हो । अन्याय, अत्याचार, छलकपटपूर्ण शासकको दु:खदायी अन्त्य हुने शाश्वत अभिव्यक्ति गरिएको यस कवितामा ऐतिहासिक सन्दर्भलाई जोडिएको छ । संसारका सबै कवि, लेखकहरू कसैलाई पनि धार्मिक, राजनीतिक आदि दृष्टिकोणले सजाय तथा दण्ड दिनुहुँदैन भन्ने भावलाई रुस्दीको सन्दर्भसँग जोडेर शीर्षकलाई सार्थकता दिइएको छ ।

कवितासङ्ग्रहको छैटौँ कविताको शीर्षक *घाइते शरीर, आहत मन र खुला आकाश* रहेको छ । वाक्यांशको संरचनामा रहेको शीर्षक *घाइते शरीर, आहत मन र खुला आकाश*

कवितामा अन्याय, अत्याचार, दर्दनाक पीडा र वेदनाले आक्रान्त सहाराविहीन नेपाल आमाले क्रान्तिपुरुषको आह्वान गरेको भाव प्रस्तुत गरिएको छ । खुला आकाशमुनि स्वतन्त्रतापूर्वक रम्न पाएको सन्दर्भलाई प्रतीकात्मक रूपमा *घाइते शरीर, आहत मन र खुला आकाश* शीर्षकसँग जोडेर शीर्षक सार्थक पारिएको देखिन्छ ।

कवितासङ्ग्रहको सातौँ कविताकृतिको शीर्षक *बाज र परेवा* रहेको छ । अन्याय, अत्याचार, शोषित, पीडित नेपाली समाजको कथाव्यथालाई कारुणिक रूपमा उतारेर स्वतन्त्र र शान्तिप्रिय नेपालीहरूमाथि शासकीय बर्बरतालाई उदाङ्ग पार्दै निरङ्कुश शासकहरूको षड्यन्त्रकारी प्रवृत्तिलाई भण्डाफोर गरी प्रस्तुत *बाज र परेवा* शीर्षक कविताको शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको छ ।

*आउन ल एकछिन* शीर्षक कविता **समयका पदचापहरू** कवितासङ्ग्रहको आठौँ कविताकृति हो । जीवनका सुखदु:खका भावहरूका साथै जीवनको समयचक्रसँगै बहँदा लागेका चोटहरू आपसमा साटासाट गर्ने धोको *आउन ल एकछिन* कवितामा अभिव्यक्त भएका छन् । प्रेमपरक प्रणयभावमा विरचित यस कवितामा आपसी सद्भाव र मित्रतापूर्ण व्यवहारको अपेक्षा अनि व्यञ्जना भएको पाइन्छ । एकआपसमा मैत्रीभाव साट्ने अभिलाषा प्रत्येकमा जगाउनुपर्ने सन्देश प्रकट गरिएको *आउन ल एकछिन* कविताको शीर्षक वाक्यात्मक ढाँचामा रहेको छ । एकताको भाव अभिव्यक्त गरिएको यस कवितामा शीर्षक र कथ्यवस्तुको सम्बन्धलाई कविले कवितांशमा यसरी तादात्म्य गरेका छन् :

नियतिले खोपेका दागहरू
बिर्सेर तीतो वर्तमानहरू
नसम्झेर एकैछिन
जिन्दगीको उकालीओरालीहरूलाई
आउन ल एकछिन सुस्ताऊँ ... ।

– *आउन ल एकछिन ...*, पृ. १३ ।

*यो दन्त्यकथा होइन* शीर्षकको कविता यस कवितासङ्ग्रहको नवौँ कविताकृति हो । *यो दन्त्यकथा होइन* शीर्षक कविता वाक्यात्मक संरचनामा रहेको छ । निरङ्कुशताको सङ्घारमा नेपाली जनताले भोगेको त्रासदीपूर्ण अवस्थाको चित्रण कुनै दन्त्यकथामा वर्णित वर्तमान सामाजिक, राष्ट्रिय परिवेशको दुरावस्थाको यथार्थ कथा हो भन्ने भाव अभिव्यक्त गर्दै नेपाल आमा र सन्ततिहरूलाई पीडामुक्त गराई प्रजातन्त्रको उज्यालो किरण भित्र्याउन गरिएको आन्दोलन पनि सत्यकथाको रूपमा कवितामा अभिव्यक्त गरी भाव र शीर्षकबीच तालमेल मिलाइएको छ ।

यस कवितासङ्ग्रहको दसौँ कविताकृतिको शीर्षक *इतिहासले नलेखोस्* रहेको छ । कविताको शीर्षक वाक्यात्मक ढाँचामा रहेको छ । हाम्रा वीरवीराङ्गनाहरूले कोरेको इतिहास

गौरवपूर्ण रहेका छन् । समयचक्रसँगै इतिहासलाई नै धमिलो बनाउने कुप्रवृत्ति दिनानुदिन बढ्दै गएकोप्रति कवि चिन्तित देखिन्छन् । सत्यता, इमान्दारिता, कर्तव्यनिष्ठता, विनम्रता, दयालुपन, मानवता नेपालीहरूमा हराउँदै गइरहेको यथार्थतालाई कवितामा उतार्दै चाकडी, चाप्लुसी, भ्रष्टाचारले समाजलाई गाँज्दै खोक्रो बनाएको तिनै चाकडीबाज, चाप्लुसीबाजको हाबीले इतिहासलाई नै धराशयी बनाउने र नेपालीहरूको पहिचान लोप गराउने हुँदा त्यस्ता कुतत्त्वलाई इतिहासमा ठाउँ दिन नहुने सन्देश कवितामा दिइएको छ । कविताको मूल सन्देशसँग शीर्षक तादात्म्य गरेर कविताको कथ्यभाव अभिव्यक्त गरिएको छ ।

*मन्डेला* कविता यस कवितासङ्ग्रहको एघारौँ शीर्षकको कविताको रूपमा रहेको छ । शब्दात्मक संरचनामा प्रस्तुत *मन्डेला* कविताको शीर्षक राखिएको छ । अफ्रिकी जनताको धुकधुकी नेल्सन मन्डेलाको साहसी र त्यागी, सङ्घर्षशील, उदार व्यक्तिको व्यक्तित्वबाट प्रभावित भएर *मन्डेला* शीर्षक कविता रचना गरिएको पाइन्छ । सत्य र निष्ठाका लागि तमाम न्यायप्रेमी जनताको साथ पाएका मन्डेलाजस्ता आदर्शपुरुषको परिकल्पना गर्दै कवितामा अझै संसारमा अरू मन्डेलाहरू जन्मेर मानवीय अस्तित्व संरक्षण गर्नुपर्ने चाहना प्रकट गरिएको छ । मन्डेलाको प्रभावपरक व्यक्तित्वलाई मूल विषयवस्तु बनाएर कवितामा चर्चा गरिएकोले विषयवस्तु र शीर्षकबीचको तालमेल यसरी मिलाइएको पाइन्छ ।

मन्डेला ! तिमीले लड्नुपर्ने युद्धहरू
अझ धेरै बाँकी छन् ... ।

– *मन्डेला,* पृ. १८ ।

यस कवितासङ्ग्रहको बाह्रौँ कविताको शीर्षक *पर्खालिहरू* रहेको छ । शब्दात्मक ढाँचामा कविताको शीर्षक रहेको पाइन्छ । पञ्चायती निरङ्कुशतालाई पर्खालसँग दाँजिएको छ । जातीय, लैङ्गिक, धार्मिक विभेदजस्ता मानवविरोधी कार्यलाई पर्खालको उपमा दिई शीर्षकसँग कविताको भावलाई अभिव्यक्त यसरी गरिएको छ :

... मार्कोसको किल्ला तोडियो
च्याउचेस्कुको पर्खाल भत्कियो
त्यता बर्लिनको पर्खाल फोरियो
र यता पञ्चायती पर्खाल ...
अझ जातिवादी पर्खाल भत्काउन बाँकी नै छ,
रङ्गभेदी पर्खाल भत्काउन बाँकी नै छ,
गरिबीको पर्खाल भत्काउन बाँकी नै छ ... ।

– *पर्खालिहरू,* पृ. १९ ।

**समयका पदचापहरू** कवितासङ्ग्रहको तेह्रौँ कविताको शीर्षक *पाँच टुक्रा* रहेको छ । पाँचओटा सानासाना मुक्तकीय संरचनामा एक श्लोकीय ढाँचामा आबद्ध गरेर पाँच सुन्दर भावना अभिव्यक्त गरिएको छ । भिन्नाभिन्नै कवित्व अनुभूति र भावनालाई सूत्रात्मक अभिव्यक्ति दिइएको प्रत्येक कवितामा १, २, ३, ४, ५ दिइएको हुनाले कविताको शीर्षक *पाँच टुक्रा* राखिएको छ । जुन संरचनाको आधारमा शीर्षक सार्थक देखिन्छ ।

*के देखें मैले यो* कविता यस कवितासङ्ग्रहको चौधौँ क्रममा रहेको कविताको शीर्षक हो । वाक्यात्मक ढाँचा दिइएको शीर्षकमा पदक्रम नमिलेको आलङ्कारिक पदक्रमको संरचना रहेको छ । समाजमा सदाचारी, इमान्दारी, कर्तव्यनिष्ठ, देशभक्त, नैतिकवान्भन्दा भ्रष्टाचार, पापाचारी, दुराचारीहरू सम्मानित भएको, प्रतिष्ठित हुँदैगएको यथार्थतालाई *के देखें मैले यो* शीर्षक कवितामा अभिव्यक्त गरिएको छ । भ्रष्टाचार, पापाचार, दुराचार जति सम्मानित भए पनि यस्ता कुप्रवृत्तिको दु:खद अन्त्य अवश्यम्भावी हुनेप्रति सङ्केत गर्दै *के देखें मैले यो* कवितामा व्यङ्ग्यात्मक रूपमा विषयवस्तु र शीर्षकबीच तालमेल मिलाइएको देखिन्छ ।

कवितासङ्ग्रहको पन्ध्रौँ कविताकृतिको शीर्षक *म यसरी बाँच्छु* रहेको छ । वाक्यात्मक ढाँचामा कवितामा शीर्षक रहेको छ । पाश्चात्य सभ्यताको अन्धानुकरणले नेपाली समाज दिनानुदिन मानवताहीन, क्रूर बन्दै गएकोप्रति व्यङ्ग्य गर्दै सहरिया सभ्यता भनाउँदाहरू पैसाको लागि मानवता बेच्ने स्वार्थी र कृत्रिमताको भोका रहेको भाव कवितामा अभिव्यक्त गरिएको छ । सादा जीवन उच्च विचार लिई प्राकृतिक स्वाभाविक जीवन बाँच्ने नेपालीपनमै रमाउने कविको उत्कण्ठा *म यसरी बाँच्छु* कवितामा कविले प्रस्तुत गरेका छन् । कवितामा शीर्षक र केन्द्रीय कथ्यलाई तालमेल मिलाएर अरूको देखावटीमा नलागी स्वाभाविक जीवन बाँच्न सबैलाई प्रेरित गरिएको पाइन्छ ।

*मलाई माटोको गीत गाउन देऊ* शीर्षक कविता यस कवितासङ्ग्रहको सोह्रौँ कविताक्रममा रहेको छ । वाक्यात्मक ढाँचामा कविताको शीर्षक रहेको छ । देशभक्तिको उच्च भावनाहरू पोखिएको प्रस्तुत कवितामा देशलाई खोक्रो पार्नेहरूप्रति घृणा र आक्रोश व्यक्त गरिएको छ । आफू जन्मिएको भूमि वा माटोप्रति प्रेम प्रकट गर्दै मातृभूमिप्रतिको आस्था मनमुटुभरि रहेको भाव कविले कवितामा अभिव्यक्त गरेका छन् । स्वतन्त्रतापूर्वक हाँस्न र रुन चाहने उच्च मनोकाङ्क्षा प्रकट गर्दै कविले कवितामा भाव र शीर्षकको तालमेललाई यसरी मिलाइएका छन् :

मलाई मेरो अनन्त आँसु र खुसीहरू बाँड्न देऊ
म रुन्छु, कहिले र हाँस्छु कहिले
मलाई मेरो इच्छाअनुसार हाँस्न र रुन देऊ
मलाई माटोको गीत गाउन देऊ ।

– *मलाई माटोको गीत गाउन देऊ*, पृ. २७ ।

कवितासङ्ग्रहको सत्रौँ कविताको शीर्षक *हुटिट्याउँ* रहेको छ । हुटिट्याउँले आकाश थामेजस्तो नेपाली समाजमा प्रचलित उखानटुक्काको प्रयोग गरी शब्दात्मक संरचना ढाँचामा शीर्षक रहेको छ । शोषितपीडित नेपाली जनताको कथाव्यथालाई *हुटिट्याउँ* कवितामा व्यक्त गरिएको छ । सत्तामोहमा आफ्नो विवेक गुमाएका शुष्क जड हृदय भएका शासकहरूको विरुद्धमा अन्याय-अत्याचारले पिल्सिएका नेपाली जनताको क्रन्दन र मुक्तिका आन्दोलनहरू कतै हुटिट्याउँले आकाश थापेजस्तै निरर्थक हुने त होइन भन्ने आशङ्का प्रकट गरिएको छ । प्रतीकात्मक अभिव्यक्ति दिइएको *हुटिट्याउँ* कवितामा विषयवस्तुको केन्द्रीय कथ्य र शीर्षकबीच उचित तालमेल यसरी देखाइएको छ :

तर सुन्छु कतै
अझै पनि एउटा चरो
खुट्टाले आकाश धान्दै
मिथ्या सपना पालेर
बसिराखेकै छ,
सुख्खा नदीको बलौटे किनारमा ... ।

– *हुटिट्याउँ,* पृ. २८ ।

*कविता* शीर्षकको कविता यस कवितासङ्ग्रहको अठारौँ कविताको रूपमा रहेको छ । *कविता* शीर्षकको कवितामा शब्दात्मक संरचनाको शीर्षक नामकरण दिइएको छ । कवितासम्बन्धी कवि-दृष्टिकोण यस कवितामा अभिव्यक्त गरिएको छ । नैसर्गिक कविहृदयको अभिव्यक्ति नै कविता हो । यसर्थ कवितासिर्जनाको कलात्मक अभिव्यक्ति भएकाले कविता सौन्दर्यबर्धक हुनुपर्दछ भन्ने कविको धारणा कवितामा अभिव्यक्त भएको पाइन्छ । कवितालाई कतै मानवीकरण, कतै प्रकृतीकरण गरी कवितासम्बन्धी मान्यता प्रकट गरिएको यस कवितामा शीर्षक र केन्द्रीय भावलाई यसरी तादात्म्य गरिएको छ :

पहाडी सरिता हो कविता ...
स्वच्छ, परिधान कि परिचारिका हो, कविता ।

– *कविता,* पृ. २९ ।

*सिङ्गै देश बोक्नु छ* शीर्षक कविता समयका पदचापहरू कवितासङ्ग्रहको उन्नाईसौँ कविताक्रममा रहेको छ । वाक्यात्मक ढाँचामा यस कविताको शीर्षक राखिएको छ । पितापूर्खाको त्याग र बलिदानबाट आर्जिएर सुम्पिएको सम्पत्तिमा मात्र गर्व नगरी उनीहरूले दिएको जिम्मेवारीलाई इमान्दार तथा कर्तव्यनिष्ठ भएर संरक्षण र सम्बर्धन गर्नुपर्ने सन्देश दिइएको यस *सिङ्गै देश बोक्नु छ* कवितामा पूर्खाको गौरवमा हैन आफ्नो पौरखमा बाँच्न सबै एकजुट हुनुपर्ने भाव व्यक्त गरिएको छ । एक थुकी सुकी, सय थुकी नदी भन्ने उखानलाई

चरितार्थ गरी सबै एकजुट भए सिङ्गै देश नै बोक्न सक्ने भाव कवितामा अन्तर्निहित छ । भावसंयोजनका दृष्टिले कविताको शीर्षक सार्थक देखिन्छ ।

कवितासङ्ग्रहको बीसौँ कविताको शीर्षक *सहर आएको छु म हिजोआज गाउँदेखि* कविता रहेको छ । 'अलकापुरी कान्तिपुरी नगरी' मानिएको काठमाडौँ हिजोआज मोटरगाडीको धुवाँ र धूलोले वायुमण्डल मात्र नभई मानवता पनि दिनानुदिन प्रदूषित भएकोप्रति व्यङ्ग्य गर्दै अतीतका कान्तिपुरी मठमन्दिरमा मात्र सीमित रहेको भाव कवितामा अभिव्यञ्जित छ । वैज्ञानिक आविष्कारहरूको प्रयोगशाला रहेको सहरी क्षेत्रमा सभ्यताको नाममा विभिन्न विकृति, विसङ्गति व्याप्त भएको यथार्थतालाई पस्कँदै कवितामा मानिसहरू यान्त्रिक हुँदैगएकोप्रति चिन्ता प्रकट गरेका छन् । वाक्यात्मक ढाँचामा रहेको शीर्षक *सहर आएको छु म हिजोआज गाउँदेखि* कवितामा सरल, स्वाभाविक तथा प्राकृतिक जीवनको भव्यतालाई संस्मरणात्मक कवितात्मक रूप दिइएको पाइन्छ । यसरी गाउँबाट सहरभ्रमणको यात्रालाई कवितामा अभिव्यक्त गरी शीर्षकसँग उचित तालमेल मिलाएको पाइन्छ ।

*नेपाल रोज्नुपर्छ* शीर्षककविता यस कवितासङ्ग्रहको एक्काईसौँ कविताको क्रममा रहेको छ । वाक्यात्मक संरचनामा शीर्षक राखिएको छ । समाजका युवाहरूमा दिन प्रतिदिन विदेशप्रति मोह बढ्दै गएको पश्चिमी सभ्यताको अनुकरणमा आफ्नो कला-संस्कृति नै हराएर नेपालीको अस्तित्व सङ्कट हुने भाव प्रस्तुत कवितामा अभिव्यञ्जित छ । आफ्नो कला, संस्कृति, आफ्नो मौलिक पहिचान हुने भएकाले प्रत्येक नेपालीले जहाँ, जसरी रहे पनि नेपालीत्व खोज्नुपर्ने र नेपाललाई नै रोज्नुपर्ने सन्देश दिइएको यस कवितामा भाव र शीर्षकलाई कवितामा यसरी सान्दर्भिक गराइएको छ :

अनि यहाँका हरेक मान्छेहरूले
नेपालभित्र विदेश खोज्ने होइन
बरु नेपाल बाहिर पनि नेपाल खोज्नुपर्छ
अझ नेपाल बाहिर पनि नेपाल रोज्नुपर्छ ।

– *नेपाल रोज्नुपर्छ*, पृ. ३३ ।

यस कवितासङ्ग्रहको २२ औँ कविताको शीर्षक *धर्तीको सतह* रहेको छ । मान्छे सबै मान्छे नै हुन् । मान्छे सबै मान्छे भएर पनि मान्छेको आचारविचार फरक रहेको भाव कवितामा व्यक्त भएको छ । मान्छेमा भौतिक, अभौतिक सबै पक्षमा असमानता रहेको छ । गरिब, धनी, शिक्षित, अशिक्षित, कालो, गोरो, नारी-पुरुष अर्थात् वर्गीय, लैङ्गिक सम्पूर्ण असमानतालाई प्रकृतिसँग जोडेर मानवीय अस्तित्व असमान हुनुमा प्रकृतिको ठूलो हात भएको भाव *धर्तीको सतह* कवितामा प्रस्तुत गरिएको छ । जसरी धर्तीको सतहमा असमानता देखिएको छ, त्यसरी नै मानवसंसारमा पनि असीमित असमानता रहेको शाश्वत अभिव्यक्ति दिइएको कवितामा शीर्षक र कथ्यवस्तुबीच उचित तालमेल मिलाइएको पाइन्छ ।

*नाम कहाँ छ ?* शीर्षकको कविता यस कवितासङ्ग्रहको तेईसौँ कविताकृतिको रूपमा रहेको छ । प्रश्नार्थक वाक्यसंरचनामा शीर्षक दिइएको छ । हातमा ठेला उठाएर, निधारमा पसिना बगाएर अरूको आज्ञालाई शिरोपर गर्ने महान् साधक मजदुरवर्गप्रति सहानुभूति राखी रचना गरिएको कविता हो, *नाम कहाँ छ ?* अथक मिहिनेत र परिश्रम गर्नेको इतिहासमा नाम रहँदैन । उद्घाटन र शिलान्यास गर्नेहरूको सम्मानपत्र शिलालेखमा लेखिन्छ । यस्तो नेपाली परम्परालाई तीव्र व्यङ्ग्य गरिएको *नाम कहाँ छ ?* शीर्षक विषयवस्तुसँग सान्दर्भिक देखिन्छ ।

कवितासङ्ग्रहको चौबीसौँ कविताको शीर्षक *मेरो चाह* रहेको छ । वाक्यांशको ढाँचामा कविताको शीर्षक दिइएको छ । स्वतन्त्रता र समानता मान्छेका जन्मसिद्ध अधिकार हो । राम्रो काम गर्न सबैले पाउनुपर्छ । गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार आजका आधारभूत आवश्यकता हुन् । यिनको उपभोग सबैका लागि खुल्ला हुनुपर्छ । बाँच्न पाउने अधिकारमा कसैको हस्तक्षेप हुनुहुँदैन भन्ने भावलाई *मेरो चाह* शीर्षक कवितामा अभिव्यक्त गरिएको छ । कविको चाहनालाई आत्मपरक ढङ्गमा अभिव्यक्त गरी मूर्तरूप दिएर शीर्षकसँग सार्थक तुल्याइएको छ ।

कवितासङ्ग्रहको पच्चीसौँ कविताको शीर्षक *एउटा गाउँ छ त्यहाँ* रहेको छ । वाक्यात्मक ढाँचामा शीर्षक दिइएको छ । अशिक्षा, रोग, शोक, भोक, पछौटेजीवन बाँचेका ग्रामीण परिवेशको चित्रण *एउटा गाउँ छ त्यहाँ* शीर्षक कवितामा गरिएको छ । नेपाललाई चिनाउन र चिन्न सहरमा होइन गाउँमा जानुपर्छ । ग्रामीण परिवेश बुझ्नुपर्छ भन्ने भाव कवितामा अभिव्यञ्जित छ । गरिबीको रेखामुनि बाँच्न विवश र आधुनिक सभ्यतादेखि धेरै टाढा रहेको गाउँको शब्दचित्र उतारेर कवितामा विषयवस्तु र शीर्षकको बीच उचित तालमेल मिलाइएको देखिन्छ ।

**समयका पदचापहरू** कवितासङ्ग्रहको छब्बीसौँ कविताकृतिको शीर्षक *जिन्दगी एक शब्दचित्र* कविता रहेको छ । वाक्यांश ढाँचामा कविताको शीर्षक राखिएको छ । जिन्दगीका भोगाइहरू सबैको आ-आफ्नै हुन्छन् । त्यसैले जीवनको परिभाषा पनि अलग-अलग छन् । सुख, दु:ख, रोग, शोक, भोकका अनुभवहरू सबैको भिन्न रहन्छन् । त्यही अनेकताका भोगाइमा जिन्दगी समेटिएको छ भन्ने जीवनबोधी चिन्तनलाई कवितामा प्रस्तुत गरी शीर्षकसँगको तादात्म्यलाई विषयवस्तुसँग मिलाइएको छ ।

कविताकृतिको सत्ताईसौँ शीर्षकको रूपमा *बाटोको माया त भरियालाई बढी हुन्छ* रहेको छ । वाक्यात्मक ढाँचा दिइएको यस कविताको शीर्षक अपेक्षित लामो रहेको छ । गरिबी, अशिक्षा र पछौटेपनको मारले थिचिएको भरियाको दैनन्दिनीलाई कवितामा व्यक्त गरिएको छ । गाँस, बास, कपासका लागि भारी बोक्न विवश भरियाको आम्दानीको साधन नै बाटो भएको कुरा उल्लेख गर्दै गाँस, बास, कपासको भरोसा रहेको बाटोप्रति अरूको भन्दा बढी भरियाकै ममता हुने भाव कवितामा अभिव्यक्त भएकाले *बाटोको माया त भरियालाई नै बढी हुन्छ* शीर्षक सार्थक देखिन्छ ।

*अज्ञात सहिदहरूप्रति* शीर्षक कविता यस कवितासङ्ग्रहको अट्ठाईसौँ कविता हो । नेपाल र नेपालीको मुक्तिका लागि हाँसीहाँसी जीवन बलिदान गर्ने वीर सहिदहरूप्रति श्रद्धासुमन प्रस्तुत कवितामा अभिव्यक्त भएको छ । वीरपूर्खाहरूको नासोलाई जोगाइराखेमा मात्र उनीहरूको सम्मान गरेको ठहर कवितामा गरिएको छ । सहिदहरूले दिएको मार्गदर्शनलाई मुटुको ढुकढुकी ठानी शिरोपर गरेमा मात्र उनीहरूको आत्माले शान्ति पाउने भाव प्रस्तुत गरेर शीर्षक र विषयवस्तुको तादात्म्य मिलाइएको छ ।

यस कवितासङ्ग्रहको उनन्तीसौँ कवितारचना *भानुसित एकछिन* शीर्षक कविता रहेको छ । भानुभक्तको समयदेखि वर्तमानसम्म थाँती रहेको भोलिवादको जगजगीलाई यस कवितामा एकातिर जोडेर देखाइएको छ भने अर्कोतिर भानुभक्तको उच्चतम् कवित्व कलाले भरिपूर्ण कृति रामायणको कथा-चरित्रलाई वर्तमान सामाजिक परिवेशसँग जोडेर देखाइएको छ । नेपाली भाषाका जन्मदाताका रूपमा रहेका भानुभक्तको भाषाप्रतिको मोहलाई अभिव्यक्त गर्दै आधुनिक पश्चिमी भाषाहरूको प्रयोगले नेपाली भाषाको बिग्रँदो र खस्किँदो अवस्थालाई देखाएर कवितामा भानुभक्तसँगको गन्थन प्रस्तुत गरी शीर्षकसँग तादात्म्य गरिएको छ ।

*ऊ मान्छे हो* शीर्षक कविता **समयका पदचापहरू** कवितासङ्ग्रहको तीसौँ कविताकृति हो । वाक्यात्मक ढाँचामा कविताको शीर्षक दिइएको छ । सार्वभौम मानवमनलाई विषय बनाइएको *ऊ मान्छे हो* कवितामा मान्छेको बहुमुखी चरित्रको अभिव्यक्ति हो भन्ने भाव प्रकट गरिएको छ । मान्छेमा दया, माया, करुणामात्र होइन लुच्याइँ, फट्याइँ, ईर्ष्या, द्वेष, घृणा पनि अन्तर्निहित छ भन्दै तृतीय पुरुष 'ऊ' पात्रको माध्यमबाट मान्छेको साझा चरित्रको वकालत गरी शीर्षक सार्थक बनाइएको छ ।

यस कवितासङ्ग्रहको एकतीसौँ कविताको शीर्षक *म एउटा जिन्दगी बाँचिरहेछु* रहेको छ । वाक्यात्मक संरचनामा शीर्षक राखिएको छ । समाजमा मानवीय मूल्य र मान्यता घट्दै गएकोप्रति अभिलक्षित गरी साधारण औसत नेपाली जीवन भोग्न बाध्य कारिन्दाको सानो जीवनकथालाई *म एउटा जिन्दगी बाँचिरहेछु* कवितामा अभिव्यक्त गरी शीर्षक सार्थक बनाइएको देखिन्छ ।

**समयका पदचापहरू** कवितासङ्ग्रहको बत्तीसौँ कविताको शीर्षक *यौटा सहर जो अकारण युद्ध घोषणा गर्छ* रहेको छ । वाक्यात्मक ढाँचामा कविताको शीर्षक रहेको छ । २०४६ सालमा बेसीसहरमा भएको जनआन्दोलनको भयावह क्रान्तिलाई कवितामा देखाइएको छ । अन्याय, अत्याचार, दमनले आक्रान्त सहरले मुक्तिका लागि युद्धको घोषणा गरेकोप्रति कविताको विषयवस्तु बनाएर भावअनुकूल शीर्षकलाई सार्थक रूप दिइएको छ ।

कवितासङ्ग्रहको तेत्तीसौँ कविताकृतिको शीर्षक *एक्लैएक्लै हिँड्न मन लाग्छ* रहेको छ । वाक्यात्मक संरचनामा शीर्षक राखिएको प्रस्तुत *एक्लैएक्लै हिँड्न मन लाग्छ* कवितामा मान्छेभित्र दया-माया, करुणा, मानवता दिनानुदिन खस्किँदै गएको, ईर्ष्या, लोभले समाज ग्रस्त भएको यथार्थता अभिव्यञ्जित छ । मानवता हराएको सहरी परिवेशबाट टाढा एक्लै बस्न चाहने कविको भावनालाई प्रस्तुत गरी शीर्षक सार्थक गरिएको छ ।

*अचार* शीर्षक कविता यस कवितासङ्ग्रहको चौतीसौँ कविताकृतिको रूपमा रहेको छ । शीर्षक *अचार*लाई शब्दात्मक संरचना दिइएको छ । मान्छेका विविध भोगाइलाई अचारको संज्ञा दिँदै मान्छेको जीवन नै अचार भएको यथार्थतालाई प्रतीकात्मक रूपमा शीर्षक सार्थक बनाइएको छ ।

कवितासङ्ग्रहको पैँतीसौँ कविताको शीर्षक *खोइ ! के भनूँ म तिमीलाई* रहेको छ वाक्यात्मक ढाँचामा शीर्षक रहेको छ । हजारौँ शान्तिकामी नेपालीहरूको छातीमा स्वार्थको खेल खेल्नेहरूप्रति सम्बोधन गरी कविता रचना गरिएको छ । छद्मभेषमा आफ्नो सङ्कीर्ण विचारलाई लाद्ने भ्रष्ट चरित्र बदल्ने ब्वाँसोहरूप्रति व्यङ्ग्य प्रहार कवितामा गरिएको छ । कहिले विश्वशान्तिको शङ्खघोष गर्ने छिनमै निर्दोषहरूमाथि हतियारको नाङ्गो नाच प्रदर्शन गर्ने, चरित्रलाई बदल्ने नेतृत्ववर्गमाथि लक्षित गर्दै कवितामा भाव र शीर्षकबीच उचित तालमेल यसरी मिलाइएको छ :

तिमी जो शान्तसँग सुतिरहेका
शरणार्थी शिविरहरूमा धावा बोल्छौ
र मार्छौ निर्दोष शिशु र आमाहरूलाई
तिमी जो आणविक परीक्षण गर्छौ
र भन्छौ
त्यो पनि विश्व शान्तिकै लागि
खोइ ! के भनूँ म तिमीलाई ।

– *खै ! के भनूँ म तिमीलाई,* पृ. ५० ।

*हाम्रो यात्रा* शीर्षक कविता यस कवितासङ्ग्रहको छत्तीसौँ कविताकृति हो । सभ्यताको सुरुवात भएको हाम्रो मुलुक विश्वको निकै गरिब राष्ट्रहरूको सूचीमा रहेको देखिन्छ । अशिक्षा, भोक, रोग र शोकले ग्रस्त हामी पछाडि परेका छौँ । साथै अन्धविश्वास, कुरीति, कुसंस्कृतिका कारण नेपालीहरूमा पछौटेपन हाबी रहेको यथार्थतालाई प्रस्तुत गर्दै नेपालीहरूको उन्नति-प्रगतिको बाधा-व्यवधानलाई कविताको भावले समेटेको छ । हाम्रो यात्रा सधैँ अधुरो रहनुका कारण अज्ञानता, अशिक्षाको अन्धकार हो भन्दै नेपालीहरूको अकर्मण्यताप्रति सङ्केत गरी यसप्रति सदा सचेत रहनुपर्ने कुरामा कवितामा जोड दिइएको छ । तसर्थ आफ्नो अविराम गन्तव्यमा हिँड्नुपर्ने सन्देशलाई *हाम्रो यात्रा* शीर्षकमा तादाम्य गरिएको छ ।

यस **समयका पदचापहरू** कवितासङ्ग्रहको सैँतीसौँ कविताको शीर्षक *तिनलाई खेद* रहेको छ । आफ्नो श्रम र पसिना पोखेर बसोबासयोग्य भूमि बनाएका भुटानका नेपाली शरणार्थीहरूको जीवनगाथा समेटिएको *तिनलाई खेद* कवितामा वाक्यात्मक संरचनामा शीर्षक राखिएको छ । भुटानका नेपाली शरणार्थी समस्यालाई विषयवस्तु बनाएर गाँस, बास र कपासका लागि सधैँ खेदिनुपर्ने विडम्बनालाई कवितामा उतारिएको छ । जीवनभर अरूकै

सेवामा लागेर रित्तो पेट लिएर खेदिएका सम्पूर्ण नेपालीहरूलाई खेद्नेलाई सबै एकजुट भएर यस्ता अन्यायी-अत्याचारीलाई खेद्नुपर्ने सन्देश अभिव्यञ्जित गर्दै कविताको भावसँग शीर्षक मिलाइएको छ ।

कवितासङ्ग्रहको अठ्तीसौँ कविताकृतिको रूपमा *बाटो मैले हिँड्नैपर्छ* शीर्षक रहेको छ । लामो कविताजस्तै लाग्ने *बाटो मैले हिँड्नैपर्छ* शीर्षक कविताको शीर्षक वाक्यात्मक संरचनामा रहेको छ । गन्तव्य निकै कष्टप्रद, जोखिमपूर्ण हुने, यात्रामा निकै चुनौतीहरू आइलागे पनि साहसीसाथ लक्ष्यमा हिँड्नुपर्ने कर्तव्यबोधी भावनालाई व्यक्त गर्दै *बाटो मैले हिँड्नैपर्छ* कवितामा भावअनुकूल शीर्षक सार्थक रहेको छ ।

यस कवितासङ्ग्रहको उनन्चालीसौँ कविताकृतिको शीर्षक *एउटा फूलबारी आस्थाको* रहेको छ । देशभक्तिका भावना पोखिएको प्रस्तुत *एउटा फूलबारी आस्थाको* शीर्षक कवितामा देशको उन्नति-प्रगतिका साथै जनताको साझा हितको पक्षमा सबैलाई जुट्न आग्रह गरिएको छ । चार वर्ण छत्तीस जातको साझा फूलबारी हाम्रो देश सबैको आस्थाको केन्द्र हुनुपर्ने कुरामा जोड दिइएको छ । सम्पूर्ण नेपालीहरूले आफ्नो जन्मभूमिलाई एउटा आस्थाको केन्द्र मानी सुन्दर फूलबारीको रूपमा स्थापित गर्न सबैसँग आह्वान गर्दै कवितामा भाव र शीर्षकको सुन्दर संयोजन गरिएको पाइन्छ ।

**समयको पदचापहरू** कवितासङ्ग्रहको अन्तिम तथा चालीसौँ कविताको शीर्षक *हामी परीक्षा दिइरहेछौँ* रहेको छ । वाक्यात्मक ढाँचामा कविताको शीर्षक रहेको छ । मान्छेको जीवनमा समस्याहरू परीक्षाको रूपमा आइरहने तथ्यलाई उजागर गरिएको प्रस्तुत कवितामा जिन्दगीको हरेक समस्या परीक्षा हुन् र हामी परीक्षाप्रति सचेत र सजग रहनुपर्ने सन्देश दिइएको छ । कविताको भाव र शीर्षकसँगको तादात्म्यलाई कविले कवितामा यसरी गरेका छन् :

अनगिन्ती साध्यहरू छन् हाम्रो अगाडि
चेतनाको घण्टी बजिरहेछ पलपल
समाधान गर्न धेरै बाँकी छन् समस्याहरू
रोज्न बाँकी छन् थुप्रै विकल्पहरू
हामीले रत्तिभर विश्राम गरेका छैनौँ
हामी परीक्षा दिइरहेछौँ ।

– *हामी परीक्षा दिइरहेछौँ,* पृ. ६० ।

यसरी यस **समयका पदचापहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको शीर्षक र विषयवस्तुबीच उचित संयोजन भएको देखिन्छ ।

## ५.२.४ भाषाशैली

कुनै पनि कुरा व्यक्त गर्नका लागि भाषाशैलीको आवश्यकता पर्दछ । मानवीय मनमा उदीप्त भावलाई अभिव्यक्त गर्ने कौशलता वा पद्धति नै भाषाशैली हो । कविताको भाषाशैली

भन्नु जुन अर्थको कथन कुनै कविताकृतिले गर्नु छ त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुनसक्ने गरी वर्ण, शब्द/पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेदविधानसमेत सिर्जित हुने कुरा हो ।[३६] कवितामा आउने भाषाशैलीले रागात्मक, मधुरता, सुकुमारता आदिको सन्तुलित संयोजन पाउन सकेन भने कविता कविता नभएर अकविता बन्न पुग्दछ । कवितामा भाषाशैली अभिधामूलक मात्र नभएर त्यसभन्दा पर लक्षणा र व्यञ्जनामूलक हुनुपर्दछ । भाषाशैलीका दृष्टिले गोविन्दबहादुर कुँवरको **समयका पदचापहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरू सरल, सुमधुर, सुबोध्य र प्रभावपूर्ण रहेका देखिन्छन् । वर्तमान समयमा मानवजीवनले भोग्नुपर्ने कतिपय अप्ठेरा स्थितिहरू, विकृति, विसङ्गतिमाथि व्यङ्ग्य र विद्रोहका स्वर कवितामा सुसेलिएको पाइन्छ । कतै प्रणयभाव, कतै राष्ट्रभक्ति भावले ओतप्रोत कविताहरूलाई कलात्मक रूपमा सिँगारिएको पाइन्छ । कवितासङ्ग्रहका कविताहरूमा अभिधार्थभन्दा व्यञ्जनात्मक भाषिक अभिव्यक्तिका रूपमा राष्ट्रिय-अन्तर्राष्ट्रिय जीवनका विसङ्गतिलाई उधिनेर वर्ण, पद, पदावली र वाक्यस्तरसम्ममा आन्तरिक लयलाई प्रभावपूर्ण बनाइएको छ । कतै अङ्ग्रेजी, हिन्दी तथा आगन्तुक शब्दहरूको प्रयोग साथै तत्सम शब्द अनि पौराणिक बिम्ब, मिथक तथा अलङ्कारको प्रयोगले कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको भाषाशैली कलात्मक रहेको छ ।

## ५.२.५ लयविधान

कवितामा सङ्गीतात्मकता र लयात्मकताले नै सामान्य गद्यको भाषा र कविताको भाषालाई छुट्टाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । कविताविधामा लय भन्नासाथ छन्द भन्ने बुझिन्छ । लयले काव्यकवितामा अभिव्यक्त अनुभूतिलाई वेग प्रदान गरी रसात्मक ल्याउने काम गर्दछ । छन्दका वार्णिक, मात्रिक, मुक्तलय रूप पाइए तापनि मुख्यत: कवितामा दुई प्रकारको लय रहेको देखिन्छ – आन्तरिक लय र बाह्य लय । आन्तरिक लयमा पङ्क्तिस्तरमा पाइने अनुप्रासिकता पङ्क्तिपङ्क्तिबीच पाइने अन्त्यानुप्रासिकता, अन्त:सङ्गीतको प्रस्फुरण आदि हुन्छ भने बाह्य लयमा गण र मात्राको मिलनद्वारा स्वत:स्फूर्त रूपमा आउने लयात्मकता पर्दछ । कवितामा बाह्य लय मिले तापनि आन्तरिक लय सशक्त रूपमा आउन सकेन भने असल कविता बन्न सक्दैन । त्यसैले कविता बन्नका लागि बाह्य लयभन्दा आन्तरिक लय सशक्त रूपमा आउनुपर्दछ । आन्तरिक लयले कवितालाई श्रुतिमधुर बनाउनुका साथै जीवन्त तुल्याइएको हुन्छ । गद्यकवितामा बढी मुक्तता र कम पद्य लयात्मक अनुशासन रहेको हुन्छ । यसको परिधिभित्र रहेर नियमित लयात्मकताको सन्तुलित आयोजना गर्नसकेको अवस्थामा मात्र गद्यकविताको रचना गर्न सजिलो हुन्छ । भाषाशैलीको पङ्क्तिगत र पङ्क्तिपुञ्जगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत नै लयविधानको लक्ष्य हो । लयसन्धानका दृष्टिले गोविन्दबहादुर कुँवरको **समयका पदचापहरू** कवितासङ्ग्रहका कविताहरू अत्यन्त

---

३६ ऐजन, पृ. १९ ।

सशक्त छन् । मुक्त प्रकृतिको विशिष्ट लयविधानलाई अझ सशक्त बनाएको छ । लयगत र मिठास कविताहरूमा पर्याप्त छ । आनुप्रासिकताको बाहुल्यताले लयगत साङ्गीतिकतालाई अरू घनत्व प्रदान गरेको छ । द्रष्टव्य :

इतिहास त दुख्यो-दुख्यो
दुखाइको कुनै लेखो छैन
भएन
कहिले यो हिटलर भएर दुख्यो
कहिले मुसोलिनी भएर
कहिले कोतपर्व भएर दुख्यो
कहिले कम्बोडिया भएर
त्यत्तिले नपुगेर
वर्तमान पनि त दुख्दैछ ।

– *भविष्य नदुखे हुन्छ,* पृ. ३ ।

यसमा कतै लोकलयको पनि प्रयोग भएको पाइन्छ :

मलाई मेरै संसारमा भुल्न देऊ
मलाई मेरै संसारमा डुल्न देऊ ।

– *मलाई माटोको गीत गाउन देऊ,* पृ. २७ ।

यसरी आन्तरिक र बाह्य लयद्वारा सिँगारिएको यस सङ्ग्रहमा सङ्गृहीत कविताहरू श्रुतिमधुर र कर्णप्रिय देखिन्छन् । साथै लयविधान सशक्त रहेको छ ।

## ५.२.६ कथनपद्धति

कथनपद्धतिको शाब्दिक अर्थ हुन्छ, अभिव्यक्त गर्ने तरिका वा व्यक्त गर्ने प्रणाली । ज्ञानविज्ञानका अन्य क्षेत्रमा जस्तै कविताविधामा पनि कथनपद्धतिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कविता मूलत: आत्मालाप वा मनोलाप गर्ने भाषिक कथनकला हो तापनि त्यस मनोलाप वा मनोगुन्गुनको अभिव्यक्ति गर्ने श्रुतिरम्य कथन अपेक्षित हुन्छ ।[३७] कवितामा जब कवि आफैँ कथन गर्दछ भने त्यस्तो कथनलाई कवि-प्रौढोक्ति कथन भनिन्छ । यसमा कविता कथयिताले आत्मपरक वा वस्तुपरक अभिव्यक्ति दर्शक वा श्रोतालाई सम्बोधन गरेर अभिव्यक्त गरेको हुन्छ । त्यस्तै कविता कथयिताले कवितामा अर्कै वक्तालाई उभ्याएर आफ्नो कथन वा अभिव्यक्तिलाई उसको माध्यमबाट भन्न लगाउँछ भने त्यस्तो कथनपद्धतिलाई कविनिबद्ध वक्तृ-

३७ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०५६), पृ. २० ।

प्रौढोक्ति कथन भनिन्छ । कवि-प्रौढोक्ति आत्मपरक अभिव्यक्ति भएको हुनाले यसमा कवि स्वयम्ले कविताभित्र संवाद मनोवादको सिर्जना गर्न सक्दछ भने कविनिबद्ध वक्तृ-प्रौढोक्तिमा कवि स्वयम् कवितामा नबोलेर अर्को कुनै वक्तालाई त्यहाँ स्थापित गरी आफ्ना कथ्य कुरालाई आख्यानीकृत गर्दै कथन गरेको पाइन्छ । कवि गोविन्दबहादुर कुँवरको **समयका पदचापहरू** कवितासङ्ग्रहभित्रका कविताहरू प्रथम पुरुष कथनपद्धतिमा कथित वा आत्मालापित भएका छन् । कतै प्रथम पुरुष कथनपद्धतिको माध्यमबाट पनि कतैकतै द्वितीय पुरुषमा सम्बोधन गरी आत्मालापित भएका छन् ।

## ५.२.७ संरचना

कथ्य र पद्यलयात्मकताका साथै कविता एउटा संरचना हो । आङ्गिक वस्तुका अङ्गहरू र ती अङ्गहरूका प्रतिफलको सालाखाला रूपलाई संरचना भनिन्छ । संरचना कविताको ठूलो एकाइ हो । जसमा छन्द, लय आदि बुनोटका एकाइहरू व्यवस्थित भएर कार्य गर्दछन् ।[३८] कविताको बाह्य संरचनाअन्तर्गत कविताकृतिको सार्थकता, शीर्षक, शैली, शब्दसंरचना, पङ्क्ति, श्लोक, अनुच्छेद, सर्गयोजना, अनुप्रासमय पदावली आदि पर्दछन् । कविताको लघुतम रूपको संरचना स्वत:स्फूर्त रूपमा आएको हुन्छ । तर कविताले लघु र त्योभन्दा विस्तृत रूप मध्यम र त्यो बृहत् रूपलाई प्राप्त गर्न थाल्दछ । तब यसले संरचना प्राप्त गर्न थाल्दछ । कविताकृतिको बाह्य संरचना भाषिक वा शैलीगत प्राप्ति हो ।[३९] कविताकृतिको आन्तरिक संरचना त्यस कृतिमा अङ्गालिएको कथनपद्धतिको माध्यमबाट थालिन्छ र सिधै कविकथन, आख्यानीकरण र नाटकीकरणका सूक्ष्म वा स्थूलप्रक्रिया नि कथनपद्धतिकै भेद हुन् । उक्त कथनपद्धतिद्वारा नै कथ्य, भाव वा विचार र त्यससँग सम्बन्धित सन्दर्भ तथा सामग्रीको कथन कवितामा गरिएको हुन्छ । कविताको आन्तरिक संरचना केन्द्रीय कथ्य, भाव-विचारको उठान, विकास र अन्तिम रागात्मक परिणतिको यात्रापथ ठहर्छ ।[४०] कविताले अँगाल्ने कथनपद्धतिमा वा संरचनाप्रक्रियामा प्रथम पुरुषात्मक वा तृतीय पुरुषात्मक र (बेलाबखत द्वितीय पुरुषात्मक : संवादात्मक) कविकथन फुटकर कविताको लागि पर्याप्त हुनसक्छ । मानवीय अनुभवको क्षणविशेष वा एक खास मनोदशालाई फुटकर कवितामा केवल सूक्ष्म अन्तर्आख्यान वा अन्तर्दृश्य र अन्तर्नाटकीकरण आए पनि आख्यानीकरण वा नाटकीकरणको विशेष बाह्य योजना अपेक्षा गरिएको हुँदैन ।[४१]

सरल, श्रुतिमधुर, सुबोध्य अभिव्यक्तिहरू प्रवाहपूर्ण शैलीमा अभिव्यक्त गरिएको सिङ्गो चित्रको रूपमा रहेको कुँवरको यस **समयका पदचापहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरू प्राय: एक पङ्क्तिपुञ्जदेखि ६ पङ्क्तिपुञ्जसम्ममा फैलिएका पाइन्छन् । कतै पङ्क्तिपुञ्जहरूलाई

---

३८ ऐजन, पृ. १९ ।

३९ ऐजन, पृ. १८ ।

४० वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, केशव सुवेदी, पूर्ववत्, पृ. १८ ।

४१ ऐजन, पृ. १३ ।

अङ्क दिइएको छ भने कतै अङ्क नदिई कविता टुङ्ग्याइएको छ । *कविता ! मेरी प्रेयसी* दुई अनुच्छेदीय संरचनामा संरचित छ भने *पाँच टुक्रा* शीर्षकको कवितामा पाँच अनुच्छेद अङ्क दिइएको छ । यसैगरी *भानुसित एकछिन* र *बाटो मैले हिँड्नैपर्छ* शीर्षक कविता ६ अनुच्छेदीय पङ्क्तिपुञ्जमा रचिएको छ । कवितासङ्ग्रहको सबैभन्दा छोटो ९ पङ्क्तिपुञ्जमा लामो १०१ पङ्क्तिको कविता रहेको छ । कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा एक शब्दको पङ्क्तिदेखि एघार शब्दको पङ्क्तिसम्म रहेका छन् । प्रत्येक कविताको अन्त्यमा तारा (★) चिह्न दिइएको छ । **समयका पदचापहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको पङ्क्तिहरूमा साङ्गीतिक चेत एवम् आन्तरिक लयबद्धता साथै कतैकतै बाह्य लयबद्धता पनि पाइन्छ । साहित्यिक मूल्य र मान्यताका दृष्टिले हेर्दा कवि कुँवरका कविताहरू भावपक्षमा सबल र कलापक्षमा गौण देखिन्छन् ।[४२] सबै कविताहरूमा एकै किसिमको लयात्मकता पाइँदैन तर पनि कुनै-कुनै कवितामा अन्त्यानुप्रासिकताले लयात्मकताको सिर्जना गरेको देखिन्छ ।

अब मात्रै एउटै चाहना छ । सङ्कल्प छ'
इतिहास त दुख्यो-दुख्यो
वर्तमान जति दुख्छ दुखोस्
भविष्य एउटै नदुखे हुन्छ,
यो क्रम फेरि
नदोहारिए पुग्छ ।

– *भविष्य नदुखे हुन्छ,* पृ. ३ ।

अझ जातिवादी पर्खाल भत्काउन बाँकी नै छ,
रङ्गभेदी पर्खाल भत्काउन बाँकी नै छ,
गरिबीको पर्खाल भत्काउन बाँकी नै छ,
सम्पूर्ण बन्द झ्यालढोकाहरू खोलेर
विश्वमानवले उन्मुक्त सास फेर्न बाँकी नै छ,
अनि मान्छे मात्रको एउटै चाहना
'रोटी माग्दा कतै गोलीले नभुटोस्
बोली माग्दा कतै टैङ्कले नथिचियोस्'
पूरा हुन बाँकी नै छ ।

– *पर्खाल,* पृ. १९ ।

---

४२ भूपनिधि पन्त, *भूमिकालेखन,* **समयका पदचापहरू**, गोविन्दबहादुर कुँवर, (पोखरा : सप्तगण्डकी प्रकाशन प्रा.लि., २०४८), पृ. क ।

उपर्युक्त कवितांशमा *बाँकी नै छ* जस्ता शब्दहरूको आवृत्तिले कवितामा लयात्मकता प्रदान गरेका छन् । बाह्य लयसंरचना दुर्बल रहे पनि कवितामा आन्तरिक लयसंरचना सुगठित छ । पूर्वीय साहित्यको सैद्धान्तिक मान्यतालाई कविताले संवरण गरे पनि शास्त्रीय छन्दभन्दा टाढा गद्यकवितात्मक रूपमा कविताले संरचना पाएको छ । कविताहरू आन्तरिक लयचेतनाका माध्यमबाट युगीन चेतना मुखरित गर्न सफल देखिन्छन् ।

अत्यन्त सरल, सहज, सम्प्रेष्य भाषामा मानवीय जीवनका असन्तोष र पीडाबोध, राजनीतिको घिनलाग्दो प्रवृत्तिको आक्रोश र मानवतावादी भाव साथै देशप्रेमको भावनालाई चित्रात्मक रूपमा प्रस्तुत कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा प्रस्तुत गरिएको छ ।

## ५.२.८ बिम्बविधान

बिम्ब, अलङ्कार आदि कविताको आभूषणका रूपमा रहेका हुन्छन् । जसरी सुन्दर नायिकालाई विभिन्न प्रकारका अलङ्कार (आभूषण) आदिले अझ सुन्दर बनाउँछ । त्यसरी नै कविता वा कृतिमा पनि केन्द्रीय भावसँग गाँसिएर बिम्बले कविताको कलात्मक सौन्दर्यलाई अझ प्रकाशित पार्ने काम गर्दछ । त्यसैले बिम्बविधानलाई कविताको एउटा महत्त्वपूर्ण तत्त्वको रूपमा लिइन्छ । कुनै पनि कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो ।[४३] जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुनसक्छ । बिम्बले कविताको भावलाई परिपोषक र भावलाई व्यञ्जनात्मक बनाउन सहयोग गर्दछ । कविताकृतिको सौन्दर्यलाई आफ्नै प्रकारले प्रकट गरेको हुन्छ भने वक्रोक्ति र अतिसयोक्तिद्वारा सिर्जना गरिएका बिम्ब तथा अलङ्कारले कवितालाई विशेष चमत्कारी बनाएको हुन्छ ।

विश्लेष्य **समयका पदचापहरू** कवितासङ्ग्रह कृतिको शीर्षक आफैँमा प्रतीकात्मक रहेको छ । दिनानुदिन समय कठोर र हृदयविहीन हुँदैगएको भाव कवितासङ्ग्रहमा अभिव्यञ्जित छ । समयसँगै मान्छेले पनि समयकै कठोरतालाई साथडी बनाउँदै एकअर्काप्रति दयालु, उदारता र सहानुभूतिलाई समयचक्रसँगै बदा दिइसकेको छ । यसै समयको पदचापले आजको हर क्षेत्रमा मान्छे क्रूरतापूर्ण जीवन जिउन बाध्य बनेको छ । मानवताको ह्रास भएको वर्तमान परिप्रेक्ष्यमा **समयको पदचापहरू** कविताकृतिको शीर्षक व्यञ्जनात्मक रूपमा देखिन्छ । एकातिर कविताकृतिको शीर्षकमा नै क्रूरताको छाया भेट्न सकिन्छ भने कवितासङ्ग्रहभित्र सङ्गृहीत सम्पूर्ण कविताहरूमा विविध बिम्बहरूको प्रयोग देखिन्छ । जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट कविताकृतिहरूमा बिम्बहरूको प्रयोग गरिएको छ । कतै आद्यबिम्बको छ भने कतै स्थानीय बिम्बहरूको प्रयोग कविताहरूमा भएको पाइन्छ । दूधपोखरीको जलझैँ, हिटलर, मुसोलिनी, कोतपर्व, प्रिटोरिया, कम्बोडियो, साइबेरिया, हिरोसिमा, सेता परेवाहरू, नेल्सन मन्डेलाहरू, यासिर अराफातहरू, कृष्णलाल, देवकोटा, सीता, भृकुटी, रक्तबीजका सन्तान,

४३ वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, केशव सुवेदी, पूर्ववत्, पृ. २० ।

औरसपुत्र, मार्कोस, चाउचेस्कु, बर्लिन, रावण, दु:शासन, छेपारो आदि मिथकीय बिम्ब र प्रतीकहरूले कवितासङ्ग्रहका कविताहरूमा विशेष चमत्कार प्रदान गरेका छन् । सङ्गति र व्यतिरेक, प्रश्न, संशय, तर्कवितर्क, द्वन्द्व, विरोधाभास, स्वभाव, वस्तुता र आदर्शीकरण, प्रशंसा, व्यङ्ग्य, उपहास आदिका बिम्बालङ्कारहरू कवितासङ्ग्रहमा सङ्गृहीत कविताको कतै पूरै रूपमा त कतै आंशिक रूपमा प्रयोग गरिएको छ । बिम्बविधानको सशक्त प्रयोग गरिएको यस काव्यकृतिको एउटा नमुना यसप्रकार रहेको छ :

कहिले यो हिटलर भएर दुख्यो
कहिले मुसोलिनी भएर
कहिले यो कोतपर्व भएर खुल्यो
कहिले कम्बोडिया भएर
त्यतिले नपुगेर
वर्तमान पनि दुख्दैछ
कहिले प्रिटोरिया दुख्छ
कहिले साब्रा/साटिला दुख्छ
इथियोपिया दुख्छ कहिले
साइबेरिया पनि दुख्छ ।

– *भविष्य नदुखे हुन्छ,* पृ. ३ ।

यसप्रकार विभिन्न बिम्ब तथा प्रतीकहरूको प्रयोग गरी रचना गरिएको यस कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको भाव सघन रूपमा रहेको देखिन्छ ।

## ५.२.९ केन्द्रीय भाव

कवितामा भाव हुनु नितान्त आवश्यक हुन्छ । भावविना कविता रसविहीन सुन्तलाजस्तै हुन्छ । यसैले भावलाई कविताको रस अथवा आत्मा भनिएको हो । स्रष्टाको अन्तर्मनमा सुषुप्त अवस्थामा रहेका भावहरूलाई कल्पनाको माध्यमबाट उद्दीप्त गराई जब सूक्ष्म रूपमा रहेका अनुभूतिहरूले अभिव्यक्तिको ढोका घचघच्याउने गर्छन् तब काव्यात्मक भाषाको माध्यमबाट कविताको रूपमा बाहिर प्रकट हुन पुग्दछन् । कविताले कच्चासामग्रीको रूपमा रहेको केन्द्रीय भावहरूलाई कविले काव्य हेतुका रूपमा रहेका प्रतिभा, व्युत्पत्ति र अभ्यासबाट निरन्तरता प्रदान गर्दै कलात्मक कविताको रूपमा यसलाई प्रकटीकरण गर्दछ । केन्द्रीय कथ्यलाई आन्तरिक र बाह्य संरचनाले कलात्मक रूपान्तरण गर्दै लय, भाषा, शैली, प्रतीक आदिको माध्यमद्वारा कविताको आकार प्रस्ट रूपमा देखाइएको हुन्छ ।

समसामयिक कवितायात्राको गोरेटोमा देखापरेका गोविन्दबहादुर कुँवरको **समयका पदचापहरू** कवितासङ्ग्रहमा समसामयिक परिवेशमा सिर्जित विविध परिस्थिति साथै राजनीतिक, सामाजिक, आर्थिक जटिलताहरूलाई विषयवस्तु बनाएर व्यञ्जनात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । २०४६ सालको राष्ट्रिय जनआन्दोलनताका लेखिएको कविताहरू भएका यस कवितासङ्ग्रहभित्रका कविताहरूलाई भाव तथा विचारका आधारमा यसरी अध्ययन गर्न सकिन्छ ।

### ५.२.९.१ **जीवनबोधका कविताहरू**

यस **समयका पदचापहरू** कवितासङ्ग्रहभित्र धेरैजसो कविताहरूमा जीवनका बाध्यता, विवशताहरूले थिचिएका नेपाली जीवनको पीडा, शोषण, दमन, आर्थिक असमानताले सिर्जित जीवनका विविध दुर्दशा तथा कुण्ठाहरू साथै भविष्यप्रतिको आशावादितालाई उल्लेख गरिएको छ ।

नेपाली जीवन रोग, शोक र भोकले ग्रस्त छ । दु:ख खेप्नु नेपालीहरूको नियति नै बनिसकेको छ । नेपालीहरू अहिलेसम्म जेजति दु:ख-कष्ट, पीडाको अनुभव गरे पनि बाँकी जीवन यस्तो दु:खद नहोस् भन्ने सद्भाव व्यक्त गर्दै जीवनप्रतिको आशावादिताको स्वरलाई यसरी अभिव्यक्त गरिएको छ ।

अब मात्रै एउटा चाहना छ, सङ्कल्प छ
इतिहास त दुख्यो-दुख्यो
वर्तमान जति दुख्छ दुखोस्
भविष्य एउटै नदुखे हुन्छ
यो क्रम फेरि
नदोहोरिए पुग्छ ... ।

– *भविष्य नदुखे हुन्छ,* पृ. ३ ।

सफलता-असफलता, सन्तुष्टि-असन्तुष्टि, प्राप्ति-अप्राप्तिलाई आपसमा साटासाट गर्नुपर्ने भाव *आउन ल एकछिन* कवितामा गरिएको पाइन्छ । सौहार्दता, भातृत्वको भावना सबैमा विकसित गर्नुपर्ने आवश्यकता दर्साउँदै सुखदु:खका अनुभूतिले जीवनमा शान्ति, सद्भाव अभिवृद्धि हुने कुरालाई कवितामा यसरी व्यक्त गरेका छन् :

समयले पारेका नीलडामहरू
म पनि देखाउने छु
नियतिले खोपेका दागहरू
बिर्सेर तीतो वर्तमानलाई

नसम्झेर एकैछिन

जिन्दगीका उकाली-ओरालीहरूलाई

आउन त एकछिन सुस्ताऊँ ।

– *आउन ल एकछिन् ...*, पृ. १३ ।

जीवनको आधार नै विश्वास हो । विश्वास नै उन्नतिको गोरेटो हो । शङ्का लागेको फिलिङ्गो हो । मानवीय कमजोरी हो भन्दै आजको परिवेशमा सबैमा विश्वास हराइसकेकाले आफू पनि अविश्वासी बनेको तीतो सत्यलाई कवितामा यसरी उतारेका छन् :

सङ्कट पनि कस्तो भने

स्वास्नी र छोराछोरीको त के कुरा

आफ्नै आमाको पनि

विश्वास लाग्न छोडिसक्यो

भित्तादेखि पनि

शङ्का लाग्न थालिसक्यो ।

– *पाँच टुक्रा,* पृ. २० ।

अभावविना जीवनको मूल्य बुझ्न सकिँदैन । अभावको जीवन वास्तविक जीवन हो । मीठो पिठो दुई छाक पेटभरि खान पाउनु सानो कुरा होइन । झुपडी नै किन नहोस् सबैमा शान्ति र सद्भावको न्यानो प्रेममा नै जीवन फल्नफुल्न सक्छ । गगनचुम्बी भवनमा बसेर आफन्तलाई पराई ठान्ने सभ्यताप्रति कविको आक्रोश छ । छिमेकी रोए आफू रुने, छिमेकी हाँसे आफू हाँस्ने, अरूको हित र भलाइमा जीवन समर्पित गर्ने कविको चाहना कवितामा यसरी अभिव्यञ्जित छ :

त्यसैले आकाश छुने घरको

तिर्सना छैन मलाई

आफन्तलाई पराया सम्झने

सभ्यता पनि चाहिँदैन मलाई

मेरा मान्छे हाँसे म पनि हाँस्छु

मेरा छिमेकी रोए म पनि रुन्छु

रुवाइको बीचमा म कसरी हाँस्न सक्छु र ?

बिर्सेर आफैँलाई

म कसरी बाँच्न सक्छु र ?

– *म यसरी बाँच्छु,* पृ. २५ ।

कवि कुँवर कर्मठ-कर्मशील जीवनप्रति आफ्नो अटल श्रद्धाभाव व्यक्त गर्दछन् । जीवनको अर्को रूप कर्म हो । कर्मले नै जीवनलाई धन्य बनाउँछ । स्वाभिमानी र स्वतन्त्रतापूर्वक कर्म गर्नु नै नैसर्गिक अधिकार हो । कर्मक्षेत्रमा कसैले कसैको हस्तक्षेप र भेदभाव हुनुहुँदैन भन्दै सबैले श्रमप्रति विश्वास र श्रद्धा-सम्मान गर्नुपर्छ भन्ने कर्मशील जीवनको गान यसरी गाएका छन् :

अनि कसैको पसिना सारा मोती-मोती र

कसैको रगत पनि फगत् पानी-पानी हुनुहुन्न ।

– *मेरो चाह,* पृ. ३६ ।

मान्छेको जीवन विविधतामय छ । सबैको जीवनको परिभाषा अलग-अलग छन् । आफ्नो भोगाइको यथार्थ नै जीवन हो, जिन्दगी हो । विविधतामय जीवनको परिभाषालाई *जिन्दगी – एक शब्दचित्रमा* यसरी व्यक्त गरेका छन् :

कतै जिन्दगी

घाउ र पीडाले ग्रस्त छ

कतै जिन्दगी छिनुले पहरो फोर्न व्यस्त छ ।

– *जिन्दगी एक शब्दचित्रमा,* पृ. ४० ।

कसैको जीवन पीडा र मर्मले भरिएको छ । कसैमा भोको पेट जिएर बाँच्नुपर्ने बाध्यता छ । कसैको खावा खीरमा पनि असन्तुष्ट छ । जीवन सोचेजस्तो र रोजेजस्तो नहुने भएकाले आफ्नो जीवनप्रति कोही पनि सन्तुष्ट नभएको भाव कवितामा यसरी व्यक्त भएको छ :

कतै जिन्दगी

साग र सिस्नुले पनि सन्तुष्ट छ

कतै जिन्दगी

मेवा, मिष्ठान्नले पनि असन्तुष्ट छ

कतै जिन्दगी

रोटीका टुक्राहरूमा अनुवादित छ ।

– *जिन्दगी एक शब्दचित्रमा,* पृ. ४० ।

बहुसङ्ख्यक गरिबीको रेखामुनि दिनहरू गुजारिरहेका नेपालीहरूमा विकासले जति फड्को मारे पनि उनीहरूको जीवनस्तरमा खासै परिवर्तन नआएकोमा कवि चिन्तित देखिन्छन् ।

मानिसमा असङ्ख्य मानवीय संवेदनाहरू हुन्छन् । तिनै संवेदनाहरूको सशक्तताबाट जीवनको मूल्यको पहिचान गर्न सकिन्छ । जोस, जाँगर, आँट, आकाङ्क्षा, राग, द्वेष, घृणा,

सम्झौता, जिजीविषा, लिप्सा, मोह, सपना-विपना, दया, माया, करुणा, लुच्याइँ, फट्याइँ, छुच्याइँ, दुष्ट्याइँ सबैको पुञ्ज नै मान्छे हो भन्दै यी भावनाहरू परिवेशअनुसार बाहिर प्रस्फुटन भएमा मात्र मान्छेको असली परिचय हुने भाव *ऊ मान्छे हो* कवितामा यसरी व्यक्तिएको छ :

ऊ मान्छे हो
उसभित्र जोस-जाँगरहरू छन्
सगरमाथा
आरोहण गर्ने आँट-आकाङ्क्षाहरू पनि छन् ...
उसभित्र दया, माया, करुणाहरू छन्
छुच्याइँ, लुच्याइँ र दुष्ट्याइँहरू पनि छन् ।

– *ऊ मान्छे हो,* पृ. ४५ ।

मानिस तिनै मानवीय संवेदनाहरूबाट सञ्चालित हुन्छ । तिनै सम्पूर्ण संवेदनाहरूको समष्टि रूप नै मानवीय जीवन हो भन्ने अभिव्यक्ति प्रतीकात्मक रूपमा *अचार* शीर्षक कवितामा यसरी अभिव्यञ्जित छ :

अलिकति कुण्ठा
र केही निराशाहरू
थुप्रै आशाहरू
बग्रेल्ती जिजीविषाहरू
थोरै आक्रोश र उत्साहहरू
पोलपाल पारेपछि
किचकाच पारेपछि
जिन्दगी अचार
बन्दोरहेछ
अचार नै जिन्दगी बन्दोरहेछ ।

– *अचार,* पृ. ४९ ।

जीवन अविरल यात्रा हो । यही अविरल यात्रामा सुखदु:खलाई जीवनका साथी बनाएर हिँड्ने कविको आग्रह छ । आलस्य, निराशालाई थन्क्याएर दु:खका काँडाहरूलाई पन्छ्याएर हिँडेमा यात्रा सफल रहने नत्र हाम्रो यात्रा सपना मात्र हुने भाव *हाम्रो यात्रा* कवितामा यसरी प्रस्तुत गरिएको छ :

थकाइलाई पैतालामा राखेर
दु:खाइलाई काखी च्यापेर
निराशालाई झोलामा थन्काएर

ढुङ्गालाई पल्टाउँदै

काँडाहरू पन्छाउँदै

सुरु गर्नुपर्ने हाम्रो यात्रा

फगत सपना-सपना भएछ,

फगत सपना-सपना भएछ ।

– *हाम्रो यात्रा,* पृ. ५१ ।

मानिस जीवनरूपी परीक्षामा हरदम तयार रहनुपर्छ । परीक्षा उन्नतिको गोरेटो हो । प्रगतिको सिँढी हो । जीवनको प्रत्येक पलमा नियतिले हाम्रो परीक्षा लिइरहेको छ । अनगिन्ती साध्यहरूले चेतावनीको घन्टी बजाउँदै हामीलाई सतर्क बनाइरहेको हुन्छ । समस्याका समाधानमा विश्राम नगरीकन विकल्पहरूको छनोट गरी अविरल परीक्षा दिइरहेका हाम्रो गतिशील जीवनको चित्रलाई कवितामा यसरी उतारिएको छ :

हामी पहाडजस्तो स्थिर छैनौँ

हामी हिमालजस्तो निश्चल छैनौँ

हामी प्रत्येक पाइलामा हिँडिरहेछौँ

हामी परीक्षा दिइरहेछौँ ।

– *हामी परीक्षा दिइरहेछौँ,* पृ. ६० ।

प्रस्तुत **समयका पदचापहरू** कवितासङ्ग्रहमा सङ्गृहीत अधिकांश कवितामा कतै पूर्णरूपमा त कतै आंशिक रूपमा जीवनका मूल्य, मान्यता, आदर्श र यथार्थता पोखिएको छ । आफ्नो भोगाइलाई सार्वभौम गर्दै कविले विश्व मानवसभ्यताकै धरातलमा जीवनवादी चेतना यस कवितासङ्ग्रहमा मुखरित गरेको पाइन्छ । राष्ट्रिय-अन्तर्राष्ट्रिय विषम परिस्थितिमा जीवनको अर्थ र मूल्य खोज्ने प्रयास कविताको एउटा पाटो हो । विश्वबन्धुत्वको भावनाले कविता अभिसिञ्चित छ । त्यस्तै मानवतावादलाई कवितामा छताछुल्ल पोखिएको छ । विश्वरङ्गमञ्चमा मानवजीवनको अस्तित्व चिहाउने प्रयास कवितामा सफल देखिन्छ । समग्रमा मानवतावादी धरातलमा मानवीय जीवनदर्शनलाई प्रस्तुत गरी कर्मदर्शनको दार्शनिक अभिव्यक्ति कविताहरूमा छरपस्ट पारिएको छ ।

### ५.२.९.२ राष्ट्रप्रेम एवम् देशभक्ति चेतनामूलक कविताहरू

यस कवितासङ्ग्रहभित्रका कविताहरूमा देशप्रेमका भावनाहरू छचल्किएका छन् । आफ्नो देशप्रति आम नेपालीहरूले गर्नुपर्ने कर्तव्यलाई कविताहरूमा देखाइएको छ । सङ्गृहीत कविताहरूमा तत्कालीन नेपाली राष्ट्रिय परिवेश, राजनीतिक सङ्कीर्णता, मानवीय मूल्य एवम्

पीडालाई राम्रोसँग उद्घाटित छ । साथै देशप्रतिको माया वा राष्ट्रप्रेम पनि सशक्त रूपमा कवितामा अभिव्यक्त भएको छ ।

नेपाली राष्ट्रिय मूल्य र मान्यताप्रति सचेष्ट उनका कविताहरूले देशका गाउँ र कुनाका समस्याहरूलाई छुन पुगेका छन् र देशनिर्माणको सन्देश यसरी दिन सकेका छन् :

राजधानीले कहिल्यै नसुनेको
विकासकेन्द्रले कहिल्यै नदेखेको
जिल्ला सदरमुकामले कहिल्यै नभेटेको
एउटा गाउँ छ; फू
हुनसक्छ त्यो देशको
मानचित्रमा
कतै छापेको नहोस्
हुनसक्छ, विकासका
रेखाचित्रहरूमा
त्यो कतै उठेको नहोस्
तर सीमानाभित्र कतै
एउटा गाउँ छ; फू ।

– *फू: एउटा गाउँ,* पृ. ६ ।

वास्तवमा देशमा अहिले पनि यस्ता गाउँहरू छन्, जहाँ मानिसहरूले देशको नागरिकको रूपमा आफूलाई चिनाउन पाएका छैनन् । कतिपय गाउँहरू, जहाँ राज्यले तिनको समस्या बुझ्न सकेको छैन । राज्यको केन्द्रले पनि देख्न नसकेको त्यस्ता थुप्रै गाउँहरूको समस्यालाई 'फू' गाउँका माध्यमबाट अगाडि सार्दछन् । र त्यस्ता विकट र विकासशून्य गाउँहरूमा बसेका नेपालीहरूको विकास गर्न आवश्यक भएको सन्देश कवितामा अभिव्यक्त गर्दछन् ।

कवि कुँवरलाई देशको माया असाध्यै छ । त्यसैले जन्मभूमिलाई दानवहरूले बन्धकमा पारेर अस्तित्व समाप्त पार्न लाग्दा पनि त्यसको विरोध गर्ने अवसर आफूले नपाएको बरु राष्ट्रलाई कङ्काल बनाउने राष्ट्रद्रोहीहरूलाई पुरस्कृत गर्दै लगिएको, भ्रष्टाचारीहरूले सम्मान पाएको, हाटहुटे, लाटलुटे र तस्करहरू सम्मानित भएको तर देशका लागि मर्नेहरूलाई तिरस्कार गरिएको राष्ट्रिय राजनैतिक परिवेशप्रति कवितामा आक्रोश व्यक्त गरिएको छ । देशलाई खोक्रो पार्नेहरूप्रति तीव्र घृष्णा र आक्रोश व्यक्त गर्दै आफू जन्मिएको माटोको प्रेम गर्दै माटाकै गीत गुन्गुनाउन पुग्दछन् कवि कुँवर आफ्ना कविताहरूमा :

मलाई मेरै संसारमा भुल्न देऊ

मलाई मेरै संसारमा डुल्न देऊ

आखिर माटोको गीत भनेको मान्छेको गीत न हो

मलाई मेरो अनन्त आँसु र खुसीहरू बाँड्न देऊ ।

– *मलाई माटोको गीत गाउन देऊ,* पृ. २७ ।

यसरी माटोको गीत गाउने कुँवरका कविताहरूमा नेपालभित्र नेपाल हराएकोमा कुँवर दु:खभाव प्रकट गर्दछन् । नेपालभित्र विदेश खोज्ने होइन, विदेशभित्र नेपाल खोज्नुपर्छ भन्दै सबै नेपालीहरूलाई नेपालको माया गर्नुपर्छ भन्ने राष्ट्रवादी सन्देश लिएर नेपालाई चिन्न सहर होइन गाउँ जानुपर्छ, विकट ग्रामीण परिवेश बुझ्नुपर्छ भन्ने भाव कविको रहेको छ । त्यसैले नेपालको सजीव चित्रण गर्दै अनुभूतिहरू कवितामा कविले यसरी व्यक्त गरेका छन् :

चपाएर दुर्दान्त वेदनाहरू

छातीभित्रभित्रै

गुराँसको थुँगासँगै हाँसिरहेको

तिमी भेट्ने छौ एउटा गाउँ

कोदोको रोटीसँग

मकैको पीठोसँग

सानन्द बाँचिरहेको

गाउँ, कतै पसिना तर्तरी चुहाइरहेको

गाउँ, कतै रगत भल्भली बगाइरहेको

गाउँ, कतै तमसुकमा ल्याप्चे ठोकिरहेको ।

– *एउटा गाउँ छ, त्यहाँ,* पृ. ३७ ।

कवि कुँवर नेपाल र नेपालीको नीरस अनि कहालीलाग्दो दयनीय चित्रमात्र चित्रण गर्दैनन्, बरु उनी त सबै नेपालीहरूलाई देश उच्च बनाउन सबैलाई आह्वान गर्छन् । जतिसुकै अप्ठ्यारो परे पनि राष्ट्रप्रेमको आस्थाले भरिएको साझा फूलबारी निर्माण गर्न यसरी आग्रह गर्दछन् :

आशङ्का र अविश्वासको

पर्खालहरू भत्काएर

भय र त्रासका गरलाहरू भाँचेर

हामी एउटा फूलबारी बनाऔँ

त्यो फूलबारी
तिम्रो पनि हुनेछ
मेरो पनि हुनेछ
र हामी सबैको साझा हुनेछ ।

– *एउटा आस्थाको फूलबारी,* पृ ५९ ।

यसरी प्रस्तुत **समयका पदचापहरू** कवितासङ्ग्रहका अधिकांश कविताहरूमा देशमा व्याप्त भ्रष्टाचार, नेतृत्ववर्गहरूको अविवेकी क्रियाकलापले देश दिनानुदिन खोक्रो बन्दै गएको तथ्य उद्घाटिन हुनुका साथै देश तथा जन्मभूमिको माया र जन्मभूमिप्रतिको कर्तव्यबोध अभिव्यक्त गरिएको छ । साथै देशभक्तिका स्वर्णीम किरणहरू सबैमा सञ्चरण गर्न कविताहरू सशक्त रहेको छ ।

### ५.२.९.३ राजनीतिक चेतनामूलक कविताहरू

यस **समयका पदचापहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा नेपालको राष्ट्रिय राजनीतिमा देखापरेको विकृति-विसङ्गतिप्रति तीव्र आलोचना गरिएको छ । वर्तमान समयमा समाजमा व्याप्त सामाजिक, राजनैतिक परिदृश्यमा देखापरेका विकृतिहरूप्रति कडा व्यङ्ग्य प्रहार गरिएको छ । राजनीतिक नेताहरूको सत्तालोलुपता र सत्ताप्राप्तिपछि शक्तिले उन्मत्त भई अहङ्कारी बन्ने र सबैलाई दमन गर्ने समकालीन पञ्चायतीव्यवस्थाका क्रूर शासकहरूको निन्दनीय कार्यप्रतिको आक्रोश कविताहरूमा पोखिएको छ । नेताहरूको रङ्ग फेर्ने प्रवृत्ति, स्वार्थलिप्सामा जकडिने र कुरा फेर्ने प्रवृत्तिलाई कवितामा व्यक्त गर्दै सहिदहरूको इच्छा-आकाङ्क्षाप्रति राजनीतिक नेतृत्ववर्गले बेवास्ता गर्न नहुने राजनीतिक चेतना प्रस्तुत गरिएको छ । राजनीतिक चेतनामूलक केही कविताहरूमा कविको व्यङ्ग्यविद्रोहभाव मुखरित भएको छ । आफ्नो रगत, श्रम, पसिना पोखेर निर्माण गर्नेहरूको कुनै मूल्य छैन । रोग, शोक, भोक नै नियति बनेका नेपालका शोषित-पीडित जनताहरूको पक्षमा दुई शब्द बोलिदिने नेताहरू आफ्नो सत्तामोहमा लागेर उल्टै उनीहरूप्रति दुर्व्यवहार गरेको शब्दचित्र कवितामा यसरी उतारिएको छ :

ढुङ्गो नअड्ने ठाउँमा ठाउँमा
तिनकै श्रमले चियाबारी बन्यो
पानी नपाउने ठाउँमा
तिनकै श्रमले दूधको भल बग्यो
कालापनी र औलो भूमिलाई
तिनले बस्तीयोग्य बनाए

नून छरेका कति मरुभूमिलाई
तिनले उर्वर भूमि बनाए
कति आरा चिर्दाचिर्दै
चेपिएर उतै बिलाए ...
अब तिनको कुनै काम छैन ... मूल्य छैन ...
तिनले काट्ने बास छैन ... भोकभोकै ...
तिनको पक्षमा बोल्ने कोही छैन ।

– *तिनलाई खेद,* पृ. ५२ ।

आफ्नो हक-अधिकारको पक्षमा बोल्दा राजद्रोही र देशद्रोही बनाइने शासकीय प्रवृत्तिलाई कवितामा अङ्कित गरिएको छ । सहिदहरूको त्याग, तपस्या र बलिदानले सिर्जिएको पवित्र भूमिमा उनीहरूकै आदर्शलाई शिरोपर गरी राष्ट्रनिर्माणमा जुट्नुपर्छ भन्ने आदर्श सन्देश राजनीतिक वर्गले लिनुपर्ने भावलाई कविताहरूले सङ्केत गरेका छन् ।

### ५.२.९.४ क्रान्तिचेतनायुक्त कविताहरू

कवि कुँवरले **समयका पदचापहरू** कवितासङ्ग्रहका कविताहरूमा क्रान्तिचेतना छचल्किएको छ । वि.सं. २०४६ सालको जनआन्दोलनताका लेखिएका कविताहरूमा तत्कालीन नेपाली समाजको आन्दोलित मनस्थितिको चित्रण गरिएको छ । कविताहरूमा पञ्चायती निरङ्कुश प्रवृत्तिप्रतिको विद्रोह मुखरित छ । विश्व राजनीतिको क्षेत्रमा देखापरेका घिनलाग्दो प्रवृत्तिप्रति आक्रोश छ । विशेषगरी राष्ट्रिय-अन्तर्राष्ट्रियजगत्मा देखिएको विषम परिस्थिति र सामाजिक सङ्कटको चित्र कविताहरूमा उतारिएको छ ।

विश्व-मानवता, विश्वबन्धुत्व, न्याय, सत्य, सत्चरित्रता, समानता र स्वतन्त्रताका लागि इतिहासमा जेजस्ता नृशंस युद्धहरू भए तापनि आशातीत प्राप्ति हात नलागेको परिस्थितिमा मुक्ति र स्वतन्त्रताका लागि शान्तिपूर्ण युद्धको शङ्खघोष कवि यसरी गर्दछन् :

हो अब मात्र एउटै
युद्ध लड्न बाँकी छ
यो युद्ध खाडीयुद्धजस्तो
निरर्थक युद्ध हुने छैन
त्यो युद्ध मान्छेले मान्छेलाई मारेर
रगतको होलीमा
सिन्दुरयात्रा गर्ने पनि हुने छैन ...

त्यसैले, अब लडिने युद्ध

शान्ति र समानताको पक्षमा हुनेछ

बुबा ! अब मात्र एउटा युद्ध लड्न बाँकी छ ।

– *अब मात्र एउटा युद्ध लड्न बाँकी छ*, पृ. ४० ।

हत्या, हिंसा, बलात्कारजस्ता वीभत्सताले विश्व ग्रस्त छ । समयको क्रूरता र भयावह परिस्थितिले मानवमन आक्रान्त छ । बाध्यता र विवशताको नारकीय जीवनभोगेका मर्माहित मनहरू रक्तबीजझैं भएर गगनभेदी नारा गुञ्जाउँदै मुक्तिका लागि क्रान्तिको आह्वान गरेको र अत्याचार र अन्यायका सिकारीहरूको दमनपूर्ण व्यवहारलाई कवितामा देखाउँदै आन्दोलनको चित्र यसरी उतारिएको छ :

कहिले गाउँ/चोक/गल्ली

सडक/सालिक

जहाँ भेट्छ,

साइलेन्सरले भुट्छ ...

बरु सिकारीलाई चुनौती दिँदै

नारा घन्काउँछन्

जमिन थर्काउँछन्

रक्तबीजका सन्तान हुन् क्या परेवाहरू !

अनि अब सहस्र परेवाहरूले

ठुँगीठुँगी मार्ने सम्भावना

बलियो हुन्छ सिकारीलाई नै

अनि ऊ हतियार थन्काउने

आदेश दिन्छ ।

– *बाज र परेवाहरू*, पृ. ११ ।

२०४६ सालको आन्दोलनको जनयुद्ध कुनै दन्त्यकथा होइन भन्दै नेपाल आमामाथि निरङ्कुशताको बर्बर आतङ्कमाथिको आक्रमण हो; नेपाल आमाको मुक्तिको सिंहनाद हो । सत्ता र पदको शक्तिले मात्तिएका शासकवर्गहरूको अन्याय, अत्याचार, शोषण, दमनको अन्त्य गर्न क्रान्ति अनिवार्य छ भन्ने भावना कवितामा अभिव्यक्त गरिएको छ । निरङ्कुश पञ्चायती शासनव्यवस्थाको तीव्र विरोध कवितामा गरिएको छ । नातावाद/कृपावाद, लिङ्गभेद, जातिभेद, वर्णभेदका पर्खालहरू भत्काउन सबै नेल्सन मन्डेला बन्नुपर्ने सन्देश यस कविताका यी हरफहरूमा पाइन्छ :

रक्सीले मातेका उन्मत्त घोडाहरू हिन्‌हिनाउँछन्
र सेनापतिको बर्बर आदेश खस्न नपाउँदै
टाप कस्छन् निरीह भीडमाथि
जगर फुलाएर
सहस्रौँ लाठी बजारिन्छन्
ढुङ्गाहरू पल्टाइन्छन्
निर्दोष टाउकाहरू फुट्छन्
नि:शस्त्र हातहरू भाँचिन्छन्
हजारौँ चित्कार निस्तब्धतामा हराउँछन्
अनन्त कोलाहल बिस्तारै सेलाउँछ
अनि सहर विजयको शङ्खनाथ गर्दछ ।

– *एउटा सहर जो अकारण युद्धको घोषणा गर्दछ,* पृ. ४७ ।

यसरी दूषित राजनीतिको चक्रव्यूहबाट मुक्तिका लागि, दासताको मुक्तिका खाँतिर युद्ध तथा क्रान्ति एक सशक्त हतियार भएकाले राजनीतिक पृष्ठभूमिमा क्रान्तिको बिगुल फुक्न र सबैमा क्रान्तिचेतना जागृत गर्न कविताहरू सशक्त देखिन्छन् ।

### ५.२.९.५ प्रणयभावमूलक कविताहरू

यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा प्रेमप्रणयका सुन्दर भावहरू अभिव्यक्त भएका छन् । साहित्यलाई नै आफ्नो जीवनसाथी सम्झने कवि कुँवर कवितालाई नारीकरण गरी आफ्नो साहित्यिक दृष्टिकोण तथा मान्यतालाई कवितामा प्रस्तुत गरी नारी सौन्दर्यवादी चेतना अभिव्यक्त गरेका छन् । कवितालाई आफ्नो प्रेयसीको रूपमा चित्रण गरी आफूभित्रको प्रेमाकर्षण आत्मपरक रूपमा चित्रण गरेका छन् । सुखदु:ख सहभावको साथीको रूपमा कवितालाई लिँदै एकअर्काको अस्तित्वमा विश्वास गर्ने प्रेमी कविको प्रणयभाव यस्तो देखिन्छ :

मलाई सम्मोहित पारेकी छ्यौ तिमीले
मेरो पीडा भुलाइदिएकी छौ तिमीले
मलाई जिउनुको सार्थकता
सम्झाइदिएकी छौ तिमीले
कविता मेरी प्रेयसी
मेरी प्रेयसी कविता !

– *कविता ! मेरी प्रेयसी,* पृ. २ ।

प्रेम जीवनको सञ्चरण हो; प्रेम उन्नति हो भन्ने भाव कविको रहेको छ । प्रेम सुन्दर भावनाको अभिव्यक्ति भएकाले शारीरिकभन्दा आत्मिक प्रेम सर्वोच्च हुने कविको ठहर छ । त्यही सुखद प्रेममा नै जीवन फुल्न सक्छ र जीवन सुगन्धमय हुन्छ भन्ने विचारलाई कवितामा व्यक्त गरेका छन् । प्रेममय, रागात्मक अभिव्यक्तिलाई श्लील ढङ्गमा यसरी प्रस्तुत गर्दछन् :

(क) आउन एकैछिन भए पनि
सुमसुम्याउँ एकअर्कालाई
मनबारीका सुन्दर फूलहरू टिपेर
शुभकामना चढाउँ एकअर्कालाई ।

– *आउन ल एकछिन् ...*, पृ. १३ ।

(ख) शुभ्र, स्वच्छ परिधान कि परिचारिका हो कविता
कहिले सुकोमल स्पर्शले घाउ सुम्सुमाइदिन्छे
कहिले सुमधुर वाणीले पीडा थुम्थुमाइदिन्छे ।

– *कविता,* पृ. २९ ।

कवितालाई मानवीय संवेदनशीलतालाई कोमल बनाएर हिमालको छातीबाट बग्ने सरितासँग तुलना गरेर कवि आफ्नो साहित्यिक मान्यता प्रकट गर्छन् । पीडाग्रस्त आहत मानवहृदयलाई औषधि उपचार गर्ने परिचारिकाको रूपमा हेरेका छन् । यसरी प्रेममय सौन्दर्यको धरातलमा साहित्यिक दर्शनको अभिव्यक्ति दिई कवितामा आफ्नो सौहार्दपूर्ण प्रणयप्रेमको प्रस्तुति कविताहरूमा पाइन्छ ।

### ५.२.९.६ व्यङ्ग्यचेतधर्मी कविताहरू

यस समयका पदचापहरू कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा व्यङ्ग्यचेत पाइन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा देखापरेका सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक क्षेत्रमा विकसित भएको कुपरम्परा, कुप्रवृत्ति, विकृति र विसङ्गतिको चर्को रोष कविताहरूमा प्रकटित छ । साथै हरेक क्षेत्रमा भएको यस किसिमको वृत्तिले मानव सभ्यतामाथि नै प्रश्नचिह्न खडा हुने कुरालाई व्यङ्ग्यात्मक रूपमा कविताहरूमा आएको छ । विश्वले एक्काईसौँ शताब्दीमा फड्को मार्दा पनि मानवीय चरित्रमा खासै परिवर्तन नआएकोप्रति कवितामा व्यङ्ग्य गरिएको छ । आधुनिक विश्वमा भएको वैज्ञानिक उन्नतिले संसार त्रासदीपूर्ण भएको, मानव विकासभन्दा विनाशतिर मान्छे उद्यत भएको अन्तर्राष्ट्रिय परिवेशलाई एकातिर व्यङ्ग्यको झटारो हानिएको छ भने अर्कातिर आधुनिकताको स्पर्श नपाएका नेपालका कतिपय गाउँठाउँहरू अझै पनि आदिम युगमै बाँचेको यथार्थता कवितामा प्रकट गरिएको छ ।

वर्तमान समयमा सदाचारी, इमानदारी, कर्तव्यनिष्ठ, सत्‌चरित्रवान् व्यक्तिहरू समाजमा सधैँ तिरस्कृत भएका र मान्छेमा बुद्धत्व, देशभक्त, महामानव, साधुसन्त, समाजसेवी प्रवृत्ति हराउँदै गएको भावना कविताहरूमा पाइन्छ । अन्याय, अत्याचार र लुट गर्नेहरू नै समाजमा महान् व्यक्ति कहलाउने हुँदा समाजमा सत्य र न्याय आकाशको फल भएको भाव यसरी व्यक्त गरिएको छ :

आली सुत्केरीमाथि
बलात्कार गर्नेलाई
इतिहासले राजर्षि भन्यो
उसैले देशभक्तहरूलाई
देशद्रोही भन्दै फाँसीमा चढायो ...
घाउ लागेको ठाउँमा
मलमपट्टीको सट्टा नुन-चुक छर्कियो
सुनौला सपना देख्नेहरू
बुद्ध ठहरिए ।

– *के देखेँ मैले यो,* पृ. २१ ।

भौतिकताले सम्पन्न सहर काठमाडौँको परिदृश्यलाई कवितामा उतारेर सहरिया प्रवृत्तिको भण्डाफोर गरिएको छ । चिल्ला कार चढेका ठूला भनाउँदाहरूमा कृतज्ञताको अभिव्यक्ति खस्किँदै गएको; सहरका मठमन्दिरहरू युवायुवतीका मनोरञ्जनका केन्द्र बनेका, दिनहुँजसो नाटक र नौटङ्कीहरू देखाइने, दुर्गन्धित वातावरणले ग्रस्त काठमाडौँको चित्र कवितामा उतारिएको छ । धर्तीको सतहमा असमानता भएजस्तै विभेदपूर्ण समाजको असमान व्यवहारप्रति कविको व्यङ्ग्य छ । ठूलाबडाहरूको आदेशलाई शिरोपर गर्ने श्रमजीवीहरूको श्रम र पसिनाले निर्मित पुल, भवन, सुरुङजस्ता विकासका धरोहरहरूमा तिनै ठूलाबडाहरूकै नाम शिलालेखमा रहने तर पसिना, रगत बगाउनेको नाम नहुने व्यङ्ग्यभाव *नाम कहाँ छ ?* शीर्षक कवितामा यसरी गरिएको छ :

तर तिनले नङ्ग्रा फोरे
छिनुले पहरा फोरे
तिनले आसन लिएनन्
तर भाषण सुने
तिनले आदेश गर्न जानेनन्
तर प्रत्येक आज्ञा तिनले पूरा गरे
खै, त यो पुलमा तिनको नाम कहाँ छ ?

– *नाम कहाँ छ ?*, पृ. ३५ ।

नेपाली भाषासाहित्यप्रतिको जनचासो समाजमा घट्दै गएको छ । विदेशी भाषाप्रति नेपालीहरूको बढ्दो मोहले एकदिन नेपाली भाषा, साहित्य, कला र संस्कृतिमा गम्भीर समस्या आउने सङ्केत गर्दै आदिकवि भानुभक्त आचार्यको पालामा सुरु भएको भोलिवादी संस्कृति झन् झ्याङ्गिदै गएकोप्रति कविको व्यङ्ग्य यस्तो छ :

भानु ! तिम्रो पालामा जस्तै
आजकल पनि डिठ्ठा, विचारीहरूले
भोलि भन्न छोडेका छैनन्
झन् अचेल पर्सि भन्न थालेका छन् । ...
भानु ... ! न तिम्रो भाषा सम्मानित छ
न तिम्रो संस्कृति प्रशंसित छ
हिजोआज तिम्रो साहित्य
अनुत्पादक मानिदैछ
आज पनि तिम्रो भाषा
उपेक्षित र तिरष्कृत नै छ
अचेल त तिम्रो भाषा
ड्याडी र ममीले किचिँदैछ ।

– *भानुसित एकछिन*, पृ. ४३ ।

यसरी समाजको हरेक क्षेत्रमा देखापरेका विकृति-विसङ्गतिहरूको चर्को व्यङ्ग्य-विद्रोहको स्वर कविताहरूमा मुखरित भएका छन् । राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेश, विश्वमानवताको क्षेत्र साथै नेपाल र नेपालीका यावत् प्रवृत्तिहरू कवितामा व्यङ्ग्यात्मक रूपमा आएका छन् । सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, चारित्रिक, प्रशासनिक सम्पूर्ण पक्षमा देखिएका मानवीय कमजोरीहरूलाई व्यङ्ग्यात्मक अभिव्यक्ति यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा जतातत पोखिएको छ ।

नेपाल गाउँगाउँले भरिएको देश हो । बहुसङ्ख्यक गरिबीका रेखामुनि रहेका नेपाली जनताहरू गाउँमा नै बस्छन् । उनीहरूको जीवनस्तरमा परिवर्तन नआएसम्म देश विकास हुन सक्दैन भन्दै रोग र भोकले पीडित वर्गहरूको उत्थानमा नेतृत्ववर्गको अदूरदर्शी व्यवहारप्रति कवितामा व्यङ्ग्य गरिएको छ । साथै नेपालको प्राकृतिक सम्पदाको सदुपयोग गर्न नसकेका प्रतिको व्यङ्ग्य यसप्रकार रहेको छ :

छातीभित्र सङ्गालेर अनगिन्ती सञ्जीवनीबुटीहरू

खोले, पिठो र सातुको भरमा

बीसौँ शताब्दीको उत्तरार्धमा पनि

आदिम युगमा बाँचिरहेको छ ।

– *फू: एउटा गाउँ,* पृ. ६ ।

अरूका लागि मर्नेहरूको जीवनको कुनै मूल्य छैन, स्वार्थलिप्सामा बाँच्नेहरू मान, इज्जत र प्रतिष्ठाका भागिदार बन्ने गर्छन् र तिनकै नाम इतिहासको पानामा अङ्कित हुने गर्दछ । चाकडीबाजहरू पुरस्कृत हुने नेपाली संस्कृतिप्रतिको व्यङ्ग्य कवितामा यसरी गरिएको छ :

कसैलाई कसैको पीना काढेर

तेल निकाल्ने छुट थियो

कसैलाई रक्तदान गर्ने पनि

सख्त निषेध थियो ...

थोरैले डाँडावारि, डाँडापारि

थुपार्नसम्म थुपार्थे

तर धेरै एकछाक पनि

कहिले अल्नो खान्थे

कहिले भोकै मर्थे

चाकडीबाजहरू पुरस्कृत थिए

मलाई डर लागिरहेछ

इतिहासले यसरी पनि लेख्छ भनेर ।

– *इतिहासले नलेखोस्,* पृ. १७।

यसरी **समयका पदचापहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कतिपय कविताहरूमा व्यङ्ग्यचेतना निकै सशक्त भएर आएको देखिन्छ ।

## ५.२.१० सारांश

संस्कृतसाहित्यशास्त्रमा काव्यको वर्गीकरण गर्ने सन्दर्भमा कविता विधाको लघुरूपमा फुटकर कविता पर्दछ । भाषाको माध्यमबाट अभिव्यक्त गर्ने क्रममा लयात्मक प्रस्तुति गर्ने सन्दर्भमा कविताको लघुरूप जन्मन पुग्छ । कवितामा व्यक्त हुने अभिव्यक्तिले जब विस्तारित

रूप हुँदै लघुतम रूपभन्दा केही व्यापकता लिन थाल्दछ तब कविताविधाको लघुरूप देखापर्दछ । दस वर्ष उमेरदेखि कवितालेखनमा प्रवेश गरेका कुँवरले वि.सं. २०३० देखि वि.सं. २०४६ सम्मका विभिन्न पत्रपत्रिकामा प्रकाशित कविताहरूको सङ्गालोको रूपमा समकालीन राजनीतिक, सामाजिक, प्रशासनिक, व्यापारिक र प्रेमनगरी साथै अन्तर्राष्ट्रिय क्षेत्रमा देखापरेका विकृति, विसङ्गति, असमानता, भ्रष्टाचारजस्ता यथार्थतालाई यस **समयका पदचापहरू** शीर्षक कवितासङ्ग्रहमा प्रस्तुत गरेका छन् । वि.सं. २०४७ सालमा पुस्तकाकारको रूपमा प्रकाशित कुँवरको प्रथम कृतिमा भाव र विचारा माध्यमबाट जीवनबोधी, राजनीतिक चेत, देशप्रेमको भाव, प्रणयभाव र व्यङ्ग्यचेतनाका कविताहरू समेटिएका छन् । संरचनाका आधारमा ६०+८ पेजमा कृतिगत संरचना तयार भएको छ । नौ पङ्क्तिदेखि एक सय एक पङ्क्तिसम्मका कविताहरू भएको यस सङ्ग्रहमा एक शब्ददेखि एघार शब्दसम्मका पङ्क्तिहरू रहेका छन् । छोटा-लामा शीर्षक दिइएको कविताहरूका पङ्क्तिहरू विभिन्न बिम्ब, अलङ्कारहरूले अलङ्कृत छन् । यसरी हेर्दा कवि कुँवर **समयका पदचापहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरू साहित्यिक मूल्य र मान्यताका दृष्टिले भावपक्षमा सबल र कलापक्षमा गौण देखिन्छन् ।

कविहरू रुढीगत संस्कार र कृत्रिमताले सिङ्गारिएको आधुनिक फेसनबाट टाढा रहेका कविताहरूभित्र आजका मान्छेका धुकधुकी सुसाएको छ । भावनाको गतिमा प्रवाहित भएका प्राय: कविताहरूमा कोमलताको स्पर्श र हार्दिकताको महक पाइन्छ । मानवतावादी विचारको मूलमर्म बोकेका रचनाहरूले सत्यताको उद्घाटन गर्न खोजेका छन् । भाव र विचारको प्रभावकारिता कवितासङ्ग्रहमा पाइन्छ । तसर्थ भाव, विचार र प्रस्तुति निकै कलात्मक र आकर्षक छ ।

राष्ट्रिय जनआन्दोलनको सेरोफेरोमा लेखिएका उनका कविताहरूमा असन्तोष, आक्रोश र पीडाका मर्महरू, राष्ट्रको व्यथा, अन्तर्राष्ट्रिय कथा परिलक्षित छन् । जीवनसम्बन्धी विविध दार्शनिक चिन्तनलाई कविताहरूमा मानवतावादको सापेक्षतामा हेरिएको छ । आजको पीडित मानवको अन्तर्मन छुन कोसिस गर्दै त्यसको उपचार पत्ता लगाउन प्रयास गरेको देखिन्छ । राजनीतिक, सामाजिक विकृति, विसङ्गतिलाई केलाउँदै क्रान्तिकारी भावभूमिमा सामाजिक चेतनामूलक राष्ट्रवादी अभिव्यक्ति कवितामा भेटिन्छन् । आफूले देखेभोगेका अनुभव, प्रणय तथा प्रेमवियोगका अनुभूतिलाई भावानुकूल शब्द टिपेर विविध बिम्बको माध्यमबाट अभिव्यक्त गर्ने कुँवरको शैली सरल, सरस र प्रभावकारी देखिन्छ ।

## ५.३ 'मौन आवाजहरू' कवितासङ्ग्रहको अध्ययन

गोविन्दबहादुर कुँवरको दोस्रो प्रकाशित कृतिको नाम **मौन आवाजहरू** रहेको छ । फुटकर रूपमै प्रकाशित कविताहरूको सिङ्गो दस्तावेजको रूपमा रहेको यस कवितासङ्ग्रह नेपाली साहित्य भण्डारको अनमोल रत्न मानिन्छ । यसरी साहित्यिक मूल्य र मान्यताको

आधारमा हेर्दा कवितासङ्ग्रह निकै उच्चकोटिको देखिन्छ । यसर्थ यस खण्डमा **मौन आवाजहरू** कवितासङ्ग्रहको विस्तृत चर्चा गरिएको छ ।

## ५.३.१ पृष्ठभूमि

सुप्रसिद्ध कवि गोविन्दबहादुर कुँवरको **मौन आवाजहरू** कवितासङ्ग्रह प्रकाशनको दृष्टिले दोस्रो काव्यकृतिको रूपमा रहेको छ । **मौन आवाजहरू** कवितासङ्ग्रह श्रीमती गीता कुँवर, गौरव कुँवर र श्री गौतम कुँवरको प्रकाशकत्वमा वि.सं. २०४८ सालको सहिद दिवसको अवसरमा प्रकाशन भएको देखिन्छ । यस कवितासङ्ग्रहभित्र छब्बीसओटा कविताहरू लेखिएको पाइन्छ । **मौन आवाजहरू** कवितासङ्ग्रहमा *कवि कुँवरका कृतिसम्बन्धमा* शीर्षकमा तेजनाथ अधिकारीले लेख्नुभएको भूमिका लेख समावेश गरिएको छ । वि.सं. २०४८ मा एकहजार प्रति छापेर मूल्य रु. १०।- राखिएको यस कवितासङ्ग्रह फूलबारी छापाखाना, चिप्लेढुङ्गा, पोखरामा मुद्रण गरिएको देखिन्छ । पूज्य बुवा श्री थमानसिंह कुँवर तथा आमा बुधकुमारीमा सादर समर्पण गरी कवि गोविन्दबहादुर कुँवरले **मौन आवाजहरू** कवितासङ्ग्रहको प्रकाशन गरेको देखिन्छ । ५ इन्च चौडाइ, ७ इन्च लम्बाइ र ०.३ इन्च उचाइको आयतनमा **मौन आवाजहरू** कवितासङ्ग्रह विस्तृत गरिएको छ । यस कवितासङ्ग्रहको अग्रभागको आवरणपृष्ठमा सिम्रिक रङ्गको रातो, कालो र सेतो रङ्गको संयोजन गरी २०४७ को क्रान्तिमा जनताहरूको आन्दोलित मनस्थितिको चित्रात्मक अभिव्यक्ति दिइएको छ । तुलसी अर्यालको आवरणकलाले सजिएको अग्रभागमा आन्दोलित मौन आवाजहरूको अमूर्त अभिव्यक्ति पाइन्छ । पुस्तकाकार कृतिको पश्च कभर पेजमा कवि कुँवरको **समयका पदचापहरू** कवितासङ्ग्रहको एउटा कवितांश र कवि परिचय दिइएको छ । पुस्तकपरिचय, भूमिकालेखन, विषयसूचीमा १० पेज छुट्याइएको छ भने ४६ पृष्ठमा कवि कुँवरका भावनाहरू विस्तार गरिएको देखिन्छ । यसरी ४६+१० पेजमा **मौन आवाजहरू** कवितासङ्ग्रहको पूर्ण बाह्य संरचना संरचित छ । वि.सं. २०३३ देखि २०४८ सम्मका **गरिमा**, **कविता**, **गोरखापत्र**, **लहर**, **अन्यथा**, **विमर्श**, **सप्तगण्डकी**, **युगसंवाद**, **दियो**, **नवरस**, **भञ्ज्याङ**, **साहित्यसंसार** आदि पत्रपत्रिकाहरूमा प्रकाशित कविताहरू सङ्कलन गरी वि.सं. २०४८ सालमा **मौन आवाजहरू** कवितासङ्ग्रह पहिलोपटक प्रकाशित भएको देखिन्छ । यस **मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा *असार, देशको माया, ऐलेको वर्ष कविता लेखिएनछ, जीवनदृष्टि, तिमी एक नारी, आमा, समय थला परेको छ, तीन सन्दर्भ, आँखाभरि भदौ, गीत, धनबहादुर ! तिम्रो पनि त देश हो, एउटा यस्तो मान्छे, समयसन्दर्भ, नसोध मलाई के छ भनेर ..., हलोजुवा काँधमाथि, अठोट, खाडल, सिद्धिचरण, गीत, किन तिमी यति धेरै, बलबहादुर, घाउ र समय, इन्द्रबहादुर क्यापछाकी, कपुरी 'क', जीवनबोध, लमजुङ : केही शब्दचित्र* क्रमश: वि.सं. २०४७, २०४३, २०४७, २०४५, २०४७, २०४५, २०४८, २०४५, २०४८, २०३३, २०४३, २०४८, २०४६, २०४४, २०४८, २०४४, २०४८, २०४८, २०४४, २०४४, २०४५, २०४५, २०४५, २०४५, २०४२, २०४४ सालमा प्रकाशित देखिन्छन् ।

'कवि कुँवरले आफ्ना आवाजहरूलाई **मौन आवाजहरू** भनेर न्वारन गरे पनि **मौन आवाजहरू**भित्रका आवाजहरू भने कतै मौन छैनन् । समाजसुधारका लागि घन्किएका छन् आवाजहरू, राष्ट्रको चौतर्फी विकासका लागि घन्किएका छन् आवाजहरू, राष्ट्रियता उद्दीपन गर्नका लागि । कतै समाजमा व्याप्त शोषण र थिचोमिचोका विरुद्ध मुठी उठाएको छ, कतै कुरीति र कुप्रवृत्तिभित्र व्यङ्ग्यको धारा छुटाएको छ । कतै माटोको मायामा सबै कुरा जुटाएको छ भने कतै देश सबैको साझा हो र सरसुविधा पनि सबैले एकनाशको पाउनुपर्छ भन्ने राष्ट्रिय चेतना घुसाएको छ ।'[४४] कोमल, सरस तथा मीठासपूर्ण र व्यङ्ग्यात्मक शैलीमा वर्तमान जीवनले भोग्नुपरेको पीडा, व्यथा र अन्तर्वेदनाको दुरुस्त प्रस्तुति कलात्मकभन्दा भावात्मक बडी, नजानिँदो बौद्धिकता र विषयको छिटफुट अन्तर्राष्ट्रियकरण, स्वदेशप्रतिको अगाध प्रेम, जनजीवनको तादात्म्य, विधागत विविधता र जागरुक समाजतिरको उन्मुख विषयभावहरू **मौन आवाजहरू** कवितासङ्ग्रहमा भेटिन्छ ।

लमजुङ जिल्लाको वरिष्ठ साहित्यकार व्यक्तित्व ब्रेक नभएका कवि गोविन्दबहादुर कुँवरको यस कवितासङ्ग्रहका सम्पूर्ण कविताहरूको अध्ययन-विश्लेषण ५.१.४ मा उल्लिखित कवितातत्त्वका आधार बनाई गरिएको छ ।

## ५.३.२ शीर्षकविधान

कवि गोविन्दबहादुर कुँवरको **मौन आवाजहरू** कवितासङ्ग्रहमा २६ ओटा शीर्षकमा लेखिएका छब्बीसओटा कविताहरू सङ्गृहीत छन् । यस कवितासङ्ग्रहको प्रथम कविताको शीर्षक *असार* रहेको छ । शब्दावली ढाँचाको शीर्षक रहेको *असार* कवितामा उत्साहको हलो बोरक निष्क्रियतालाई जोत्ने कर्मदर्शनको गहन अभिव्यक्ति प्रस्तुत गरिएको छ । समयको महत्त्व र मूल्यलाई बुझ्नेले मात्र जिन्दगी सार्थक तुल्याउन सक्छ भन्ने भाव बोकेको *असार* कवितामा असार महिनाको महत्त्व र गरिमालाई प्रकाश पारी शीर्षकसँग सार्थक तुल्याइएको छ ।

यस **मौन आवाजहरू** कवितासङ्ग्रहको दोस्रो कविताकृतिको शीर्षक रहेको छ *देशको माया* । हरेक व्यक्तिलाई आफ्नो देश प्राणभन्दा प्यारो लाग्छ । स्वर्गभन्दा पनि रमाइलो लाग्छ भन्ने भाव अभिव्यक्त भएको *देशको माया* शीर्षक कवितामा आत्मपरकता छरपस्टिएको छ । आफू उठे राष्ट्र उठ्ने र राष्ट्र उठे आफू उठ्ने भाव कवितामा प्रस्तुत गरिएको छ । आफू र राष्ट्रप्रतिको अन्योन्याश्रित सम्बन्ध स्थापित गरी कविले कवितामा आफूभित्रको देशप्रतिको आस्था र श्रद्धाभावलाई शीर्षकसँग तादात्म्य गराएका छन् ।

कवितासङ्ग्रहको तेस्रो कविताकृतिको शीर्षक *ऐलेको वर्ष कविता लेखिएनछ* रहेको छ । वाक्यात्मक संरचना दिइएको शीर्षक *ऐलेको वर्ष कविता लेखिएनछ* कवितामा कविताको विषयवस्तुमा आफू अनभिज्ञ भएको भाव व्यक्त भएको छ । सुखदु:खको भाव नभएको आफ्नो

---

४४ राधेश्याम भट्टराई, *मौन आवाजहरूसँगै घन्किएका कवि*, **झङ्कार**, (वर्ष ४१, अङ्क ७–८, २०५०), पृ. २८ ।

परिवेशमा परिवर्तनका कुनै सङ्केत नभेटिएपछि कविता लेख्नुको कुनै अर्थ नभएको भाव शीर्षकसँग तादात्म्य यसरी मिलाइएको छ :

खुसीहरू कतै भेटिएनछ
पीरहरू कतै पोखिएनछ
धेरै माथि गुराँस फुलेको पनि देखिएनछ
आफ्नै सुरमा मात्र हिँडिएछ
दायाँबायाँ कतै हेरिएनछ
ऐलेको वर्ष कविता लेखिएनछ ।

– *ऐलेको वर्ष कविता लेखिएनछ*, पृ. ४ ।

कविताकृतिको चौथो कविता *जीवनदृष्टि* शीर्षकमा रचना गरिएको छ । शब्दावलीसंरचनामा *जीवनदृष्टि* शीर्षक रहेको छ । धर्तीमा जन्मनु र मर्नुमात्र मानवीय जीवनको लक्ष्य होइन । बाँचेर आफ्नो देश र अरूको भनाइका लागि केही गर्न सक्नुमा नै जीवनको सार्थकता रहेको हुन्छ भन्दै भोका, नाङ्गा, अशान्ति, रिस, राग, द्वेष हटाएर आफ्नो ज्ञानरश्मिका किरणहरूको सिर्जनाले जीवन धन्य बनाउन सकिन्छ भन्ने जीवनवादी चेतना प्रस्तुत गरी शीर्षकसँग भावको उचित तालमेल मिलाइएको छ ।

यस कवितासङ्ग्रहको पाँचौँ शीर्षकको कविताकृति *तिमी एक नारी* रहेको छ । नारी सौन्दर्यको अभिव्यक्ति दिइएको *तिमी एक नारी* शीर्षक कवितामा नारीका विविध रूप तथा चरित्रको विश्लेषण गरी नारी महिमागान गर्दै कविताको भावलाई शीर्षकसँग तादात्म्य गरिएको छ ।

**मौन आवाजहरू** कवितासङ्ग्रहको *आमा* शीर्षक दिइएको कविताकृति छैटौँ कविता हो । शब्दात्मक संरचना दिइएको *आमा* शीर्षक कवितामा आमाको महिमागान गरिएको छ । नि:स्वार्थ भावले आफ्ना सन्तानप्रति गर्ने आमाको ममता सदा एकनास रहने भाव कवितामा व्यक्त गरिएको छ । आफ्ना सन्तानले जस्तो व्यवहार गरे पनि आमाको ममतामा कुनै कमी नहुने भावलाई कवितामा प्रस्तुत गरेर गरिमामय रूपमा *आमा* शीर्षक दिइएको छ ।

यसै कविताकृतिको सातौँ क्रममा *समय थला परेको छ* शीर्षक रहेको छ । वाक्यात्मक ढाँचामा शीर्षक दिइएको *समय थला परेको छ* कवितामा युद्धको विभीषिकाहरू, शङ्का-अविश्वास, अभाव र महङ्गी, स्वार्थ, महत्त्वाकाङ्क्षा, नामर्दीपना, अकर्मण्यता, निष्क्रियताका निर्मम कुल्च्याइले समय नै थला परेको भावलाई शीर्षकसँग यसरी तादात्म्य गरिएको छ :

इमान्दारीको घुमाउरो बाटो
कसले हिँड्छ र हिजोआज
सबैलाई चोर बाटोमा बानी परेको छ

समयलाई सञ्चो छैन

वर्तमानका निर्मम आघातहरूले

समय थला परेको छ ।

– *समय थला परेको छ,* पृ. ९ ।

**मौन आवाजहरू** कवितासङ्ग्रहको आठौँ कविताको शीर्षक *तीन सन्दर्भ* कविता रहेको छ । तीनओटा छुट्टाछुट्टै सन्दर्भहरूलाई एउटै शीर्षकमा तीन सन्दर्भशीर्षक दिइएको छ । समाजका विकृति, विसङ्गति, भ्रष्टाचारका तीन सन्दर्भलाई कवितामा प्रस्तुत गरी शीर्षक सार्थक पारिएको छ ।

यस कवितासङ्ग्रहको नवौँ कविताको शीर्षक *आँखाभरि भदौ ...* रहेको छ । प्रणयभाव सञ्चरित गीतिकविता *आँखाभरि भदौ ...* कवितामा भदौ महिनाको प्रकृतिको छाया भेट्न सकिन्छ । वियोग शृङ्गारको अभिव्यक्तिलाई भदौ महिनाको झरीसँग तुलना गरी प्रियतमासँगको वियोगभाव कविताभरि छरेर शीर्षकसँगको तालमेल मिलाइएको पाइन्छ ।

यस कवितासङ्ग्रहको दसौँ क्रममा आएको कवितालाई *गीत* शीर्षक दिइएको छ । नेपालको प्राकृतिक सौन्दर्यतालाई विषयवस्तु बनाएर आफूभित्र आफ्नो देशप्रतिको अगाध आस्था, प्रेमलाई शृङ्गारिक अभिव्यक्ति गीतिलयमा गरिएको हुनाले *गीत* शीर्षक भावअनुकूल सार्थक रहेको छ ।

यस कवितासङ्ग्रहको एघारौँ क्रममा *धनबहादुर ! तिम्रो पनि देश हो* शीर्षक कविताकृति रहेको छ । सम्बोधनात्मक शैलीमा वाक्यात्मक संरचना दिइएको धनबहादुर ! तिम्रो पनि देश हो शीर्षक कवितामा गरिबी कसैको नियति नभएकोले धनबहादुरले पनि यस माटोमा नङ्ग्रा खियाएर गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य आदि पाउनुपर्छ भन्ने स्वर उरालिएको छ र आफ्नो ज्ञान, सीप, अनुभव स्वदेशमै खर्चिएपछि देशप्रति आफ्नो पनि उत्तिकै हक लाग्ने भाव कवितामा प्रस्तुत गरी भावसँग शीर्षकको उचित तालमेल देखिन्छ ।

यस **मौन आवाजहरू** कविताकृतिको बाह्रौँ कविताको नाम *एउटा यस्तो मान्छे* रहेको छ । समाज र देशको हितका लागि केही गर्ने मान्छे मरेर पनि बाँचिरहन्छ र केही नगर्ने मान्छे बाँचेर पनि मरिरहन्छ भन्ने भाव बोकेको यस कवितामा राष्ट्रिय स्वाभिमानमाथि सधैँ गर्व गर्ने *एउटा यस्तो मान्छे*को (नाम त यहाँ दिइएको छैन तर कविता पढिसकेपछि पाठकहरूलाई अरू कोही नभई विश्वेश्वरप्रसाद कोइराला नै हो भन्ने उत्तर आउने) कौतुहलतापूर्ण शीर्षकले भावसँग सम्बन्ध राखेको देखिन्छ ।

**मौन आवाजहरू** कवितासङ्ग्रहको तेह्रौँ शृङ्खलामा *समयसन्दर्भ* शीर्षक कविता रहेको छ । मान्छेका चेतना, विचार र विवेकहरूलाई बन्देज गर्ने निर्दलीय पर्खालहरूलाई समयले आफैँ भत्काउने, युगीन मान्यताहरूलाई आत्मसात् नगर्नेहरूलाई समयले आफैँ बदल्ने भाव व्यक्त गर्दै समयको माग र परिवर्तनसँगै सबै चल्नुपर्ने कुरालाई *समयसन्दर्भ*मा जोडेर जडता र शून्यताले ग्रस्त आदिम विचार आफैँ सेलाइने अभिव्यक्ति कवितामा शीर्षकसँग समुचित देखिन्छ ।

**मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्गृहीत चौधौँ शीर्षक *नसोध मलाई के छ भनेर* रहेको छ । वाक्यात्मक संरचनामा *नसोध मलाई के छ भनेर* शीर्षक कवितामा सामाजिक विकृति र विसङ्गति साथै असमानता, भ्रष्टाचार र अनैतिकताप्रतिको आक्रोश गरिएको छ । मानवीय संवेदनाहरू उच्चवर्गमा मात्र नहुने र गरिब निमुखाहरू अर्थात् निम्नवर्गहरूमा पनि सुखदु:खका अनुभूतिहरू हुने भाव कवितामा व्यक्त भएको छ । ठूलाबडाका समाचारहरूले अखबारका पानाहरू सजिने हुँदा गरिबहरूको दीनहीन स्थितिको कसैलाई पनि अत्तोपत्तो नभएकोप्रति चिन्ताभाव कवितामा प्रकटित छ । आफूमा गरिब, निमुखा र सर्वहारावर्गप्रति निकै सहानुभूति रहेको हुँदा हालखबर र सोधखोज आफूलाई कसैले नगरेको मूल भाव कवितामा प्रकट गरी शीर्षकअनुसार भावको उचित तालमेल कवितामा भेटिन्छ ।

यस कवितासङ्ग्रह **मौन आवाजहरू**मा सङ्कलित पन्ध्रौँ कविताकृतिको शीर्षक *हलो, जुवा काँधमाथि* रहेको छ । कृषिप्रधान देश हाम्रो मुलुकमा बहुसङ्ख्यक कृषकहरूको जीवनको गाथा कवितामा गाइएको छ । देशको आर्थिक मेरुदण्ड नै कृषि भएको हुँदा किसानहरूको उदार, उदात्त चरित्रलाई उच्च मूल्याङ्कन गरी उनीहरूलाई राष्ट्रले सम्मान भाव दिनुपर्ने कुरा कवितामा गरिएको छ । हला, कुटो र कोदालो हातमा लिएर आफ्नै सीप र पौरखमा बाँच्ने किसानको दिनचर्याका साथै उनीहरूको मानवतावादी भावना कवितामा व्यक्त छ । आँखाभरि वेदनाको पोको लिएर घाम, छाया, झरी, बादललाई जीवनका सहयात्री सम्झने किसानहरूको उदार राष्ट्रवादी भावना प्रस्तुत गरी कवितामा सबैलाई स्वदेशमै आफ्नो जीवन फुलाउन आग्रह गरिएको छ । किसानको जीवनसाथीको रूपमा रहेको हलो र जुवालाई कवितामा प्रस्तुत गरी भावानुकूल शीर्षक तादात्म्य गराइएको छ ।

**मौन आवाजहरू** कवितासङ्ग्रहको सोह्रौँ कविताकृतिको शीर्षक *अठोट* रहेको छ । शब्दात्मक संरचना दिइएको *अठोट* शीर्षकको कवितामा कविको देशप्रेमको भावना अभिव्यञ्जित छ । राष्ट्र र राष्ट्रियताको भावना कवितामा मुखरित छ । राष्ट्रोन्नति नै आफ्नो उन्नति हो भन्ने भावले सबै प्रेरित भएर दृढ अठोटका साथ राष्ट्रनिर्माणमा जुट्नुपर्ने आह्वानलाई कविले आत्मपरक ढङ्गमा व्यक्त गरेका छन् । श्रम, पसिना र सीपले राष्ट्र सजाउने आफ्नो दृढता कवितामा प्रस्तुत गरी भाव र शीर्षकको उचित तालमेल मिलाएको देखिन्छ ।

यस **मौन आवाजहरू** कवितासङ्ग्रहको सत्रौँ कविताकृतिको शीर्षक *खाडल* रहेको छ । शब्दात्मक ढाँचामा यस कविताको शीर्षक दिइएको छ । आफू जन्मेको जन्मभूमि घृणा, अविश्वास र अभावले ग्रस्त छ । दिनानुदिन एकअर्काप्रतिको घातअन्तर्घातले झन् देश आक्रान्त बन्दैगएको छ । मान्छेको मन सदियौँदेखि विभाजित छ । यसले आपसमा असमानताको खाडल झन्झन् ठूलो पार्दै लगेको यथार्थता कवितामा अभिव्यक्त गरी जबसम्म यस्ता कुप्रवृत्तिको अन्त्य हुँदैन तबसम्म यो खाडल नपुरिने हुँदा नयाँ बिहानीको आगमनपूर्व नै सबै मिली यस्ता टुक्रिएको मन, घाउका खाडलहरू पुर्न आह्वान गरी देशभक्तिको भावलाई मानवतावादी धरातलमा प्रस्तुत गरी शीर्षक र भावलाई प्रतीकात्मक रूप दिइएको छ ।

**मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्गृहीत अठारौँ शीर्षक *सिद्धिचरण* रहेको छ । नेपाली साहित्यका मूर्धन्य स्रष्टा युगकवि सिद्धिचरणको स्वच्छन्दतावादी भावभूमिमा क्रान्तिकारी तथा देशप्रेमी भावनाका कविता लेख्ने कवित्वप्रतिभाको उच्च मूल्याङ्कन गरी सिद्धिचरण शीर्षक दिई शीर्षक र कविताको भावसँग उचित तालमेल मिलाइएको छ ।

**मौन आवाजहरू** कवितासङ्ग्रहको उन्नाईसौँ कविताको शीर्षक *गीत* रहेको छ । प्रणयप्रेमका भावहरूलाई गीतात्मक शैलीमा अभिव्यक्त गरिएको *गीत* शीर्षकमा लयात्मकता भेटिन्छ । नारीसौन्दर्यको चेतना, प्रेमप्रणयलाई गीतात्मक रूप दिइएको हुनाले शीर्षक सार्थक देखिन्छ ।

यसै कवितासङ्ग्रहको बीसौँ कविताको शीर्षक *किन तिमी यति धेरै ...* रहेको छ । आत्मपरक शैलीमा लेखिएको यस कवितामा प्रेमिकालाई 'तिमी' सम्बोधन गरी विश्वास र समर्पणपूर्ण प्रेमिकाप्रति आफ्नो आश्चर्यभाव प्रकट गरिएको छ । बाध्यात्मक परिस्थितिले विदेसिन बाध्य भएकाहरूका नवविवाहिताहरूमा हुने चर्को पीडा र दर्दनाकमय चर्को स्वर व्यक्त गरी कवितामा शीर्षकसँग तालमेल यसरी मिलाइएको छ :

मेरै प्रतीक्षामा कसरी तिमी
समयका अमूल्य क्षणहरू
बेपर्वाह भाँच्ने गर्छ्यौ
मेरै श्वासप्रश्वासमा
कसरी तिमी
सिङ्गो जिन्दगी बाँच्ने गर्छ्यौ ?
माया ! तिमी किन यति धेरै ...
मलाई माया गर्छ्यौ ।

– *किन तिमी यति धेरै ...*, पृ. ३० ।

**मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्गृहीत एक्काईसौँ कविताको शीर्षक *बलबहादुर* रहेको छ । धैर्य, इमान्दार, आँट, साहस, उत्साहको प्रतिमूर्ति बलबहादुरको नि:स्वार्थ र परोपकारपूर्ण भावनाको जिउँदो रूपमा बलबहादुर कवितामा उभिएको छ । भ्रष्टाचार, अन्याय, अत्याचार, शोषण, दमन, निरङ्कुशताको विरुद्ध ज्वालामुखी भई पड्कने स्वाभिमानी राष्ट्रसेवकको ज्वलन्त उदाहरण बलबहादुरको चरित्रलाई अघि सारी सबैमा राष्ट्रभक्त तथा देशभक्त बन्ने प्रेरणा दिएको *बलबहादुर* शीर्षक कविताको भावअनुकूल यसरी मिलेको देखिन्छ :

हो ! बलबहादुर
केही हैन बलबहादुर
सदाचारको चोखो भावना हो

केही हैन बलबहादुर अरू

सेवाको एउटा अमूल्य नमुना हो ।

– *बलबहादुर,* पृ. ३२ ।

यस **मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्कलन गरिएको बाईसौँ कविताको शीर्षक *घाउ र समय* रहेको छ । नेपालीहरू रोग, शोक र भोकको घाउले आक्रान्त भएको र त्यसमा पनि क्रूर पञ्चायती निरङ्कुश व्यवस्थाले झन् पीडामय जीवन जिउन बाध्य भएको सामाजिक यथार्थतालाई कवितामा समेटिएको छ । घाउको पीडा, चोट र वेदना लिएर बाँचिरहेका नेपालीहरू धैर्यशील बन्न कविको आग्रह छ । समयका पर्खाइसँगै घाउहरूमा खाटा बस्ने र खाटो बसेपछि उप्कने अनि सञ्चो हुने भाव व्यक्त गर्दै शीर्षकसँगको तादात्म्य यसरी मिलाइएको छ :

फगत सहनुपर्छ

पर्खेर समयलाई

जसले आफ्नो सुकोमल स्पर्शद्वारा

घाउ निको पार्दै

चोट सञ्चो गर्दै

बिस्तारै-बिस्तारै

खाटा बसाल्छ ।

– *घाउ र समय,* पृ. ३४ ।

**मौन आवाजहरू** कवितासङ्ग्रहको सङ्गृहीत चौबीसौँ कविताकृतिको शीर्षक *कपुरी 'क'* रहेको छ । नेपाली भाषा र साहित्यप्रतिको श्रद्धाभाव कवितामा प्रकटित छ । विदेशी भाषा र संस्कृतिले नेपाली सभ्यता र संस्कृति विकृतमय बनेको भावलाई कविले यस कवितामा मुख्य रूपमा उभ्याएका छन् । शिक्षा प्राप्त गर्नु मानिसको नैसर्गिक अधिकार हो । शिक्षाको अखण्ड ज्योति उज्यालोले अन्धकार, अज्ञानताका साथै चेतनाका बन्देजहरू नास गर्ने हुनाले सबैले शिक्षा ग्रहण गर्नुपर्ने भाव अभिव्यञ्जित गर्दै समाजमा विद्यमान कुरीति, कुसंस्कृति, छुवाछुत, असमानता हटाउन सबैले कलम, कापी लिएर विद्यालय जानुपर्ने सामाजिक जागरणका स्वरहरू कवितामा व्यक्त छ । रमी र रक्सीको संसारमा रम्ने समाजका अभिभावकहरूलाई सचेत गराई आस्था र विश्वासको स्वर्णीम उज्यालो हृदयको कुनाकुनामा पुऱ्याउने कपुरी 'क' लाई विदेशी भाषाले अतिक्रमण गरेको भाव व्यक्त गर्दै नेपाली संस्कृति, भाषासाहित्यप्रतिको चिन्तन प्रकट गरेर शीर्षक र भावबीच उचित तालमेल मिलाइएको देखिन्छ ।

**मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्गृहीत *जीवनबोध* शीर्षकको कविता पच्चीसौँ कविताशृङ्खलामा रहेको छ । कविको जीवनवादी दृष्टिकोण यस कवितामा अभिव्यञ्जित छ । मानवतावादी ईश्वरचिन्तनलाई पूर्वीय आध्यात्मिक पृष्ठभूमिमा सत्यम् शिवम् सुन्दरम्को

भावना सबैमा जगाएर परोपकार, निःस्वार्थता, बसुधैव कुटुम्बकम्जस्ता साझा धार्मिक आस्थाले सिँगारिएको यस कवितामा छलकपटरहित जीवन नै सच्चा जीवन हो भन्ने भाव प्रकट गरी शीर्षक र भावविधानको उचित संयोजन मिलाइएको छ ।

यसै **मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्गृहीत अन्तिम तथा छब्बीसौँ काव्यकविताको शीर्षक *लमजुङ : केही शब्दचित्र* रहेको छ । आफ्नो उच्च काव्यशिल्पलाई सुन्दर ढङ्गबाट प्रस्तुत गरिएको यस कवितामा लमजुङ जिल्लाका केही व्यापारिक केन्द्र मानिएका स्थलहरूको वस्तुगत तथा त्यस स्थानको साझा विशेषतालाई शब्दचित्रका माध्यमबाट उतारिएको छ । दुराडाँडा, कुन्छा सुन्दरबजार, तार्कुघाट, भोटेओडार, चिती, बेसीसहर लमजुङका चर्चित स्थलहरू हुन् । यिनै चर्चित स्थानहरूको आञ्चलिकताको भाव कवितामा प्रस्तुत गरी शीर्षकसँगको सम्बन्ध यसरी मिलाइएको छ :

बेसीसहर
महिनाको पाँच रुपियाँ ब्याज साट्दै समाजसेवा गर्दो
लालपूर्जा, लाइसेन्स र रजिस्ट्रेसनमा
झिङ्गे दाउ थापेर
झन्किदो र फन्किदो
सृजनशून्य
चेतनाशून्य
विचारशून्य
जड सहर
बेसीसहर ।

– *लमजुङ : एक शब्दचित्र,* पृ. ४६ ।

यसरी **मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्गृहीत सम्पूर्ण कविताहरूमा शीर्षक र भावबीच उचित तालमेल देखिन्छ ।

## ५.३.३ भाषाशैली

कवि गोविन्द कुँवरको **मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूका भाषामा कोमलता र सरलता, शैलीमा मीठास र व्यङ्ग्यको आभास पाइन्छ । वर्तमान जीवनले भोग्नुपरेका पीडा, व्यथा र अन्तर्वेदनाको दुरुस्त प्रस्तुति कविताहरूमा गरिएको छ । कवितात्मकताभन्दा भावात्मकता बढी, नजानिँदो बौद्धिकता र विषयको छिटफुट अन्तर्राष्ट्रियकरण, स्वदेशप्रतिको अगाध प्रेम, जनजीवनसँग तादात्म्य, विधागत विविधता र जागरुक समाजनिर्माणजस्ता भावहरूको संयोजन कविताहरूमा गारिएको पाइन्छ । शिल्पपक्षको

अपेक्षामा भावपक्ष सबल भएका **मौन आवाजहरू** कवितासङ्ग्रहका कतिपय कविताहरू आत्मानुभूतिले खारिएका छन् । सरल भाषाशैलीका कारणले कवितासङ्ग्रहका कविताहरू सुबोध्य छन् । बिम्ब, प्रतीक र आलङ्कारिक भाषाशैलीले कविता रोचक बनेको छ । वर्ण, पद, पदावली र वाक्यस्तरसम्ममा आन्तरिक लयको संयोजन गरिएको छ । तत्सम, तद्भव तथा अङ्ग्रेजी, हिन्दीजस्ता आगन्तुक शब्दहरूको प्रयोगले कवितासङ्ग्रहका कविताहरू कलात्मक रहेको देखिन्छ ।

## ५.३.४ लयविधान

लयसन्धानका दृष्टिले गोविन्दबहादुर कुँवरको मौन आवाजहरू कवितासङ्ग्रहका कविताहरू अत्यन्त सशक्त देखिन्छन् । मुक्त प्रकृतिको विशिष्ट लय यस कवितासङ्ग्रहका कतिपय अधिकांश कविताहरूको मूल लय पहिचान हो । आनुप्रासिक शब्दको संयोजनले कविताहरूलाई अझ सशक्त तुल्याएको छ । कवितासङ्ग्रहका धेरै कविताहरू गद्यशैलीमा रचना गरिएको छ । गीति, वार्णिक, मात्रिक छन्दका कतिपय कविताहरू पनि यस कवितासङ्ग्रहमा सङ्गृहीत छन् । भाषिक संरचनामा प्रौढ तथा सम्पन्नता देखापर्दछ । तथापि गीति, वार्णिक, मात्रिक छन्दका कविताहरूभन्दा गद्यकवितामा कवि सफल अनुप्रासिकताको बाहुल्यताले लयगत साङ्गीतिकतालाई अरू घनत्व प्रदान गरेको छ । गीति लयात्मक कविताहरूमा गेयात्मकता र सङ्गीतात्मकता स्वाभाविक रूपमा रहेको छ । अनुप्रासहरू र वर्ण तथा मात्राका केही आवृत्तिहरूले कवितालाई लयात्मक तुल्याएका छन् । प्रस्तुत **मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा १४ ओटा गद्य लयात्मक संरचनामा संरचित छन् भने ८ ओटा कविताहरू गीति तथा मुक्तक लयमा संरचित छन् । शास्त्रीय छन्दमा रचना गरिएका ३ कविताहरू यस सङ्ग्रहमा भेटिन्छ । गद्यलयमा रचिएको कविताको नमुना यसप्रकार रहेको छ :

निरन्तर निष्काम
कर्म हो जिन्दगी
हरेक पल पन्ध्र असार छ
जिन्दगी
कुलोजस्तै अविरल बग्नुपर्छ
पोखरीजस्तै जम्नु हुन्न ।

– *असार,* पृ. १ ।

गीतिलयको नमुना यसप्रकार रहेको छ :

झरी पर्‍यो बादलुले घेर्‍यो चारैतिर
काँ'छ, काँ'छ माया मेरो लागि रा'छ पीर

आँखाभरि भदौ बस्यो जेठ तात्यो छाती

नजाऊ भन्थैँ डाँडा काटी छोडी गयो पापी ।

– *आँखाभरि भदौ ...*, पृ. १३ ।

शास्त्रीय छन्दमा रचित कविताको अंश यसप्रकार रहेको छ :

सत्य सिवाय छैन सहारा

आएँ एकलै-एकलै

दुःख सागरको कष्ट पिएर

जानु छ फेरि अकेलै ।

– *जीवनबोध*, पृ. ४२ ।

यसरी **मौन आवाजहरू** कवितासङ्ग्रहका अधिकांश कविताहरू गद्यलयमा संरचित भए पनि गीति र शास्त्रीय छन्दमा रचना गरिएका कविताहरूले कवितासङ्ग्रहको लयविधानलाई सशक्त बनाएको देखिन्छ ।

## ५.३.५ बिम्बविधान

यस **मौन आवाजहरू** कवितासङ्ग्रहको शीर्षक आफैँमा प्रतीकात्मक छ । यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा विभिन्न बिम्ब तथा प्रतीकहरूको प्रयोग यथेष्ट मात्रामा गरिएको पाइन्छ । यहाँ कविले शब्दालङ्कारले कवितालाई सिँगारेका छन् । समाजमा व्याप्त शोषण, अन्याय, अत्याचार, थिचोमिचोका विरुद्धका आवाजहरू विभिन्न बिम्ब तथा प्रतीकहरूको माध्यमबाट अभिव्यक्त गरिएको छ । प्राकृतिक बिम्ब, आद्यबिम्ब, स्थानीय बिम्ब तथा मिथकहरूको भरपूर प्रयोग यस कवितासङ्ग्रहमा पाइन्छ । यस कवितासङ्ग्रहमा सङ्कलित बिम्बहरूको नमुना यसप्रकार रहेको छ :

**(क) प्राकृतिक बिम्ब :**

कुलोजस्तो अविरल बग्नुपर्छ

पोखरीजस्तै जम्नु हुन्न ।

– *असार*, पृ. १ ।

**(ख) पौराणिक बिम्ब :**

उसले धेरै सपना देखेको थियो,

ऊ त मर्माहतको मसिह थियो,

ऊ त खुला आकाशको परिभाषा थियो ।

– *एउटा यस्तो मान्छे*, पृ. १८ ।

(ग) **ऐतिहासिक बिम्ब :**

सहिदलाई फाँसीमा चढाएजस्तो
विवेकलाई कुनै जङ्गबहादुरले पनि
झुन्ड्याउन सक्दोरहेनछ ।

– *समयसन्दर्भ,* पृ. १९ ।

(घ) **स्थानीय बिम्ब :**

अलिकति बटौली र नौतुनाको हावा
अलिकति दोर्दी र मर्स्याङ्दीको हावा
थोत्रा मोटरले ल्याएको खैलाबैला र घ्यार्रघ्यार्र
संसाझैँ मातेका भ्यागुताको ट्वार्र-ट्वार्र ।

– *लमजुङ : केही शब्दचित्र,* पृ. ४५ ।

यसरी यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरू बिम्ब र प्रतीकहरूले घनीभूत छन् ।

## ५.३.६ कथनपद्धति

प्रस्तुत कवितासङ्ग्रह मूलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथन कलामा रचना गरिएको छ । छिटफुट रूपमा तृतीय पुरुष तथा द्वितीय पुरुषको समेत प्रयोग भएको यस कवितासङ्ग्रहमा कविप्रौढोक्ति कथनपद्धतिलाई अङ्गालिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रियक्षेत्रमा देखापरेका विकृति तथा विसङ्गतिहरूलाई व्यक्त गर्ने क्रममा कवि आफैँ साक्षात्कार भएर प्रस्तुत भएका छन् भने कतै साक्षी-द्रष्टाको रूपमा उभिएका छन् । आत्मालापी कथनपद्धतिमा रचिएको कवितांश यसप्रकार रहेको छ :

म यौटा देशको ढुङ्गो, वज्रभन्दा कठोर छु ।
म यौटा फूलको थुङ्गो, शील सौन्दर्यपूर्ण छु ॥
म यौटा शान्तिको दूत, अशान्ति दूर फ्याँक्दछु ।
म यौटा क्रान्तिको सूत्र, पछौटेपन मेट्दछु ॥

– *देशको माया,* पृ. ३ ।

यसरी विभिन्न कथनपद्धतिको प्रयोग गरी रचना गरिएका कविताहरू अनुभूतिपरक र भावपरक रहेका छन् ।

## ५.३.७ केन्द्रीय भाव

प्रस्तुत कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा कविले आफ्ना विचारहरूलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् । यहाँ कुनै एउटा देशलाई मात्र नभई अन्तर्राष्ट्रियक्षेत्रमा समेत देखिएका विकृति-विसङ्गतिलाई प्रस्तुत **मौन आवाजहरू** कवितासङ्ग्रहभित्र सङ्गृहीत कविताहरूले समाज सुधार, राष्ट्रको चौतर्फी विकास, राष्ट्रियता, समाजमा व्याप्त शोषण, थिचोमिचो, कुरीति आदिका आवाजहरू घन्काएका छन् ।

भाषामा सरलता, शैलीमा मीठासपन भए पनि व्यङ्ग्यको आभास दिने यस कवितासङ्ग्रहमा वर्तमान जीवनले भोग्नुपरेका पीडा, व्यथा र अन्तर्वेदना प्रस्तुत गरिएको छ ।

प्रकृति-चित्रण, उचित बिम्ब-प्रतीक तथा मिथकको प्रयोगले अझ सशक्त बनेको यस कवितासङ्ग्रह राष्ट्रिय भावनाले ओतप्रोत देखिन्छ । नारीलाई सिर्जनशीलता र सृष्टिको रङ्गीन सपनाको रूप मान्दै नारीका विविध रूपको समेत चर्चा यस कवितासङ्ग्रहमा पाइन्छ ।

व्यथा र अन्तर्वेदनाको दुरुस्त प्रस्तुति, कलात्मकताभन्दा भावात्मकता बढी, नजानिँदो बौद्धिकता र विषयको छिटफुट अन्तर्राष्ट्रियकरण, स्वदेशप्रतिको अगाध प्रेम, जनजीवनसँग तादात्म्य, विधागत विविधता, जागरुक समाजनिर्माणतिरको उन्मुखता नै यस कवितासङ्ग्रहमा पाइने मूल भाव हुन् । कुनै पनि मुलुक होस् वा जाति, तिनीहरूको विकास गर्न आवश्यक तत्त्व देशभक्ति हो । यस्तै मानसिक सुराकका उत्पादक कवि र कलाकार हुन् तर २०४६ साल वा त्यसभन्दा पूर्वका नेपालको जनक्रान्तिले जति समाजको सभ्यता र सम्पन्नताको अभिलाषा राखेको थियो । त्यो पूरा नहुँदा समाजमा अनेकौँ विसङ्गति, विकृति, पीडा, कुण्ठा र जिजीविषाका चापमा बाँच्न बाध्य कवि कुँवरका कविताहरू आजको समाजका व्यथा, विवशताको प्रतिबिम्ब हुन् ।

**मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको अध्ययन गर्दा कविताको भाव, विषयवस्तु र चरित्रका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

(क) समाजउत्थानमूलक कविताहरू

(ख) सौन्दर्यमूलक कविताहरू

(ग) दर्शनसँग सम्बद्ध कविताहरू

(घ) व्यङ्ग्यप्रधान कविताहरू

(ङ) अन्य

उपर्युक्त भावहरू समेटिएका कवितासङ्ग्रहभित्रका कविताहरूको चर्चा निम्नानुसार गरिएको छ :

### ५.३.७.१ समाजउत्थानमूलक कविता

**मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कतिपय कविताहरूले समाजसुधारका आवाज उरालेका छन् । समाजमा व्याप्त शोषण र थिचोमिचोका विरुद्ध आवाज निकालेका छन् । समाजमा रहेका कुरीति, कुप्रथा र कुप्रवृत्तिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्दै समाजसुधारको चेतना दिनु यस कवितासङ्ग्रहको मूल भाव रहेको छ । यस कवितासङ्ग्रहमा सङ्गृहीत वर्तमान समाजमा देखापरेका विकृतिलाई व्यक्त गरिएका कवितांशहरू :

कतै अभाव र महङ्गीले सोपारेको छ
जताजतै शङ्का/अविश्वासकै
बिगबिगी छ
कुनै अपराध गर्नुपर्दैन
अकारण/अनायास मारिएला भन्ने
जगजगी छ ।

– *समय थला परेको छ,* पृ. ९ ।

त्यस्तै समाजसुधारको आवाज घन्किएको कवितांश यस्तो रहेको छ :

म उठे राष्ट्र पो उठ्छ, राष्ट्र उठ्छ म उठ्दछु
म बने राष्ट्र पो बन्छ राष्ट्र बन्छ म बन्दछु ...
स्वर्गभन्दा पनि मेरै देश, लाग्छ रमाइलो
मुटुभन्दा पनि प्यारो, छातीजस्तै फराकिलो ।

– *देशको माया,* पृ. ३ ।

यसरी देशप्रेम र समाजसुधारका भावहरू यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा सशक्त रूपमा आएका छन् ।

### ५.३.७.२ सौन्दर्यमूलक कविता

सरल भाषा र मीठास शैलीले भरिएका कविता लेख्ने कुँवरका कवितामा सौन्दर्यचेत पनि उत्तिकै पाइन्छ । मानिसको जीवन भन्नु नै सङ्घर्ष मात्र होइन, प्रेम, माया पनि जीवनको एक पक्ष हो भन्ने भाव समेटिएका कविताले कविलाई सौन्दर्यमूलक र प्रेममूलक कविका रूपमा पनि चिनाएको पाइन्छ । **मौन आवाजहरू**मा प्रेमीप्रेमिकामा भएको मधुरताको अभावले विदेशिनु पर्ने बाध्यता बोकेका नवविवाहिताहरूमा भएको पीडा आदि स्वरहरू मुखरित भएका छन् । प्राकृतिक सौन्दर्यमा रमाउनेको सौन्दर्यमूलक कवितांश यस्तो छ :

हिउँ फुल्ने पाखाभरि गुराँसको छायाँ ।
जटिपल्ट सम्झे पनि तिम्रै लाग्छ माया ॥
लेकै घुमूँ कस्तुरीको बास्ना सँगालेर ।
गाउँ गीत सिर्जनाको छाती पगालेर ॥

– *गीत*, पृ. १४ ।

यसरी प्रकृतिको सुन्दरताको वर्णन एकातिर पाइन्छ भने अर्कोतिर प्रेम सौन्दर्यको चित्रण कवितामा गरिएको छ । प्रकृतिलाई मानवीकरण गरिएका सौन्दर्यचेतनाले भरिपूर्ण कविताहरू यस कवितासङ्ग्रहमा रहेका छन् ।

### ५.३.७.३ दर्शनसँग सम्बद्ध कविता

कवि कुँवरको **मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा जीवनदर्शनका भावहरू समेटिएका छन् । उनको जीवनदर्शन भन्नु नै मानवतावादी कर्तव्यपथमा लाग्ने कर्मवादी रहेको छ । कृषिप्रधान देश नेपालका अधिकांश नेपाली जनताहरू कृषिमा नै आश्रित छन् । तसर्थ यही पृष्ठभूमिमा कविले कवितामा कर्मदर्शनको भाव अभिव्यक्त गरेका छन् । कृषिकर्ममा लाग्ने नेपालीको आफ्नो श्रम र सीप पोखेर बाँच्न उचित ठान्ने हुनाले गीताको कर्मवादको विश्वास राखेको पाइन्छ । मानवले मानवलाई समान देख्ने मानवतावादी दृष्टिकोण कविको जीवनदर्शन हो । कर्मयोगी जीवनदर्शनको नमुना यसप्रकार रहेको छ :

हलो-जुवा काँधमाथि छातिभित्र देश ।
आफ्नै सीप पसिनाले बाँच्नु लाग्छ वेश ॥

– *हलो जुवा काँधमाथि*, पृ. २३ ।

नेपालीहरू आध्यात्मिक भावनाले अभिप्रेरित छन् । सत्यम् शिवम् सुन्दरम्को धार्मिक भावना नेपालीहरूको साझा भावना भएको अध्यात्मवादी जीवनदर्शन यस कवितांशमा यसरी आएको छ :

प्राणीमात्रमा दया राखौँ,
दु:खीहरूको सेवा
हाम्रै साक्षी हुन् यी धरणी
हैनन् कसैकी पेवा ।

यसप्रकार मानवजीवनसँग सम्बद्ध कतै आध्यात्मिक जीवनदर्शन, कतै मानवतावादी दर्शन, कर्मदर्शन आदिको प्रयोग कविताहरूमा गरिएको छ ।

### ५.३.७.४ व्यङ्ग्यप्रधान कविताहरू

**मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्कलित कतिपय कवितांशहरूले समाजमा रहेका विकृतिप्रति कटुव्यङ्ग्य प्रहार गरेका छन् । २०४६ सालको जनआन्दोलनपछि जनताले जुन आशा र अभिलाषा राखेका थिए त्यो पूरा नभएको जनताको आशा निराशामा बदलिएको भाव उनका कविताहरूमा पाइन्छ । राष्ट्रनिर्माण र राष्ट्रसेवाका नाममा ठगी गर्नेका लागि पनि उनका कविता चोटिला प्रहार हुन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नै देखापरेका विसङ्गतिप्रति व्यङ्ग्यको झटारो कवितामा हानिएको छ । वर्तमान समाजमा देखापरेका अहम् प्रवृत्ति आदिप्रतिको आलोचना समेटिएका कविताहरू यस कवितासङ्ग्रहमा सङ्गृहीत छन् । व्यङ्ग्य प्रहार गरिएका केही नमुनाहरू यसप्रकार छन् :

म जन्मेको माटोभरि
जता हेऱ्यो मात्र खाडल छ
मेरो शरीरभरि
जता छाम्यो मात्र खाडल छ
मनहरू विभाजित छन् ।

– *खाडल,* पृ. २५ ।

यसरी यस कवितासङ्ग्रहको कविताहरूमा सामाजिक, राजनैतिक विकृति-विसङ्गतिहरूलाई मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको छ ।

### ५.३.७.५ अन्य कविताहरू

**मौन आवाजहरू** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूले कतै नारीको विविध रूपको चर्चा गरेको छ भने कतै आञ्चलिकताको अभिव्यक्ति दिएको छ । त्यस्तै उनका कविताहरू राष्ट्रप्रेमले घनीभूत पाइन्छ । प्रकृतिचित्रणमा पनि उत्तिकै सशक्त रहेको यस कवितासङ्ग्रहमा राष्ट्रिय स्वाभिमान झल्कने केही कविताका नमुनाहरू :

सृष्टि र सिर्जनाभन्दा मीठो छैन कतै कुनै
प्रीति र ममताभन्दा छैन आफ्नो कतै कुनै
सत्यभन्दा पनि राम्रो छैन केही कतै कुनै
राष्ट्रभन्दा पनि प्यारो छैन केही कतै कुनै ।

– *देशको माया,* पृ. ३ ।

त्यस्तैगरी एउटी नारी अनेक रूपमा देखापर्ने कुरालाई स्वीकार गर्दै कोरिएको कविताको नमुना :

तिमी एक छोरी : एक मोहिनी

तिमी एक पत्नी : एक सङ्गिनी

तिमी एक आमा : एक सङ्रक्षिणी ।

– *तिमी एक नारी,* पृ. ६ ।

कवि कुँवरको **मौन आवाजहरू** कवितासङ्ग्रहमा स्थानीयता र आञ्चलिकता पनि त्यत्तिकै सशक्त रूपमा आएको पाइन्छ । आफ्नो जन्मभूमिलाई स्वर्गभन्दा प्यारो मानिएको र आञ्चलिकताको उत्कृष्ट नमुना भएको यस कवितांशलाई हेरौँ :

अलिकति बटौली र नौतुनाको हावा

अलिकति दोर्दी र मर्स्याङ्दीको हावा

थोत्रा मोटरले ल्याएको खैलाबैला र घ्यार्र-घ्यार्र

संसाभ्कै मातेका भ्यागुताको ट्वार्र-ट्वार्र

ब्रेक नभएको ओडार

भोटेओडार ।

– *लमजुङ : केही शब्दचित्र,* पृ. ४५ ।

यसरी यस कवितासङ्ग्रहमा सङ्कलित कविताहरूले विविधतालाई समेटेको छ ।

## ५.३.८ सारांश

कवि गोविन्दबहादुर कुँवरको दोस्रो कवितासङ्ग्रहको रूपमा प्रकाशित प्रस्तुत **मौन आवाजहरू** कवितासङ्ग्रहमा कविता र गीत गरी २६ ओटा रचनाहरू सङ्कलित छन् । पद्यमा भन्दा गद्यकविता बढी रहेको यस कवितासङ्ग्रहमा देशमा व्याप्त भ्रष्टाचार, देश दिन प्रतिदिन खोक्रो बनेको तीतो सत्यका साथै कविमा रहेको अगाध देशभक्तिको भावना पाइन्छ । स्वच्छन्द साहित्यिक धाराको नजिक रहेको यस कवितासङ्ग्रहको भाषा सरल, सुबोध्य र बोधगम्य छ ।

प्रशस्त व्यङ्ग्यचेतनाको भावना भएको **मौन आवाजहरू** कवितासङ्ग्रहमा समाजमा रहेका विकृति, विसङ्गतिप्रति तीखो व्यङ्ग्य प्रहार गरिनुका साथै समाजसुधारको आह्वान गरिएको छ । कतै राजनीतिक, सामाजिक विसङ्गति, कतै आशा र कतै निराशा, विद्रोह, कतै हास्य र व्यङ्ग्य, कतै प्रकृतिचित्रण र हल्का मनोरञ्जनजस्ता विविध पक्षहरू उद्घाटित यस कवितासङ्ग्रहमा प्रणय र प्रेमसम्बन्धी गीतहरू पनि समेटिएका छन् ।

आञ्चलिकता र स्थानीयताको पनि उत्तिकै बाहुल्यता रहेको यस कवितासङ्ग्रहका कतिपय कविताले कविको जन्मथलोप्रतिको मोहलाई प्रस्ट पारेको छ । गद्य, पद्य, गीत र मुक्तकलाई आ-आफ्नै हारमा उभ्याएर रचना गरिएको यो कवितासङ्ग्रह लयविधानका दृष्टिले

पनि सबल देखिन्छ । त्यस्तैगरी शीर्षक नै प्रतीकात्मक रहेको यस कवितासङ्ग्रहमा विभिन्न बिम्ब, प्रतीक र मिथक प्रयोग गरिएको छ । **मौन आवाजहरू** शीर्षक दिए पनि समाजमा रहेका विकृतिप्रति चर्को आवाज घन्काउन कवितासङ्ग्रह सफल भएको छ । हरेक विसङ्गतिका आवाजलाई साहित्यिक रूपमा प्रस्तुत गर्न सफल रहेको यो कृतिको शीर्षक सार्थक देखिन्छ । आत्मालापी कथनपद्धति तथा तृतीय पुरुष शैलीमा रचना गरिएको प्रस्तुक कवितासङ्ग्रहमा समाजसुधारको सन्देश, प्रकृतिचित्रण, नारीका विविध रूपको चर्चा, राष्ट्रवादी स्वर, सौन्दर्य र प्रेममूलक भावना, प्रशस्त आञ्चलिकताको प्रयोग, व्यङ्ग्यको उद्घोष आदि विशेषता बोकेका कविताहरूको सङ्गालो भएको **मौन आवाजहरू** कवितासङ्ग्रह नेपाली साहित्यको अनमोल रत्न हो । भोकमरी, युद्धको महामारी, अभाव, महङ्गी, अपराध, लुच्याइँ, फट्याइँले विश्व नै आत्तिएको बेला समाजलाई सुधार्नुपर्ने चेतना बोकेको यस कृतिले मानवसमाजलाई चुनौती दिएको छ ।

यसरी २६ ओटा कविताहरू सङ्कलित मझौला आकारको कवि गोविन्दबहादुर कुँवरको **मौन आवाजहरू** कवितासङ्ग्रह मुक्तक, गीतिकविता र गद्यकविता गरी सङ्कलित छ । शीर्षकमा सार्थकता, बिम्ब-प्रतीकले मजबुत, प्रकृतिचित्रणको बेजोड नमुना भएको यो कृति आफैँमा साहित्यिक दृष्टिले परिपूर्ण देखिन्छ ।

## ५.४ 'तातेताते' बालकवितासङ्ग्रहको अध्ययन

कवि गोविन्दबहादुर कुँवरको **तातेताते** बालकवितासङ्ग्रह पुस्तकाकार कृतिको प्रकाशनको दृष्टिले तेस्रो कविताकृति हो । बालसाहित्यको फाँटमा उल्लेखनीय योगदान पुऱ्याएको यस कृतिले प्रौढ मस्तिष्कद्वारा बाल अभिव्यक्ति प्रकट गरेको छ । त्यसैले यस कवितासङ्ग्रहलाई नेपाली साहित्यजगत्कै उल्लेख्य उपलब्धिको रूपमा मान्न सकिन्छ ।

### ५.४.१ पृष्ठभूमि

बालबालिकालाई सबैभन्दा मनपर्ने बालगीत हो । नेपालीमा बालसाहित्यको लेखन वि.सं. १९५८ बाट सुरु भएको हो । राजा जयपृथ्वीबहादुर सिंहको नाम प्रथम बालसाहित्यका लेखकको रूपमा उल्लेख छ । बालसाहित्यलाई पाठ्यसाहित्य र पाठ्येतर गरी दुई भागमा विभाजन गरेको पाइन्छ । पाठ्येतर साहित्य परम्परादेखि नै मौखिकरूपमा प्रचलित भए पनि पाठ्य बालसाहित्य १९५८ बाट सुरु भई हालसम्म पनि निरन्तर रूपमा चलिरहेको छ । अहिले पाठ्येतर बालसाहित्य पाठ्यक्रमलाई आधार नलिई स्वतन्त्र रूपमा लिखित र प्रकाशित छन् ।

लक्ष्मीप्रसाद देवकोटाको प्रभाकर (१९९७) लाई प्रथम पाठ्येतर बालकृतिका रूपमा लिन सकिन्छ । पाठ्येतर बालसाहित्यलाई दुई चरणमा विभाजन गर्दा वि.सं. १९९७-२०२५ प्रथम चरण र वि.सं. २०२६ लाई अन्तर्राष्ट्रिय बालवर्षको रूपमा मनाएपछि यहाँबाट दोस्रो चरण सुरु हुन्छ । पहिलो चरणमा भन्दा पछिल्ला चरणहरूमा बालसाहित्यले फस्टाउने मौका

पायो । यस चरणमा बालकहरूका लागि बालकविता, बालएकाङ्की, बालचित्रकथा, बालकथा, बालगीत, बालउपन्यास आदि प्राय: सबै विधामा साहित्यिक कृति लेखिएको पाइन्छ । कवि गोविन्दबहादुर कुँवर पनि यसै धाराका युवा बालसाहित्यकारका रूपमा देखापरेका छन् । उनको फुटकर बालगीत, बालकविताको अतिरिक्त **तातेताते** (वि.सं. २०५८) बालसङ्ग्रह प्रकाशित छ ।

कुँवरको **तातेताते** (२०५८) बालगीतसङ्ग्रह प्रकाशनको दृष्टिले तेस्रो कृति हो । प्रस्तुत सङ्ग्रहमा तीसओटा बालगीतहरू सङ्गृहीत छन् । पृष्ठ एकदेखि पृष्ठ ३७ सम्म रहेको यस कृति लघु आकारको छ । यसमा सङ्कलित कुनै गीत ज्यादै छोटा जम्मा ६ पङ्क्तिसम्मका छन् भने लामो बालगीत २२ पङ्क्तिसम्म फैलिएको छ । अन्त्यानुप्रास मिलेको, भाषामा सरलता र बोधगम्यता रहेको यस कृतिको पहिलो पृष्ठमा *खोलो* शीर्षकको बालगीत सङ्कलित छ । बालकहरूलाई मनोरञ्जनको शिक्षा र प्रेरणामूलक रहेको यस कृतिलाई कवितातत्त्वको आधारमा हेर्न सकिन्छ ।

## ५.४.२ 'तातेताते' कवितासङ्ग्रहको शीर्षकविधान

कवि गोविन्दबहादुर कुँवरको **तातेताते** बालकवितासङ्ग्रहमा ३७ ओटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहमा पहिलो *खोलो* शीर्षकको कविता रहेको छ । प्रतीकात्मक शीर्षक राखिएको *खोलो* कवितामा मान्छेको जीवनलाई खोलासँग तुलना गरिएको छ । खोलाजस्तै बालकको मन पनि सफा हुन्छ भन्ने भावलाई शीर्षकसँग सार्थक गराइएको पाइन्छ । यस कवितासङ्ग्रहको दोस्रो कविताको शीर्षक *कमिला रानी* रहेको छ । आपसमा मिलिजुली बस्ने, साथीहरूसँग झैँझगडा नगर्ने, बाँडीचुँडी खाने भावना कमिलामा भएजस्तै बालबालिकाहरूमा हुनुपर्ने भाव कवितामा व्यक्त गरिएको छ । आपसमा विना भेदभाव, विना रिसराग कमिलाजस्तै एकताबद्ध हुन आह्वान गरिएको *कविता रानी* शीर्षक कविता भावानुकूल सार्थक देखिन्छ ।

**तातेताते** कवितासङ्ग्रहको तेस्रो कविताकृतिको शीर्षक *पाठशाला* रहेको छ । बालबालिकाहरूमा पढाइप्रति अनुराग जगाउन सफल *पाठशाला* शीर्षक बालकविताले बालबालिकाहरूको कोमल मस्तिष्कलाई पढाइप्रति आकृष्ट गरेको छ । विद्यालयप्रतिको अनुराग बढाउने भाव व्यक्त यस कवितालाई शीर्षकसँग तादाम्य गराइएको छ ।

यस सङ्ग्रहको चौथो कविताको शीर्षक *को खाई* राखिएको छ । केटाकेटीहरूलाई फकाउन, फुलाउन निकै गाह्रो हुन्छ अझ खाना खाने बेलामा रिसाउने प्रवृत्ति प्राय: बालबालिकामा हुन्छ, तसर्थ यस्तो बेलामा फकाएर खाना खुवाउने सरल माध्यम गीत नै हुन्छ । बालबालिकालाई हाँसीखुसी रहन प्रेरणा दिने यस कविताको शीर्षकलाई यसरी भावसँग समायोजन गरिएको छ :

को खाई

को खाई

नानी खाई

दुधु भात

सुपुक्क ...

– *को खाई,* पृ. ५ ।

**तातेताते** कवितासङ्ग्रहको पाँचौँ कविता *थिरीथिरी* हो । सानासाना केटाकेटीहरूलाई हिँडाइको अभ्यास गराएर खुसी बनाउने खालको कविता रहेको छ ।

*भुँडेदाइ* यस कवितासङ्ग्रहको छैटौँ कविता हो । मनोरञ्जनात्मक र रोमाञ्चक कविता *भुँडेदाइ*मा भुँडेदाइको हास्यास्पद चरित्र वर्णन गरिएको पाइन्छ । बालबालिकालाई स्वच्छ मनोरञ्जन दिइएको शीर्षक र भावको राम्रो तालमेल देखिन्छ । **तातेताते** कवितासङ्ग्रहको सातौँ कविता *रूख* रहेको छ । स्वच्छ, सफा वातावरणको लागि रूखको महत्त्व अपरिहार्य हुने हुनाले बालबालिकाहरूमा वातावरणीय संरक्षणप्रति सचेत गराइएको पाइन्छ । मानिसको जीवनमा रूखको उल्लेख्य भूमिका रहने भाव व्यक्त गर्दै यसको संरक्षण गर्नु सबैको कर्तव्य हो भन्ने शिक्षा दिइएको यस कविताको भाव र शीर्षकबीच यसरी तादाम्य देखिन्छ :

घाँस दिने काठ दिने रूख हाम्रो मित्र

रूख रोपौँ रूख गोडौँ पाखाबारीभित्र ॥

– *रूख,* पृ. ८ ।

*मन लाग्यो* शीर्षक कविता **तातेताते** कवितासङ्ग्रहको आठौँ कविता हो । प्रौढावस्थामा पुगेर बालापनको स्मरण गरी रचिएको यस कवितामा बालबालिकाहरूको विशेष रुचिको वर्णन पाइन्छ । पुतलीलाई सिँगारी बिहे गर्न मन लागेका बालचञ्चलता र बालक्रियाको अनुभूति कवितामा पोखिएको छ । त्यसैले कविताको भाव र शीर्षकबीच उचित तालमेल रहेको देखिन्छ । यस कविताकृतिको नवौँ कविताको शीर्षक *सिँगाने फोहरी* रहेको छ । केटाकेटीहरू फोहोरी हुनुहुँदैन सधैँ सफा हुनुपर्छ भन्ने सन्देश दिइएको प्रस्तुत *सिँगाने फोहोरी* कवितामा शीर्षक र उद्देश्यबीचको तादात्म्य गराइएको छ ।

*छ ऋतु* शीर्षकको कविता बाह्रौँ शृङ्खलाको कविताकृति हो । छओटा ऋतुको नाम र विशेषताको चर्चा कवितामा गरिएको छ । प्रकृतिपरक यस कवितामा बालबालिकालाई छओटा ऋतुको बारेमा जानकारी दिइएको छ । यसरी भाव र शीर्षकबीच समुचितता देखिन्छ ।

**तातेताते** कवितासङ्ग्रहको तेह्रौँ कविताको शीर्षक *गोज्याङ्ग्रो* रहेको छ । प्रकृति र विज्ञानको रहस्योद्‌घाटन *गोज्याङ्ग्रो* कवितामा गरिएको छ । गोज्याङ्ग्रोको मूलप्रवृत्तिलाई व्यङ्ग्य गरिएको यस कवितालाई शीर्षकसँग यसरी तालमेल मिलाइएको छ :

चुँ चुँ गर्छ छुचुन्द्रो
लात्ती हान्छ फट्याङ्ग्रो
हवाइजहाज देखेर
छक्कै पऱ्यो गोज्याङ्ग्रो ।

– *गोज्याङ्ग्रो,* पृ. १२ ।

यस कवितासङ्ग्रहको चौधौँ कविताको शीर्षक *पुतली* रहेको छ । पुतली प्रकृतिको एउटा सुन्दर रूप हो । फूलबारीमा फूलको रस चुस्दै हिँड्ने रङ्गीबिरङ्गी पुतलीको विकासक्रमलाई कवितामा व्यक्त गरिएको पाइन्छ । प्रकृतिकै सुन्दरतम प्रतिरूप पुतली भएको भाव कवितामा व्यक्त गरी शीर्षकसँग भावको संयोजन गरिएको छ ।

यस कवितासङ्ग्रहको पन्ध्रौँ कविता *मैनबत्ती* रहेको छ । मैनबत्ती प्रतीकात्मक र शिक्षाप्रद रहेको छ । आफू पग्लेर अरूलाई प्रकाश दिने मैनबत्तीको विशेषतालाई कवितामा प्रकट गरी बालबालिकाहरूलाई पनि त्यस्तै बन्ने प्रेरणा दिएको छ ।

*सूर्य र चन्द्र* शीर्षकको कविता यस कवितासङ्ग्रहको सोह्रौँ स्थानमा रहेको छ । प्रकृतिबाट उदाहरण ल्याई छोराछोरीबीच समान भाव राख्नुपर्ने सन्देश कवितामा अभिव्यञ्जित छ । सूर्य र चन्द्रलाई छोरा र छोरीसँग दाँजेर प्रकृति बिम्बका सहाराले छोरा र छोरीलाई समान व्यवहार गर्नुपर्छ भन्ने आग्रह बोकेको कविताको भाव र शीर्षक उचित देखिन्छ ।

*बाटो* शीर्षकको कविता **तातेताते** कवितासङ्ग्रहको सत्रौँ कविताक्रममा रहेको छ । बाटो स्वच्छ र सफा राख्नुपर्ने मूल सन्देश कविताले दिएको छ । बाटो विकासको पूर्वाधार हो । सुरु र अन्त्य नै नहुने उकालीओरालीमा गणना गरिने बाटोको सबैले संरक्षण गर्नुपर्छ भन्ने मूल भाव बोकेको *बाटो* शीर्षक कविता भावअनुकूल रहेको देखिन्छ ।

*रेडियो* शीर्षकको कविता यस कवितासङ्ग्रहको अठारौँ कविता हो । विज्ञानप्रविधिको एक चामत्कारिक उपहार रेडियोको उपयोगिता र यसको बनोटप्रक्रियाको जानकारी बालमस्तिष्कमा राम्रो र सकारात्मक सन्देश यस कवितामा दिइएको छ । विज्ञानको चामत्कारिक छर्लङ्ग पारिएको *रेडियो* कवितामा भाव र शीर्षकको संयोजन मिलाइएको छ ।

**तातेताते** कविताकृतिको उन्नाईसौँ कविताको शीर्षक *जनावरको दसैँ* रहेको छ । दसैँ बालबालिकाहरूको लागि रमाइलो चाड हो । दसैँको उल्लासमय वातावरणमा बालबालिकाहरू रमाउनु स्वाभाविकै हो । हिन्दूहरूको महान् चाड दसैँमा पञ्चबली दिने चलन रहिआएको छ । हाँस, कुखुरा, बोका, राँगा, भेडाहरूलाई बली दिने गरिन्छ । ती निहत्था जनावरहरूको कारुणिक व्यथालाई कवितामा उतारेर केटाकेटीहरूमा पशुपन्छीहरूप्रति दयालुभाव जगाउन *जनावरको दसैँ* शीर्षक दिई भावसँग तादात्म्य गराइएको पाइन्छ ।

यस कवितासङ्ग्रहको बीसौँ कविताको शीर्षक *भाइबैनीप्रति* रहेको छ । बालबालिकाहरूलाई कर्तव्यबोधको पाठ सिकाइएको यस कविताले ठूलालाई आदर र सानालाई माया गर्ने सन्देश दिएको छ । आजका बालबालिका भोलिका देशका कर्णधार हुन् र राष्ट्रको

जिम्मेवारलाई काँधमा लिई राष्ट्रभक्तिको सन्देश संसारमा फिँजाउनुपर्ने भाव बोकेको यस कविताको भावानुकूल शीर्षक सार्थक देखिन्छ ।

**तातेताते** कवितासङ्ग्रहको एक्काईसौँ शीर्षकको कविता *कुखुराको दसैँ* रहेको छ । प्रकृति र संस्कृतिको समन्वय देखाउन खोजिएको यस कवितामा जनावरलाई माया गर्नुपर्ने भाव व्यक्त गरिएको छ ।

**तातेताते** कवितासङ्ग्रहको बाईसौँ कविता *कति राम्रो* हो । बालबालिकाहरू साक्षात् ईश्वरीय रूप हुन्, बालबालिकाहरू भएको घर स्वर्गसमान हुन्छ, बालचञ्चलता सबैका लागि मनमोहक हुन्छ । सानालाई माया गर्ने र ठूलालाई आदर गर्ने बालव्यवहारको राम्रो चित्रण *कति राम्रो* शीर्षक कवितामा गरिएको छ । केटाकेटी नाचेको, खेलेको चित्रण गरी कवितामा भावअनुकूल शीर्षक मिलाइएको छ ।

*नाम र काम* शीर्षकको कविता यस कवितासङ्ग्रहको तेईसौँ क्रममा रहेको छ । संसारमा नाम काम कहीँ पनि मिलेको छैन अर्थात् नामअनुसार काम नभएको यथार्थतालाई व्यङ्ग्यात्मक रूपमा शीर्षकसँग तादात्म्य यसरी मिलाइएको छ :

दयारामको मन ढुङ्गाभन्दा साह्रो
भीमबहादुरलाई उठी हिँड्नै गाह्रो
रूपकुमारी झन् सबैभन्दा नराम्री
नाम भने सुशीला मान्छे भने चाम्री ।

– *नाम र काम*, पृ. २४ ।

**तातेताते** कवितासङ्ग्रहको चौबीसौँ कविता *साँघु* रहेको छ । साँघु अर्थात् पुलको स्वरूप काम र विशेषताको चर्चा कवितामा गरिएको छ । मानवीय चेतनाको प्रशंसा गरिएको *साँघु* कविता भावअनुकूल शीर्षक सार्थक देखिन्छ ।

**तातेताते** कवितासङ्ग्रहको पच्चीसौँ कविताको शीर्षक *बालगीत* राखिएको छ । बालबालिकाहरूलाई शैक्षिक चेतनाको जागरणमूलक गीत बालगीत हो । शिक्षा र चेतनाका स्वरहरू गीतिलयमा अभिव्यक्त गरिएको यस कविता अभिव्यक्ति र भावका आधारमा शीर्षक सार्थक देखिन्छ ।

*काका सहर गएछन्* शीर्षकको कविता यस कवितासङ्ग्रहको छब्बीसौँ कविता हो । व्यङ्ग्यप्रधान *काका सहर गएछन्* कवितामा सहरी जीवनको साथै सहरी परिवेशको चित्रण गरिएको छ । सहरको विकृतिप्रतिको विराग र गाउँप्रतिको अनुराग कवितामा अभिव्यक्त गरी शीर्षकलाई भावअनुसार मिलाइएको छ ।

**तातेताते** कवितासङ्ग्रहको सत्ताईसौँ कविताको शीर्षक *आज* रहेको छ । समयको महत्त्वलाई बुझेर, समयलाई चिन्नुपर्ने भाव कवितामा अभिव्यञ्जित छ साथै स्वदेशप्रतिको प्रेमराग पनि कवितामा प्रकट गरिएको छ । समय बितेर गएपछि फर्केर नआउने भावलाई शीर्षकसँग यसरी मिलाइएको छ :

स्वदेशको मायाजस्तो ।

अरू केही छैन ॥

आजजस्तो दिन फेरि

भोलि आउने हैन ॥

– *आज,* पृ. २९ ।

**तातेताते** कवितासङ्ग्रहको अट्ठाईसौँ कविता *मेरो कलम* रहेको छ । कलमको शक्तिको महिमागान गाइएको *मेरो कलम* कवितामा देशप्रेमको भाव व्यक्त गरिएको छ । स्वदेशको उन्नति र प्रगतिमा सदा आफ्नो कलम चलाइरहनुपर्ने कुरा कवितामा व्यक्त गरी भाव र शीर्षकको मेल गराइएको छ ।

यस कवितासङ्ग्रहको उनन्तीसौँ कविता *भुँडी* शीर्षकको कविता हो । व्यङ्ग्यप्रधान *भुँडी* कवितामा हाँडीघोप्टे प्रवृत्तिको भण्डाफोर हातखुट्टा, कान, आँखाजस्ता अङ्गहरूको रोचक ढङ्गले जानकारी दिइएको यस भुँडी कवितामा भुँडीको विशेषतालाई चित्रण गरी शीर्षक र भावमा यसरी तादात्म्य गरिएको छ :

हात भन्छ मरीमरी काम गर्ने हामी ।

थैले भुँडी बनिसित्ति बसीबसी खानी ॥

खुट्टा भन्छ जहाँतही मैले हिँड्नुपर्छ ।

घ्याम्पे भुँडी बसीबसी तीन माना खान्छ ॥

– *भुँडी,* पृ. ३२ ।

**तातेताते** कवितासङ्ग्रहको तीसौँ कविताकृतिको शीर्षक *मेरो देश* रहेको छ । देशभक्तिभावले ओतप्रोत प्रस्तुत *मेरो देश* शीर्षक कवितामा कविको राष्ट्रप्रेम झल्किएको छ । साथै सानासाना लालाबालाहरूलाई आफू जन्मेको जन्मभूमिको गौरवगान गाउन र आफ्नो देशको उन्नतिमा लाग्न प्रेरित गरिएको यस कविताको भाव र शीर्षकको उचित तालमेल मिलाइएको छ ।

यस कवितासङ्ग्रहको एकतीसौँ कविताको शीर्षक *अड्डा* रहेको छ । सरकारी अड्डा-अदालतहरूको वर्णन गरिएको यस कवितामा कर्मचारीले जनताको काम गर्नुपर्छ भन्ने सन्देश पाइन्छ । सरकारी कार्यालयको सामान्य जानकारी दिइएको प्रस्तुत कवितामा भाव र शीर्षकको उचित संयोजन पाइन्छ ।

*काली भैँसी* शीर्षक कविता यस कवितासङ्ग्रहको बत्तीसौँ कविता हो । जनावरलाई आफ्नो कविताको विषयवस्तु बनाइएको छ । पशुको मानवीकरण गरिएको *काली भैँसी* कवितामा पशुलाई मानवव्यवहारसँग तुलना गरिएको छ । भैँसीको जानकारी मनोरञ्जनात्मक तरिकाले गरिएको प्रस्तुत कविताको भाव र शीर्षकको उचित तालमेल देखिन्छ ।

**तातेताते** कवितासङ्ग्रहको तेत्तीसौँ कविताको शीर्षक *वनभोज* रहेको छ । केटाकेटीहरू वनभोजनमा नाच्ने, गाउने, रमाउने गर्छन् एकआपसको मित्रता, मीठामीठा खानेकुराहरू आफै पकाएर खाने आदि कुराको चित्रण यस कवितामा गरिएको पाइन्छ ।

*द्यौबहादुर* कविता यस कवितासङ्ग्रहको चौतीसौँ क्रममा रहेको छ । द्यौबहादुर दुराको ठाडो भाकाको लोकगीत प्रस्तुत गरी कविले भँगेरा-भँगेरीको आकर्षक मेलमिलापलाई कवितामा देखाएर पशुपन्छीलाई माया गर्नुपर्ने सन्देश दिएका छन् । द्यौबहादुरको गीत शीर्षक पनि द्यौबहादुर राखिएको छ ।

**तातेताते** कवितासङ्ग्रहको अन्तिम तथा चौतीसौँ कविताशृङ्खलामा रहेको कविता *झुलरी* हो । सानासाना नानीबाबुहरूलाई चाँडै निदाउन प्रेरित गर्ने र बिहान सबेरै उठ्ने बानी गर्नुपर्ने सन्देश *झुलरी* कवितामा गरिएको छ । बालबालिकाको मनोविज्ञानलाई राम्ररी बुझेर मनोरञ्जनात्मक रूपमा निद्रादेवीको काखमा लुटपुट बनाउने कुरालाई कलात्मक रूपमा *झुलरी* कवितामा प्रस्तुत गरी शीर्षकसँग भावको संयोजन गरिएको छ ।

## ५.४.३ भाषाशैली

कवि गोविन्दबहादुर कुँवरको **तातेताते** बालकवितासङ्ग्रहमा सङ्कलित कविताहरूको भाषामा सरलता, सहजता र बोधगम्यता पाइन्छ । कोमल बालमस्तिष्कलाई निकै सहज र सरल लाग्ने शब्दहरूको प्रयोग कवितामा गरिएको छ । सानासाना नानीबाबुहरूको उमेरगत रुचि र भावनालाई कविताहरूमा प्रस्तुत गरिएको छ । नानीहरूलाई आमाले तातेताते, थिरीथिरी गर्न सिकाउँदा होस्, बुबुमाम खुवाउन लाग्दा, नानीहरूलाई सुताउँदा नै किन नहोस् कवितासङ्ग्रहका अधिकांश कविताहरूमा बालबोलीका शब्दहरूको यथेष्ट प्रयोग गरिएको पाइन्छ । प्राथमिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूका लागि शिक्षा, सन्देश, विकृति, विडम्बना आदिलाई कतै मनोरञ्जनात्मक त कतै ठट्यौली पाराले कवितामा प्रस्तुत गरिएको छ । बिम्ब र प्रतीक तथा आलङ्कारिक वस्तुविन्यासले कविताहरू रोचक बनेका छन् । वर्ण, पद, पदावली र वाक्यस्तरसम्म आन्तरिक लयको संयोजन गरिएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरू तथा बालबोलीले कविताहरू रोचक र सरल बनेका छन् । साथै अनुकरणात्मक शब्दहरूको प्रयोगले कवितालाई रोचक तुल्याएको छ ।

बालबोलीको शब्द प्रयोग गरिएका केही नमुनाहरू यी रहेका छन् :

(क) को खाई
को खाई
नानी खाई
दुदु भात
सुपुक्क ... ।

– *को खाई,* पृ ५ ।

(ख) झुलरी – नानी ... झुलरी

नानीका माछा फुलरी

नुनु गर नानी नुनु गर

निदरी आइन् चिनु गर ।

– *झुलरी,* पृ. ३७ ।

अनुकरणात्मक शब्द प्रयोग गरिएका केही कविताहरूका नमुनाहरू यी रहेका छन् :

(क) सानी नानीले

रोटी हाल्लिन् च्वाँइयँ

दाल झाल्लिन् झ्वाइयँ

भुँडे दाइ गचक्क

काम्लोमाथि थचक्क ।

– *भुँडेदाइ,* पृ. ७ ।

(ख) पिलपिल गर्छ जुनकीरी

झ्याउँझ्याउँ गर्छ झ्याउँकिरी

ट्वारट्वार गर्छ भ्यागुतो

सिलिङमिलिङ माकुरो ।

– *गोज्याङ्ग्रो,* पृ. १३ ।

यसरी बालबोलीका शब्दहरूको प्रयोगका साथै बिम्ब, प्रतीक र अलङ्कारहरूको प्रयोग गरिएको कवितासङ्ग्रहको कविताहरूमा अनुकरणात्मक शब्दको घनीभूत प्रयोगले कविताहरू रोचक, आलङ्कारिक र श्रुतिमधुर देखिन्छ ।

## ५.४.४ लयविधान

कवि गोविन्दबहादुर कुँवरको **तातेताते** बालकवितासङ्ग्रहको लयविधान सशक्त देखिन्छ । साना नानीहरूको रुचि र मनोभावनालाई पछ्याउँदै सिङ्गै कवितासङ्ग्रहभित्र कविले विभिन्न मीठामीठा भाकाहरूमा कविता रचना गरेका छन् । नानीहरूले आफैँ गाउनसक्ने होस् वा ती नानीहरूलाई काखमा लिएर डुलाउँदै भुलाउँदै हिँड्दा बाबुआमाले गाउने भाकाहरूमा होस् अत्यन्तै रोचक ढङ्गले कवितासङ्ग्रहमा प्रचुर एवम् उचित प्रयोग गरिएको पाइन्छ । सवाइ, बालगीत, भजन आदिका भाकामा कविताहरू रचिएका छन् । कवितासङ्ग्रहमा बालमस्तिष्कमा सहज ग्राह्य हुने विषयवस्तुलाई मनोरञ्जनात्मक ढङ्गमा कविताहरू प्रस्तुत गरिएका छन् । गद्यपद्य दुवै लयात्मक संयोजन कविताहरूमा पाइन्छ । अन्त्यानुप्रासको प्रयोगले

कवितालाई श्रुतिमधुर बनाएको छ । गद्यकविताहरूमा आन्तरिक लयको संयोजन मिलाइएको पाइन्छ । सवाइ, बालगीत र भजनको प्रयोगले कवितासङ्ग्रहमा लयगत विविधता पाइन्छ ।

सवाइ लयमा रचिएका कविताको नुमना यसप्रकार रहेको छ :

हेर ! हेर साथी आयो कमिलाको ताँती
कोही राता कोही काला छन् यी भाँतीभाँती
काँछ यिनको घरखेत काँ छ यिनको बारी ?
माटोभित्र माटोबाहिर कोही डाँडापारि ।

– *कमिला रानी*, पृ. ३ ।

बालगीतको नमुना यसप्रकार रहेको छ :

बगी आयो खोला यो
कहाँ जाने होला यो
सागरमा पुग्छ रे
बाफ बनी उड्छ रे ॥

– *खोला*, पृ. १ ।

भजनको नमुना यसप्रकार रहेको छ :

मेरी काली भैँसी
 कति राम्रो चैसी
खान पाए साह्रै जाती
 नपाएमा बोक्सी ।

– *काली भैँसी*, पृ. ३६ ।

यसरी गीतिलय सवाइ, भजन र सङ्गीतात्मकता स्वाभाविक रूपमा आएको छ । अनुप्रासहरू र वर्ण तथा मात्राका केही आवृत्तिहरूले कवितालाई लयात्मक तुल्याएका छन् ।

## ५.४.५ बिम्बविधान

यस कवितासङ्ग्रहका कविताहरूमा शब्दबिम्बहरू, अर्थबिम्बहरू तथा प्रतीकहरूको सुन्दर ढङ्गमा प्रयोग गरिएको पाइन्छ । शब्दालङ्कार पनि सशक्त रूपमा प्रयोग भएको छ । कतिपय ठाउँमा व्यञ्जनार्थ पनि देखिन्छ । प्राकृतिक बिम्ब, आद्यबिम्ब, स्थानीय बिम्ब, मिथक तथा अलङ्कारहरू कविताहरूमा सजिए पनि बालमस्तिष्कलाई पाच्य हुनेगरी आएका छन् । यस कवितासङ्ग्रहमा केही बिम्ब तथा प्रतीकहरू रहेका छन् :

तीमध्ये वैज्ञानिक बिम्ब यो रहेको छ :

हेर ! हेर ! साथी हो मैनबत्ती बलेको
माथिमाथि उज्यालो आफैँमुनि अँध्यारो ॥
कता भाग्यो अँध्यारो जताततै उज्यालो
टपटप खसेको आँसु हो कि पानी हो ॥

– *मैनबत्ती*, पृ. १५ ।

प्राकृतिक बिम्ब यसप्रकार रहेको छ :

बगी आयो खोला यो
कहाँ जाने होला यो
मान्छेजस्तै हैन यो
खोला सधैँ बग्छ रे
मान्छे मरी जान्छ रे ।

– *खोला*, पृ. २ ।

स्थानीय बिम्ब यसप्रकार रहेको छ :

कति लामो बाटो कहाँ पुग्छ होला
यति धेरै मान्छे हिँड्दा कति दुख्छ होला
कहाँबाट सुरु भयो कहाँ जान्छ होला
दोबाटोमा भेट हुँदा के-के भन्छ होला ।

– *बाटो*, पृ. १७ ।

यसरी प्राकृतिक बिम्ब, वैज्ञानिक बिम्बका माध्यमबाट बालमस्तिष्कलाई उचित शिक्षा तथा सन्देश दिइएको यस कवितासङ्ग्रहका कविताहरूमा बिम्बविधान सशक्त र घनीभूत देखिन्छ ।

## ५.४.६ कथनपद्धति

विश्लेष्य **तातेताते** बालकवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा कवि कुँवरले कतै आत्मालापी कथनपद्धतिको प्रयोग गरेका छन् भने कतै तृतीय पुरुष कथनपद्धतिको प्रयोग गरेका छन् । बालोपयोगी कविताहरूको सङ्ग्रह गरिएको यस कवितासङ्ग्रहमा कवि स्वयम् नै बालकझैँ बनेर उनीहरूको मनोभावना प्रस्तुत गरेका छन् । कतिपय कवितामा बालकलाई पढ्नलेख्न, आफूभन्दा सानालाई माया गर्न, ठूलालाई आदर गर्न, सफासुग्घर रहन, देशप्रति

माया गर्न, प्रकृतिप्रति अनुरागी बन्न तथा साहित्यानुरागी हुन मीठो प्रेरणा दिएका छन् । कृतिभित्र कवि कतै साना नानी भएर तोतेबोलीमा रमाएका छन् भने कतै आमा बनेर ममता पस्किएका छन्, कतै बाबु बनेर जिम्मेवारी उठाएका छन् र कतै शिक्षक बनेर प्रस्तुत भएका छन् । यसरी **तातेताते** बालकवितासङ्ग्रहमा प्रथम पुरुष र तृतीय पुरुष कथनपद्धतिको प्रयोगले कविताहरू सरल, ग्राह्य र सौन्दर्यले घनीभूत देखिन्छन् ।

आत्मालापी कथनपद्धतिमा रचित कविताको नमुना यसप्रकार रहेको छ :

साथीभाइ मिलेर
लुकी खेल्न मन लाग्यो
पुतलीलाई सिँगारी
बिहे गर्न मन लाग्यो
मलाई पनि सानो बच्चा
हुन मन लाग्यो
डाँडो उक्ली आशालाई
छुन मन लाग्यो ।

– *मन लाग्यो,* पृ. ९ ।

तृतीय पुरुष कथनपद्धतिमा रचिएका बालकविताको नमुना यो रहेको छ :

भाइ तिम्रो मुहारमा मेरो देश बन्छ
बैनी तिम्रो जुहारमा मेरो देश खुल्छ
पाठ पढ राम्रोसँग खेल्न पनि गर
आफ्नो काम आफैँ गर आफ्नै भर पर ।

– *भाइबैनीप्रति,* पृ. २० ।

यसरी कतै आत्मालापी त कतै तृतीय पुरुष कथनपद्धति प्रयोग गरी कवितामा भावपरक तथा अनुभूतिपरक अभिव्यक्ति दिइएको छ ।

## ५.४.७ केन्द्रीय भाव

बालबालिकाहरूको मानसिक, बौद्धिक रञ्जन र विकासको निमित्त बालमनोवैज्ञानिक आधारमा **तातेताते** बालकवितासङ्ग्रह रचना गरिएको छ । कवि कुँवरले बालबालिकाहरूलाई व्यावहारिक शिक्षा र ज्ञानविज्ञानको शिक्षामा बिस्तारै अगाडि बढ्न र सफलताको बाटोतर्फ लम्कने प्रेरणा प्रदान गर्ने मूल कथ्यवस्तुलाई आधार मानी यस कृतिको रचना गरेको देखिन्छ । शिक्षा, सन्देश, विकृति, विडम्बनाका स्वरहरू मुखरित भएका **तातेताते** कवितासङ्ग्रहभित्रका कविताहरूलाई भाव तथा विचारका आधारमा अध्ययन गर्न सकिन्छ ।

### ५.४.७.१ प्रकृतिपरक कविताहरू

प्रकृतिको वर्णन गरिएका अधिकांश कविताहरू **तातेताते** कवितासङ्ग्रहमा सङ्गृहीत छन् । कविताभित्रै प्रकृति चिनाएका छन् र वातावरण संरक्षणमा जोड दिएका छन् । बालकहरूको मनोमस्तिष्कमा सहज रूपमा छाप पर्ने गरी प्रकृतिबिम्बको प्रयोग कवितामा गरेको पाइन्छ । प्रकृति र संस्कृतिको समन्वय गर्न सबै बालबालिकालाई उत्प्रेरित गरिएको छ । प्रकृतिलाई ज्ञानको भण्डार, रहस्यको स्रोतको रूपमा उभ्याएर प्रकृतिलाई माया, ममता, संरक्षणमा सबैलाई जुट्नुपर्ने आग्रह कवितामा गरिएको छ ।

प्रकृतिमूलक कविताका नमुनाहरू यी रहेका छन् :

(क) भेट हुँदा चुच्चो जोडी गर्छन् कुरा के-के
सबै मिली होस्टे गर्छन् सिनुमिनु भेटे ।

– *कमिला रानी,* पृ. ३ ।

(ख) घाँस दिने काठ दिने रूख हाम्रो मित्र
रूख रोपौँ रूख गोडौँ पाखाबारीभित्र ।

– *रूख,* पृ. ८ ।

(ग) गृष्मऋतु आयो
गर्मीले सतायो,
वर्षाऋतु आयो
डाँडा खोला रमायो
शरदऋतु आयो
चाडबाड ल्यायो ॥

– *छ ऋतु,* पृ. १२ ।

(घ) ढुङ्गोमाथि फुल्छ फूल
माटोभित्र सुन
बिर्सि जाने को यो होला
तिम्रो चोखो गुन ।

– *मेरो देश,* पृ. ३१ ।

यसप्रकार बालबालिकाहरूलाई प्रकृति तथा वातावरणीय संरक्षणप्रति आकृष्ट गर्ने खालका कविताहरू सशक्त छन् ।

### ५.४.७.२ शिक्षामूलक कविताहरू

कवि गोविन्दबहादुर कुँवरको **तातेताते** बालकवितासङ्ग्रहमा सङ्गृहीत अधिकांश कविताहरू शिक्षामूलक भेटिन्छन् । यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूले बालबालिकाहरूलाई शिक्षाप्रति अनुराग जगाएका छन् । ज्ञानविज्ञानका विभिन्न प्रतीकहरूका सहाराले बालसचेतताका अमूल्य शिक्षा प्रदान गरेका कविताहरू तातेताते बालकवितासङ्ग्रहमा रहेका छन् । प्रकृतिप्रेम, राष्ट्रप्रेम, नैतिकवान् चारित्रिक शिक्षा तथा विज्ञानजगत्को नवीनतम उपलब्धिहरूको जानकारी यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूका परिधि हुन् । बालबालिकाहरूमा सरसफाइप्रति सजग गराउनु, एकआपसमा मिलेर बस्ने तथा सामाजिक बनाउने, सानालाई प्रेम, माया र ठूलालाई आदरभाव गर्ने जस्ता सन्देशहरू कवितामा पाइन्छन् ।

शिक्षा तथा चेतनामूलक कविताका नमुनाहरू यी रहेका छन् :

(क) भेट हुँदा चुच्चो जोडी गर्छन् कुरा के-के
सबै मिली होस्टे गर्छन् सिनुमिनु भेटे
कस्तो होला नेता यिनको कस्ती होली रानी
मिलिजुली काम गर्ने बाँडी खाने बानी
दौडादौड सधैँभरि छैन रिसराग
कस्तो होला भेष यिनको कस्तो होला देश

– *कमिला रानी,* पृ. ३ ।

पाठ पढ राम्रोसँग खेल्ने पनि गर
आफ्नो काम आफैँ गर आफ्नै भर पर

– *भाइबैनीप्रति,* पृ. २० ।

यसरी बाल सचेतताका अमूल्य शिक्षा प्रदान गर्ने कविताहरूमा विभिन्न बिम्ब र प्रतीकहरूको सहायता लिइएको छ । साथै नैतिकवान् र चरित्रवान् नागरिक बनाउन कविताहरू सशक्त देखिन्छन् ।

### ५.४.७.३ देशप्रेम भावमूलक कविताहरू

प्रस्तुत **तातेताते** बालकवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा कवि कुँवरका देशप्रेमका भावहरू छचल्किएका छन् । सानासाना भाइबैनीहरूलाई स्वदेशभक्तिमा झुल्दै आफ्नो देशप्रति गौरव गर्ने प्रेरणामूलक कविताहरू यस कवितासङ्ग्रहमा सङ्गृहीत छन् । आफूभित्र रहेको चोखो प्रेम राष्ट्रप्रेमलाई कवि कुँवरले नानीहरूका सामु छताछुल्ल पोखेका छन् । समयको माग महत्त्व बुझेर स्वदेशप्रति प्रेमरागी हुनुपर्ने सन्देश पनि कविताहरूमा व्यक्त गरेका छन् ।

देशप्रेममूलक कविताका केही नमुना यी रहेका छन् :

(क) बाह्रैमास फूल फुल्ने हाम्रो देश राम्रो,
सबैलाई आदर गर्ने राम्रो बानी हाम्रो ।

– *बालगीत,* पृ. २६ ।

(ख) तिम्रो गीत गाई कैल्यै
गाई सकिदैन
तिम्रो रूप हेरी कैल्यै
हेरी सकिँदैन ।

– *मेरो देश,* पृ. ३१ ।

बालबालिकाहरूप्रति देशभक्ति तथा राष्ट्रप्रेम जगाउने कविताहरू सङ्कलन गरिएको छ ।

### ५.४.७.४ व्यङ्ग्यभावमूलक कविता

**तातेताते** बालकवितासङ्ग्रहमा सङ्गृहीत कतिपय कविताहरूमा कविको व्यङ्ग्य भावनाहरू उर्लिएका छन् । कामभन्दा कुरा बढी गर्ने नेपालीहरूको व्यवहारलाई कवितामा सङ्केत गरिएको छ । ठूलाठूला कुरा गर्ने तर काम पूरा नगर्ने प्रवृत्तिप्रति तीखो व्यङ्ग्य हानिएको छ ।

आधुनिकताको नाममा विभिन्न विकृति र विसङ्गतिहरू रहेको मानवीय चेतना दिनानुदिन खस्किँदै गएकोप्रति कविको चिन्ता र आक्रोशभाव कवितामा पोखिएको छ । व्यक्तिगत स्वार्थसिद्धतर्फ मान्छे लिप्त भएको र आफैँ खाने आफैँ लाउने हाँडीघोप्टे प्रवृत्तिप्रति कविताले व्यङ्ग्य हानेका छन् । सरकारी-गैरसरकारी सङ्घसंस्थामा कर्मचारीहरूको ढिलासुस्तीपूर्ण व्यवहारलाई औँल्याउँदै कर्मचारीहरू जनताप्रति उत्तरदायी बन्नुपर्ने सन्देश दिएका छन् । यस प्रकृतिका कविताका नमुना यी रहेका छन् :

(क) ह्वाङह्वाङ् ढ्वाङ् करायो
आफैँ सद्दे आफैँ राम्रो बन्ने बेला भो ।

– *ढ्वाङ् करायो,* पृ. ११ ।

(ख) कसरी कहाँबाट काट्ने होला बाटो
हाम्रा काका बूढाको गएछ सातो
केटा हुन् केटी हुन् चिन्नै सकेनन्
ठेलमेल गरेर हिँड्नै सकेनन् ।

– *काका सहर गएछन्,* पृ. २७ ।

(ग) सानोसानो अड्डा छ
दराजमा ढड्डा छ
खाताभरि धर्का छन्
अड्डा प्रमुख चर्का छन्
पाले दाइ छोटा छन्
हाकिम साहेब मोटा छन् ।

– *अड्डा,* पृ. ३२ ।

यसरी विभिन्न बिम्ब तथा प्रतीकहरूको प्रयोगले मानवीय कमी-कमजोरी, विकृति-विसङ्गतिप्रति व्यङ्ग्य विद्रोहको स्वर कवितामा मुखरित भएको छ ।

## ५.४.७.५ पूर्णमनोरञ्जनात्मक कविताहरू

विश्लेष्य **तातेताते** कवितासङ्ग्रहका अधिकांश कविताहरू पूर्णमनोरञ्जनात्मक छन् । बालबालिकालाई स्वस्थ मनोरञ्जन दिने खालका कविताहरू यस कवितासङ्ग्रहमा सङ्गृहीत छन् । केटाकेटीहरूको मनोविज्ञानमा आधारित भएर रचिएका बालकवितासङ्ग्रहका सबै कविताहरू सन्देश र शिक्षामूलक रहे पनि ती सबै मनोरञ्जनात्मक रूपमा आएका छन् । पूर्ण मनोरञ्जनात्मक कविताहरूका केही नमुनाहरू यसप्रकार रहेका छन् :

(क) भुँडे दाइको साथी
कालो बिरालो
पिँढी दैलामाथि
माकुराको जालो
लामो दाह्री जुँगे
भिनाजुको सालो ।

– *भुँडे दाइ,* पृ. ७ ।

(ख) को खाई
को खाई
नानी खाई
दुदु भात
सुपुक्क

काफल गेडी कुटुक्क

झोलुङ्गोमा लुटुक्क

– *को खाई,* पृ. ५ ।

(ग) झुलरी नानी झुलरी

नानीका माछा फुलरी

नुनु गर नानी नुनु गर

निदरी आइन् चिनु गर ।

– *झुलरी,* पृ. ३७ ।

यसप्रकार बालबालिकाहरूलाई पूर्ण रूपमा मनोरञ्जन प्रदान गर्न कवितासङ्ग्रह सफल देखिन्छ ।

## ५.४.८ सारांश

कवि गोविन्दबहादुर कुँवरको प्रकाशित पुस्तकार कृति **तातेताते** बालकवितासङ्ग्रह ( वि.सं. २०५८) तेस्रो तथा अन्तिम कृति हो । कुँवरको पछिल्लो तथा उत्तरार्ध चरणको विशिष्ट उपलब्धिको रूपमा **तातेताते** बालकवितासङ्ग्रहलाई लिन सकिन्छ । कोमल अनि संवेदनशील बालमस्तिष्कको आवश्यकतालाई मध्यनजर गरी मनोरञ्जनात्मक ढङ्गबाट जस्तोसुकै विषयवस्तुलाई सहजरूपमा प्रस्तुत गरिएको प्रस्तुत **तातेताते** कवितासङ्ग्रह साझा प्रकाशनबाट प्रकाशित देखिन्छ । बालबालिका खेलेको, रोएको र प्रकृतिचित्रण गरिएको बालमस्तिष्क, भावनालाई आवरणमा राखिएको छ । ६ X ८ इन्च आयतनमा फैलिएको यस कविताकृतिको आवरणकला टेकवीर मुखियाद्वारा गरिएको हो । कवितासङ्ग्रहभित्र चौँतीसओटा बालकविताहरू सङ्गृहीत छन् । विषयसूची र साझा प्रकाशनको भूमिकालेखन गरिएको यस कृतिमा जम्मा त्रिचालीस पृष्ठ रहेको छ । न्यूनतम छओटा पङ्क्तिमा एक शब्ददेखि आठ शब्दसम्म भेटिएको छ । बालबालिकाहरूका लागि ज्ञानविज्ञानका साथै व्यावहारिक शिक्षामा बिस्तारै अगाडि बढाउन र सफलताको बाटोतर्फ हिँडाउन सफल रहेको हुनाले कवितासङ्ग्रहको **तातेताते** शीर्षक सार्थक रहेको देखिन्छ ।

गीतिलय, झ्याउरे, भजन, सवाइ छन्दमा रचना गरिएका कविताहरूका साथै गद्यलय भएका कविताहरू पनि कवितासङ्ग्रहमा पाइने हुँदा कवितासङ्ग्रहमा लयगत विविधता पाइन्छ । बालजिब्रोमा सहज पाच्य हुने खालका सम्झनायोग्य लयविन्यासमा **तातेताते** बालकवितासङ्ग्रहको रचना गरिएको छ । प्राकृतिक बिम्ब, आद्यबिम्ब, वैज्ञानिक बिम्ब, प्रतीक तथा मिथकीय प्रयोगले कविताहरू घनीभूत देखिन्छन् । बालबालिकाहरूसँगै छिटै भिज्ने कुँवरले मातृममताका कोमल भावनाहरू आत्मपरक रूपमा कविताहरू पस्किएका छन् । प्रथम पुरुष र तृतीय पुरुष कथनपद्धतिको प्रयोग कविताहरूमा यथेष्ट पाइन्छ । बालबोलीका शब्दहरूको

भरपुर प्रयोग गरिएको यस कवितासङ्ग्रहमा सन्देश, विकृति, विडम्बनाहरूका भावहरू मनोरञ्जनात्मक र ठट्यौली पाराले रमाइलोसँग प्रस्तुत भएको देखिन्छ । बालबालिकाहरू शिक्षाप्रतिको चेतना वृद्धि गर्नुका साथै राष्ट्रनिर्माण र राष्ट्रको उन्नयनमा समर्पित रहने देशप्रेमको भाव कवितासङ्ग्रहमा प्रकाशित छ । सामाजिक सद्भाव, एकता र उन्नतिका लागि बालबालिकाहरूलाई सचेत गराइएका प्रशस्त कविताहरू यस सङ्ग्रहमा सङ्गृहीत छन् ।

यसरी सरल, सहज र सरस भाषाशैलीमा **तातेताते** कवितासङ्ग्रह रचित छ । यो कृति नेपाली साहित्यको अमूल्य रत्न हो ।

## ५.५ गोविन्दबहादुर कुँवरका फुटकर कृतिहरूको अध्ययन

कवि गोविन्दबहादुर कुँवरका तीन मुख्य कविताकृतिका अतिरिक्त थुप्रै कविता, गीत, गजल र मुक्तकहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । वि.सं. २०३० सालदेखि वि.सं. २०४८ सालसम्मका विभिन्न पुस्तक पत्रपत्रिकाहरूमा प्रकाशित कविताकृतिहरूको सङ्कलन गरी कुँवरले यसै समयावधिमा **समयका पदचापहरू** (२०४७) र **मौन आवाजहरू** (२०४८) गरी दुईओटा कवितासङ्ग्रह प्रकाशन गरेका छन् । साथसाथै बालबालिकाहरूका लागि **तातेताते** कवितासङ्ग्रह (२०५८) पनि कुँवरले प्रकाशन गरेको देखिन्छ । यिनै तीन उत्कृष्ट कवितासङ्ग्रहहरू नेपाली साहित्य भण्डारलाई प्रदान गरेर साहित्यजगत्लाई थप हराभरा बनाएका छन् । यसका अतिरिक्त कवि कुँवरको केही फुटकर रूपमा प्रकाशित कविता, मुक्तक, गीत, गजल, कथा आदिको अध्ययन कवितातत्त्वका आधारमा गरिएको छ ।

### ५.५.१ मेरो गाउँको सपना

**भञ्ज्याङ** स्मारिकामा वि.सं. २०४६ साल माघमा प्रकाशन गरिएको कवि कुँवरको कविताकृति *मेरो गाउँको सपना* हो । गाउँले जीवनको पीडा कवितामा अभिव्यक्त गरिएको छ । गरिबीका रेखामुनि किचिएको ग्रामीण भेगको चित्र कविताले यथार्थरूपमा उतारेको देखिन्छ । नेपालको बहुसङ्ख्यक जनताहरूले विकासको स्वाद पाउन सकेका छैनन् । मुट्ठीभरका सहरियाहरूले मात्र विकासको स्वाद लिएका छन् । गाउँ नै गाउँले भरिएको हाम्रोजस्तो मुलुकमा गाउँको विकास नभई देशको विकास नहुने भाव कवितामा अभिव्यञ्जित छ । बाटोघाटो, बिजुली, शिक्षा, स्वास्थ्य, रोजगारका पर्याप्त सम्भावनाहरू गाउँमा उपलब्ध गराउनुपर्ने उद्घोष कवितामा गरिएको छ । गाउँका सोझासाझा जनताहरूलाई गाउँको विकासमा अग्रसर गराउने हो भने गाउँको विकास हुन्छ भन्ने मूल कथ्य कविताले बोकेको छ । आत्मालापी अभिव्यक्ति कवितामा गरिएको छ । गद्यसंरचनामा संरचित *मेरो गाउँको सपना* कवितामा लयको सशक्तता पाइन्छ । अन्त्यानुप्रासिक शब्दसंयोजन, अनुकरणात्मक शब्दको प्रयोगले कवितालाई भावमय, श्रुतिमधुर बनाएको छ । गाउँको विकासको स्वाद सपनामा मात्र सीमित भएको यथार्थलाई व्यङ्ग्यात्मक रूपमा कवितामा सरल, सरस भाषामा अभिव्यक्त गरिएको छ ।

## ५.५.२ तिम्रो र मेरो सत्य

**गरिमा** २०४९ मा वर्ष ११, अङ्क ३, पूर्णाङ्क १२३ मा प्रकाशित *तिम्रो र मेरो सत्य* शीर्षक कविता द्वितीयचरणमा रचना गरिएको कविता हो । वि.सं. २०४६ सालको जनआन्दोलनको प्राप्तिपश्चात् रचना गरिएको *तिम्रो र मेरो सत्य* कवितामा पञ्चायती शासकहरूलाई तिमी भनी सम्बोधन गरएको छ । पञ्चायती व्यवस्थाका प्रशासकहरूको निरङ्कुशता लाद्न खोज्ने प्रवृत्तिप्रति कविको आक्रोश छ । क्रान्तिधर्मी चेतना भएको यस कवितामा अन्याय, अत्याचार गर्नेहरू सुरुमा जति बलवान् भए पनि तिनीहरूको अन्त्य निकै दर्दनाक हुने भाव कवितामा व्यक्त गरिएको पाइन्छ । अरूको भावनाको कदर नगरी आफ्ना चर्का भाषण गर्नेहरूलाई समयले आफैं दण्डित गर्ने, शोषण दमन चिरस्थायी नहुने शाश्वत अभिव्यक्ति कवितामा व्यक्त गरिएको छ । गद्य भईकन पनि अन्त्यानुप्रासको संयोजन, बिम्ब, प्रतीक र अलङ्कारले कविता सुसज्जित रहेको छ । 'आँधी' ले क्रान्तिको पर्यायको रूपमा व्यक्त गरिएको छ । सत्य सधैँ एउटै हुने र जनता सधैँ सत्यको पक्षमा हुने हुँदा सत्यको न्यायको तथा जनताको जीत हुने कुरालाई कविले आफ्नो पक्षमा वकालत गरिएको यस कवितामा शोषक-सामन्त प्रवृत्ति भएका पञ्चायती प्रशासकको सत्य र आफ्नो सत्य नितान्त फरक भएको भावलाई शीर्षकसँग तादात्म्य गरिएको छ ।

## ५.५.३ के-के भन्थे सहिदहरू

कवि कुँवरको *के-के भन्थे सहिदहरू* गीतिलयमा रचना गरिएको कविता हो । झङ्कार वर्ष ४२, अङ्क ३ मा प्रकाशित यस गीतिकवितामा सहिदहरूप्रति उच्च सम्मान भाव व्यक्त गरिएको छ । सहिदहरूको उच्च आकाङ्क्षा र नि:स्वार्थ एवम् पवित्र भावनाको मूल्याङ्कन यस कवितामा पाइन्छ । अन्याय, अत्याचार, सत्ताको अन्धोपना, हेपाहा प्रवृत्तिको अन्त्य गर्नुपर्ने आदि कुरा कवितामा अभिव्यञ्जित छ । कतै नारीबाजी, गुटबन्दी, सत्ताको मोह आदि सन्देश बोकेको यस कवितामा उच्च राष्ट्रवादी भावना मुखरित भएको छ । सरल र सरस भाषामा संरचित यस कविताको शीर्षक संरचनामा सार्थकता देखिन्छ ।

## ५.५.४ कागज

*कागज* शीर्षक कविता वर्ष १३, अङ्क २, पृ. १४६ मा वि.सं. २०५१ मा **गरिमा** मासिक पत्रिकामा प्रकाशित कविता हो । जीवनबोधी चिन्तन व्यक्त गरिएको *कागज* शीर्षक कवितामा कागज र जीवनलाई तादात्म्य गरी शीर्षक सार्थक गरिएको छ । जन्मदेखि मृत्युपर्यन्त हरेक क्रियाकलापको अभिलेख कागजमा लेखिन्छ । मानवसभ्यताको आरम्भ कागजमा लेखिन्छ । मानवसभ्यताको आरम्भ कागजमा उतारिन्छ । वडा कार्यालयदेखि संयुक्त

राष्ट्रसङ्घको गतिविधि कागजमा लेखिन्छ । कागजको मूल्य मानवीय जीवनको मूल्यभन्दा धेरै भएको विचार अभिव्यक्त गरिएको छ । गद्यलयमा संरचित *कागज* कविता कागज र मानवीय जीवनलाई आलङ्कारिक भाषाशैलीमा उतारिएको कविता हो ।

### ५.५.५ एउटा कविता लेख्नु थियो

*एउटा कविता लेख्नु थियो* शीर्षक कविता **काँचुली** (२०५३) मा प्रकाशित कवि कुँवरको रचना हो । आत्मकथात्मक कथनपद्धतिमा रचना गरिएको *एउटा कविता लेख्नु थियो* कवितामा शिक्षकको पीडा र व्यथाहरू पोखिएको छ । अरूको भविष्य महान् बनाउने लक्ष्य लिएको शिक्षकको 'बत्तीमुनिको अँध्यारो भनेझैँ' आफ्नै जीवन तहसनहस भएको छ । बिम्ब र अलङ्कारले कविता घनीभूत छ । कवितामा भाव र शीर्षकको सङ्गति मिलेको छ । समाजको विकृति-विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गरिएको यस कवितामा जीवनवादी चिन्तन लयात्मक तरिकाले प्रस्तुत गरिएको छ ।

### ५.५.६ घरसल्लाह

**गुञ्जन** त्रैमासिक, वर्ष ३, अङ्क १, २०५६ मा प्रकाशित कवि कुँवरको फुटकर कविता घरसल्लाह रहेको छ । कविता + कथयिता नाम दिइएको *घरसल्लाह* कवितामा कविले एउटा निम्नवर्गीय परिवारको जीवनवृत्तलाई सङ्केत गरेका छन् । घरव्यवहारमा घरका प्रत्येक सदस्यहरूको सल्लाह अनिवार्य हुन्छ । मैत्रीपूर्ण व्यवहारबाट घर सुरम्य र स्वर्गतुल्य हुन्छ भन्ने भाव कविताले बोकेको छ । गद्यलयमा संरचित घरसल्लाह कवितामा तृतीय पुरुष कथनपद्धति रहेको छ । भावअनुसारको भाषाको प्रयोग गरिएको यस कविताको भाषा सरल, सहज र श्रुतिमधुर छ ।

### ५.५.७ बाघ

**काँचुली** २०५५ मा प्रकाशित *बाघ* कविता कवि कुँवरको उत्तरार्धतिरको कविता हो । प्रतीकात्मक शीर्षक राखिएको *बाघ* कवितामा वनको बाघले खाओस् नखाओस् मनको बाघले खाओस् भन्ने नेपाली उखानलाई कवितात्मक रूप दिइएको छ । वनको बाघलाई अनेक उपाय गरेर खेद्न सकिने मनको बाघलाई कसै गरे पनि तर्साउन र खेद्न नसकिने व्यक्त गर्दै वनको बाघभन्दा मनको बाघ धेरै घातक हुन्छ भन्ने कुरा प्रस्ट पारेका छन् । गद्यलयमा संरचित *बाघ* कवितामा मनोविज्ञानको सुन्दर प्रयोग गरेका छन् । सरल, सरस भाषाशैलीमा रचिएको बाघ कविता प्रतीकात्मक रूपमा लेखिएको उत्कृष्ट कविता हो ।

## ५.५.८ जमेको ढुङ्गा हुँ म

वि.सं. २०५५ सालमा **गोरखापत्र**मा प्रकाशित *जमेको ढुङ्गा हुँ म* कवि कुँवरको फुटकर कविता हो । प्रथम पुरुष शैलीमा आफूलाई जमेको ढुङ्गासँग तुलना गरेर यो कविता रचना गरिएको छ । समयको परिवर्तनसँग आफू परिवर्तन हुन नसकेको भावलाई कवितामा आकर्षक तरिकाले प्रस्तुत गरिएको छ । गाउँमै मात्र जमेर बसेको सहरिया रमझम र बसउठबाट टाढा भएको अनुभव गर्दै कविले आफूलाई जमेको ढुङ्गाको संज्ञा दिई सहरिया कठोर जीवनको नजानिँदो तरिकाले व्यङ्ग्य प्रहार गरेका छन् ।

## ५.५.९ आस्थाको दियो बलिरह्यो

**लमजुङे कवितासङ्गालो** (२०५५) मा प्रकाशित कवि कुँवरको *आस्थाको दियो बलिरह्यो* शीर्षकको कविता फुटकर रचना हो । जीवनप्रतिको आशा र अनुराग कवितामा अभिव्यक्त गरिएको छ । रोग, भोक, शोक, अशिक्षा आदिले समाजलाई आक्रान्त बनाएको छ । परिवेशमा स्वतन्त्रता र मुक्तिका लागि क्रान्तिप्रतिको विश्वास सदा रहिरहने भाव कवितामा व्यक्त भएको छ । अन्याय, अत्याचार र निरङ्कुशताको साङ्लाले बाँधिएका नेपाली जनताहरूले परिवर्तनको स्वाद चाख्न नपाएको, जनताले सोचजस्तो प्रजातन्त्र नआएको आक्रोश पनि कवितामा भेटिन्छ । अन्याय, शोषण जहाँको तहीँ रहेको सन्दर्भ, सहिदहरूको बलिदानको अर्थ नरहेको अवस्था पनि जनमानसमा नेतृत्वमाथि विश्वास गर्नुपरेको भाव अभिव्यञ्जित छ । बिम्ब-प्रतीकहरूको भरपुर प्रयोग गरिएको, सरल-सरस अभिव्यक्ति गरिएको *आस्थाको दियो बलिरह्यो* कवितामा कविको स्वतन्त्रता र समानताका स्वर मुखरित भएका छन् । साथै क्रान्तिचेतना र राजनीतिप्रतिको व्यङ्ग्यपूर्ण आक्रोशभाव अन्तरलयात्मक गद्यशैलीमा अभिव्यञ्जित छ ।

## ५.५.१० भूपिको सम्झनामा

पोखरेली युवा सांस्कृतिक परिवार पोखराबाट वि.सं. २०४७ सालको **भूपि स्मृतिग्रन्थ**मा कवि कुँवरको *भूपिको सम्झनामा !* शीर्षकको कविता प्रकाशित छ । भूपि शेरचनको कवित्वकलामा प्रभावित कवि कुँवरले भूपिको कलात्मक कौशलताको प्रशस्ती गाएका छन् । गीतिलयमा संरचित *भूपिको सम्झनामा !* कवितामा नेपाली साहित्याकाशका उज्ज्वल नक्षत्र, आधुनिक कविहरूका प्रेरणाका स्रोत भूपिको निधनले सम्पूर्ण साहित्यकर्मीहरू दु:खी र मर्माहित भएको भाव व्यक्त गरिएको छ । जीवनको निस्सारताको अभिव्यक्ति दिइएको छ । अन्त्यानुप्रासको सुन्दर संयोजन र जीवनलाई फूलसँग दाँजेर अर्थालङ्कारको प्रयोगले कविता निकै लयात्मक र श्रुतिमधुर बनेको छ ।

## ५.५.११ गुरु कि गोरु

**सगर** पत्रिका वि.सं. २०५९ मा कवि गोविन्दबहादुर कुँवरको *गुरु कि गोरु* शीर्षकको कविता प्रकाशित भएको पाइन्छ । गुरु र गोरुलाई समानार्थी रूपमा हेर्दै जीवनको महत्त्वपूर्ण पाटो नि:स्वार्थ हो भन्ने कुरा कवितामा व्यक्त भएको छ । आफू घाँस र ढुटो खाएर अरूलाई भात खुवाउने गोरु गुरुभन्दा निकै उच्च र सम्मानित छ । गद्यलयमा रचना गरिएको *गुरु कि गोरु* कविता शीर्षक प्रतीकात्मक छ । कवितामा एकातिर गोरुको दिनचर्या प्रस्तुत गरिएको छ भने अर्कोतिर गुरुको दिनचर्या प्रस्तुत छ । गोरु र गुरुमा खासै अन्तर नभएको समाजमा गुरुको महत्त्व घट्दै गएकोप्रति कविको उच्च व्यङ्ग्यचेतना कवितामा पाइन्छ । विभिन्न बिम्ब-प्रतीकहरूको भरपुर प्रयोग गरिएको यस *गुरु कि गोरु* कविता आकारले लामो छ । प्रथम पुरुष शैलीमा आत्मालापी कथनपद्धति र सम्बोधनात्मक शैलीले कविता निकै आकर्षक र रोचक बनेको छ ।

## ५.५.१२ औसत

गोविन्दबहादुर कुँवरद्वारा लिखित **मधुपर्क** (२०५६) भदौको पृ. १९ मा प्रकाशित *औसत* शीर्षकको कथा लघुकथात्मक संरचनामा रचना गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको यस लघुकथामा झिनो कथावस्तु रहेको छ । एउटा गणितज्ञलाई कथाको पात्र चयन गरी मानवीय जीवनको यथार्थतालाई कथामा देखाइएको छ । सरल रैखिक ढाँचामा कथानक अगाडि बढेको छ । ग्रामीण परिवेशको चित्रण गरी आफ्नो जीवनलाई औसत रूपमा मूल्याङ्कन गर्ने हो भने गणितले सधैँ धोका दिने यथार्थतालाई सरल भाषाशैलीमा अभिव्यक्त गरिएको छ ।

## ५.५.१३ हार्दिकता

*हार्दिकता* शीर्षकको लघुकथा कुँवरको अर्को कथा हो । **मधुपर्क** लघुकथा विशेषाङ्क (२०५६) मा प्रकाशित यस *हार्दिकता* कथाले सामाजिक उन्नति-प्रगतिका ठेकेदारका रूपमा देखापरेका गैरसरकारी सङ्घसंस्थाका प्रमुखहरूमा देखिएका विकृति-विसङ्गतिपूर्ण चरित्रको पर्दाफास गरेको छ । प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुमा *हार्दिकता* कथा रचना गरिएको छ । म र विप्लव शर्मा दुई मुख्य पात्रहरूको जीवनमा घटेको घटनाक्रममा कथानक अगाडि बढेको छ । म (हाकिम) र विप्लव शर्मा (तल्लो कर्मचारी) कै सेरोफेरोमा कथानक केन्द्रित छ । अर्धसरकारी सामाजिक संस्थाको परिवेशलाई कथाको मूल कथ्य बनाएर त्यहाँको हाकिमको शासकीय चरित्रको चित्र कथामा उतारिएको छ । माथिल्लो कर्मचारीले तल्लो कर्मचारीलाई गर्ने व्यवहार एकातिर देखाइएको छ भने अर्कातिर राजनीतिक नियुक्तिका कारण तल्ला कर्मचारीहरू पनि हाकिमभन्दा कम नहुने दुई शक्तिबीचको अन्तर्द्वन्द्व पनि कथामा देखाइएको छ । भनसुनमा नियुक्ति पाएका कर्मचारीले हाकिमलाई पनि नियन्त्रणमा लिन खोज्ने व्यङ्ग्य पनि यस कथाले बोकेको छ । रैखिक ढाँचामा कथानक अगाडि बढेको छ । सरल, सरस भाषाशैलीले कथा रोचक देखिन्छ ।

## ५.५.१४ बाथ र माकुरो

गोविन्दबहादुर कुँवरको *बाथ र माकुरो* शीर्षकको कथा **मधुपर्क** वर्ष २४, अङ्क ४, पूर्णाङ्क २६७, भदौ ०४८ मा प्रकाशित लघुलोककथा हो । मानवेतर पात्रको प्रयोग कथामा भएको छ । संवादात्मक शैलीमा रचिएको *बाथ र माकुरो* कथामा नेपाली ग्रामीण समाजको यथार्थ चित्र उतारिएको छ । *बाथ र माकुरो* पात्रद्वारा धनी र गरिबबीचको सामाजिक असमानताको सङ्केत अभिव्यक्ति कथामा पाइन्छ । तृतीय पुरुष दृष्टिबिन्दुमा कथा संरचित छ । पात्रको माध्यमबाट गरिब र धनीको यथार्थतालाई प्रस्तुत गरिएको कथाले स्वैरकल्पनात्मक कथाको छनक प्रदान गर्छ । जीवन सोचेजस्तो नहुने सोचाइ एउटा र यथार्थ अर्कै हुने, जीवन नियति र कर्मको प्रतिफल हो भन्ने सन्देश कथाले वरण गरेको छ । माकुरो धनी घरमा बस्न चाहेको र बाथरोग गरिबको घरमा बस्न चाहेको तर दुवैको योजनाअनुसार र सोचेजस्तो परिवेश नबनेकाले माकुरो र बाथरोग पुन: बस्ने ठाउँ साटासाट गर्नुपरेको घटनालाई कथाले प्रस्तुत गरेको छ । रैखिक ढाँचामा कथानक अगाडि बढेको छ । लोकप्रचलित मानवेतर पात्रको संयोजन गरी जीवनको यथार्थलाई यस कथामा सरल शैलीको अभिव्यक्ति गरिएको छ ।

## ५.५.१५ लमजुङमा साहित्यिक गतिविधि

प्रस्तुत *लमजुङमा साहित्यिक गतिविधि* शीर्षकलेख **अनुपम** मुक्तकसङ्ग्रहमा प्रकाशित गोविन्दबहादुर कुँवरको भूमिका लेख हो । लमजुङ जिल्लाको साहित्यिक उन्नयनको इतिहास साथै नवोदित प्रतिभाहरूको साहित्यिक देनहरूको चर्चा गरिएको यस लेखले गोविन्दबहादुर कुँवरको लेखकीय व्यक्तित्वको पहिचान गरिएको छ । शैक्षिक जागरण, सामाजिक चेतना, विकासनिर्माण साथै साहित्यिक जमघटलाई निरन्तरता दिन सबै लमजुङवासीहरूलाई प्रेरणा र हौसला दिइएको यस लेखमा स्थानीय र नवोदित कवि, लेखक, साहित्यकारहरूको साथै साहित्यिक संस्थाहरूको योगदानको चर्चा गरिएको छ ।

## ५.५.१६ केही संस्मरण केही अनुभूति

*केही संस्मरण केही अनुभूति* शीर्षकलेख गोविन्दबहादुर कुँवरको संस्मरणात्मक लेखको रूपमा कविवर माधव घिमिरे रथयात्रा अभिनन्दन कार्यक्रम २०६० को **स्मारिका**मा प्रकाशित छ । माधवप्रसाद घिमिरेको साहित्यिक योगदान र उनको कवित्वशैलीको चर्चा गरिएको प्रस्तुत लेखमा राष्ट्रकवि माधवप्रसाद घिमिरेप्रति सम्मान भाव प्रकट गरिएको छ । विभिन्न विद्वत् सङ्घसंस्थामा आबद्ध रहेको घिमिरेको सुमधुर, काव्यशैलीको गुणगान प्रस्तुत लेखमा गरिएको छ । कविवरको रथारोहरणको स्मृतिलाई यस लेखले आफ्नो क्षेत्र बनाएको छ । घिमिरेको रथयात्राको दिनको संस्मरणलाई *केही संस्मरण केही अनुभूति* शीर्षकलेखमा अभिव्यक्त गरिएको छ ।

### ५.५.१७ डेब्रेकुना

डेब्रेकुना शीर्षकको स्तम्भलेख कुँवरको लमजुङ जिल्लाको स्थानीय साप्ताहिक पत्रिका **अन्तरङ्ग**मा प्रकाशित धारावाहिक व्यङ्ग्यलेख हो । समसामयिक विकृति-विसङ्गतिहरूको व्यङ्ग्य भावनाको निजात्मक अभिव्यक्ति *डेब्रेकुना*मा पाइन्छ । वि.सं. २०५७ असोज १५ गतेदेखि २०६० साउन २८ गतेसम्म कविले **अन्तरङ्ग** पत्रिकामा विभिन्न शीर्षकहरूमा *डेब्रेकुना* स्तम्भ नियमित रूपमा प्रकाशन गर्दैआएको भेटिन्छ । विप्लव शर्मा उपनामबाट लेखिएका कुँवरको स्तम्भलेख झन्डै हास्यव्यङ्ग्य निबन्धको नजिक भेटिन्छ । कतै संस्मरणात्मक त कतै अनुभवपरक भावहरूलाई निजात्मक शैलीमा लेखिएका यी लेखहरू निबन्धको निकट देखिन्छन् । *उस्तैउस्तै हो नानु* – १, *मोही माग्ने ढुङ्ग्रो लुकाउने* – १, *निरीह कलम* – १ आदि शीर्षकहरूमा राष्ट्रिय-अन्तर्राष्ट्रिय, सामाजिक, राजनीतिक, सांस्कृतिक विकृति-विसङ्गतिहरूमाथि व्यङ्ग्य गरिनुका साथै सुधारात्मक, सन्देशमूलक भावहरू मुखरित भएको पाइन्छ । यसरी निबन्धको नजिक रहेको *डेब्रेकुना* स्तम्भका व्यङ्ग्यलेखले उनलाई हास्यव्यङ्ग्यात्मक निबन्धकारको रूपमा चिनाउन सफल देखिन्छ ।

## ५.६ गोविन्दबहादुर कुँवरका गजलहरूको अध्ययन

साहित्यका विविध विधाहरूमध्ये सशक्त तथा समृद्ध विधा कविताविधा हो । संरचना र शैलीका हिसाबले कविताका पनि विभिन्न उपविधाहरू देखिएका छन् । कविता, गीतिकविता, मुक्तक, गजल कविताविधाकै उपविधा मान्न सकिन्छ । कविता, मुक्तक र गीतिकविता गेयात्मकता र लयात्मकताको साझा विशेषतालाई गजलले पनि संवरण गरेको पाइन्छ । त्यसैले गजललाई नेपाली कवितासाहित्यको छुट्टै उपविधा मान्न सकिन्छ । यति भएर पनि गजललाई नेपाली साहित्यको उद्भव र विकासका क्रममा हिन्दी, फारसी र उर्दूभाषा तथा साहित्यबाट आयातित विधाको रूपमा लिन सकिन्छ । गजलको आफ्नो छुट्टै संरचना र पहिचान रहेको देखिन्छ । नेपाली गजलको पहिचान पनि हिन्दी, उर्दू र फारसी गजलहरूकै कसीमा गरिएको पाइन्छ । तिनै परिचयलाई आत्मसात् गरेर आजसम्म नेपाली साहित्यफाँटमा पनि थुप्रै गजलहरू देखापरेका छन् । शृङ्गारिकताको उदयबाट प्रारम्भ भएको गजललेखनपरम्पराले आज सामाजिक, राजनैतिक विकृति-विसङ्गति साथै चेतनाका स्तरहरूमा पनि आफ्नो क्षेत्र विस्तार गरेर आफूलाई सशक्त र समृद्ध उपविधाको रूपमा स्थापित गरेको छ ।

वि.सं. २०३० सालदेखि नेपाली साहित्यफाँटमा उदीयमान गोविन्दबहादुर कुँवर वि.सं. २०५० को दशकसम्ममा कविताको अन्य विधाहरूमा पनि कलम चलाउन सिद्धहस्त भइसकेका देखिन्छन् । फुटकर कविताका तुलनामा गीत, मुक्तक र गजलहरू मात्रात्मक रूपमा कमै भए पनि गुणात्मक रूपमा कुँवर अगाडि नै छन् । गोकुजी साहित्यिक उपनामले चर्चित कुँवरको पुस्तकाकार गजलसङ्ग्रह प्रकाशित नभए पनि छिटफुट रूपमै प्रकाशित गजलहरूले उनको गजलकार व्यक्तित्वको पूर्ण पहिचान प्रदान गरेको छ । कवि कुँवरका गजलकारिताको

मूलप्रवृत्तिलाई चिन्न उनका फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गजलहरूको अध्ययन-विश्लेषण गर्नुपर्ने हुन्छ । नेपाली गजलपरम्परालाई आधार बनाएर लेखिएका गजलको विषयवस्तु र संरचनाका आधारमा अध्ययन-विश्लेषण गरिएको छ ।

## ५.६.१ विषयवस्तुका आधारमा कुँवरका गजलहरू

विषयवस्तुका आधारमा कुँवरका गजलहरूमा विषयवस्तुगत विविधता पाइन्छ । प्रारम्भिक चरणका गजलहरूमा केही शृङ्गारिक विषयवस्तुको बाहुल्यता देखिन्छ । नरनारीका रागात्मक अभिव्यक्तिहरू उनका गजलहरूमा यथेष्ट पाइन्छ । सामाजिक, राजनैतिक विकृति-विसङ्गतिहरूले पनि उनका गजलमा ठाउँ पाएका छन् । गजल बालबालिकाहरूका लागि उपयुक्त हुनुका साथै नैतिक सन्देश दिने उपदेशात्मक पनि छन् ।

(क) प्रेमप्रणय भावमूलक गजलहरूको नमुना :

(अ) जिन्दगीमा एउटा गजल लेखेँ तिम्रा लागि
तगारीमा देखी मलाई गयौ तिमी कता भागी ॥

– पृ. ७१ ।

(आ) मेरो मनको चौरालीमा चियाउने को हो ?
खान्नभन्दा पनि अमृतजल पियाउने को हो ?

– पृ. २ ।

(इ) खुसी पर्खी कुनै दिनलाई धेरै आँसु साँचेको छु
तिमी पाउने आशामा नै आजसम्म बाँचेको छु ।

– गजल विशेषाङ्क, पृ. ४ ।

(ई) तिम्रो दिलको संसारमा टेक्न पाइन्छ कि
एकान्तमा सिमेभुमे भाक्न पाइन्छ कि ॥

प्रत्युत्तरको आशा मैले कैले गऱ्या छु र
यौटा चिठी तिम्रो नाममा लेख्न पाइन्छ कि

– *मर्स्याङ्दी*, पृ. २६ ।

(ख) त्यस्तैगरी नैतिक सन्देश तथा उपदेशात्मक भावमूलक गजलहरूको नमुना :

मौका आउँछ पर्खँदैन टोलाई बस्न हुन्न
मान्छेलाई कैल्यै पनि पराई देख्न हुन्न

तीखो बोली बिझ्यो भने मुटु छिया हुन्छ
भन्न पाएँ बल्ल भनी प्याच्च भन्न हुन्न

काँडा हुन्छ ढुङगा होस गर्नुपर्छ
बस्न पाए बल्ल भनी थ्याच्च बस्न हुन्न ।

– *बालगजल,* पृ. ९ ।

यसरी गोविन्दबहादुर कुँवरको गजलहरूमा नैतिक सन्देश तथा उपदेशात्मकता पाइन्छ ।

## ५.६.२ संरचनाका आधारमा कुँवरका गजलहरू

संरचनाका दृष्टिले गजलकार गोविन्दबहादुर कुँवरका गजलहरू सशक्त देखिन्छन् । गजलकार कुँवरको पाँचदेखि ६ सेरसम्मका गजलहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । रदिफ, काफियाको उचित तालमेल देखिन्छ । गजलसंरचनामा तखल्लुसको प्रयोग अनिवार्य नभए पनि आवश्यक तत्त्वको रूपमा स्वीकार गरिएको छ । त्यही नाम तथा उपनामलाई गजलमा प्रस्तुत गरिएको छ । त्यही नाम तथा उपनामलाई तखल्लुस भनिन्छ । कुँवरका गजलहरूमा गोकुजीको नामले तखल्लुसको रूपमा प्रयोग भएको पाइन्छ । यसरी मतला, मकता, रदिफ, काफिया, तखल्लुसको प्रयोग गरिएको कुँवरको गजलहरू संरचनाका दृष्टिले निकै सशक्त रहेको देखिन्छ । रदिफ, काफियाको प्रयोग गरिएको गजलहरूको नमुनाहरू :

मेरो मनको चौरालीमा हियाउने को हो ?
खान्नभन्दा पनि अमृतजल पियाउने को हो ?

आधार शिविरमै गोकुजी अत्तालिएको बेला
सगरमाथा आरोहण गर्ने सुऱ्याउने को हो ?

– *मर्स्याङ्दी,* पृ. ४ ।

यस गजलमा तखल्लुसको प्रयोग गरिएको र गजलकार गोविन्दबहादुर कुँवरका गजलकृतिहरूको गजलसङ्ग्रह पुस्तकका रूपमा प्रकाशित नभए पनि विभिन्न स्थानीय, राष्ट्रिय पत्रपत्रिकाहरूमा फुटकर रूपमा प्रकाशित छन् । संरचनाका दृष्टिले सशक्त उनका गजलहरूमा विषयगत विविधता पाइन्छ ।

# छैटौं परिच्छेद
# उपसंहार

## ६.१ पृष्ठभूमि

यस भागमा साहित्यकार गोविन्दबहादुर कुँवरको जीवनी, व्यक्तित्व र कृतित्वको बारे अलगअलग परिच्छेदहरूमा अध्ययन र मूल्याङ्कन गरिएको छ, त्यसको परिच्छेदगत सारांशका साथै समग्र निचोड पनि यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ६.२ पहिलो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा **साहित्यकार गोविन्दबहादुर कुँवरको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको परिचय रहेको छ । यसमा शोधशीर्षक, विषयपरिचय, शोधसमस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको औचित्य र महत्त्व, शोधशीर्षकको सीमाङ्कन, शोधविधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

## ६.३ दोस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार गोविन्दबहादुर कुँवरको जीवनी, परिचय प्रस्तुत भएको छ । यसअर्न्तगत गोविन्दबहादुर कुँवरको नामकरण, जन्म, वंशपरम्परा, बाल्यकाल, शिक्षादीक्षा, वैवाहिक जीवन, पारिवारिक स्थिति, कार्यक्षेत्रमा प्रवेश, रुचि, स्वभाव र दिनचर्या, भ्रमण, मानसम्मान, पुरस्कार र प्रशंसा, विचारधाराप्रतिको प्रतिबद्धता, लेखन, प्रेरणा तथा सिर्जना आरम्भ आदिको चर्चा गरिएको छ ।

## ६.४ तेस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा गोविन्दबहादुर कुँवरको जीवनवृत्तको प्रस्तुति छ । यस खण्डमा साहित्यकार गोविन्दबहादुर कुँवरको आन्तरिक र बाह्य व्यक्तित्वका साथै कुँवरको राजनीतिक,

राष्ट्रभक्त, सङ्घर्षशील शिक्षक तथा प्रशासक व्यक्तित्व तथा सामाजिक समाजसेवी र अभिप्रेरकजस्ता साहित्येतर व्यक्तित्व र साहित्यिक व्यक्तित्वमा कवि, कथाकार, निबन्धकार, समीक्षक तथा समालोचक, सम्पादक व्यक्तित्व आदिको उल्लेख गरिएको छ ।

## ६.५ चौथो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा गोविन्दबहादुर कुँवरको साहित्यलेखनको यात्रा र चरणविभाजन प्रस्तुत गरिएको छ । यसअन्तर्गत साहित्यसिर्जनाका लागि प्रेरणा, प्रभाव चरणविभाजनका आधारहरू र प्रथम, द्वितीय, तृतीय, चतुर्थ गरी चार चरणका साथै साहित्यिक योगदानको चर्चा गरिएको छ ।

## ६.६ पाँचौं परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा गोविन्दबहादुर कुँवरको कृतित्व, प्रवृत्तिगत अध्ययन र मूल्याङ्कन प्रस्तुत गरिएको छ । यसअन्तर्गत नेपाली साहित्यको सैद्धान्तिक चर्चा, कवितातत्त्व र कुँवरका तीन कवितासङ्ग्रहहरूको साहित्यिक तत्त्वका आधारमा प्रवृत्तिगत अध्ययन र मूल्याङ्कन गरिएको छ ।

## ६.७ समग्र मूल्याङ्कन

गण्डकी अञ्चलको लमजुङ जिल्लाको सुरम्य प्रकृतिको काखमा स्थित भोटेओडार गा.वि.स.को रातमाटा भन्ने गाउँमा वि.सं. २००८ भाद्र २६ गतेका दिन साहित्यकार गोविन्दबहादुर कुँवरको जन्म भएको थियो । थमानसिंह कुँवर र बुधकुमारी कुँवरको दोस्रो पुत्रका रूपमा जन्मिएका कुँवरको चिनाको नाम ढकनबहादुर थियो । मध्यमवर्गीय कृषक परिवारमा जन्मिएका कुँवरको घरको बाहिरी आम्दानीको स्रोत केही थिएन । डेढ दर्जनभन्दा बढी परिवार पाल्नुपर्ने स्थिति र परिवारको शैक्षिक तथा अन्य अवस्था सुधार गर्नु उनको परिवारलाई निकै कष्टकर थियो । आर्थिक दुरवस्थाभित्र रहेर पनि पारिवारिक ममता प्राप्त गरेका कुँवरलाई दुई आमा भएका कारण मानसिक पीडाको अनुभूति पनि गर्नुपरेको थियो । अभाव र पीडाका कारण कुँवरको शैक्षिक अवस्थामा उतारचढाव आए पनि आफन्तजनको प्रेरणा, सहयोग र प्रभावमा शिक्षित बनेर आफूलाई आफ्नो अध्ययनलाई निरन्तर दिइनै रहे । गाउँकै विद्यालयबाट प्रारम्भिक शिक्षा आरम्भ गरेका कुँवरले वि.सं. २०२४ सालमा श्री सर्वोदय मा.वि. दुराडाँडाबाट एस्.एल्.सी. उत्तीर्ण गरे । श्री लमजुङ इन्टरकलेजबाट प्रवीणता प्रमाणपत्र तह हासिल गरी स्नातक तह हासिल गरेपछि उनको औपचारिक अध्ययनको यात्रा अगाडि बढ्न सकेन । तर पनि उनको स्वध्ययन भने निकै गहन र व्यापक रहेको देखिन्छ । साथै दर्शन र साहित्य विषयका ग्रन्थहरू पनि खोजीखोजी पढ्ने उनको बानी थियो । पढाइको समाप्ति लगत्तै कुँवर वि.सं. २०२८ सालमा २० वर्षको उमेरमा नै गीता कुँवरको साथ

वैवाहिक सूत्रमा बाँधिए । दुई पुत्र र एक धर्मछोरीका पिता गोविन्दबहादुर कुँवरको पारिवारिक दायित्व झनै बढ्न थाल्यो । त्यसपछि कुँवर गाउँकै भक्ति नमुना उच्च मा.वि.मा प्रधानाध्यापक पदमा नियुक्त भई अद्यावधिक घरको आर्थिक स्थितिलाई केही हदसम्म सुधार गर्दैआएका छन् ।

गोविन्दबहादुर कुँवर एक स्वाभिमानी र स्वतन्त्रताप्रेमी व्यक्तित्व हुन् । अरूको नियन्त्रण मन नपराउने कुँवर देशको माटो र जातिप्रति गर्व गर्छन् । सानैदेखि घुम्न, डुल्न र प्रकृतिको काखमा विचरण गर्न मन पराउने कुँवर भावुक र कल्पनाशील र प्रकृतिप्रेमी छन् । साथै प्रकृतिको रहस्यमा हराउन पुग्छन् । ससाना घटनाले पनि गहिरो प्रभाव पार्ने उनी ज्यादै संवेदनशील, अन्तर्मुखी र कोमल हृदयका देखिन्छन् । घरमा बुबाको पाञ्चायन देवताको पूजाआराधनाको छाप उनमा परेको थियो । अत्यन्त दयालु र सहयोगी भावना भएका व्यक्ति भएकाले अभावमा परेका व्यक्तिहरूको मद्दतमा जुट्ने उनको बानी थियो ।

सानै छँदा घरमा सुमधुर स्वरमा **महाभारत**, **रामायण**, **गीता**का श्लोकहरू वाचन गरेको सुनी कवितातर्फ आकर्षित भएका कुँवरले दार्जीलिङ्गसम्मको प्रकृतिको सौन्दर्यरस पान र विद्यालयका गुरुहरू र साथीहरूको प्रत्यक्ष-अप्रत्यक्ष प्रेरणाबाट प्रेरित भई कवितालेखनमा प्रवृत्त भए । वि.सं. २०३० **सिपाही** पत्रिकामा कविता प्रकाशन गरी उनले आफ्नो साहित्ययात्राको थालनी गरेका थिए । स्कुलेजीवनबाट नै कवितालेखन कार्य शुभारम्भ गरेका कुँवरको बाल्यवस्थादेखि नै साहित्यमा रुचि थियो । त्यसैले आजीवन उनी यही क्षेत्रमा निरन्तर लागिरहेका छन् । वि.सं. २०३० सालदेखि सुरु भएको उनको साहित्यिक लेखनयात्राले झन्डै ४ दशक पार गरिसकेको छ । यस समयावधिमा उनका ३ पुस्तकाकार कृतिहरू प्रकाशित भेटिन्छन् । कवितासाहित्य फाँटमा उर्वर उनका तीन कृतिहरू वि.सं. २०४७ मा **समयका पदचापहरू**, वि.सं. २०४८ मा **मौन आवाजहरू** र वि.सं. २०५८ मा **तातेताते** बालकवितासङ्ग्रह देखापरेका छन् । २०३० को दशकमा फुटकर रूपमा रेडियो नेपालबाट प्रसारित हुने अवसर पाएका कुँवरका अन्य फुटकर रचनाहरू **सिपाही**, **गोरखापत्र**, **मधुपर्क**, **गरिमा**जस्ता पत्रपत्रिकाहरूमा पनि प्रकाशित छन् । यिनै पत्रिकाहरूमा प्रकाशित फुटकर कविताहरूले वि.सं. २०४७ सालमा पहिलो पुस्तकाकार रूप प्राप्त गऱ्यो भने लगत्तै वि.सं. २०४८ मा दोस्रो र झन्डै एक दशकपछि वि.सं. २०५८ मा तेस्रो कृतिले जन्म लिएको छ । जीवनप्रतिको आशावादिता, देशप्रेमपूर्ण भाव, मानवतावादी स्वर, राष्ट्रिय-अन्तर्राष्ट्रिय कथाव्यथालाई कलात्मक रूपमा कविताहरूमा सजाइएको छ । गद्य-पद्यलयमा सजिएका कुँवरका कविताहरूमा बिम्ब र प्रतीकहरूको सुन्दर प्रयोग गरिएको पाइन्छ । यसपछि कुँवरको लेखनी कवितामा मात्र सीमित नरहेर कवितामै अन्य उपविधा र साहित्यिक अन्य विधातर्फ मोडिएको छ । विभिन्न पत्रपत्रिकाहरूमा छरिएका उनका फुटकर रचनामध्ये चार कथाहरू **मधुपर्क**मा प्रकाशित छन् । त्यस्तै लमजुङबाट प्रकाशित **अन्तरङ्ग** साप्ताहिक पत्रिकामा धारावाहिक रूपमा *डेब्रेकुना* स्तम्भमार्फत् विभिन्न लेख सर्वत्र छरिएका छन् । साथै गीत, गजल, मुक्तक आदि रचनाहरू पनि फुटकर रूपमा नै देखिन्छन् । राष्ट्रिय-अन्तर्राष्ट्रिय विकृति-विसङ्गतिप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको *डेब्रेकुना* विप्लव छद्म नामबाट प्रकाशित छ ।

प्रेमप्रणय, नीतिचेतनामूलक गजलहरू तथा मुक्तकहरू पनि फुटकर रूपमा नै देखिन्छ । लोककथात्मक सामाजिक विषयवस्तुलाई आधार बनाएर आधुनिक शैलीमा प्रस्तुत गरिएका उनका चार कथाहरूमा कथागत विशेषता प्राप्त गर्न सकिन्छ ।

यसका अतिरिक्त उनका असङ्ख्य लेखरचना र अन्तर्वार्ताहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । यसरी हेर्दा गोविन्दबहादुर कुँवर कथा र समालोचना विधामा पूर्ण सफल साहित्यकार हुन् भन्न सकिन्छ । यसरी कुँवर कविता, कथा, निबन्ध र समालोचनामा कलम चलाउने बहुमुखी प्रतिभाका धनी हुन् भन्न सकिन्छ ।

गोविन्दबहादुर कुँवर चिन्तनशील स्रष्टा हुन् । उनको लेखकीय व्यक्तित्व गतिशील चरित्रको देखिन्छ । बहुसङ्ख्यक शोषित पीडित जनताको हितमा कलम चलाउने उनका कृतिहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको यथार्थ चित्रण पाइन्छ । सामाजिक असमानता, विसङ्गति र विकृतिका विरुद्धमा उनको लेखनी बेजोड गतिमा चलेको छ । विश्वका प्रसिद्ध समाजवादी चिन्तनको विशेष प्रभाव पनि उनमा परेको छ ।

शिक्षण पेसामा संलग्न भए पनि उनको जीवन साहित्यसिर्जनामा बितेको छ । नेपाली साहित्यको उत्थानमा विशेष योगदान पुऱ्याएका कुँवर आफू मात्र नभएर लमजुङको सिङ्गो परिवारलाई नै साहित्य निर्झरीको मधुरसद्वारा शीतल बनाउन 'दूधपोखरी प्रतिभा परिवार' ( २०४३) जस्तो साहित्यसंस्थाको स्थापनार्थ कार्य गर्दैआएका छन् । रिमाल, भूपि, मोहन कोइराला, बैरागी काँइला र माधव घिमिरेको सहज, सम्प्रेषणीयता र संवेद्यतालाई मनन गर्ने उनी देवकोटालाई आराध्य कवि स्वीकार गर्दछन् । कृतिलाई वादको कसीमा होइन, विचार र कला अर्थात् कलात्मक कसीका घोटेर पारख गर्नुपर्छ भन्ने साहित्यिक मान्यता उनको रहेको छ ।

गोविन्दबहादुर कुँवर एक सचेत र निर्भीक प्रतिभा हुन् । विभिन्न साहित्यिक, सांस्कृतिक, सामाजिक सङ्घसंस्थासँग आबद्ध रहेर नेपालमा प्रजातन्त्रप्राप्ति, मानवअधिकारका आन्दोलनको क्षेत्रमा कलमद्वारा आन्दोलन गरेर महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग आबद्ध रहेर देश र जनताको सेवामा समर्पित कुँवरले सामाजिक जागरण साथै खानेपानी तथा उन्ननयनका लागि दिएको योगदान अविष्मरणीय छ । यसरी समाजको उत्थानमा निरन्तर लागेका उनको समाजसेवी व्यक्तित्व प्रखर देखिन्छ । नेपाली भाषा र साहित्यका क्षेत्रमा अमूल्य योगदानको कदरस्वरूप उनलाई 'साहित्यकार बी.पी. स्मृति पुरस्कार' वि.सं २०५४ मा प्रदान गरिएको थियो । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट 'राष्ट्रिय कविता महोत्सव' वि.सं. २०४३ मा तृतीय पुरस्कारले सम्मानित भएका छन् । साथै उनलाई विभिन्न सङ्घसंस्थाहरूले पनि सम्मान गरेका छन् ।

कलात्मकताको केही अभाव रहे पनि उनको भाषाशैली सरल र सरस छ । उनी समाजप्रति संवेदनशील स्रष्टा हुन् । उनी पद्यमा भन्दा गद्यमा सफल छन् । साहित्यिक प्रवृत्तिका हिसाबले उनी स्वच्छन्दतावादी साहित्यधारका नजिक छन् । यथार्थ दृष्टि, स्वच्छ अभिव्यक्ति उनको विशेषता हो । त्यसबाहेक प्रकृतिवर्णन, मानवतावादी स्वर, रूढपरम्पराको सुधारभावना,

राष्ट्रिय-अन्तर्राष्ट्रिय समस्याकेन्द्रित लेखन, सामाजिक विकृति-विसङ्गतिप्रतिको असन्तुष्टि, केही शृङ्गारिक प्रस्तुति आदि उनको साधारण प्रवृत्ति हुन् । यसरी उनमा साहित्यिक कलात्मकताभन्दा वैचारिक प्रबल पाइन्छ । साथै समाजमा आर्थिक, सामाजिक र राजनैतिक जटिलताहरू तथा समस्याहरूमा केन्द्रित हुने मूल प्रवृत्ति गोविन्दबहादुर कुँवरमा पाइन्छ ।

गोविन्दबहादुर कुँवर साहित्यसाधनामा निरन्तर लागिरहेका एक महत्त्वपूर्ण व्यक्तित्व हुन् । साहित्यलगायत उनी समाजसेवा, सरकारी सेवामा समेत सेवारत भएका छन् । उनले नेपाली साहित्यका फाँटमा सङ्ख्यात्मकभन्दा गुणात्मक कृतिहरू प्रदान गरेका छन् । उनी सरल, इमान्दार, लगनशील र सिर्जनशील व्यक्तित्व हुन् । लमजुङ जिल्लाको साहित्यिक परिवेशमा उदाएका कुँवरले नेपाली साहित्यमा गहनतम् योगदान पुऱ्याएका छन् । त्यसैले नेपाली साहित्यक्षेत्रले उनका गुणहरूको युगौँयुगसम्म सम्झना गरिरहनेछ ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, तेजनारायण, *सम्पादकीय,* **काँचुली**, (वर्ष १, अङ्क ३, २०५५) ।

अधिकारी, रविलाल, *समसामयिक नेपाली कवितामा पोखरा,* **नवकविता**, २०५३ ।

अधिकारी, हरिप्रसाद, **लमजुङ एक चिनारी**, मर्स्याङ्दी, २०५९ ।

अज्ञात, कपिल, *कविताको परिभाषा,* **साहित्य सिर्जनप्रक्रिया**, चितवन : नारायणी कला मन्दिर, २०५५ ।

उदासी, टीकाराम, *समकालीन नेपाली गजल प्रवृत्ति,* **मिर्मिरे**, (वर्ष ३१, अङ्क ८, पूर्णाङ्क २०७, २०५९) ।

उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्य सिद्धान्त**, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०५५ ।

_______________, **रिमाल, व्यक्ति र कृति**, चतुर्थ संस्क., ललितपुर : साझा प्रकाशन, २०५५ ।

कुँवर, गोविन्दबहादुर, **समयका पदचापहरू**, पोखरा : सप्तगण्डकी प्रकाशन, २०४७ ।

_______________, **मौन आवाजहरू**, पोखरा : गीता कुँवर, २०४८ ।

_______________, **तातेताते**, ललितपुर : साझा प्रकाशन, २०५८ ।

कुँवर, प्रवेशविक्रम, *स्रष्टा डट कम,* **मर्स्याङ्दी**, (वर्ष २, पूर्णाङ्क ५, २०४५) ।

खड्का, सूर्यबहादुर, *कुँवरसँग काव्यका कुरा,* **फूलैफूलको माला, सत्ताईस साहित्यिक नक्षत्र**, पोखरा : सूर्यबहादुर खड्का, २०५४ ।

गिरी, शोभा, *एउटा उत्कृष्ट बालकवितासङ्ग्रह तातेताते,* **साप्ताहिक चितवन**, (वर्ष ७, अङ्क ४१, पूर्णाङ्क २०७, २०६०) ।

घिमिरे, तेजनाथ, *कुँवरका कृतिसम्बन्धमा,* **मौन आवाजहरू**, पोखरा : गीता कुँवर, २०४८ ।

घिमिरे, नवीनचन्द्र, *प्रौढ हस्ताक्षरमा बालभावना तातेताते,* **अन्तरङ्ग साप्ताहिक**, (वर्ष ११, अङ्क ६, २०५९) ।

घिमिरे, रघु, *स्तरीय कविताको खाँचो,* **मधुपर्क**, (वर्ष २४, अङ्क ८, पूर्णाङ्क २७१, २०४८) ।

घिमिरे, शारदाप्रसाद, **विश्वका कविको जीवनी**, ललितपुर : साझा प्रकाशन, २०५५ ।

तिमिल्सेना, पशुपतिनाथ, *राष्ट्रियताको परिधिबाट लमजुङे तीन कविहरू,* **लमजुङ सङ्गम**, (वर्ष ९, अङ्क ५, २०५९) ।

थापा, हिमांशु, **साहित्यपरिचय**, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०४७ ।

त्रिपाठी, वासुदेव, *नेपाली कविताको इतिहास,* **नेपाली कविता**, भाग-४, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०५४ ।

दीक्षित, कमल, *खत्रीको बाख्रो,* **ज्यूँदा कुरा**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४५ ।

नेपाल, शैलेन्दुप्रकाश, राममणि आ.दी., **व्यक्ति र कृति**, काठमाडौँ : सिर्जना प्रकाशन, २०५० ।

न्यौपाने, ईश्वरीप्रसाद, *पूर्ण मुक्तक अल्पदृष्टि, एक निर्णायकको कलम,* **अनुपम**, २०५६ ।

न्यौपाने, टङ्कप्रसाद, **साहित्यको रूपरेखा**, ललितपुर : साझा प्रकाशन, २०३८ ।

पन्त, भूपनिधि, *परिचयको औपचारिकता,* **समयका पदचापहरू**, पोखरा : सप्तगण्डकी प्रकाशन, २०४७ ।

पराजुली, ठाकुर, **नेपाली साहित्यको परिक्रमा**, ललितपुर : साझा प्रकाशन, २०५६ ।

पहाडी, नवराज, *लमजुङ रत्नको जीवनी : अन्याय हुनसक्छ, क्षमा पाऊँ,* **रेयुकाई उद्यान**, (वर्ष ३, अङ्क ३, २०५५) ।

पाण्डे, हुमाकान्त, *नेपाली कवितामा पश्चिमाञ्चलको योगदान,* **प्रज्ञापराग**, (वर्ष १, अङ्क १, २०५९) ।

पारिजात, *समयको चिनारी छोड्नुछ,* **परिभाषित आँखाहरू**, काठमाडौँ : स्या-म्हेन्दो, २०४६ ।

पोखेल, बालकृष्ण, (निर्दे.), **बृहत् नेपाली शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४० ।

____________, **खस जातिको इतिहास**, अप्रकाशित लेख ।

प्रधान, कृष्णचन्द्रसिंह, *दूधपोखरी,* **गरिमा**, (वर्ष ५, अङ्क १०, पूर्णाङ्क ८, २०४४) ।

बराल, ईश्वर, (सम्पा.), **नेपाली साहित्यकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५ ।

भट्टराई, घटराज, **नेपाली लेखककोश**, काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा, २०५६ ।

भट्टराई, जयदेव, **साहित्यकार परिचय र अभिव्यक्ति**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०... ।

भट्टराई, तुलसी, *बेसीसहरमा बाललहर,* **यात्रामा बटुलिएका फूलहरू**, काठमाडौँ : नेपाल साहित्यकार सङ्घ, २०५९ ।

भट्टराई, राधेश्याम, *मौन आवाजसँगै घन्किएका कवि,* **झङ्कार**, २०५० ।

मिश्र, डिल्लीराम, *दूधपोखरी प्रतिभा पुरस्कार,* **नेपाली प्रतिभा र पुरस्कार**, काठमाडौँ : शर्मिला मिश्र, २०५० ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

_______________, **आधुनिक नेपाली समालोचना**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५७ ।

व्यास, निर्मोही, *भानुतीर्थको यात्रामा,* **समकालीन साहित्य**, (अङ्क १, पूर्णाङ्क ५, २०४८) ।

शर्मा, दीननाथ, *गोविन्दबहादुरको कवित्व : मौन आवाजहरू कविताको केन्द्रीयतामा,* **सगर**, (वर्ष ३, अङ्क ४, पूर्णाङ्क १२, २०५५) ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पाँचौँ संस्क., ललितपुर : साझा प्रकाशन, २०४६ ।

श्रेष्ठ, राजेश, *भलाकुसारी,* **नौलो प्रतिबिम्ब**, (वर्ष १, अङ्क १, २०५८) ।

सरुभक्त, *नेपथ्यको नेपथ्यबाट,* **काँचुली**, (लमजुङ : लमजुङ्गे युवा साहित्य समाज, २०५३) ।

सुवेदी, देवीप्रसाद, *लमजुङका कवि र कविता,* **कविता**, (अङ्क २१, २०४३) ।

सुवेदी, मेदिनी, *साहित्यिक गतिविधिको सेरोफेरोमा लमजुङ,* **लमजुङ सङ्गम**, (वर्ष ७, अङ्क ४, २०५७) ।

सुवेदी, राजेन्द्र, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, काठमाडौँ : पाठ्यसामग्री पसल, २०५७ ।

## २०६० सालपछिका प्रकाशित तथा प्रसारित कृतिहरू

| क्रम | शीर्षक | विधा | प्रकाशित समय | पत्रिका |
|---|---|---|---|---|
| (१) | मेरो अस्तित्व | कविता | २०६७ वैशाख ३ गते एकल कविता वाचनमा वाचन गरिएको | |
| (२) | काली ढुङ्गा | कविता | २०६६ | हिमालचुली, लमजुङ |
| (३) | आँखीभुइँ | कविता | २०६६ | भक्ति आदर्श, लमजुङ |
| (४) | बिदाइ | कविता | २०६६ | लमजुङ आवाज, लमजुङ |
| (५) | जिन्दगीमा धेरै बात खाएँ | गजल | एफ्.एम्.बाट प्रसारित | |
| (६) | पुरानो कोटको माया | गजल | एफ्.एम्.बाट प्रसारित | |
| (७) | ब्रोइलर र बोतलमा बिर्स्यौं तिमी | गजल | एफ्.एम्.बाट प्रसारित | |
| (८) | असार | कविता | २०४९ | अन्नपूर्णा, चितवन |